क्रम संख्या-२३

संक्षिप्त कथा सहित

# धम्मपद

[ भाग-१ ]

दोस्रो संस्करण

आचार्य

भिक्षु अमृतानन्द

Dhamma.Digital

बु. सं. २५३३

वि. सं. २०४६

ने०

Downloaded from http://dhamma.digital

प्रकाशक :

**"आनन्द कुटी विहार गुठी"**

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फोन- २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३३

ने. सं. ११०९

वि. सं. २०४६

ई. सं. १९८९

**प्रथम संस्करण- १०००**

**दोस्रो संस्करण- २०००**

मुद्रक :

**नेपाल प्रेस**

शुक्रपथ, काठमाडौं ।

फोन : २२१०३२

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

"धम्मपद" बौद्धहरूको अमूल्य ग्रन्थ हो । हिन्दूहरूको लागि [भ]ागवत गीता, इशाईहरूको लागि बाइबल, मुसलमानहरूकोलागि कुरान [ज]त्तिको महत्वपूर्ण छ । प्रस्तुत पुस्तक आनन्द कुटी विहार गुठीको २३ [औं] प्रकाशन "संक्षिप्त कथा सहित धम्मपद" प्रथम पटक हामीले [२]०३९ सालमा छापेका थियौं । तर ३ वर्षभित्रं सो पुस्तक सिद्धिएकोले [पु]नः यसको अभाव पूरा गर्नको लागि छपाइ हुँदंछ ।

पूज्य आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा लिखित यो [पु]स्तकबाट सज्जन पाठकहरूले लाभ उठाउन् ! यही हाम्रो कामना [छ] । साथै यस्तै अमूल्य ग्रन्थहरू लेखी हामीलाई सहयोग गर्ने आचार्य [म]हानायक महास्थविरज्यूको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु ।

भिक्षु मैत्री
सदस्य-सचिव
आनन्दकुटी विहार गुठी
०४६।१।१८

[फ]ोन- २७१४२० आनन्दकुटी
२१५०२० संघाराम



Downloaded from http://dhamma.digital

# धम्मपद र मेरो मन्तव्य

"धम्मपद" बौद्ध साहित्यमा बुद्धका आदर्शवाणीको एक संग्रहा त्मक निधि मानिन्छ । मानव जीवनसँग मिलेर निस्केका यी बुद्धवाणी समाजलाई अविरल रूपमा पथ प्रदर्शन गर्न सफल सिद्ध भएका छन् । यिनको सरलता र स्वाभाविकता नितान्त हृदयग्राही छ । यो अध्यात्म प्रधान गाथा (पद्य) हुनाले यसको गरिमा आफ्नै ढङ्गको देखापर्दछ भौतिक चरित्रद्वारा अध्यात्म गुणको कसरी विकास हुन्छ भन्ने बारे यस ग्रन्थले प्रशस्त प्रकाश पारेको छ । मानव जीवनमा यसको उपयोगिता बारे सोच्दा यसको प्रचार कार्यले संकेत गर्दछ कि यो मानिसका निमित्त अत्यन्त उपयोगी देशना, उपदेश हो । यस ग्रन्थका समस्त गाथा हरूको सबै भारतीय भाषामा अनुवाद भएको छ । यति मात्र होइन यूरोपीय भाषा अंग्रेजी, फ्रेन्च, जर्मनी देखि लिएर ल्याटिन हिब्रू आदि र रुसी, चीनी, पूर्वीय देशका जापानी, कम्बोडियन, लाओस् आदि देशका राष्ट्रिय भाषामा यसले स्थान पाएको छ ।

आज विश्वमा चारैतिर भौतिकवादलाई प्रमुखता दिई अ बढिरहेको मानव देखापर्दछ । मानवले आज आकाश–पाताल खोतल्यो बन, जङ्गल, नदीनाला, समुद्र चाल्यो, पर्वतहरूका फेद टुप्पा सबैति खनी खोस्रि गर्‍यो । यस प्रक्रियाद्वारा भौतिक उपलब्धि अभूतपूर्वरूप उसका सामु छ । फ्‍ट्ट देख्दा मानव पूर्णतामा पुगेको जस्तो भान हुन्छ तर असन्तोष, भय, त्रास, लूटपीट, मारकाट, आक्रमण, प्रत्याक्रम जस्ता कुराहरू प्रतिदिन बढेका छन् । गरीब दुःखीको आह घटेको छैन



Downloaded from http://dhamma.digital

मै खाउँ, मै लाउँ यो धारणा घटेको छैन । यसबाट निश्चय हुन्छ इन्द्रियको आकांक्षालाई क्षणिक सुख दिने आजको भौतिक सम्पत्तिले मानवलाई सुख पुऱ्याएको छैन, पुऱ्याउँदैन पनि । अध्यात्म गुणको विकास नै सुखको कारण बन्दछ यो त्रिकालावाधित सत्य हो । यो कुरालाई पूर्वीय साहित्यले राम्रो केलाएको छ । 'धम्मपद' को यसै अर्थमा मूल्याङ्कन भएको छ । 'धम्मपद' नैतिक चरित्रले नै मानव, मानव बन्दछ भन्ने कुरामा निश्चित छ ।

'धम्मपद' लाई स्पष्ट गरेर बुझाउन 'अट्ठकथा'को प्रयास देखिन्छ । 'अट्ठकथा' मा 'धम्मपद'का प्रत्येक गाथाको पृष्ठभूमि देखाइदिएको छ । 'अट्ठकथा'लाई पालिबाट नेपालीकरण गरिदिनु भई जनसमक्ष ल्याइदिनु भएकोमा सन्त भिक्षु अमृतानन्दज्यू धन्यवादका पात्र हुनुहुन्छ । किनकि घटनाको अवतरणिका पाएर गाथाहरू विशुद्ध हुन लागेका देखिन्छन् ।

भिक्षुज्यूले बौद्धविचार धारालाई पालिबाट नेवारी र नेपालीमा रूपान्तर गर्दै समाजको बौद्धिकस्तर माथि उठाइदिन कोशिश गर्नु भएकोमा समाज कृतज्ञ रहनेछ । यसरी सन्तवाणी नै समाजका अन्धकारलाई हटाउन सक्षम हुन्छन् । दण्डीको शब्दमा—

'इद भन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम्
यदि शब्दाह्वये ज्योतिरासंसारं नदीपयेत्'

— श्री जुननाथ पण्डित

७/२९२ लाजिम्पाट
काठमाडौं
फो. नं. १३४१२

बडा गुरुज्यू
राजदरवार
१६।३।०३९



Downloaded from http://dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

# प्राक्कथन

बुद्धकालदेखि अहिलेसम्म अविच्छिन्न रूपले चलि आएको स्थवि
परम्परा अनुसार पालि त्रिपिटक साहित्यमा जम्मा ३२ वटा मूल ग्रन्थह
छन् । जसमध्ये धम्मपद पनि एक हो । गाथैँगाथाहरूको संग्रह भएको
धम्मपद त्रिपिटक मध्ये सूत्रपिटकको खुद्दकनिकाय अन्तर्गत पर्दछ
विश्वका धेरै भाषाहरूमा यसको अनुवाद भएको छ । जस्तै–अंग्रे
फ्रेन्च, जर्मनी, इटालियन्, मङ्गोलियन, चीनी, तिब्बेती, जापा
कोरियन्, हिब्रू, अराबिक्, लांकिक, बर्मी, थाई, क्याम्बोडियन्, लाओ
हिन्दी, बङ्गाली, पंजाबी, मराठी, तेलंगु, उर्दू, नेपाली तथा नेवा
आदि ।

धम्मपदमा यमकवर्गदेखि लिएर ब्राह्मणवर्गसम्म गरी जम्मा
वर्ग र ४२६ गाथाहरूको संग्रह छ। प्रत्येक गाथाको पछाडि कुनै न कु
कारण घटेको छ । सोही कारणलाई लिएर तदनुरूप भन्नु भए
बुद्धवाणीलाई 'धम्मपद' भनिएको हो ।

बुद्धकालमा घटेका यी घटनाका कुराहरू उल्लेख भएको ग्रन्थ
'धम्मपद–अट्ठकथा' भनिन्छ । यो अट्ठकथामा धम्मपदमा भनिएको प्र
गाथाको कारण वर्णित छ ।

प्रत्येक स्थविर परम्परागत बौद्धदेशमा बौद्धसाहित्यको प्रारम्भ
पठन–पाठन यसबाट गरिन्छ । नेपालमा पनि यसको खाँचो मह

Dhamma.Digital



Downloaded from http://dhamma.digital

भइरहेको छ । नेवारीमा त यस धम्मपद–अट्ठकथाको पहिलो भाग मैले बुद्ध सम्बत् २४८८ मा अनुवाद गरेको थिएँ र यसको प्रकाशन धर्मोदय सभाले गरेको थियो । हालसालै अर्थात् बुद्धसम्बत् २५२४, बिक्रम सम्वत् २०३७ मा श्रद्धेय्य अनुरूद्ध महास्थविरद्वारा अनुदित दोस्रो भागको प्रकाशन आनन्दकुटी विहार गुठीले गरेको छ ।

नेपाली साहित्य भण्डारमा बौद्धसाहित्यको अङ्गले पनि सम्पन्न होस् भन्ने अभिलाषाले पाठकवृन्दका समक्ष यो "संक्षिप्त कथा सहित धम्नपद" प्रस्तुत गरेको हुँ ।

माथि उल्लेख गरे कैं प्रत्येक धम्मपदको गाथा बताउनाको पछाडि कुनै न कुनै कारणहरू छन् । तर यी कारणहरू धम्मपद मूल-पालिमा नभई धम्मपदट्ठकथा पालिमा पाइन्छ । अतः मैले यहाँ धम्मपदमा उल्लिखित गाथाहरू के कस्तो कारणमा भगवान् बुद्धले बताउनु भएको रहेछ भन्ने कुरा प्रष्ट पार्नको निमित्त यो 'संक्षिप्त कथा सहिस धम्मपद' प्रस्तुत गरेको हुं ।

धम्मपद अट्ठकथालाई शब्दस अनुवाद नगरी मैले यहाँ भावानुवाद गरिदिएको छु । पालि अट्ठकथामा व्यक्त गरेका मूल कुरालाई यथावत् राखिदिएको छु । हाललाई केवल यमकवर्ग, अप्रमादवर्ग र चित्तवर्ग गरी जम्मा ३ वर्गका ४३ वटा गाथाका ३२ कथाहरू यसमा समावेश भएका छन् । यसबाट पाठकवर्गहरूलाई धम्मपदको गाथा भन्नुको कारण के रहेछ भन्ने कुरा प्रष्ट हुनेछ भन्ने विश्वास राखेको छु ।

छपाइको काम यद्यपि गत २०३८ साल फागुन महीनादेखि शुरू भएता पनि बिजुली बत्तीको अनियमितताले गर्दा समयमै काम सिध्याउन नसकेको हो । यस बीचमा आफू पनि दुइ तीन पटक विदेशमा जानु परेको थियो ।

विश्वबौद्ध भ्रातृमण्डलका (W.F.B.) उपाध्यक्षहरूको र कार्यकारिणी सदस्यहरूको संयुक्त रूपमा सन् १९८२ अप्रेल ८ तारिखमा



Downloaded from http://dhamma.digital

बैङ्ककमा भएको बैठकमा भाग लिनको निमित्त त्यसतर्फ जानुपर्‍यो। त्यस समयमा थाइलैण्डका राजा भूमिबलसँग पनि दर्शनभेट भएको थियो। थाइलैण्डबाट फर्कि सकेपछि सन् १९८२ मई १० देखि १४ तारिकसम्म मास्कोमा भएको निरश्त्रीकरण शान्ति सम्मेलनमा भाग लिन गएको हुनाले पनि छपाइको काममा ढिलाइसुस्ति हुन गयो। फेरि सन् १९८२ जून १ देखि ५ तारिकसम्म विश्वका नेताहरू र बौद्धविद्वान्हरूको सम्मेलनको निमित्त श्रीलङ्कामा जानुपर्‍यो। जतिसुकै ढिलाइ भएता पनि अन्तमा प्रस्तुत 'धम्मपद' पाठकवृन्दहरूको समक्ष राखन पाउँदा खुशी नै लागेको छ।

एकदिन अचानक पाटन ज्याबलाखेलका श्री मोतिलाल शिल्पकार आनन्दकुटी विहारमा आउनु भई "भन्ते! यस सहायताद्वारा तपाइँ जे चाहनुहुन्छ सो गर्नुहोस् अथवा जस्तो पुस्तक छपाउन चाहनुहुन्छ छपाउनु होस्" भनी केही चन्दा प्रदान गर्नु भयो। अतः यो पुस्तक श्री मोतिलाल शिल्पकारका स्वर्गीय पिता श्री मोहनलाल शिल्पकारको पुण्य-स्मृतिमा आनन्दकुटी विहार गुठीद्वारा छपाइएको हो। अर्को शब्दमा भन्ने हो भने यस पुस्तकको छपाइको लागि सम्पूर्ण खर्च श्री मोतिलाल शिल्पकारले नै प्रदान गर्नुभएको कुरा कृतज्ञतापूर्वक ज्ञापन गरेको छु।

पाठकहरूको सुविधाको निमित्त पुस्तकको अन्त्यमा नामावली शब्दाबली तथा गाथा-सूचि राखिदिएको छु।

यसको भाषा संशोधन प्राध्यापक श्री बटुकृष्ण 'भूषण' एम. ए. द्वारा सधैं झैं ध्यान दिएर गर्नुभएको छ। त्यस्तै आयुष्मान कुमार काश्यप स्थविरले पनि नामावली, शब्दावली तथा गाथासूचीको प्रारम्भिक लेखने काम ध्यानपुर्बक गरिदिनु भएको छ र अल्छी नमानी प्रेसबाट प्रूफ ल्याउने लैजाने काम श्री खड्गबहादुर उपासकले गरेको कुरा पनि कृतज्ञतापूर्बक ज्ञापन गरेको छु। आनन्दकुटी विहार गुठीको



Downloaded from http://dhamma.digital

यो २३ वाँ प्रकाशन हो । छापिएको संक्षिप्त कथा सहित धम्मपदको प्रति हेर्नुभई वडा गुरुज्यू श्री जुननाथ पण्डितज्यूले आफ्नो मन्तव्य लेखिदिनु भएकोमा वहाँप्रति साह्रै आभार छु ।

आनन्दकुटी विहार — भिक्षु अमृतानन्द
स्वयम्भू, काठमाडौं, १।४।२०३९
नेपाल ।

## दोस्रो संस्करण बारे

धेरै दिनदेखि प्रस्तुत पुस्तक अप्राप्य भइसकेको थियो । दोस्रो संस्करण निकाल्नु सारै आवश्यक भएको हुनाले हाल यसको प्रकाशन भएको हो । अघिल्लो संस्करणमा यत्रतत्र भएको त्रुटीलाई सच्याइएको छ ।

आनन्दकुटी विहार — भिक्षु अमृतानन्द
स्वयम्भू, काठमाडौं ३१।१।०४६
पो. ब. ३००७ नेपाल ।
फो. नं. २–७१४२०



Downloaded from http://dhamma.digital

# त्रि-पिटक-सूची

**सुत्तपिटक :**

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

**विनयपिटक :**

१–पाराजिकपालि
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

**अभिधम्मपिटक :**

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान



Downloaded from http://dhamma.digital

# विषय-सूची


धम्मपद र मेरो मन्तव्य—श्री जुननाथ पण्डित, बडा गुरुज्यू

प्राक्कथन - भिक्षु अमृतानन्द


## १. यमकवर्ग


| | पृष्ठ : |
|---|---|
| १. 'मनोपुब्बङ्गमा धम्मा' भन्ने गाथाको कथा... (चक्षुपाल स्थविर) | १ |
| २. 'मनोपुब्बङ्गमा धम्मा' भन्ने गाथाको कथा... (मट्टकुण्डली) | १६ |
| ३. 'अक्कोच्छि मं' भन्ने गाथाको कथा... (तिश्य स्थविर) | २४ |
| ४. 'न हि वेरेन वेरानि' भन्ने गाथाको कथा... (बाँझी स्त्री) | ३१ |
| ५. 'परे च न विजानन्ति' भन्ने गाथाको कथा... (कोशम्बिक भिक्षुहरू) | ३५ |
| ६. 'सुभानुपस्सि विहरन्तं' भन्ने गाथाको कथा... (चूलकाल महाकाल भिक्षुहरू) | ४३ |




Downloaded from http://dhamma.digital

पृष्ठ :


७. अनिक्कसावो कासावं' भन्ने गाथाको कथा... ५०

(देवदत्त)

८. 'असारे सारमतिनो' भन्ने गाथाको कथा... ५५

(अग्रश्रावक)

९. 'यथागारं दुच्छन्नं' भन्ने गाथाको कथा... ७२

(नन्द स्थविर)

१०. 'इध सोचति पेच्च सोचति' भन्ने गाथाको कथा... ८०

(चुन्दसूकरिक)

११. 'इध मोदति पेच्च मोदति' भन्ने गाथाको कथा... ८३

(धार्मिक उपासक)

१२. 'इध तप्पति पेच्च तप्पति' भन्ने गाथाको कथा... ८८

(देवदत्त)

१३. 'इध नन्दति पेच्च नन्दति' भन्ने गाथाको कथा... १००

(सुमनादेवी)

१४. 'बहुम्पि चे सहितं' भन्ने गाथाको कथा... १०४

(दुइ सहायक भिक्षुहरू)


---



Downloaded from http://dhamma.digital

## २. अप्रमादवर्ग


पृष्ठ :

१. 'अप्पमादो अमतपदं' भन्ने गाथाको कथा... १०८
(श्यामावती)

२. 'उट्ठानवतो सतिमतो' भन्ने गाथाको कथा... १२९
(कुम्भघोषक)

३. 'उट्ठानेनप्पमादेन' भन्ने गाथाको कथा... १३६
(चूलपन्थक)

४. 'पमादमनुयुञ्जन्ति' भन्ने गाथाको कथा... १४४
(मूर्ख क्रीडा)

५. 'पमादं अप्पमादेन' भन्ने गाथाको कथा... १४६
(महाकश्यप स्थविर)

६. 'अप्पमत्तो पमत्तेसु' भन्ने गाथाको कथा... १४८
(दुइ सहायक भिक्षुहरू)

७. 'अप्पमादेन मघवा' भन्ने गाथाको कथा... १५०
(शक्र देवराज)

८. 'अप्पमादरतो भिक्खु' भन्ने गाथाको कथा... १५३
(एक भिक्षु)

९. 'अप्पमादरतो भिक्खु' भन्ने गाथाको कथा... १५५
(निगमवासी तिष्य भिक्षु)


---



Downloaded from http://dhamma.digital

# ३. चित्तवर्ग

पृष्ठ :

१. ‘फन्दनं चपलं चित्त’’ भन्ने गाथाको कथा... १५७
(मेघिय स्थविर)

२. ‘दुन्निग्गहस्स लहुनो’ भन्ने गाथाको कथा... १५९
(एक भिक्षु)

३. ‘सुदुद्दसं सुनिपुणं’ भन्ने गाथाको कथा... १६५
(एक उत्कण्ठित भिक्षु)

४. दूरङ्गमं एकचरं’ भन्ने गाथाको कथा... १६८
(सङ्घरक्षित स्थविर)

५. ‘अनवट्ठितचित्तस्स’ भन्ने गाथाको कथा... १७१
(चित्तहत्थ स्थविर)

६. ‘कुम्भूपमं कायमिमं’ भन्ने गाथाको कथा... १७४
(वीर्यवान भिक्षु)

७. ‘अचिरं वतयं कायो’ भन्ने गाथाको कथा... १७७
(पूतिगत्ततिस्स स्थविर)

८. ‘दिसो दिसं यं तं कयिरा’ भन्ने गाथाको कथा... १८०
(नन्द गोपालक)

९. न तं माता पिता कयिरा’ भन्ने गाथाको कथा... १८२
(सोरेय्य स्थविर)

नामावली... १८६

शब्दावली...

गाथा सूची...

---



Downloaded from http://dhamma.digital

संक्षिप्त कथा सहित

# धम्मपद

[ भाग–१ ]

Dhamma.Digital

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# १. यमकवर्ग

## चक्षुपाल स्थविर–१

### ('मनोपुब्बङ्गमा धम्मा' भन्ने गाथाको कथा)

"मनोपुब्बङ्गमा धम्मा......" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका बुद्धले चक्षुपाल भिक्षुको कारणमा बताउनु भएको हो–

श्रावस्तीवासी महाधनी तथा निसन्तान महासुवर्ण नामक सेठ थिए । एक दिन नुहाएर आइरहेको बेलामा उनले बाटोमा यौटा ठूलो रुख देखेर "यो वृक्षमा अवश्य पनि कुनै प्रभावशाली देवता वास बसेको हुनुपर्छ" भन्ने ठाने । अनि ध्वजा पताकाले सो वृक्षलाई सिंगारी "यदि पुत्र वा पुत्री पाउन सकें भने तपाइँको महान् सम्मान गर्नेछु" भनी प्रार्थना गरे । नभन्दै केही दिन पछि नै गर्भिणी भएकी उनकी भार्याले दशमहीना पछि छोरा जन्माइन् । "आफूले पालन गरेको वृक्षदेवताको कृपाले छोरा पाएँ" भन्ने ठानी पुत्रको नाम 'पाल' भन्ने राखे । पछि अर्को छोरा पनि पाए । उसको नाम 'चूलपाल' (= स्यानो पाल) भन्ने राखे र फेरि जेठोको नाम संशोधन गरी 'महापाल' भन्ने राखे । ठूला भएपछि उनीहरू घरजम गरी बसे ।

त्यसै बखत बुद्धत्व प्राप्तिको साथै धर्मचक्र प्रवर्तन पछि चउन्न-कोटि (५४,००,००,०००) धन लगाई बनाइदिएको अनाथपिण्डिकसेठ-को जेतवन विहारमा भगवान् बुद्ध बसिरहनु भएको थियो । आफ्नो

Downloaded from http://dhamma.digital

जन्मभूमि कपिलवस्तुमा भने वहाँले एक पटक मात्र वर्षावास बिताउनु भएको थियो । अनाथपिण्डिक सेठले बनाइदिएको जेतवनाराममा उन्नाइस पटक (१९) र सत्ताइसकोटि (२७,००,००,०००) खर्चगरी श्रावस्तीकै विशाखा महाउपासिकाले बनाइदिएको पूर्वाराममा छ पटक (६) वर्षाबास गरी जम्मा पच्चीस(२५) वर्षावास श्रावस्तीमा बिताउनु भयो भनी धम्मपदट्ठकथाले उल्लेख गरेको छ । तर सं.नि. IV पृ.१३० गिलानसूत्र अनुसार वहाँको अन्तिम वर्षावास वेलुवग्राममा भएको हुनाले श्रावस्तीमा जम्मा चौबीस पटक मात्र (२४) वर्षावास बिताउनु भएको ठहरिन्छ । उनीहरू दुबै जना दिनको दुइपटक विहारमा जान्थे । अनाथपिण्डिक र विशाखाको घरमा दुइ दुइ हजार भिक्षुहरूको लागि नित्य आसनहरू बिच्छ्याइराखिएका हुन्थे ।

त्यसवखत श्रावस्तीको जनसंख्या सातकोटि(७,००,००,०००) थियो । यी मध्ये तथागतको धर्मश्रवणद्वारा पाँचकोटि (५,००,००,०००) मानिसहरू आर्यश्रावक[1] थिए । दुइकोटि मात्र पृथग्जनहरू थिए । श्रावस्तीवासी आर्यश्रावकहरू दिनहुँ हातमा माला र सुगन्धित फूलहरू लिएर जेतवनमा जान्थे ।

एक दिन ती आर्यश्रावकहरू जेतवनतिर गइरहेको देखेर महापालले "यिनीहरू कहाँ जाँदैछन् ?" भनी सोध्दा "धर्मश्रवणार्थ जेतवनाराममा जाँदैछन्" भन्ने सुनेपछि "म पनि जान पर्‍यो" भनी गई धर्मसभाको एक छेउमा बसे । भगवान्ले देशना गर्नु भएको आनुपूर्विकथा[2] सुनेपछि महापालले यस्तो सोच्न थाले– "परलोक जाँदा यी

---

१. बुद्धधर्म अनुसार स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहत् हुनेहरूलाई 'आर्यश्रावक' भन्दछन् र बाँकी अरूलाई 'पृथग्जन' भन्दछन् ।

२. आनुपूर्विकथा भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. ग्रा. भा–२. पृ. १६१ मा हेर्नू ।

Downloaded from http://dhamma.digital

धनसम्पति र छोराछोरीहरू साथमा आउने होइनन् । अरू त के यही शरीर पनि साथमा आउँदैन । यस्तो स्थितिमा घरमा मात्र बसेर के गर्ने ? प्रवृजित हुनुपर्‍यो ।" अनि उपदेश सिद्धियो र मानिसहरू फर्केपछि गएर भगवान्सँग प्रव्रज्याको निमित्त उनले अनुरोध गरे । यसपछि भगवान्ले "तिमीले घरमा सोध्नुपर्ने अरू कोही छैन ?" भनी सोध्नु हुँदा "यौटा भाइ छ" भन्ने जवाफ दिए ।

"त्यसोभए उनीसँग सोधेर आऊ ।"

अनि घर गई भाइ चाँहिलाई बोलाई "भाइ ! यो घरमा सविज्ञानक (=सजीव) र अविज्ञानक(=निर्जीव) जे जति सम्पत्तिहरू छन् ती जम्मै तिम्रो जिम्मा भयो" भनी भने ।

"तपाईं के गर्नु हुन्छ नि ?"

"म बुद्धकहाँ गई प्रवृजित हुने छु ।"

"दाइ ! के भन्नु भएको ? आमा बाबु मरेपछि तपाईं मेरा आमाबाबु जस्तै हुनु भएको छ । घरमा बसेर पनि धर्मकर्म गर्न सकिन्छ नि । घरमा यत्रो धनसम्पत्ति छ । यस्तो काम नगर्नुहोस् ।"

"भाइ ! तथागतको धर्मोपदेश सुनेर आएँ । वहाँले आदि-मध्य-अन्त्य कल्याण हुने धर्मोपदेश सुनाउनु भयो । सूक्ष्मरूपले अनित्यादि त्रिलक्षणको[1] कुरा पनि सुनाउनु भयो । प्रवृजित नभइकन त्यस्तो कल्याण-धर्म प्राप्त गर्न सकिन्न । भाइ ! म त प्रवृजित हुने छु ।"

"दाइ ! तपाईं अहिले तन्नेरी नै हुनु हुन्छ । वृद्ध भएपछि मात्र प्रवृजित हुनुहोला ।"

"भाइ ! बुढेस कालमा आफ्ना हात खुट्टा आफूले भने जस्ता हुँदैनन् । हातखुट्टा शिथिल हुने बेलामा कसरी धर्मपालन गर्न सकिएला? म त प्रव्रजित नै हुनेछु" भनी भगवान्कहाँ गई प्रव्रजित भए । प्रव्रजित

1. अनित्य, दुःख तथा अनात्मलाई 'त्रिलक्षण' भन्दछन् ।

Downloaded from http://dhamma.digital

भएपछि उपसम्पन्न[१] भई आचार्यको साथमा पाँचवर्षसम्म[२] बसे । अनि पवारणा[३] गरिसकेपछि भगवान्कहाँ गई भन्ते ! यो बुद्धधर्ममा मुख्यतया गर्नु पर्ने काम (=धुर) कति छन्" भनी सोधे ।

"भिक्षु ! ग्रन्थ अध्ययन गर्ने काम र ध्यान-भावना गर्ने काम यी दुइ कामहरू छन् ।"

बौद्धसाहित्यमा पहिलो कामलाई 'ग्रन्थधुर' र दोश्रोलाई 'विपश्यनाधुर' भन्दछन् । ग्रन्थधुरको काम गर्न चाहनेले बुद्ध--भाषित त्रिपिटक[४] ग्रन्थहरू मध्ये आ--आफ्नो शक्ति अनुसार एक वा दुइ पिटकको अध्ययन, अध्यापन तथा धर्मदेशना आदि गर्छन् । विपश्यनाधुरको काम गर्न चाहनेले सरल तथा हल्का जीवन बिताई यो शरीरमा देखिने क्षयन्ययमाथि ध्यान राखी अनित्य, दुःख र अनात्म भन्ने विषयमा मननगरी दिन बिताउँछन् ।

अनि महापालले "भन्ते ! ग्रन्थधुरको काम गर्न सक्दिन; विपश्यना धुरको काम पूरा गर्ने छु" भनेपछि भगवान्ले उनलाई अरहत् मार्ग सम्मको ध्यानको कुरा बताउनु भयो ।

---

१. गृहत्याग गरी काषायवस्त्र धारणगर्नेलाई बुद्धधर्ममा "श्रामणेर" भन्दछन् । त्यसपछि २० वर्ष आयु पुग्दा भिक्षुत्वको सम्मत पाउन सक्छ । यस्तो सम्मत पाएकोलाई 'उपसम्पन्न' भन्दछन् ।

२. उपसम्पन्न भइसकेको भिक्षु कमसे कम पाँच वर्षसम्म आचार्यको आश्रयमा बस्नुपर्ने नियम छ ।

३. वर्षावास सिद्धिएपछि गरिने भिक्षु नियमलाई 'पवारणा' भन्दछन् । अर्थात् वर्षावास सिध्याउने विधि ।

४. सूत्रपिटक, विनयपिटक तथा अभिधर्मपिटकलाई 'त्रिपिटक' भन्दछन् । 'त्रिटक' मात्र पनि भन्ने चलन छ ।

Downloaded from http://dhamma.digital

अनि साठीजना भिक्षुहरू साथमा लिई उनी एकशय बीस योजन जति टाढागई एक प्रत्यन्त गाउँमा वर्षावास बसे । अनि एक वैद्य आई त्यहाँका भिक्षुहरूलाई भन्यो— "भन्ते ! धेरै मानिसहरू बस्ने ठाउँमा कुनै न कुनै रोग पैदा हुनसक्छ । यस्तो भयो भने मलाई भन्नुहोला म औषधी गरिदिने छु ।" वर्षावास[1] बस्ने दिन नजिक आइपुगेपछि उनले भिक्षुहरूलाई बोलाई "आवुसो"![2] तिमीहरू कति ईर्य्यापथ[3] पालन गरी तीन महीना वर्षावास बस्छौ ?" भनी सोधे

"भन्ते ! चार ईर्य्यापथ ।"

"आवुसो ! जीवमान बुद्धकहाँबाट ध्यानका कुराहरू सिकी हामी आएका छौं । शाठ्यताद्वारा बुद्धलाई सन्तुष्ट पार्न सकिदैन । असल र शुद्ध विचारद्वारा सन्तुष्ट पार्न सकिन्छ । प्रमादी हुनेहरूकोलागि अपायहरू आफ्नै घर जस्तै हुनेछन् । अतः आवुसो ! अप्रमादी भई बस ।"

"भन्ते ! तपाइँ कति ईर्य्यापथ पालन गरेर बस्नु हुन्छ नि ?"

"म तीन ईर्य्यापथ पालन गरेर बस्ने छु । सुत्ने काम गर्नेछैन ।"

"ठीकछ, भन्ते ! अप्रमादी हुनुहोस् ।"

स्थविर ननिदाएकाले पहिलो महीना बितेपछि गाग्रीबाट पानी चुहिए झैं उनको आँखाबाट आँसु खस्न थाल्यो । रातभर श्रमणधर्म[4] गरी

---

१. आषाढ पूर्णिमाको भोलिपल्टदेखि वर्षावास गरिन्छ ।

२. बौद्ध साहित्यमा आफूभन्दा कम उमेरकालाई सम्बोधन गर्दा 'आवुसो' भनी तथा आफूभन्दा जेठोलाई सम्बोधन गर्दा 'भन्ते' वा 'आयुष्मान्' भन्ने चलन छ ।

३. बस्नु, सुतनु, टहल्नु र उठ्नु –यी चारलाई 'ईर्य्यापथ' भनिन्छ ।

४. शरीरमा भएका बत्तीस भागहरूको विषयमा विचार पुऱ्याई बस्नुलाई "श्रमणधर्म" भनिन्छ ।

Downloaded from http://dhamma.digital

अरुणोदयको समयमा कोठा भित्र गई बसे । भिक्षाटन्को समय भएपछि
भिक्षुहरू आई "भन्ते ! भिक्षा जाने बेला भयो" भनी भनेपछि आफ्नो
पात्र–चीवर समात्न लगाई निस्के । उनको आँखाबाट आँसु बघिरहेको
देखेर भिक्षुहरूले "भन्ते ! आँखामा के भयो ?" भनी सोध्दा "आँखामा
हावा लाग्यो" भन्ने जवाफ दिए । "भन्ते ! हामीलाई फलानो वैद्यले
औषधी गरिदिने छु" भनी भनेको थियो । अब उसलाई खबर गर्नु पर्छ
भनी उनीहरूले भने । यसपछि सुतेर नाकमा हाल्नुपर्ने तेल वैद्यले पकाई
दियो । स्थविरले नाकमा तेल हाल्दा सुतेर नहाली बसेरनै हाले । फेरि
एक दिन भिक्षाटन् गरिरहेको बेलामा सो वैद्यले स्थविरको आँखाबाट
आँसु बघिरहेको देखेर "भन्ते ! मैले दिएको तेल नाकमा हाल्नु भएन?"
भनी सोध्दा स्थविरले "हालें" भनी भने । वैद्यको मनमा लाग्यो कि
"एकै मात्रामा रोग निको हुने औषधी–तेल दिएको थिएँ । तर स्थविर
को रोग निको भएको छैन; किन होला । वहाँ बस्ने ठाउँ हेर्न पर्‍यो"
भनी विहारमा गई हेर्दा वहाँ बस्ने ठाउँमा सुत्ने ठाउँ कतै नदेखी स्थविर
सँग सोध्यो "भन्ते ! तपाईंले सुतेर तेल राख्नु भएन ?" स्थविरले केही
जवाफदिएनन् । "भन्ते ! स्वास्थ्य ठीक भयो भनेमात्र ध्यान भावना गर्न
सकिनेछ । अतः सुतेरै नाकमा तेल हाल्नुहोस्" भनी धेरै पटक सम्झायो

"आवुसो ! कुरागरी हेर्नेछु, तिमी जाऊ" भनी स्थविरले जवाफ
दिए । यहाँ स्थविरका कोही नाताकुटुम्ब देखिदैनन् । कोसँग कुरागर्ने ?
अतः आफ्नै शरीरसँग कुरागर्दै "आवुसो ! पालित ! भन, अब तिमी के
चाहन्छौ ? बुद्धशासन चाहन्छौ कि आँखा ? यो अनन्त संसारमा तिमी
अनगिन्ति समयसम्म अन्धा भइसक्यौ होला, अनेक बुद्धहरू बितिसके
ती मध्ये यौटा बुद्धसँग पनि तिम्रो परिचय छैन । अब यो वर्षावास तीन
महीना पल्टेर सुत्ने छैन भनी तिमीले प्रतिज्ञा गरिसकेका छौं । त्यसैले
आँखा बिग्रे पनि बुद्धशासनलाई नै रक्षागर" भन्दै यो भौतिक शरीरलाई
निम्न गाथाद्वारा उपदेश गरे —

Downloaded from http://dhamma.digital

१. "चक्खू नि हायन्ति ममायितानि,
सोतानि हायन्ति तथेव देहो ।
सब्बम्पिदं हायन्ति देहनिस्सितं,
किं कारणा पालित त्वं पमज्जसि ?
२. "चक्खू नि जीरन्ति ममायितानि,
सोतानि जीरन्ति तथेव कायो ।
सब्बम्पिदं जीरति कायनिस्सितं,
किं कारणा पालित त्वं पमज्जसि ?
३. "चक्खू नि भिज्जन्ति ममायितानि,
सोतानि भिज्जन्ति तथेव रूपं ।
सब्बम्पिदं भिज्जति रूपनिस्सितं,
किं कारणा पालित त्वं पमज्जसि ?"

अर्थ–

१– "मेरा मेरा भनिरहेका यी आँखाहरू विनाश हुने छन्, कानहरू पनि विनाश हुनेछन् र त्यस्तै गरी यो शरीर पनि । यो शरीरमा रहेका सबै वस्तुहरू विनाश हुनेछन् । अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौ ?

२– "मेरा मेरा भनिरहेका यी आँखाहरू जीर्ण हुनेछन्, कानहरू पनि जीर्ण हुनेछन् र त्यस्तै गरी यो शरीर पनि । यो शरीरमा रहेका सबै वस्तुहरू जीर्ण हुनेछन् । अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौं ?

३– "मेरा मेरा भनिरहेका यी आँखाहरू फुट्नेछन्, कानहरू पनि बेकम्मा हुनेछन् र त्यस्तैगरी यो शरीर पनि । यो रूपमा आश्रय

Downloaded from http://dhamma.digital

लिएका सबै इन्द्रियहरू नाश हुने छन् । अतः हे पालित ! किन तिमी प्रमादी हुन्छौ ?"

यसरी तीन गाथाद्वारा आफूलाई सम्झाई बसेर नै नाकमा तेल राखी गाउँमा भिक्षा माग्न गए । त्यस बखत वैद्यले स्थविरसँग "भन्ते! आँखा कस्तो छ ?" भनी सोध्यो । स्थविरले "दुख्दै छ" भनी जवाफ दिए ।

"भन्ते ! सुतेर तेल राख्नु भयो कि बसेर ?"

स्थविरले केही जवाफ दिएनन् । अनि वैद्यले भन्यो "भन्ते ! तपाईं पथ्यमा बस्नुहुन्न । पथ्यमा नबसिकन औषधीको गुण प्राप्तगर्न सकिन्न । यदि तपाईं पथ्यमा बस्नु हुन्न भने अमुक वैद्यले औषधी गरिरहेकोछ भनी आजदेखि कसैलाई नभन्नुहोला" भनी भन्यो ।

वैद्यले छोडेपछि स्थविर विहारमागई "वैद्यले पनि छोडिसक्यो । अतः हे श्रमण ! ईर्यापथलाई न बिगार" भनी यसरी आफूलाई सम्झाए—

"तिमीलाई औषधी गर्न वैद्यले पनि छोडिसक्यो । अब तिमी निश्चय नै मृत्युराजाको हुने छौ ! अतः हे पालित ! प्रमादी नहोउ ।"

यसरी आफूलाई सम्झाइबुझाई श्रमणधर्म गर्नमा नै तल्लीन भएर बसे । अनि रातको मध्यम याममा उनका आँखाहरू अन्धा भए र क्लेशहरू पनि विनाश भए । यी दुबै घटना एकै समयमा घटे । बिहान भिक्षामाग्न जाने समय भएपछि भिक्षुहरू आई "भन्ते ! भिक्षामाग्न जानेबेला भयो" भनी सूचित गर्दा उनले "आवुसो ! तिमीहरू मात्र जाओ" भनी भने ।

"तपाईं के गर्नु हुन्छ नि ?"

"आवुसो ! म आँखा देख्दिन ।"

Downloaded from http://dhamma.digital

यो सुनेर उनीहरूले स्थविरको आँखा हेरी बिरह गरी "भन्ते ! धन्दा नमान्नुहोस्, हामी तपाइँको हेरचाह गर्नेछौं" भनी भने । यो खबर सुनेर गाउँका उपासकहरूले पनि बिरहगरी विहारमा गई त्यहाँदेखि स्थविरकोलागि भोजनहरू दिनहुँ विहारमै पठाउन थाले । स्थविरको अववाद (=अर्ति बुद्धि) मा रहेर ती साठीजना भिक्षुहरूले वर्षावासको अन्त्यतिर **प्रतिसम्भिदाज्ञान**[1] सहित अरहत्व प्राप्त गरे । वर्षावास सिद्धिएपछि भगवान्को दर्शनार्थ श्रावस्तीमा जान पर्‍यो भन्ने लागेपछि स्थविरकहाँ गई उनीहरूले "भन्ते ! भगवान्को दर्शनार्थ श्रावस्ती जान चाहन्छौं" भनी निवेदन गरे । स्थविरले "म कमजोर छु, आँखाले पनि देखिदन । यिनीहरूसँग जाँदा मेरो कारणले यिनीहरू सबैलाई कष्ट हुनेछ" भन्ने इत्यादि सोचेर यसो भने—"आवुसो ! तिमीहरू अगाडि जाओ ।"

"भन्ते ! तपाइँ के गर्नु हुन्छ नि ?"

"आवुसो ! म कमजोर छु । बाटो पनि कठिन छ । तिमीहरूसँग जाँदा तिमीहरू सबैलाई कष्ट हुनसक्छ । अतः तिमीहरू पहिले जाओ ।"

"भन्ते ! यसो नभन्नुहोस् । हामी तपाइँलाई लिएर नै जान चाहन्छौं ।"

"आवुसो ! यो इच्छा नगर । यसो भयो भने मलाई असजिलो हुनेछ । श्रावस्तीमा मेरा भाइलाई भेट्दा म अन्धो भएको कुरा सुनाइदेओ । सम्भवतः उसले कसैलाई पठाइ दिनेछ । तिमीहरूले **दशबल**[2]

---

१. प्रतिसम्भिदाज्ञान भनेको कस्तो हो भन्ने बारेमा लेखकको बु. म. भा-१. पृ. २०९ को पादटिप्पणीमा हेर्नू ।

२. दशबल भनेको के के हुन् भन्ने बारेमा लेखकको बु. रा. भा-१. पृ. ४१ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://dhamma.digital

शास्तालाई र असीतिमहाश्रावक[1] स्थविरहरूलाई मेरो वचनले वन्दना गरिदेओ ।"

श्रावस्तीमा पुगेपछि उनीहरूले स्थविरको भाइलाई खबर सुनाइदिए । उसले स्थविरलाई ल्याउनको निमित्त आफ्नो भाञ्जालाई श्रामणेर बनाउन लगाई पठायो । त्यस गाउँमा गई मामा हुने स्थविर लाई श्रामणेरले साथमा लिएर आयो ।

आउँदा स्थविरको लट्ठीको टुप्पो समाती हिंडिरहेको बेलामा जङ्गलमा दाउरा खोज्न आएकी एउटी केटीको गीतस्वर सुनी आकर्षित र आसक्त भएको श्रामणेरले "मामा ! केहीछिन यहाँ पर्खनुहोस, केही छिनको लागि जङ्गलमा जानेछु" भनी केटी भएको ठाउँमा श्रामणेर पुग्यो । त्यसैले भगवान्ले भन्नु भएको "यो संसारमा जसरी स्त्रीको शब्दले पुरुषको मनलाई आकर्षित गर्न सक्छ त्यस्तै शब्द अरू कुनै म देखिदन ।" सो केटीसँग श्रामणेरको शील भ्रष्ट भयो । उता पर्खिरहेका स्थविरले सोच्नथाले– "भरखरै एउटी केटीको गीतस्वर सुनिएको थियो श्रामणेर पनि अहिलेसम्म आएको छैन । अवश्यमेव श्रामणेरको शील भ्रष्ट भयो होला ।" आफ्नो काम सिध्याएर फर्केर आई "भन्ते ! जाऊँ" भनी श्रामणेरले भन्यो ।

स्थविरले "श्रामणेर ! पापी भयौ कि क्याहो !" भनी सोधे । उ चूपलागेर बस्यो । दोहऱ्याई तेहेऱ्याई सोध्दा पनि केही बोलेन । अनि स्थविरले भने—"तिमी जस्ताले मेरो लट्ठी समात्नु पर्दैन ।" यो कुरा सुनी उ विरक्तिएर काषायवस्त्र छाडी गृहस्थीभेष लिएर "भन्ते ! अघि म श्रामणेर थिएँ अब म गृहस्थी नै भइसकें । प्रव्रजित हुँदा पनि म श्रद्धाले भएको थिइन । आउनुहोस् जाऔं" भनी भन्यो ।

---

१. असीतिमहाश्रावकहरू भनेका को को हुन् भन्ने कुरा लेखकको बु म. भा.–१ पृ. ८९ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://dhamma.digital

"आवुसो ! गृहस्थीले गरेको पाप पनि पापै हो । प्रव्रजितले गरेको पाप पनि पापै हो । श्रामणेर भएर पनि तिमीले शील मात्र रक्षा-गर्न सकेनौ भने गृहस्थी भएर के कल्याणकार्य गर्न सकौला ? त्यस्ताले मेरो लट्ठी समात्न पर्दैन ।"

"भन्ते ! यो वनमा अनेक भय छ । तपाइँ आँखा पनि देख्नु हुन्न । कसरी यो जंगलमा एक्लै बस्नुहुन्छ ?"

स्थविरले उसलाई भने—"तिमीले यसमा चिन्ता लिन पर्दैन । यहीं मरे पनि यताउता लड्न गए पनि तिमीज स्तासँग त म जाने छैन ।"

स्थविरको यस्तो कुरा सुनी उसलाई सारै विरक्त लाग्यो र "अहो मैले कस्तो अपराध गरेंछु !" भन्दै टाउकोमा हात राखी विलाप गर्दै उ वन भित्र पसेको पस्यै भयो ।

स्थविरको शीलको प्रभावद्वारा साठी योजन लामो, पचास योजन चौडाइ र पन्द्रह योजन अग्लो भएको; बस्दा भित्र जाने र उठ्दा जस्ताको तस्तै हुने जयसुमन पुष्पवर्ण भएको इन्द्रको पण्डुकम्बल शैलासन तातेर आयो । अनि यस्तो किन भयो होला भनी इन्द्रले लोकमा हेर्दा दिव्यचक्षुद्वारा धर्म गौरव गर्ने स्थविरलाई देखे । "यस्तो धर्म गौरव गर्ने र पापको निन्दा गर्ने स्थविरकहाँ नगएको खण्डमा मेरो शीर सात टुक्रा पनि हुन सक्दछ" भन्ने विचार गरी स्थविरको अगाडि आई हिँडिरहेको आवाज उनले सुनाए । स्थविरले "यो को हो ?" भनी सोधे ।

"भन्ते ! म हुँ, बाटो हिड्ने ।"

"उपासक कहाँ जाँदै छौ !"

"भन्ते ! श्रावस्ती जाँदै छु ।"

"जाउ त ।"

"आर्य ! तपाइँ कहाँ जानुहुन्छ नि ?"

"म पनि त्यतैतिर जाने हुँ ।"

Downloaded from http://dhamma.digital

"त्यसोभए सँगै जाऔं।"

"म भने कमजोर छु र आँखा पनि देखिदन। मसँग जानेलाई असजिलो तथा कष्ट हुन सक्छ।"

"मेरो कुनै हतारो काम छैन। तपाइँसँग जाँदा दशपुण्यक्रिया-मध्ये एउटा पुण्यक्रियाको फल पाउने छु। त्यसैले तपाइँको साथ जाने निश्चय गरेको छु।"

स्थविरले "कुनै सत्पुरुष होला" भन्ने विचार गरी "त्यसोभए मेरो लट्ठीको टुप्पो समात त" भने।

शक्रले (=इन्द्रले) त्यस्तै गरी बाटो छोट्याई चाँडै नै श्रावस्तीमा पुऱ्याइदिए। चाडै श्रावस्तीमा पुगेको देखेर स्थविरले विचार गरे "यो पुरुष मानिस त होओइनहोला, कुनै देवता हुनुपर्छ।"

स्थविरको भाइले दाइ महापाल (चक्षुपाल) आइपुगेको समाचार सुनी विहारमा गई दाइसँग भेटी रोईकराई पछि आफूकहाँका दुइजना दासहरूलाई दासत्वबाट मुक्त गराई श्रामणेर बनाई स्थविरको निमित्त शहरबाट खानपान इत्यादि ल्याइदिनको लागि विहारमा राखिदियो। गर्नुपर्ने विहारको कामधाम गरी श्रामणेरहरू स्थविरको सेवागरी बसे।

एक दिन केही गाउँले भिक्षुहरू "भगवान्‌को दर्शन गर्नु पऱ्यो" भनी जेतवनमा गई शास्तालाई र असीतिमहाश्रावकहरूलाई वन्दना गरी विहार चारिका गर्दै चक्षुपाल स्थविर बस्ने विहारतिर पुग्दा "यो पनि हेर्नु पऱ्यो" भनी संध्यासमयतिर त्यो विहारतिर लागे। त्यस बखत बादलले आकाश ढाकेको थियो त्यसैले "अहिले संध्या पनि भइसक्यो र आकाशमा बादल पनि लागिरहेकोछ। भोलि बिहान सबेरै हेरौंला" भनी उनीहरू फर्के। रातको प्रथम याममा मुसलधारे पानी पऱ्यो र दोश्रो याममा पानी रोकियो।

Downloaded from http://dhamma.digital

स्थविर चाहिं वीर्य सम्पन्न तथा ध्यानरत जीवन बिताइरहेका थिए। अतः बिहान सबेरै उठेर चंक्रमण (टहलने) गर्दथे। सधैं झैं त्यस दिन पनि सबेरै उठेर चंक्रमण गरे। यो नयाँ बनाइएको चंक्रमणस्थलमा नयाँ माटो बिच्छ्याइएको थियो। रातमा परेको पानीले त्यहाँ राता राता कमिला (इन्द्रगोपका) निस्केका थिए। चंक्रमण गर्दा ती कमिला-हरू कुल्चिएका थिए। त्यसदिन सो स्थानमा समयमै बढार्ने काम श्रामणेरहरूले बिर्सेका थिए। विहार चारिका गर्ने भिक्षुहरूले सबेरै विहार हेर्न आउँदा चंक्रमण स्थलमा कमिलाहरू मारिइरहेका देखे। "यहाँ चंक्रमण गर्ने को हो ?" भनी सोध्दा श्रामणेरहरूले "हाम्रा उपाध्याय चक्षुपाल महास्थविर" भनी भनेको सुनेपछि "आँखा देखुञ्जेलसम्म केही नगरी सुतेर बसे। अहिले अन्धो भएपछि चंक्रमण गर्नथाल्दा यतिका प्राणीहरू मारे। हेर यी श्रमणको काम !" भनी उनीहरू कराउन थाले। अनि उनीहरूले भगवान्‌लाई सो कुरा सुनाए।

"भिक्षु हो ! उसले प्राणी मारेको तिमीहरूले देख्यौ कि ?" भनी भगवान्‌ले सोध्नु भयो।

"देखिनौं" भनी उनीहरूले भने।

"जस्तै तिमीहरूले प्राणी मारेको देखेनौं त्यस्तै उनले पनि प्राणीहरू देखेका थिएनन्। भिक्षु हो ! क्षीणास्त्रवीको मनमा प्राणी हिंसा गर्ने चेतना हुँदैन।"

"भन्ते ! यदि अरहन्त हुने पुण्यसंस्कार भएको भए किन उनी अन्धा भए त ?"

"भिक्षु हो ! आफैले गरेको कर्म फलले अन्धा भए।"

"भन्ते ! उनले कस्तो कर्म गरेका थिए त ?"

"भिक्षु हो ! त्यसो भए उनले गरेको कुरा सुन" भनी अतीतका निम्न कुराहरू भगवान्‌ले सुनाउनु भयो—

Downloaded from http://dhamma.digital

"अतीत समयमा वाराणशीका राजाले वाराणशीमै राज्य गरिरहेको बेलामा एक वैद्य गाउँ घरमा घुमी औषधी गर्दथ्यो । एक दिन उसले कमजोर आँखा भएकी एउटी स्त्रीलाई देखी सोध्यो—

"बहिनी! तिमीलाई के भएको छ ?"

"आँखाले देख्दिन ।"

"त्यसोभए तिम्रो औषधी गर्नेछु ।"

"हुन्छ गर्नुहोस् ।"

"मलाई के दिन्छयौ त ?"

"यदि मेरा आँखा राम्ररी निको पारिदिनु भएमा म आफ्ना छोराछोरी समेत तपाईंको दासी भएर बस्ने छु ।"

वैद्यले औषधी बनाइदियो । एकमात्रा औषधीले नै उसका आँखा जस्तातस्तै भए । अनि उ सोच्नथाली— "मैले यसलाई छोराछोरीहरू सहित दासी भई बस्नेछु भनी वचन दिएकी छु । दासीहरूप्रति उसले राम्रो व्यवहार गर्नेछैन । अतः उसलाई छल्नु पर्‍यो ।" अर्कोदिन उसँग भेट हुँदा वैद्यले "भद्रे ! तिम्रा आँखा कस्ता छन् ?" भनी सोध्दा उसले "अघि मेरा आँखा अलि अलि मात्र दुख्थे, अहिले त झन् बढी दुख्न थाले" भनी ढाँटी । उसले ढाँटेको कुरा बुझेर वैद्यले "अहिले नै यसका दुबै आँखा अन्धा पारि दिनेछु" भनी मनमा द्वेषभाव राखी "त्यसोभए म अर्को असल औषधी दिनेछु" भनी घरमा गई आफ्नी भार्यालाई यो कुरा सुनायो । उसले केही भनिन । अनि वैद्यले एउटा औषधी तयारपारी उसकहाँ गई "भद्रे ! यो औषधी आँखामा लगाऊ" भनी लगाउन लगायो । औषधी लगाउने बित्तिकै उसका दुबै आँखाहरू बत्ती निभी अन्धकार भए जस्तै भए ।"

"भिक्षुहो ! त्यस बखत उसले गरेको कर्म पछि पछि लागेर आयो । पापकर्मको फल भनेको गाडा तान्ने गोरूको पछि पछि पाँग्रा

Downloaded from http://dhamma.digital

आउने झैं आउँछ" भनी भन्नु भई यसै शिलशिलामा भगवान्‌ले यो गाथा भन्नु भयो —

१. "मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन भासति वा करोति वा ।
ततो नं दुक्खमन्वेति चक्कंव वहतो पदं"॥१॥

अर्थ–

१– "मनको मुख्य धर्म नै जुनसुकै काममा पनि अगुवा हुनु हो। अर्थात् मन नै मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मनले कसैले बोल्यो वा गर्‍यो भने गोरुको पछिपछि गाडाको पांग्रा आए झैं दुःख पनि पछिपछि लागेर आउँछ ।"

———

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मट्टकुण्डली—२

## ('मनोपुब्बङ्गमा धम्मा' भन्ने गाथाको कथा)

"मनोपुब्बङ्गमा धम्मा..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनु भएका बुद्धले मट्टकुण्डलीको कारणमा बताउनु भएको हो—

श्रावस्तीमा अदिन्नपुब्बक भन्ने एक धनी ब्राह्मण थियो। उसले कहिल्यै पनि कसैलाई केही दिएको थिएन। उ कन्जूस पनि थियो। त्यसैले उसलाई 'अदिन्नपुब्बक' भनी भनिएको हो। उसको एकलौटे अति प्यारो छोरो थियो। उ उसको निमित्त सुनको मुन्द्री बनाइदिन चाहन्थ्यो। तर "यदि सुवर्णकारलाई बनाउन दिएको खण्डमा ज्याला दिन पर्छ" भन्ने विचार गरी उसले आफैले सुन पिटी राम्रो मुन्द्री बनाई दियो। त्यसैले राम्रो मुन्द्री लगाउने भएकाले आफ्नो पुत्रलाई 'मट्टकुण्डली' भनी भन्न थाल्यो। तर सोन्ह वर्षको उमेरमा उसलाई पाण्डुरोग लाग्यो। अनि आमा चाहिंले वैद्य बोलाई औषधि गराउने कुरा आफ्नो जहानसँग भनी। यो सुनेर "हे ब्राह्मणी! यदि वैद्य बोलाई ल्याएँ भने उसलाई भात वेतन दिनुपर्ने हुन्छ। यसोगर्दा मेरो धन खर्च हुनेछ" भन्ने कुरा तिमी बुझ्दिनौ?

"यसोभए के गर्नु हुन्छ त?"

"जसोगर्दा धन खर्च हुने छैन त्यसै गर्नेछु।"

अनि वैद्यहरूकहाँ गई "फलानो रोग भएमा तपाईंहरू के औषधी गर्नु हुन्छ?" भनी उसले सोध्यो। अनि यो महाकन्जूस हो भन्ने ठानेर

Downloaded from http://dhamma.digital

वैद्यहरूले कुनै एक रुखको बोक्रा पकाई ख्वाउने कुरा बताए । उसले सोही रुखको बोक्रा ल्याई पकाई छोरालाई ख्वाउन थाल्यो । यस्तो गर्दा गर्दै उल्टै रोग बढेर आयो । निको नहुने अवस्थामा पुग्यो । अनि सारै भएपछि उसले एक वैद्यलाई बोलायो । वैद्य आएर रोगीलाई हेरी- "मेरो अर्को काम छ । अरू कुनै वैद्य बोलाई औषधी गराऊ" भनी फर्केर गयो । मट्टकुण्डलीको मरण हुने अवस्था देखेर "यसलाई हेर्न आउने मानिसहरूले घरभित्र भएको सम्पत्ति पनि देख्ने छन्" भन्ने विचार गरी छोरालाई बाहिर दलानमा सुतायो ।

त्यस दिन भोरको समयमा सबेरै समाधिष्ठ हुनु भएका बुद्धले "आफूलाई देखेर प्रसन्नभई सो माणव त्रयस्त्रिंश देवलोकमा उत्पन्न हुनेछ भन्ने र पछि मेरो उपदेश सुनी अदिन्नपुब्बक ब्राह्मण पनि स्रोतापन्न हुनेछ" भन्ने कुरा बुद्धचक्षुद्वारा देख्नु भयो । अनि भिक्षाटन्को समयमा भिक्षुहरू सहित श्रावस्ती नगरमा भिक्षाटन् गर्दै क्रमशः त्यो ब्राह्मणको घरतिर जानुभयो । त्यस बखत मट्टकुण्डली घरको भित्तातिर फर्केर सुतिरहेको थियो । उसले आफूलाई नदेखेको कुरा बुझी उ सुतिरहेको ठाउँतिर भगवान्ले रश्मी पठाउनु भयो । माणवले "यो के को आभाष रहेछ" भनी फर्केर हेर्दा तथागतको दर्शन पाई "यो अन्धमूर्ख पिताको कारणले गर्दा बुद्ध जस्ता महापुरुष अगाडि आउँदा पनि मैले वहाँलाई कुनै सेवा वा दान दिन सकिन । न त मैले कुनै धर्मोपदेश नै सुन्न सकें । अब मेरा हातखुट्टा आफ्ना वशमा छैनन् । यस्तो अवस्थामा म अरू कुनै धर्मकर्म गर्न सक्दिन" भन्ने मनमा राखी बुद्धप्रति चित्त प्रसन्न गऱ्यो । "यसको लागि यत्ति नै पर्याप्त छ" भनी भगवान् आफ्नो बाटो लागी जानुभयो । माणव तथागतलाई हेर्दा हेर्दै प्रसन्न चित्त लिएर प्राण त्यागी सुतेर उठेको जस्तो गरी त्रयस्त्रिंश देवलोकमा कनक विमानमा उत्पन्न भयो ।

Downloaded from http://dhamma.digital

उसको दाहसंस्कार गरिसकेपछि ब्राह्मण सधैं झैं विरह गरी दिनहुँ मसानमा गई "हाय् मेरो एकलौटे छोरा ! तिमी कहाँ गयौ, तिमी कहाँ गयौ !" भन्दै रुन थाल्यो ।

त्रयस्त्रिंश भवनमा उत्पन्न भएको मट्टकुण्डली देवपुत्रले "के कर्म गरेर मैले यस्तो दिव्य श्रीसम्पत्ति पाएको रहेछु" भनी विचार गरी हेर्दा "बुद्ध प्रति चित्त प्रसन्न गरेको प्रभावले" भन्ने कुरा जानी "म सञ्चो नहुँदा केही औषधी नगराई अब यो ब्राह्मण दिनहुँ मसानमा गई विलाप गर्दछ" भन्ने कुरा पनि देखेर "अब उसलाई विरक्त्याउनेछु" भन्ने विचार गरी मट्टकुण्डली माणव जस्तै भई आएर मसान नजिकै टाउकोमा हात राखी रोइरह्यो । अनि ब्राह्मणले देखेर "म त आफ्नो छोराको वियोगले रुँदैछु, यो बालक किन रोइरहेको होला, सोध्नुपर्‍यो" भनी उसकहाँ गई "हे बालक ! तिमीलाई के दुःख पर्‍यो र यस्तो मसानमा आई रोइरहेका छौ ?" भनी सोध्यो ।

"हे ब्राह्मण ! मैले यौटा अति राम्रो सुवर्णमय रथ पाएको छु । तर उसलाई उपयुक्त हुने पाँग्रा पाउन नसकेको हुनाले रोइरहेको हुँ ।"

अनि आफ्नो छोराको जस्तै रूप देखी मनमा स्नेह लाग्दा ब्राह्मणले "हे बालक ! सुनचाँदी आदि केको पाँग्रा चाहन्छौ भन, म बनाइदिने छु" भनी भन्यो ।

"यो ब्राह्मणले आफ्नो छोरालाई औषधीसम्म पनि गराएन । अहिले मलाई पुत्र जस्तै ठानेर सुनचाँदी आदि केको पाँग्रा चाहन्छौ भन भनी भन्दैछ । अब यसलाई उपहास गर्नुपर्‍यो" भन्ने सोची "हे ब्राह्मण ! कत्रो पाँग्रा बनाइदिनेछौ त ?" भनी भन्दा "जत्रो भन्छौ त्यत्रै बनाइदिनेछु" भनी भनेपछि देवपुत्र भन्दछन्— "ब्राह्मण मलाई अरूको होइन चन्द्र र सूर्यको दुई पाँग्रा चाहिन्छ ।"

Downloaded from http://dhamma.digital

यो सुनेर ब्राह्मण भन्दछ – "हे बालक ! तिमीले अप्रार्थनीय वस्तु प्रार्थना गर्दैछौ । मरे पनि तिमीले चन्द्र सूर्य पाउनसक्ने छैनौ । तिमी त सारै मूर्ख रहेछौ ।"

"हे ब्राह्मण ! देखिने वस्तुको लागि प्रार्थना गर्ने मूर्ख हो कि नदेखिने वस्तुको लागि प्रार्थना गर्ने त ?" भनी देवपुत्रले यो गाथा भने—

"गमनागमनम्पि दिस्सति, वण्णधातु उभयत्थ वीथियो ।
पेतो कालकतो नदिस्सति, को निध कन्दतं बालतरो ?"

अर्थ–

"जसको गमनागमन देखिन्छ, जसको रूपाकार पनि देखिन्छ र जसको आउने जाने दुबै बाटाहरू देखिन्छन् । परन्तु मरेर पितृ भएकाको कुनै रूपाकार यहाँ देखिन्न । अनि यहाँ रुनेहरू मध्ये को मूर्खतर छ त ?"

यो सुनेर ब्राह्मणले "यो कुरा ठीकै हो, यसले उचित नै भन्दैछ" भनी "हे बालक ! तिमीले भनेको कुरा साँचै हो । बालकले चन्द्रमा मागे भैं मृत्यु भएकाको लागि रुने म नै मूर्ख हुँ" भनी भन्यो ।

यो कुराले उसको मनको शोक सन्ताप दूर भएर गयो । अनि खुशी भई उसको स्तुति गर्दै – "हे बालक ! घिउको ज्वाला जस्तै मेरो मनमा शोकरूपी ज्वाला बलिरहेको थियो । अब पानी छम्की ज्वाला निभाए जस्तै तिमीले मेरो मनको ज्वालालाई निभाइदियौ । मेरो मनमा गडिरहेको जुन शोकरूपी काँढा थियो त्यो तिमीले झिकिदियौ । अब ममा शोकरूपी काँढा छैन । अब शोक सन्ताप लिने छैन ।"

यति भनी "तिमी को हौ ?" भनी उसले सोध्यो ।

Downloaded from http://dhamma.digital

देवपुत्रले भने— "जसको कारणमा तिमी रुँदैछौ जसलाई तिमीले मसानमा दाहसंस्कार गर्‍यौ म सोही तिम्रो छोरा हुँ। कुशल-कर्मको प्रभावले अहिले म त्रयस्त्रिंश भवनमा उत्पन्न भएको छु।"

"तिमी भन्दैछौ कि कुशलकर्मको प्रभावले देवलोकमा उत्पन्न भएँ। परन्तु तिमीले कुनै कुशलकर्म गरेको कुरा मलाई थाहा छैन। घरमा छँदा तिमीले थोरै वा धेरै कुनै पनि दान दिएको मलाई थाहा छैन। न त तिमीले कुनै उपोसथव्रत[1] नै पालन गरेको थाहा छ। अनि कस्तो कुशलकर्मको प्रभावद्वारा तिमी देवलोकमा उत्पन्न भयौ?"

"ब्राह्मण! जब म रोगी र दुःखी दुर्मन भई घरमा बसेको थिएँ। तब निर्मल हुनु भएका अनुपम प्रज्ञा हुनु भएका बुद्ध भगवान्लाई मैले देखें। अनि चित्त प्रसन्न पारी वहाँलाई हात जोरी विन्तिगरी नमस्कार गरें। यही कुशलकर्मको प्रभावले देवलोकमा उत्पन्न भएको हुँ।"

उनको कुरा सुन्दा सुन्दै ब्राह्मणको जिउभरी प्रीति फैलिएर गयो। यही प्रीतिको कारण व्यक्त गर्दै "कस्तो आश्चर्य! कस्तो अद्भूत! नमस्कार मात्रको यस्तो फल!! म पनि प्रसन्न चित्तलिई आजै बुद्धको शरणमा जानेछु' भनी ब्राह्मणले भन्यो।

ब्राह्मणको यो उद्गार सुनेर देवपुत्रले यस्तो भने—

"ब्राह्मण! आजै प्रसन्न चित्त लिएर बुद्धको शरणमा जाऊ र पञ्चशील ग्रहण गर, प्राणी हिंसा नगर, नदिएको अर्काको वस्तु हरण नगर, व्यभिचार नगर, झूठो कुरा नबोल तथा मद्यपान पनि नगर।"

---

१. अष्टशील पालन गरी ब्रह्मचारी भई अपराण्ह पछि नखाई शील पालन गर्ने व्रतलाई 'उपोसथव्रत' भनिन्छ।

Downloaded from http://dhamma.digital

"हे देवपुत्र ! तिमी मेरा हितैषीह्वौ, तिमीले भने जति सबै कर्तव्य पालन गर्नेछु र आजै म बुद्ध, धर्म तथा सङ्घको शरणमा पनि जानेछु ।"

अनि फेरि देवपुत्रले "हे ब्राह्मण ! तिम्रो घरमा धेरै धनसम्पत्ति छन् । शास्ताकहाँ गई दान देऊ, धर्म श्रवण गर तथा प्रश्न पनि सोध" भनी देवपुत्र उहीं अन्तरधान भए ।

अनि घर गई ब्राह्मणीलाई बोलाई "भद्रे ! श्रमण गौतमलाई निम्तो गरी प्रश्नहरू सोध्ने छु । तिमीले रात्ररी सत्कार गर" भनी विहारमा गई शास्तालाई निम्तो गरे । शास्ताले स्वीकार गर्नु भयो । शास्ताले स्वीकार गरेपछि निकै खुशी भई हतारहतार गरी घर फर्की उसले उपयुक्त खाद्य भोज्यहरू तयार पार्न लगायो । शास्ता पनि भिक्षुसङ्घका साथ आउनुभई विच्छ्याइराखेको आसनमा बस्नु भयो । अत्यन्त भक्ति र श्रद्धापूर्वक ब्राह्मणले भोजन गरायो ।

त्यस बखत ब्राह्मणका घरमा बुद्ध भक्तहरू र अन्य भक्तहरू गरी धेरै मानिसहरू भेला भएका थिए । कुनै अन्यदृष्टिकले बुद्धलाई निम्तो गर्दा दुबै थरी भेला हुन्थे । "आज भगवान्सँग सोधिने अनेक प्रश्नहरू सुन्नु पर्‍यो" भनी अन्य भक्तहरू तथा बुद्ध भक्तहरू "आज भगवान्ले फलानालाई बुद्ध लीलाले धर्मोपदेश दिनु हुने कुरा सुन्नु पर्‍यो" भनी एकत्रित हुन्थे ।

अनि भोजन कृत्य सिद्धिएपछि एक होचो आसन लिएर बसेको ब्राह्मणले "भो गौतम ! तपाईंलाई दान नदिइकनै, धर्मश्रवण नगरिकनै अथवा उपोसथ व्रत पालन नगरिकनै केवल तपाइँ प्रति चित्त मात्र प्रसन्न पारेर स्वर्ग पुग्ने कुनै छ के ?" भनी सोधे ।

"ब्राह्मण ! किन यो प्रश्न सोधेका ह्वौ ? तिम्रो छोरा

Downloaded from http://dhamma.digital

मट्टकुण्डलीले ममाथि चित्त प्रसन्न गरी आफू स्वर्गलोकमा पुगेको कुरा तिमीलाई भने होइन ?"

"भो गौतम ! कहीले ?"

"ब्राह्मण ! तिमी मसानमा रोइरहेको बेलामा अलंकृत बालक देखेर उसँग कुरागर्दा सो देवपुत्र बालकले तिमीलाई यसो भनेको होइन?" भनी त्यहाँ भएका जम्मै कुराहरू भगवान्ले बताउनु भयो । फेरि "ब्राह्मण ! त्यसरी ममाथि चित्त प्रसन्न गरी स्वर्ग पुग्नेहरू एकशय, दुइशय मात्र होइनन् असंख्य छन्" भन्नु भयो । तर यत्तिकैले त्यहाँ भेला भएका मानिसहरूको आशंका पूर्णरूपेण दूर भएको थिएन त्यसैले भगवान्ले "मट्टकुण्डली देवपुत्र यहाँ आऊ" भनी अधिष्ठान गर्नुभयो । उतनाघरीमै सो देवपुत्र दिव्याभरणले अलंकृत भई त्यहाँ आई तथागतलाई अभिवादन गरी एक छेउमा उभिइरहे । अनि शास्ताले "हे देवपुत्र ! यो श्रीसम्पत्ति के कर्म गरेर पाएका हौ ?" भनी सोध्नु हुँदा देवपुत्रले "भन्ते ! यो श्रीसम्पत्ति तपाइँ प्रति चित्त प्रसन्न गर्नाको कारणद्वारा पाएको हुँ" भनी भने । यो सुनेर भेला भएका मानिसहरू आश्चर्य चकित भई "अहो कस्तो अद्भूत ! अहो कस्तो आश्चर्य !! अहो बुद्धगुण !!! कुनै दान नदिइकनै, कुनै धर्मोपदेश नसुनिकनै, कुनै उपोसथव्रत पालन नगरिकनै, केवल बुद्ध प्रति चित्त प्रसन्न पार्नाले मात्र अदिन्नपुब्बक ब्राह्मणका छोरा स्वर्गलोक पुगे" भन्दै सन्तोष प्रकट गरे । अनि भगवान्ले उनीहरूलाई "कुशलाकुशल गर्नेकाममा चित्त प्रमुख हुन्छ, चित्त प्रधान हुन्छ र चित्त प्रसन्न पारेर गरेको कर्मफलले छाया समान आफूलाई छाडनेछैन" भनी भन्नुभई यही शिलसिलामा वहाँले यो गाथा भन्नु भयो ।

२. "मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।  
मनसा चे पसन्नेन, भासति वा करोति वा ।  
ततो नं सुखमन्वेति, छायाव अनपायिनि ।"

Downloaded from http://dhamma.digital

अर्थ–

२—"जुनसुकै काममा पनि अगुवा हुनु मनको धर्म हो र मन मुख्य भएर जतातत्तै पुगेको हुन्छ । त्यस कारण शुद्ध मन लिएर कसैले बोल्यो वा गऱ्यो भने आफ्नो पीछा लाग्ने छाया जस्तै गरी सुख पछि पछि लागेर आउँछ ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# तिश्य स्थविर–३

## ('अक्कोच्छि मं' भन्ने गाथाको कथा)

"अक्कोच्छि मं. . ." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका बुद्धले तिस्स (=तिश्य) स्थविरको कारणमा बताउनु भएको हो ?

यी आयुष्मान् भगवान्का फुपूका छोरा थिए र निकै मोटा थिए। बैंश गइसकेपछि उनी प्रव्रजित भएका थिए। बुद्धलाई प्राप्त हुने लाभ सत्कार परिभोग गरी असल असल चीवर पहिरी विहारको प्रमुख स्थानमा बसिरहन्थे। तथागतको दर्शनार्थ आउने भिक्षुहरूले उनलाई प्रमुख स्थानमा बसिरहेको देखेर "कुनै महास्थविर होलान्" भन्ने ठानी नजीकमा गई भिक्षुहरूले गर्नुपर्ने व्रतको बारेमा सोध्दथे। उनी चुप लागेर बसिरहन्थे। आफू भन्दा जेठा भिक्षुहरूको मानसत्कार तथा स्वागत पनि गर्दैनथे। अनि एक तरुण भिक्षुले "भन्ते ! तपाईंको वर्ष कति भयो[1] ?" भनी सोध्दा "वर्ष थाहा छैन, बैंश गइसकेपछि

१. कुनै भिक्षुको कुनै अपरिचित भिक्षुसँग भेट हुँदा "तपाईं कति वर्षको हुनुहुन्छ?" भनी सोध्ने भिक्षुहरूको चारित्रिक नियम हो। यो चाहिं उमेर सोधेको होइन। उपसम्पन्न भएको वर्ष सोधेको हो। यसरी सोध्दा उपसम्पन्न भएको आधारमा जो जेठो हुन्छ उसलाई कान्छो हुनेले अभिवादन आदि गर्नु पर्ने नियम छ। कान्छो हुने चाहिं

Downloaded from http://dhamma.digital

प्रव्रजित भएको हुँ" भनी जवाफ दिए। अनि "कस्ता दुर्विनीत बुढा होलान्। आफ्नो प्रमाण पनि जान्दैनन्। यतिका महास्थविरहरू देखेर पनि आसनबाट उठी आगन्तुक सत्कारसम्म पनि नगरी चुप लागेर प्रमुख स्थानमा बसिरहन्छन्। संकोच मात्र पनि मान्दैनन्"भन्दै भिक्षुहरू कराए। यो सुनेर क्षेत्रीय अभिमान देखाई "तिमीहरू कसकहाँ आएका ह्वौ ?" भनी सोध्दा "शास्ताकहाँ आएका ह्वौं" भनी भनेपछि "तिमीहरू मलाई के ठान्दछौ ? तिमीहरूको जरो समेत उखेलिदिनेछु" भन्दै दुःखी दुर्मन भई शास्ताकहाँ गए। "यसले कुनै गडबड कुरा गर्नेछ" भन्दै उनीहरू पनि उनैको पछि पछि लागेर गई शास्तालाई वन्दना गरी एक छेउमा बसे। अनि शास्ताले "तिश्य ! किन दुःखी दुर्मन भई आएका ह्वौ ?" भनी सोध्नु भयो। तिश्य भिक्षुले "भन्ते ! यिनीहरू मलाई गाली गर्छन्।

"तिश्य ! तिमी कहाँ बसिरहेका थियौ ?"

"प्रमुख विहारको बीचको उपस्थान शालामा।"

"यी भिक्षुहरू आएका तिमीले देख्यौ कि देखेनौ त ?"

"देखें भन्ते !"

"आसनबाट उठी उनीहरूको प्रत्युगमन गऱ्यौ कि गरेनौ त ?"

"भन्ते ! गरिन।"

"कुनै गर्नु पर्ने आगन्तुक व्रत गऱ्यौ कि गरेनौ त ? अथवा पानी आदि चाहिन्छ कि भनी सोध्यौ कि सोधेनौ त ?"

"भन्ते ! सोधिन।"

"आसन् ल्याई खुट्टा मिच्ने आदि व्रत पालन गऱ्यौ कि गरेनौ त?

"भन्ते ! गरिन।"

---

आसनमा बसिरहेको भए आसनबाट उठी जेठो हुनेलाई आसन दिनुपर्छ।

Downloaded from http://dhamma.digital

"तिश्य ! प्रमुख विहारको बीचको उपस्थान शालामा बस्नेले उक्त जम्मै नियमहरू पालन गर्नु पर्छ र नगर्नेले विहारको प्रमुख स्थानमा बस्नु हुन्न । तिम्रै दोष हो । यिनीहरूसँग क्षमा माग ।"

"भन्ते ! यिनीहरूले मलाई गालिगरे । अतः म उनीहरूसँग क्षमा माग्दिन ।"

"तिश्य ! यसो नभन । तिम्रै दोष हो । क्षमा माग ।"

"क्षमा माग्दिन भन्ते !"

अनि ती भिक्षुहरूले "भन्ते ! यी भिक्षु दुर्वाची छन्, भनेको कुरा मान्ने होइनन्" भनी भनेपछि भगवान्ले "भिक्षुहो ! अहिले मात्र यिनी दुर्वाची होइनन् अघि पनि दुर्वाची नै थिए" भनी भन्नु भएपछि तिनीहरूले अतीतमा कस्ता थिए त भनी सोधेपछि भगवान्ले अतीतका कुरा बताउनु भयो—

अतीत समयमा देवल भन्ने तपस्वी हिमालय पर्वतबाट शहरतिर आए । अनि उनले बाटामा एक केटोसँग यस नगरमा तपस्वीहरू कहाँ बास बस्छन् ? भनी सोध्दा केटोले "फलाना कुह्मालेको शालामा" भनी बतायो ।

तपस्वी त्यहाँ गई "यदि तिमीलाई कुनै बोझ हुँदैन भने एक रात तिम्रो शालामा बास बस्छु" भनी उनले भने ।

"भन्ते ! रातमा मेरो शालामा कुनै काम छैन । चाहनु हुन्छ भने बस्नुहोस्" भनी कुह्मालेले भने । अनि तपस्वी त्यहाँ गई बसे । बसिसकेपछि अर्का नारद भन्ने तपस्वी आई कुह्मालेसँग उनको शालामा एक रात बास बस्न मागेपछि कुह्मालेले "पहिले बसेका तपस्वीलाई कुनै आपत्ति छैन भने बस्नुहोस्" भनी भने । नारद त्यहाँ गई देवलसँग सोधी दुवै जना त्यहाँ बसे । सुत्न जाँदा नारदले देवल सुत्ने ठाउँ

Downloaded from http://dhamma.digital

राम्ररी हेरी सुते। देवल चाँहि आफू अघि सुत्न लागेको ठाउँमा नसुती निस्केर दैलो अगाडि तेर्सो परी सुते । रातमा नारद बाहिर जाँदा देवलको जटा कुल्चियो ।

"मेरो जटा कुल्चने को हो ?"

"आचार्य ! म हुँ" भनी नारदले भने ।

"दुष्ट जटिल, जंगलबाट आएर मेरो जटा कुल्चिन्छस्" भनी देवलले भने ।

"आचार्य ! तपाइँ यहाँ सुत्नु भएको थाहा पाइन । मलाई क्षमा गर्नु होस्" भन्दै बाहिर निस्के ।

"फर्केर आउँदा फेरि यसले मेरो जटा कुल्चन सक्छ" भनी पहिले राखेको सिरानतिर गोडा पारी सुते । भित्र आइरहेका नारदले सोचे "अघि मैले आचार्यमाथि अपराध गरें अब गोडापट्टिबाट जानु पर्‍यो" भनी गोडातिरबाट जाँदा फेरि गर्धनमा कुल्चे ।

"यो को हो ?" भन्दा "म हुँ आचार्य !" भनी नारदले भने ।

"दुष्ट जटिल, पहिले मेरो जटामा कुल्चिस् फेरि अहिले मेरो गर्धनमा । अब म तँलाइ सरापनेछु" भनी देवलले भने ।

"आचार्य ! मेरो दोष छैन । तपाइँ यसरी सुत्नु भएको कुरा मलाई थाहा थिइन । अघि आचार्यमाथि अपराध गरें भन्ठानी अहिले गोडातिरबाट जानपर्‍यो भनी म आएको हुँ; क्षमा गर्नु होस्" भनी भने ।

परन्तु देवलले "दुष्ट जटिल, सराप नदिई छोड्दिन" भने ।

"आचार्य ! यसो नगर्नु होस्" भनी भन्दा पनि उनले "भोलि सूर्योदय हुँदा तेरो शीर सात टुक्रा होस्" भनी सराप दिए ।

Downloaded from http://dhamma.digital

"आचार्य ! मेरो दोष छैन भन्दा पनि तपाईंले सराप्नुभयो; असको दोष हो उसैको शीर टुक्रियोस्" भनी नारदले पनि सरापे। यी नारद तपस्वी महाप्रतापी थिए। अतीतको चालीस र अनागतको चालीस गरी जम्मा असी कल्पका कुराहरू संस्मरण गर्न सक्थे। त्यसैले "यो सराप कसमाथि पर्नेछ" भनी ध्यानदृष्टिद्वारा हेर्दा आफूमाथि नपर्ने कुरा बुझी देवलमाथि अनुकम्पा राखी नारदले आफ्नो ऋद्धिबलद्वारा सूर्योदय समेत रोकिदिए। सूर्योदय नभएपछि नागरिकहरू राजदरबारमा गई "महाराज ! सूर्योदय भएन। सूर्योदय गराइ दिनुहोस्" भनी बिन्ति गर्न थाले। अनि राजाले आफ्नो कार्य-कलापमा कुनै त्रुटी नदेखी "के कारणले यसो भयोहोला" भनी विचार गर्दा "सायद कुनै तपस्वीहरूको झगडाले त होइन" भन्ने लागेपछि "नगरमा कुनै नयाँ तपस्वीहरू आएका छन् के ?" भनी सोधेपछि "कुम्हालेको शालामा आएका छन्" भन्ने कुरा सुनी तुरुन्तै चिराग लिन लगाई त्यहाँ गएका राजाले नारदलाई वन्दना गरी "हे नारद ! सूर्य उदय नभएकाले जम्बुद्विपमा सारा कामकाजहरू ठप्प भएका छन्। के कारणले सूर्य उदय नभएको होला ? भन्नुहोस्" भनी निवेदन गरे।

नारद तपस्वीले सबै कुरा बताए। अनि यो पनि बताए कि आचार्यको शीरमा सराप लाग्ने देखेर मैले सूर्य उदय हुन नदिएको हुँ।

"भन्ते ! त्यसोभए सो सराप मोचन गराउने कुनै उपाय छैन के ?" भनी सोध्दा नारदले "महाराज ! यदि मसँग क्षमा मागेको खण्डमा मोचन हुनेछ" भनी भने।

अनि महाराजले देवललाई नारदसँग क्षमा माग्न अनुरोध गरे।

"महाराज ! यसले मेरो जटामा र गर्धनमा पनि कुल्चेकोथियो। म योसँग क्षमा माग्दिन।"

Downloaded from http://dhamma.digital

"भन्ते ! यसो नभन्नुहोस्, क्षमा माग्नुहोस् ।"

"महाराज ! म क्षमा माग्दिन ।"

"तपाईंको शीर सात टुक्रा हुनेछ । क्षमा माग्नुहोस्" भनी बार बार भन्दा पनि उनले क्षमा मागेनन् । अनि राजाले "यदि आफ्नो खुशीले क्षमा माग्दैनौ भने" भन्दै उसका हातगोडाहरू समात्न लगाई नारदको गोडामा ढोग्न लगाए। नारदले "आचार्य ! उठ्नुहोस्, म क्षमा गर्नेछु" भन्दै राजासँग वो पनि भने कि– यिनले आफ्नो खुशीले क्षमा मागेनन् । अतः अमुक पोखरीमा यिनलाई गर्धनसम्म पानीमा डुबाई यिनको शरीरमा माटोको डल्लो राखिदिनुहोस् । राजाले त्यस्तै गराए । अनि नारदले देवललाई बोलाई "आचार्य ! मैले ऋद्धिबल हटाएपछि सूर्य देखिनेछ । सूर्य देखिने बित्तिकै तपाईं पानीमा डुबी अर्कै ठाउँबाट उत्रनुहोस्" भनी भने । सूर्यको किरण लाग्नासाथ माटोको डल्लो फुट्यो । उनी पानीमा डुबी अर्कैतिरबाट निस्की भागेर गए ।"

शास्ताले यो धर्मदेशना सुनाउनु भई "भिक्षुहो ! त्यसबखत राजा हुने आनन्द, देवल हुने तिश्य र नारद चाहिं म नै थिएँ । यसरी त्यसबखत पनि यी दुर्वाची दुर्विनीत नै थिए" भनी भन्नुभयो । त्यसपछि तिश्यलाई सम्बोधन गर्दै "तिश्य ! फलानाले मलाई गालि-दियो, फलानाले कुट्यो, फलानाले जित्यो र फलानाले मेरो बस्तु हरणगर्‍यो भनी बार बार मनमा राख्ने भिक्षुको वैरभाव (=रिस) शान्त हुँदैन; यस्तो मनमा नराखनेको मन शान्त हुन्छ" भनी भन्नुभई निम्न गाथा भन्नुभयो—

३. "अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।
ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥

Downloaded from http://dhamma.digital

४. "अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।
ये तं न उपनय्हन्ति, वेरं तेसूपसम्मति ॥"

अर्थ–

३. "जसको मनले बारम्बार मलाई गालि गऱ्यो, मलाई कुट्यो, मलाई हरायो औ मेरो हरण गऱ्यो भनी विचार गर्छ उसको मनमा रहेको वैरभाव (=रिस) कहिल्यै शान्त हुन्न ।

४. "मलाई गालि गऱ्यो, मलाई कुट्यो, मलाई हरायो औ मेरो हरण गऱ्यो भनी जसले बारम्बार विचार गर्दैन उसको मनमा रहेको वैरभाव (=रिस) शान्त हुन्छ ।"

Downloaded from http://dhamma.digital

# बाँझी स्त्री–४

## ('न हि वेरेन वेरानि' भन्ने गाथाको कथा)

"न हि वेरेन वेरानि..." भन्ने यो गाथा जेतवनमा बस्नु भएका भगवान् बुद्धले कुनै बाँझी स्त्रीको कारणमा बताउनु भएको हो ।

एक कुलपुत्रले आफ्नो पिताको देहान्तपछि घरको काम र खेतको काम आफैंले हेरचाह गरी आमाको सेवाटहल पनि गरिरहेको थियो। पछि आमाचाहिंले "तिमीलाई एउटी केटी ल्याइदिनेछु" भनी भन्दा उसले "भो चाहिन्न, म यस्तैगरी आमाको सेवागरी बस्नेछु' भनी भन्यो । तर आमा चाहिंले पछि उसलाई एउटी केटी ल्याइदिई । उ बाँझी भई । 'निस्सन्तानको घर बिग्रिन्छ । अर्की केटी ल्याउनु पर्छ" भनी आमा र छोराको बीचमा कुरा भइरहेको बुहारीले सुनी । अनि उसले सोची कि म बाँझी छु, कस्ती सौतेनी पर्ने हो भन्न सकिन्न । बरू आफैले खोजी भने जस्तो मान्ने सौतेनी ल्याउनु पर्‍यो भनी एउटी सौतेनी ल्याई । पछि उसले सोची कि यदि यसले छोरा वा छोरी पाई भने उही नै घरकी मालिकनी बन्ने छे । जस्तो गर्दा यसले बालक नपाउने हो त्यस्तो गर्नुपर्‍यो । यति सोची उसले सौतेनीलाई भनी "जब तिमी गर्भिणी हुने छयौ तब मलाई भन ।" पछि गर्भवती हुँदा उसले जेठीलाई भनी । उसले उसको गर्भपतन हुने औषधी खुवाई त्यसबाट गर्भपतन भयो । दोस्रो पटक पनि यस्तै गरी । एकदिन छिमेकीहरूसँग कुराकानी हुँदा उसले गर्भपतन भएको कुरा सुनाई । अनि उनीहरूले भने "तिम्री जेठीको काम

Downloaded from http://dhamma.digital

हुन सक्छ । तिमीले सन्तान जन्मायौ भने तिमी घरकी मालिकनी हुनेछचौ भनी उसले यस्तो गराएकी हो । किन उसलाई भनेको ?" भनी भनेपछि तेश्रोपटक गर्भिणी हुँदा उसले जेठीलाई भनिन । पछि उसको पेट देखेर जेठीले "किन मलाई नभनेको ?" भनी भन्दा "तिमीले मलाई ल्याई दुइपटकसम्म मेरो गर्भपात गराइसक्यौं । अब तिमीलाई किन भन्ने" भनी भनेपछि "अब भने मेरो सत्यानाश भयो" भन्दै जेठी चाहिंले मौका छोपी गर्भ परिपक्व हुने बेलामा फेरि पनि औषधी ख्वाई दिई । गर्भ परिपक्व भएको हुँदा पतन हुन सकेन र तेर्सो परेर बालक रह्यो । यसबाट उसलाई बहुतै वेदना भयो । जीवन मरणको आशंका भयो । अनि उसले सौतिनीलाई भनी "तिमीले नै मलाई ल्यायौ । दुइ दुइपटकसम्म मेरा बालकहरू विनाश पारिसक्यौ, अब यो तेश्रो बालक पनि विनाश पारिदियौं । अब म पनि मर्नेछु । "यहाँबाट मरेपछि यक्षिणी भई तिम्रो बालक पनि खानसकूँ" भनी प्रार्थनागरी मरेर त्यसै घरमा बिरालो भएर जन्मी । लोग्नेले "मेरो कुल विनाश पार्ने" भन्दै उसलाई बेसरी कुट्यो । उ सोही कुटाइको कारणले मरेर सोही घरमै कुखुरा भएर जन्मी र पछि फुल पनि पारी । बिरालो आएर फुल खाईदियो । दोश्रो तेश्रो पटक पनि खाइदियो । कुखुराले "तिमीले मैले पारेका फुलहरू जम्मै खाइदियौ । अब मलाई पनि खानेछौ । "यहाँबाट मरेर बच्चा सहित तिमीलाई पनि खान सकूँ" भनी प्रार्थना गरी र मरेपछि चितुवी भएर जन्मी । अर्की चाहिं मृगिणी भएर जन्मी । मृगिणीले बच्चा पाउँदा उ आएर तीनपटकसम्म बच्चाहरू खाइदिई । मृगिणी मर्ने बेलामा "यसले तीनपटकसम्म मेरा बच्चाहरू खाइदिई अब मलाई पनि खानेछ ! यहाँबाट च्युतभई यसलाई पुत्र सहित खानपाऊँ" भनी प्रार्थना गरी यक्षिणी भएर जन्मी । चितुवी चाहिं भने त्यस जुनिबाट च्युतभई श्रावस्तिमा एक कुलपुत्री भई जन्मी ।

ठुली भएपछि द्वारगाउँमा बस्नेसँग गई ? पछि उसले पुत्र

Downloaded from http://dhamma.digital

जन्माई। यक्षिणी उसकी साथीको भेष लिएर आई "मेरो साथी कहाँ छे ?" भनी सोध्दा "भित्र सुत्केरी हुन लागेकी छे" भनी भनेपछि "के जन्माउदै छे हेर्नुपर्‍यो" भन्दै भित्र कोठामा गई बालकलाई लिएर खाइदिई। अर्को पटक पनि त्यस्तै गरी। तेश्रोपटक चाहिं गर्भ परिपक्व भएपछि आफ्नो पतिलाई भनी "स्वामी ! यहाँ एक यक्षिणी आई मेरा दुइ बालकहरू खाएर गइसकी। अब म माइती घरमा गई बालक जन्माउने छु।" यति भनी गएर बालक जन्माई। त्यस समय सो यक्षिणीलाई वैश्रवण राजाकहाँ पानी बसार्ने पालो परेको हुँदा त्यहाँ गएकी थिई। पालो सिद्धिएपछि सो आई सोध्दा "यहाँ जन्मेका बालक-हरू एक यक्षिणी आई खाइदिने भएकीले यस पटक उ सुत्केरी हुनको निमित्त माइती घरमा गई" भनेपछि "तिमी जहाँ जाऊ मेरो हातबाट बन्न पाउने छैनौ" भन्दै दगुर्दै श्रावस्ती नगरतिर लागी।

उ पनि, बालकको छैटी सिद्धिएपछि "अब घर फर्कनु पर्‍यो" भनी बालक लिई पतिको साथ जेतवनविहारको बाटो भई जाँदा विहारको पोखरीमा पुगेपछि नुहाउनको निमित्त बालकलाई पतिको हात-मा दिई। आफूले नुहाइसकेपछि पछि पति नुहाउञ्जेलसम्म बालकलाई दूध ख्वाई पोखरीको छेउमा बसिरही। यत्तिकैमा टाढैदेखि सो यक्षिणी दगुर्दै आइरहेको उसले देखी र "भो स्वामी ! चाँडै आउनुहोस् ! चाँडै आउनुहोस् ! सो यक्षिणी आउँदैछे" भनी चिच्याएर कराउन थाली। लोग्ने आउञ्जेलसम्म पनि बस्न नसकी उ बालक लिएर दौडेर जेतवनविहार भित्र पसी। त्यस बखत बुद्ध भगवान् परिषद्को बीचमा बसी धर्मोपदेश गर्दै हुनुहुन्थ्यो। उसले "यो बालक तपाईंलाई चढाएँ। यो मेरो पुत्रको ज्यान बचाइ दिनुहोस्" भनी आर्तनाद गर्दै बुद्धको चरणमा बालक राखी। उता यक्षिणी पनि उसको पछि पछि लागेर विहारभित्र पस्न खोज्दा विहारको द्वारमा बस्ने देवताले उसलाई भित्र पस्न दिएनन्।

Downloaded from http://dhamma.digital

शास्ताले आयुष्मान् आनन्दलाई "आनन्द ! जाऊ, सो यक्षिणीलाई बोलाएर ल्याऊ" भनी भन्नु भयो। स्थविरले बोलाएर ल्याउनुभयो। बालककी आमा चाहिं "भन्ते ! सो यक्षिणी आउँदैछे" भनी डराएर कराउन थाली। शास्ताले "आउन देऊ, हल्ला नगर" भनी भन्नुभयो। अनि ऊ आएर उभिरहेपछि "किन त्यसो गर्दछ्यौ ? यदि तिमीहरूले म जस्ता बुद्धलाई नभेटेको भए तिमीहरूको वैरभाव कौवा र लाटोकोसेरा जस्तै कल्पकल्पान्तसम्म रहने थियो। किन वैरप्रति वैर गरिरहेको ? वैरभावले वैरभाव कहिल्यै शान्त हुन सक्दैन। अवैरभाव तथा मित्रताले मात्र वैरभाव शान्त हुन सक्छ" भनी निम्न गाथा बताउनु भयो—

५. "न हि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं।
अवेरेन च सम्मन्ती, एस धम्मो सनन्तनो॥"

अर्थ–

५. "वैरभावले वैरभाव शान्त हुन सक्दैन, मैत्रीभावले मात्र वैरभाव शान्त हुन सक्छ। यही सनातनदेखि चलिआएको धर्म हो।"

---

Downloaded from http://dhamma.digital

# कौशम्बिक भिक्षुहरू–५

## ('परे च न विजानन्ति' भन्ने गाथाको कथा)

"परे च न विजानन्ति. . . ." भन्ने यो गाथा जेतवनमा बस्नु भएका बुद्धले कौशम्बिक भिक्षुहरूको कारणमा भन्नु भएको हो।

कौशम्बिको घोषितारामममा पाँचशय परिवारहरू हुने दुइ भिक्षुहरू थिए। विनयधर (=भिक्षुहरूको रूल नियम जान्ने) र धर्मकथिक (=धर्म उपदेश गर्ने)।

एक दिन धर्मकथिक भिक्षु दिसा गर्न जाँदा लोटामा बाँकी रहेको पानी त्यही राखेर निस्के[1]। त्यसपछि सोही चर्पीमा विनयधर भिक्षु दिसा गर्न जाँदा लोटामा बाँकी पानी देखेर बाहिर आई उनीसँग सोधे "आवुसो ! तिमीले लोटामा पानी बाँकी राखेर आयौ के ?"

"आवुसो ! हो।"

"के यसमा दोष छ भन्ने थाहा छैन ?"

"अँ थाहा छैन।"

"आवुसो ! यसमा दोष (=आपत्ति) हुन्छ।"

"त्यसोभए प्रतिकार गर्नेछु।"

"आवुसो ! यदि तिमीले नजानेर गरेको वा बेहोसी भई यस्तो गरेको हो भने दोष छैन।"

---

१. भिक्षुहरूको नियम अनुसार दिसा गरिसकेपछि लौटा घोप्ट्याई राख्नु पर्छ।

Downloaded from http://dhamma.digital

अनि उसलाई यस प्रकारको दोषबारे आफू निर्दोष भएको विश्वास भयो ।

विनयधरले चाहिँ आफूकहाँ बस्ने भिक्षुहरूलाई "यी धर्मकथिक भिक्षुलाई दोष र निर्दोष भन्ने कुरा पनि थाहा रहेनछ" भनी भने। उनीहरूले धर्मकथिक भिक्षुकहाँ बस्ने भिक्षुहरूलाई "तिमीहरूका उपाध्याय दोषलाई पनि दोष भन्ने जान्दैनन्" भनी भने। अनि आफ्ना उपाध्यायकहाँ गएर उनीहरूले यो कुरा सुनाए । उनले यस्तो भने "यी विनयधर भिक्षुले अघि भने दोष छैन भने अहिले चाहिँ फेरि दोष छ भन्दछन् । यी मृषावादी हुन् ।"

उनीहरू गएर विनयधर भिक्षुकहाँ बस्ने भिक्षुहरूलाई "तिमीहरूका उपाध्याय मृषावादी रहेछन्" भने। यसो गर्दा गर्दै उनीहरूको आपसमा झगडा बढ्यो । अनि एकदिन मौका छोपी विनयधर भिक्षुले धर्मकथिकलाई 'दोषलाई दोष' भनी जान्न नसकेकोमा उत्क्षेपणीयकर्म[1] (उक्खेपनियकम्म) गरे। त्यहाँदेखि उनीहरूको अनुगमन गर्ने अथवा हेरचाह गर्ने दाताहरू पनि दुइथरी भए। भनिन्छ कि यो झगडाको कारणले ब्रह्मलोकसम्मका सबै पृथग्जनहरू[2] पनि दुइथरी भए ।

अनि एक भिक्षु तथागतकहाँ गई उत्क्षेप गर्ने (=निष्कासन गर्ने) भिक्षुहरूको 'यो काम नियमानुसार छ' भन्ने धारणाको कुरा,

---

१. आजकलको भाषामा भन्ने हो भने संघसदस्यताबाट निष्कासन गर्ने अथवा निलम्बन गर्ने काम हो ।

२. बौद्धसाहित्यले स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहत् हुनेहरूलाई 'आर्य' र बाँकी अरू सबैलाई 'पृथग्जन' भनी उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital

उत्क्षेपित (=निष्कासित) भिक्षुहरूको 'यो काम नियमानुसार भएको छैन' भन्ने धारणाको कुरा र निष्कासित भिक्षु परिवार सहित विचरण गरिरहेको कुरा पनि सुनाए। अनि भगवान्ले "भिक्षुहरू मिलजुल भएर बसुन्" भन्ने सन्देश दुइपटकसम्म पठाउनु भयो। "ती भिक्षुहरू मिलेर बसेका छैनन्" भन्ने खबर सुनेपछि तेस्रोपटक "भिक्षुसङ्घमा फूट भयो, भिक्षुसङ्घमा फूट भयो" भन्नुहुँदै उनीहरूकहाँ जानुभई निष्कासन गर्नेहरूले निष्कासन गर्नमा र दोषलाई दोष भनी जान्न नसक्नाको दुष्परिणामको कुरा बताउनु भई फेरि उनीहरूलाई एउटै ठाउँमा 'उपोसथ'² गर्ने अनुमति दिनु भयो। फेरि पनि "झगडा नै गरेरै ती भिक्षुहरू बसेका छन्" भन्ने कुरा सुनी फेरि पनि त्यहाँ जानुभई "भिक्षुहो ! भइहाल्यो, झगडा नगर, झगडा गर्नु ठीक छैन" भनी अनेक कुराहरू सुनाउनु भयो। यसरी अववाद (=अतिबुद्धि) दिंदा पनि उनीहरूका बीच मेलमिलाप गराउन सक्नु भएन। अनि भगवान्ले "यी भिक्षुहरू मेरो कुरा मान्दैनन्। अतः किन म एकान्तमा नबसूँ" भनी सोच्नु भई कुनै भिक्षुलाई केही नभनी कौशम्बीमा भिक्षाटन गरी पारिलेय्यक वनमा एक्लै जानुभयो। अनि त्यहाँ पारिलेय्यक भन्ने हात्तीको रेखदेखमा वर्षावास तीन महीना सुविस्तासाथ बिताउनु भयो।

विहारमा जाँदा कौशम्बी वासी उपासकहरूले भगवान्लाई नदेखी "भगवान्कहाँ जानु भयो ?" भनी सोधे।

---

१. संङ्घबाट निष्कासित भिक्षु कुनै पनि सङ्घसँग बस्न नहुने तथा कसैसाथ लाग्न नहुने नियम छ।

२. उपसम्पन्न भिक्षुहरू भेलाभई प्रत्येक १५ दिनको एक पटक विशेष ठाउँमा बसी भिक्षुनियम (=प्रातिमोक्ष)को आवृत्ति गर्ने कार्यलाई 'उपोसथ' भनिएको हो।

Downloaded from http://dhamma.digital

"पारिलेय्यक वनखण्डमा जानु भयो"

"किन त्यहाँ जानु भयो त ?"

"हामीलाई मेलमिलाप गराउन खोज्नु भएको थियो तर हामीले मानेनौं।"

"के त वहाँसँगै प्रव्रजित भएका तपाईंहरूलाई वहाँलेनै मिलाउन खोज्दा पनि नमिल्नु भएको त ?"

"हो।"

"यिनीहरूले गर्दा हामीले तथागतको दर्शन गर्न पाएनौं। अब यिनीहरूलाई न भोजन दिनेछौं, न अभिवादन गर्नेछौं" भने। त्यहाँदेखि मानिसहरूले उनीहरूलाई आदरसम्म पनि गरेनन्। अल्पाहारताको कारणले गर्दा उनीहरू निक्कै दुर्वल र दुब्ला पनि भए। त्यसपछि परस्पर क्षमा याचना गरी मेलमिलाप भयो। अनि उनीहरूले उपासकहरूलाई "उपासकहो ! अब हामी समग्री (=मेलमिलाप) भयौं। तिमीहरू पनि अघि जस्तै होऊ" भनी भने।

"शास्तासँग क्षमा माग्नु भयो त ?"

"मागेको छैन।"

"भन्ते ! त्यसोभए शास्तासँग क्षमा मागिसकेपछि हामी पनि अघि कै जस्तै हुनेछौं।"

वर्षावास भएको हुनाले यस बीच भगवान्कहाँ जान सकेनन् र बडो कष्टपूर्वक उनीहरूले वर्षावास बिताए।

श्रावस्ती नगरबाट अनाथपिण्डिक सेठ र विशाखा उपासिका जस्ता प्रतिष्ठित कुलका मानिसहरूले आनन्द स्थविरलाई

Downloaded from http://dhamma.digital

"भगवान्को दर्शन गर्न पाऊँ" भनी पत्र पठाए । वर्षावास सिद्धिएपछि आनन्द स्थविरकहाँ आई दिशा विदिशा वस्ने भिक्षुहरूले पनि "भगवान्को श्रीमुखबाट धर्मोपदेश सुन्न नपाएको धेरै दिन भइसक्यो । कृपया हामीले भगवान्बाट धर्मोपदेश सुन्न पाऔं" भनी निबेदन गरे । अनि उनीहरूलाई साथमा लिई आनन्द स्थविर पारिलेय्यक वन-खण्डमा जानु भयो । "तीन महीनासम्म एक्लै एकान्तमा बस्नु भएका भगवान्का समक्ष एकै पटक यतिका भिक्षुहरू साथमा लिएर जानु उचित हुने छैन ।" भन्ने विचारगरी ती भिक्षुहरूलाई वनबाहिर राखी आफू एक्लै भगवान्कहाँ जानु भयो र वन्दनागरी एक छेउमा बस्नु भयो । अनि भगवान्ले "के तिमी एक्लै आएको ?" भनी सोध्नु भएपछि वहाँले "होइन, पाँचशय भिक्षुहरूका साथ आएको हुँ" भनी भन्नु भएपछि भगवान्ले "उनीहरू कहाँ छन् त ?" भनी सोध्दा "तपाइँको विचार जान्न नसकेको हुँदा उनीहरूलाई वनबाहिर राखेर आएको छु" भनी भन्नु हुँदा "त्यसो भए उनीहरूलाई बोलाऊ" भनी भन्नु भएपछि आनन्द स्थविरले उनीहरूलाई बोलाई ल्याउनु भयो । भगवान्ले तिनीहरूसँग कुशलक्षेम कुराकानी गर्नु भयो । तिनीहरूले "स्याहार सम्भार विनानै जंगलमा एक्लै बस्दा बडो कष्ट पाउनु भयो होला" भनी भगवान्सँग सोध्दा "पारिलेय्यक हात्ती जस्ता साथी पाएमा साथमा बस्नु योग्य छ, यदि त्यस्तो साथी नपाएमा एक्लै बस्नु नै बेश हुनेछ" भन्नु हुँदै भगवान्ले यी गाथाहरू भन्नु भयो—

१. "सचे लभेथ निपकं सहायं,
सद्धिंचरं साधुविहारि धीरं ।
अभिभुय्य सब्बानि परिस्सयानि,
चरेय्य तेनत्तमनो सतीमा ।।

Downloaded from http://dhamma.digital

२. "नो चे लभेथ निपकं सहायं,
सद्धिचरं साधुविहारि धीरं ।
राजाव रट्ठं विजितं पहाय,
एको चरे मातङ्गरञ्ञेव सतीमा ॥

३. "एकस्स चरितं सेय्यो,
नत्थि बाले सहायता ।
एको चरे न च पापानि कयिरा,
अप्पोसुक्को मातङ्गरञ्ञेव नागो'ति[१] ॥"

अर्थ–

१–"यदि बुद्धिमान् साथी पाएको खण्डमा सबै विघ्नबाधा हटाई स्मृतिमान् तथा प्रसन्न भई त्यस्तासँग बस्नु बेश हुनेछ ।

२–"यदि बुद्धिमान् साथी नपाएमा पराजित देशलाई राजाले छाडे झैं अथवा मातङ्ग हात्ती बसे झैं एक्लै बस्नु बेश हुनेछ ।

३–"मूर्खसँग बस्नु भन्दा पाप नगरी अल्पोत्सुकी भई मातङ्ग हात्ती बसे झैं एक्लै बस्नु बेश हुनेछ ।"

गाथाको अवशानमा ती पाँचशय भिक्षुहरूले अरहत्व प्राप्त गरे ।

आनन्द स्थविरले अनाथपिण्डिक आदिले पठाएको पत्रको बारेका कुरा सुनाउनु भएपछि भगवान्ले "त्यसो भए पात्र चीवर लेऊ"

१. यो गाथा सुत्त. नि. पा. पृ. २७६ खग्गविसानसुत्तमा पनि छ ।

Downloaded from http://dhamma.digital

भनी लिन लगाई क्रमशः शास्ता श्रावस्तीको जेतवनविहारमा जानुभयो। "भगवान् श्रावस्ती जानुभयो" भन्ने खबर कौशम्बिक भिक्षुहरूले सुनी क्षमा माग्नको निमित्त श्रावस्ती गए।

"ती झगडालु भिक्षुहरू आउँदैछन्" भन्ने कुरा कोशल राजाले सुनेपछि भगवान्कहाँ गई "भन्ते! ती झगडालु भिक्षुहरूलाई म मेरो राज्यमा आउन दिने छैन" भनी भन्दा भगवान्ले "महाराज! ती भिक्षुहरू शीलवान् हुन्। केवल परस्परको विवादको कारणले गर्दा मेरो वचन नमानेका हुन्। अब मसँग क्षमा माग्न आइरहेका छन्। महाराज! आउन दिनु होस्" भनी भन्नु भयो। अनाथपिण्डिकले पनि "भन्ते! म उनीहरूलाई मेरो विहारमा पस्न दिने छैन" भनी भन्दा भगवान्ले उपरोक्ताकारले नै सम्झाउनु भयो। उनीहरू आएपछि अरू भिक्षुहरू उनीहरूसँग नबस्ने हुनाले भगवान्ले उनीहरूलाई बस्नको निमित्त एक अलग स्थान तयार पार्न लगाउनुभयो। आए आएका भिक्षुहरूले "भन्ते! ती झगडालु कौशम्बिक भिक्षुहरू कहाँ छन्?" भनी सोध्दा भगवान्ले "यी हुन्" भन्दै देखाइदिनुभयो। आए आएकाले "ती झगडालु कौशम्बिक भिक्षुहरू यी हुन्" भनी औंला देखाई देखाई जान थाले। यसबाट उनीहरू लज्जित भई टाउको ठाडो पार्न नसकी भगवान्कहाँ गई चरणमा ढोगी क्षमा मागे। भगवान्ले "भिक्षु हो! तिमीहरूले बडो भारी काम गर्‍यौ। मसँग प्रव्रजित भएका तिमीहरू मैले मिलाउँदा पनि मिलेनौ। मेरो कुरा सुनेनौ। पुराना पण्डितहरूले चाहिं आमा बाबुको आज्ञा पालनगरी दुइटै राज्यमा राज्य गरे" भन्नु भई कोसम्बक जातकको[1] कुरा सुनाउनु भई यो गाथा भन्नु भयो—

---

१. जा. पा. I. पृ. १८०; जा. अ. क. IV. पृ. ४. नं. ४२८।

Downloaded from http://dhamma.digital

६. "परे च न विजानन्ति, मयमेत्थ यमामसे।
ये च तत्थ विजानन्ति, ततो सम्मन्ति मेधगा ॥"

अर्थ–

६–मूर्खले मात्र "एक दिन अवश्य मर्नुपर्छ भन्ने कुरा विचार गर्दैन। 'हामी मर्नेछौं' भन्ने कुरा सम्झने बित्तिकै कलह शान्त हुन्छ।"

Downloaded from http://dhamma.digital

# चूलकाल महाकाल भिक्षुहरू–६

## ('सुभानुपस्सिं विहरन्तं' भन्ने गाथाको कथा)

"सुभानुपस्सिं विहरन्तं. . . ." भन्ने यो गाथा सेतब्य नगरको आश्रय लिई सिंसपावनमा बसिरहनु भएका बुद्धले चूलकाल र महाकाल भिक्षुहरूको कारणमा बताउनु भएको हो।

सेतब्यवासी चूलकाल, मज्झिमकाल तथा महाकाल भन्ने तीन दाजुभाइहरू थिए। यी मध्ये जेठो र कान्छो दुइजना मालसामानको निमित्त यताउता गई जम्मागरी गाडामा राखी ल्याउँथे। ती सामानहरू दोश्रो भाई चाहिंले घरमा बसी बिक्री गर्थ्यो।

एकदिन पाँचशय गाडा भरी मालसामानहरू लिई ती दुइ भाइ श्रावस्ती गए। त्यहाँ पुगेपछि श्रावस्ती नगर र जेतवनविहारको बीचमा गाडाहरू रोकी गोरुहरू छाडी बास बसे। अनि श्रावस्तीवासी मानिसहरू हातमा फूलमाला इत्यादि लिई संध्या समयमा जेतवनतिर गइरहेको देखेर "यिनीहरू कहाँ गएका हुन् ?" भनी सोध्दा "जेतवन विहारमा" भन्ने कुरा सुनी महाकाल पनि गए र परिषद्को एक छेउमा बसे। भगवान्‌ले उनलाई देखेर उनलाई अनुकूल हुने गरी आनुपूर्वीकथा आदिको धर्मोपदेश गरी दुक्खक्खन्ध सूत्रानुसार[1] पञ्चकाम विषयको दुष्परिणाम देखाई अनेक प्रकारले पञ्चकाम विषय-

१. म. नि. I. पृ. ११७।

Downloaded from http://dhamma.digital

हरूको दुष्परिणाम र संक्लेश आदिको विषयमा उपदेश दिनु भयो । यो सुनेर महाकालले "सबै छाडेर जानपर्ने रहेछ । परलोक जाने बेलामा छोराछोरी, भार्या र नातकुटुम्बहरू कोही पनि साथमा आउने होइनन्, घरमा बसेर के गर्ने, प्रव्रजित हुनु पर्‍यो" भन्ने ठानी सभाषद्‌का मानिसहरू फर्किसके पछि भगवान्‌को छेउमा गई प्रव्रज्या मागे ।

"तिमीले सोध्नुपर्ने कोही छैन के ?" भनी भन्नु हुँदा "मेरो कान्छो भाइ छ" भनी भनेपछि भगवान्‌ले "त्यसो भए उसँग सोधेर आऊ" भनी भन्नुभयो । "हवस्" भनी गई कान्छो भाइलाई बोलाई उनले "भाइ ! यी सबै सम्पत्तिहरू जिम्मा लेऊ" भनी भने ।

"तपाइँ के गर्नु हुन्छ नि ?"

"म भगवान्‌कहाँ प्रव्रजित हुनेछु ।"

यो सुनेर भाइ चाहिँले अनेक कुरा सुनाई "रोक्न खोज्यो तर सकेन । अनि उसले "जस्तो चाहनुहुन्छ गर्नु होस्" भनी भन्यो । उनी गएर भगवान्‌कहाँ प्रव्रजित भए। त्यसपछि "दाइलाई चीवर छोडएर घर फर्काउने छु" भन्ने विचार गरी कान्छो भाइ चाहिँ पनि प्रव्रजित भयो । पछि महाकाल उपसम्पन्न भएर शास्ताकहाँ गई "बुद्धशासनमा कति धुरहरू छन् ?" भनी सोध्दा शास्ताले दुइवटा धुरहरूका कुरा बताउनु भएपछि "भन्ते ! म बृद्ध अवस्थामा प्रव्रजित भएको हुँदा ग्रन्थधुरको काम पूरा गर्न समर्थ छैन । विपश्यनाधुर चाहिं पूरागर्ने छु" भनी अरहत् सम्मका ध्यानका कुरा बताउन लगाई स्मशानिक धुताङ्ग[१] समादान गरी रातको प्रथम याम बिती सबै सुतिसकेपछि, मसानमा गई बिहान सबेरै कोही नउठ्दै विहारमा आउने गर्न थाले ।

---

१. धुताङ्ग भनेको के हो भन्ने बारेमा लेखकको बु.प. भा–१. पृ. १२३ को पादटिप्पणीमा हेर्नू ।

Downloaded from http://dhamma.digital

मसानमा दाह कर्म गर्ने काली भन्ने स्त्रीले स्थविर बस्ने ठाउँ देखेर 'यहाँ को बस्न आउँदो रहेछ" भनी खोज तलास गर्दा स्थविर बस्न आउने कुरो थाहापाई "भन्ते ! मसानमा बसी ध्यान भावना गर्नेले आफू मसानमा बस्ने कुरो मसानमा पालो बस्नेलाई, विहारका महास्थविरलाई तथा गाउँको द्वारेलाई सूचित गरी राख्नुपर्छ" भनी भनी ।

"के कारणले ?" भनी सोध्दा उ भन्छे- 'चोरलाई लखेटी ल्याउँदा चोरले चोरेर ल्याएका वस्तुहरू मसानमा छाडेर भाग्छन् । अनि मानिसहरूले मसानमा बस्नेलाई चोर भनी दुःखकष्ट दिन्छन् । उक्त मानिसहरूलाई भनिराखेको खण्डमा 'यी भदन्त यतिका दिनदेखि यहाँ बसिरहेका कुरा हामीलाई थाहा छ । उनी चोर होइनन्' भनी उपद्रव हटाइदिन सक्छन् । त्यसैले यिनीहरूलाई सूचना दिइराख्नु बेश हुन्छ ।"

"अरू के गर्नु पर्छ त ?"

"भन्ते ! मसानमा बस्नेले माछा, मासु, पीठो, तील खान हुन्न, दिनमा निदाउनु हुन्न, अल्छी हुनु हुन्न, वीर्यवान् हुनु पर्छ, कुहक (=ढोंगी), छली नभई शुद्ध कल्याण विचार लिएर बस्नुपर्छ; रातमा सबै सुतेपछि मसानमा आउनुपर्छ र कोही नउठ्दै बिहान सबेरै विहारमा फर्कनु पर्छ । यदि यहाँ कुनै शव दाह गर्न ल्याएको खण्डमा म तपाईंलाई भन्नेछु ।"

एकदिन कुनै रोग नलागी तत्कालै मरेकी सुन्दरीको शव जलाउनको निमित्त कालीलाई जिम्मा दिए । उसले सो शव जलाउनु भन्दा अगाडि स्थविरलाई सूचना दिई । स्थविर आई रूप हेरी काली-लाई 'जलाउने बेलामा मलाई बोलाऊ" भनी फर्केर गए । सो शवलाई

Downloaded from http://dhamma.digital

चितामा राखी आगो लगाइसकेपछि स्थविरकहाँ गई भनी। स्थविर आई हेर्दा हेर्दै त्यतिको राम्रो शरीर आगोले छोए छोएको ठाउँमा सेतो सेतो तथा टाटेपाटे देखिन थाल्यो र हातखुट्टा पनि खुम्चिन थाले। यस्तो दृश्य देखेका स्थविरले "अहो अनित्य ! अहो असार ! अघिमात्रै यो रूप कति सुन्दर थियो। अब सोही रूप यस्तो विरूप भयो" भन्दै मनमा अनित्य भावना लिई आफ्नो स्थानमा आई भावना गर्दा गर्दै प्रतिसम्भिदाज्ञान सहित अरहत्व[1] लाभ गरे।

केही दिनपछि भिक्षुसङ्घ सहित चारिका गर्दै सेतब्यमा गई सिसपावनमा भगवान् बस्नु भयो। चूलकालका दुइटी, मज्झिम कालका चारवटी र महाकालका आठवटी भार्याहरूले शास्ता आइपुग्नु भयो भन्ने खबर सुने। अनि चूलकालका भार्याहरूले "हाम्रा स्वामीलाई घर फर्काउनेको निमित्त भगवान्लाई निम्त्याउनु पर्‍यो" भन्ने सोची मानिस पठाए। कुनै अपरिचित ठाउँमा निम्तो जाँदा आसन आदि बिच्छ्याउने काम सिकाउन कुनै एक भिक्षुलाई अगाडि पठाउने चलन छ। बुद्धको आसन माझमा, सारिपुत्रको दाहिनेतिर र देब्रेतिर मौग्दल्यायनको आसन बिच्छ्याई अरू आसनहरू अरू भिक्षुहरूका निमित्त बिछ्याइन्छन्। त्यसैले घरमा आसनहरू बिच्छ्याउनको निमित्त महाकालले चूलकाललाई अगाडि पठाए। उनलाई देखेर घरका स्त्रीहरूले परिहासको निम्ति साना तथा होचा आसनहरू महास्थविरहरूको निमित्त माथितिर र ठूला तथा बाक्ला आसनहरू तलतिर साना भिक्षुहरूका निमित्त बिच्छ्याए। चूलकालले "यसो होइन ठूला तथा बाक्ला आसनहरू माथितिर महास्थविरहरूको निमित्त साना तथा होचा

---

१. राग, द्वेष, मोह तथा सबै क्लेशहरू निरूद्ध भएकालाई 'अरहत्' भन्दछन्।

Downloaded from http://dhamma.digital

आसनहरू तलतिर साना भिक्षुहरूको निमित्त बिच्छ्याउनु पर्दछ" भन्दा स्त्रीहरूले उनको कुरा नसुने जस्तो गरी "तिमी के गरी हिडिरहेका छौ ? तिम्रो लागि आसन बिच्छ्याइनु पर्दैन ? कोसँग सोधेर तिमी प्रव्रजित भएका ह्वौ ? कसले प्रव्रजित गरायो ? किन यहाँ आएका ह्वौ ?" भनी उनको चीवर खोसी सेतो बस्त्र पहिराई "जाऊ शास्तालाई बोलाएर ल्याऊ हामी आसन मिलाउने छौं" भनी उनलाई पठाए। निःशंकोच पूर्वक गई उनले तथागतलाई बोलाएर ल्याए। भोजनकृत्य सिद्धिएपछि "यिनीहरूले आफ्ना पतिलाई घर फर्काए। हामीले पनि हाम्रा पतिलाई घर फर्काउनु पर्‍यो" भन्ने सोची महाकालका भार्याहरूले तथागतलाई भोलिको निमित्त निम्तो गरे। तथागतले स्वीकार्नु भयो। त्यस दिन आसन बिच्छ्याउनको निमित्त अर्कै भिक्षु गयो। त्यसो हुनाले उनीहरूले मौका पाएनन् र भिक्षुसङ्घ आएपछि भोजन अर्पण गरे। अनि भोजन कृत्य सिद्धिएपछि ती स्त्रीहरूले "भन्ते ! महाकाल भिक्षुबाट भुक्तानुमोदन धर्मदेशना सुन्न चाहन्छौं" भनी भगवान्सँग बिन्ति गरे। "हुन्छ" भनी महाकाललाई छाडी भगवान् भिक्षुहरूकासाथ जानुभयो। बस्ने गाउँतिर पुग्दा भिक्षुहरूले भन्न थाले— "भगवान्ले यो जानेर गर्नु भएको कि नजानेर ! हिजो मात्रै चूलकाललाई उनका स्त्रीहरूले वस्त्र छोडाइदिए। आज महाकाललाई एक्लै छाडी भगवान् आउनु भयो। महाकालका त झन आठ-आठवटी भार्याहरू छन्। विचरा महाकाल भिक्षु बडा शीलवान् तथा गुणवान् छन्। उनको प्रव्रज्याको पनि बिघ्न हुने हो कि क्या हो।" उनीहरूले यसरी भनेको सुनी शास्ताले 'भिक्षुहो ! के भन्दैछौं ?" भनी सोध्नु हुँदा उनीहरूले सो कुरा सुनाएपछि भगवान्ले "के तिमीहरूले चूलकाल जस्तै महाकाललाई ठानेको ?"

"भन्ते ! हो, उनका दुइवटी मात्र भार्याहरू छन्। तर यिनक

Downloaded from http://dhamma.digital

आठवटी भार्याहरू छन् । उनीहरूले घेरेको खण्डमा उनले के गर्न सक्लान् र !"

"भिक्षुहो ! यस्तो नभन । चूलकाल जहिले पनि शुभारम्मण (–अहा ! यी स्त्री कति राम्री आदि भनी मनमा कल्पना गर्ने) बहुल गरी बस्छन् । प्रपातमा रहेको कमजोरी रुख जस्तै हुन् । मेरा पुत्र महाकाल चाँहि अशुभविहारी हुन् । उनी चट्टान जस्तै अचल छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो—

७. "सुभानुपस्सि विहरन्तं, इन्द्रियेसु असंवुतं ।
भोजनम्हि अमत्तञ्ञुं, कुसीतं हीन वीरियं ।
तं वे पसहति मारो, वातो रुक्खंव दुब्बलं ।।

८. "असुभानुपस्सि विहरन्तं, इन्द्रियेसु सुसंवुतं ।
भोजनम्हि च मत्तञ्ञुं, सद्धं आरद्धवीरियं ।
तं वे नप्पसहति मारो, वातो सेलंव पब्बतं ।।"

अर्थ–

७–"इन्द्रिय असंयम गरी राम्रो छ भनी हेर्ने, भोजनको मात्रा नजान्ने र वीर्यहीन हुनेलाई बतासले निर्बलियो रुखलाई ढाले जस्तै मारले बिताउँछ ।"

८–"इन्द्रिय संयम गरी अशुभ दृष्टिले हेर्ने, भोजनको मात्रा जान्ने, श्रद्धा र वीर्यवान् हुनेलाई बतासले चट्टान डगाउन नसके झैं मारले छुन सक्दैन ।"

Downloaded from http://dhamma.digital

उता महाकालका पत्नीहरूले उनलाई घेरी "चीवर छाड्छौ कि छाड्दैनौ ?" भनी वस्त्र छोडाउन लगाउने नियत उनीहरूले लिए। यो बुझी ऋद्धि बलद्वारा धुरीबाट निस्की भगवान्‌ले भनिरहनु भएको उक्त गाथा सिद्धिने बेलामा आकाशबाट ओर्ल्हीं भगवान्‌को चरणमा वन्दना गरी एक छेउमा बसे।

यो गाथा सुनेर धेरै मानिसले मार्गफल ज्ञान प्राप्त गरे।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# देवदत्त–७

## ('अनिक्कसावो कासावं' भन्ने गाथाको कथा)

"अनिक्कसावो कासावं. . ." भन्ने यो गाथा जेतवनमा बस्नु भएका शास्ताले देवदत्त भिक्षुलाई राजगृहमा काषायवस्त्र लाभ भएको कारणमा बताउनु भएको हो ।

एक समय बुद्ध अग्रश्रावकहरू पाँच पाँच शय परिवारहरू लिई भगवान्सँग सोधी जेतवनबाट राजगृह जानुभयो । राजगृहवासीहरूले दुइ, तीन, चार तथा धेरै मानिसहरू मिली आगन्तुक दान दिए । एक दिन अनुमोदन धर्मदेशना गर्नुहुँदा आयुष्मान् सारिपुत्रले भन्नुभयो—

"उपासकहो ! (१) जुन पुरुषले आफूले दान दिन्छ र अर्कालाई दिन लगाउन्न त्यस्तोले जन्मे-जन्मेको ठाउँमा भोगसम्पत्ति पाउँछ तर परिवारसम्पत्ति भने पाउँदैन । (२) जुन पुरुषले आफूले दान दिन्न र अर्कालाई भने दिन लगाउँछ त्यस्तोले जन्मे जन्मेका ठाउँमा परिवारसम्पत्ति भने पाउँछ तर भोगसम्पत्ति भने पाउँदैन । (३) जुन पुरुषले आफूले पनि दान दिन्न अर्कालाई पनि दिन लगाउन्न भने त्यस्तोले जन्मे जन्मेको ठाउँमा पेटभरी खोले मात्र पनि पाउन सक्दैन । (४) जुन पुरुषले आफूले पनि दान दिन्छ अर्कालाई पनि दिन लगाउँछ त्यस्तोले जन्मे जन्मेको ठाउँमा भोगसम्पत्ति पनि परिवारसम्पत्ति पनि पाउँछ ।"

Downloaded from http://dhamma.digital

उपदेश सुनिरहेका मानिसहरूमध्ये एक पण्डित पुरुषको मनमा —"अहा ! निकै राम्रो कारण बताउनु भयो । अब दुवै सम्पत्ति पाउने काम गर्नु पऱ्यो" भन्ने सोचेर स्थविरलाई भोलिको निमित्त निम्तो गरे ।

"उपासक ! तिमी कति भिक्षुहरू चाहन्छौ ?"

"भन्ते ! तपाइँका परिवारहरू कति छन् ?"

"उपासक ! एक हजार छन् ।"

"ती सबैकासाथ भोजन स्वीकार गर्नुहोस् ।"

स्थविरले स्वीकार्नु भयो ।

अनि नगरको सडक सडकमा गई उपासकले "दाजुभाइ आमा दिदी बहिनीहो ! एक हजार भिक्षुहरूलाई निम्त्याएको छु । त्यसमध्ये तपाइँहरूले कतिजनालाई भोजन दिन सक्नुहुन्छ ?" भन्दै सबैसँग स्वीकृति लिन थाले । मानिसहरूले आ–आफना समर्थ अनुसार कसैले दशजना कसैले बीसजना र कसैले शयजनाका लागि भोजन दिने स्वीकृति दिए । अनि उपासकले भने "त्यसोभए हामीहरूले सबै वस्तुहरू एकै ठाउँमा पकाऔं ।" सबैले आ–आफना खाद्य–भोज्य वस्तुहरू एकै ठाउँमा जम्मा पारे । अनि एक कुटुम्बिकले एक लाख जाने सुगन्धित काषायवस्त्र दिई —"यदि तपाइँहरूको दानकार्यमा खर्चको कमी भएमा यो वस्त्र बिक्री गरी जुन चीजको कमी हुन्छ त्यो चीज पूरा गर्नुहोस् । यदि पुग्यो भने जसलाई चाहनुहुन्छ उसलाई यो वस्त्र दिनुहोस्" भनी भने । उनको दानकार्यमा सबै वस्तुहरू पूरा थिए । अनि उपासकले मानिसहरूसंग सोधे—"दाजु भाइहरूहो ! यो काषाय-वस्त्र अमुक पुरुषले यस्तो भनी दिएका हुन् । यो वस्त्र बाँकी रहेको छ । यो कसलाई दिने हो ?"

Downloaded from http://dhamma.digital

त्यसमध्ये केहीले "सारिपुत्र स्थविरलाई" भनी भने । केहीले "स्थविर अन्न पाक्ने बेलामा मात्र आएर जाने हुनुहुन्छ । देवदत्त स्थविर चाहिं हाम्रा मंगलामंगल कामहरूमा सरीक भई पानी राख्ने घ्याम्पा झैं सँधै यहीं बस्नुहुन्छ । वहाँलाई दिनुपर्छ" भनी भने । बहुमत-को आधारमा देवदत्त स्थविरलाई नै दिनुपर्छ भन्ने ठहर भयो । अनि त्यो काषायवस्त्र देवदत्त स्थविरलाई दिए । देवदत्त स्थविरले सो वस्त्रको चीवर बनाई पहिरी हिंडे । यो देखेर "यो चीवर त देवदत्त-लाई सुहाउँदैन बरु सारिपुत्रलाई सुहाउँछ" भनी मानिसहरूले भन्न थाले ।

अनि राजगृहबाट श्रावस्ती गएका एक भिक्षुले शास्तालाई अभिवादन गरीसकेपछि तथागतसँग कुशलवार्ता हुँदा तथागतले उनीसँग दुई अग्रश्रावकहरूको कुशलक्षेमको कुरा सोध्नुभयो । जमात सहित आएका उनले ती पण्डित उपासकले महादान दिएका कुराहरू र वस्त्र दिएको कुरा समेत सुनाई मानिसहरूले "देवदत्तलाई सो चीवर नसुहाएको र सारिपुत्रलाई सुहाउँछ" भनेको कुरा पनि सुनाए । यस सन्दर्भमा शास्ताले "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि उनले आफूलाई नसुहाउने वस्त्र लगाएका थिए" भनी भन्नुहुँदा सो भिक्षुले "कहिले ?" भनी सोधे पछि शास्ताले अतीतको कुरा ल्याउनु भयो—

"अतीत समयमा वाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेका बेलामा वाराणशीवासी हात्ती मार्ने एउटा मानिस हात्तीको दाँत, दाँरा र मासु आदि बेची जीविका गर्दथ्यो । एक दिन जंगलमा हजार हात्तीहरू आइरहेका बेलामा उनीहरूले प्रत्येकबुद्धलाई देखी घुडा टेकी वन्दना गरी गए । त्यहाँदेखि उनीहरूले सँधै त्यस्तै गर्न थाले । एकदिन त्यो हात्तीमार्ने मानिसले यो देखेर "के देखेर यिनीहरू यस्तो गरि रहेछन्" भनी विचार गर्दा "एक प्रत्येकबुद्धलाई देखेर" भन्ने कुरा

Downloaded from http://dhamma.digital

थाहा पाएपछि "म यिनीहरुलाई कष्टपूर्वक मार्दछु । मैले पनि काषाय-वस्त्र लगाउन पर्‍यो" भनी मनमा सोची एक प्रत्येकबुद्ध पोखरीको तीरमा चीवर वस्त्र राखी नुहाइरहेको बेलामा उनको चीवर चोरेर लिई ओढेर एक रुखमनी बसीरहँदा हात्तीहरू आई आफूलाई वन्दना गरी जाँदा जमातको सबभन्दा पछिल्तिरकोलाई तीर प्रहार गरी मारी दाँत आदि लिई बाँकी शरीर खाडल खनी पुर्न थाल्यो ।

त्यस बखत हाम्रा बोधिसत्व हात्ती योनीमा जन्मेर सो समूहको नायक भएका थिए । त्यस बखत पनि उसले त्यस्तै गर्दथ्यो । अनि महापुरुषले आफ्नो जमातको संख्या कम भएर गएको देखेर "हाम्रो जमातमा हात्तीहरू कम भएका देखिन्छन् । उनीहरू कहाँ गए ?" भनी सोध्दा "थाहा छैन" भनेपछि "कतै जाँदा मसँग नसोधि-कन जाँदैनन् किन जमात घट्यो होला" भनी सोचविचार गर्दा "शायद फलानो ठाउँमा एक काषायवस्त्रधारी बस्दछ । उसको काम त होइन !" भन्ने मनमा आशङ्का लागेपछि पत्ता लगाउने विचारले महापुरुष सो काषायवस्त्रधारीको छेउ पुग्दा जमातलाई अघिल्तिर पठाई आफू पछि पछि लागी केहीबेर पछि गए । जम्मै हात्तीहरू वन्दना गरी गएपछि होस राखेर विस्तारै विस्तारै आइरहेका महापुरुषलाई देखी ओढेको काषायवस्त्र फुकाली हातमा धनुष र बाँण लिई उसले प्रहार गर्‍यो । होसराखी आइरहेका महापुरुषले बाणलाई छले । अनि "यसैले मेरो जमातलाई नाश गरेको हो" भन्ने ठानी उसलाई समात्न दौडे । अनि त्यो मानिस रुखको आडमा लुकेर उभिरह्यो । "रुख समेत त्यो मानिसलाई सूँढले समाती भुइँमा बजार्नेछु" भनी बोधिसत्व रुख नजिक जाँदा उसले हातमा लिएको काषायवस्त्र देखी "यदि मैले यस काषायवस्त्रधारीलाई मारें भने बुद्ध, प्रत्येकबुद्ध तथा क्षीणास्रवीहरू प्रति निर्लज्जित भएको हुनेछु" भनी धैर्य राखी "तिमीले मेरा यतिका बन्धुहरूलाई मार्‍यौ होइन ?" भन्दा

Downloaded from http://dhamma.digital

उसले "हो" भनेपछि "अहो ! तिमीले बडो भारी काम गर्‍यौ ! ! वीतरागीको काषायवस्त्र पहिरी यस्तो किसिमले यतिका हात्तीहरू मार्ने तिमीले बडो भारी काम गर्‍यौं !" भनी बोधिसत्वले भने ।

यो पूर्वकथा बताउनु भई शास्ताले "त्यस बखत हात्ती मार्ने पुरुष देवदत्त भिक्षु थिए । उसलाई पखालगाउने हात्तीको नायक म नै थिएँ" भनी जातकको कुरा टुंग्याई "भिक्षुहो ! देवदत्तले अहिले मात्र होइन अघि पनि आफूलाई नसुहाउँदो वस्त्र लगाएका थिए" भनी यो गाथा भन्नुभयो—

९. "अनिक्कसावो कासावं, यो वत्थं परिदहेस्सति ।
अपेतो दमसच्चेन, न सो कासावमरहति ॥
१०. "यो च वन्तकसावस्स, सीलेसु सुसमाहितो ।
उपेतो दमसच्चेन, स वे कासावमरहति ॥"[1]

अर्थ–

९–"इन्द्रिय दमन नगरी सत्यज्ञानबाट दूर भई आफ्नो मनलाई स्वच्छ नराख्नेलाई गेरुवा वस्त्र सुहाउँदैन ।

१०–"क्लेशलाई दूर गरी आफ्नो मन स्वच्छ राखी शीलवान् भई इन्द्रिय दमन गरी सत्यज्ञानमा बस्नेलाई गेरुवा वस्त्र सुहाउँछ ।"

---

Downloaded from http://dhamma.digital

# अग्रश्रावक–८

## ('असारे सार मतिनो' भन्ने गाथाको कथा)

"असारे सार मतिनो. . ." भन्ने यो गाथा वेणुवनमा बसिरहनु भएका शास्ताले सञ्जय परिव्राजक आउन चाहेनन् भनी अग्रश्रावकहरूले सुनाएको कुराको कारणमा बताउनु भएको हो ।

बोधिवृक्षमनि (=पीपलको रुखमनि) भगवान् बुद्धले बुद्धत्व प्राप्त गरी ऋषिपतन मृगदावन (हाल बनारस नजिक सारनाथ) मा पञ्चवर्गीय (=पाँचजना) भिक्षुहरूलाई धमचक्र प्रवर्तन गरि सकेपछि बनारसका यश कुलपुत्र तथा उनका ५४ जना साथीहरू समेत गरी प्रथम वर्षावासको अन्त्य सम्ममा ६० जनालाई अरहत्वमा पुऱ्याई ६० जना भिक्षुहरू भएपछि वहाँले "चरथ भिक्खवे चारिकं..." भनी सबैलाई मानव कल्याणको निमित्त भिन्ना भिन्नै बाटोमा पठाई आफू स्वयं त्यहाँबाट धर्मप्रचारको लागि गयाको उरुवेलतिर जानु हुँदा बीच बाटामा कपासको वनमा तीसजना (३०) भद्रवर्गीय कुमारहरूलाई विनीत पारी भिक्षु बनाई उनीहरूलाई पनि विभिन्न दिशातिर पठाई उरुवेलमा पुगी दुइशय, तीनशय र पाँचशय गरी जम्मा एक हजार (१०००) जटिल परिवारहरू भएका तीन दाजुभाइहरूलाई दमन गरी भिक्षु बनाई सबैलाई अरहत्वमा पुऱ्याई उनीहरूका साथ भगवान् राजगृह पुग्नुभयो ।

Downloaded from http://dhamma.digital

यसँको नजिकमा उपतिस्स (=उपतिश्य) ब्राह्मण गाउँ र कोलित नामक दुइ गाउँहरू थिए । यी गाउँहरू मध्ये उपतिस्स गाउँकी रूपसारी नाम गरेकी ब्राह्मणीबाट जन्मेको उपतिस्स गाउँको जेष्ठ ब्राह्मणको पुत्र उपतिस्स भन्ने र कोलित गाउँको जेष्ठ ब्राह्मणकी भार्या मोग्गली नामक ब्राह्मणीको कोखबाट जन्मेको कोलित भन्ने थिए । यी दुबैजना बालक कालदेखि नै घनिष्ट मित्र थिए । एक दिन गीतिनाटिका हेरीरहेको बेलामा "यहाँ हेर्न लायक के छ र ! यी सबै मानिसहरू शयवर्ष नपुग्दै मर्नेछन् । हामीले कुनै एक मोक्षमार्ग खोज्नु पर्छ" भनी दुबैजना विचारमग्न भएर बसे । अनि कोलितले उपतिस्ससँग सोधे "हे सौम्य ! किन अघि अघि जस्तो हाँसेर नबसी बडो गम्भीर भई चुप लागेर बसेका ह्वौ ? लाग्छ कि तिमी बडो विरक्तिएका छौ ।"

"सौभ्य कोलित ! यो गीतिनाटिकामा कुनै सार छैन । यो निरर्थक छ । आफ्नो मुक्ति हुने धर्म खोजनु पर्छ भन्ने विचार गरी बसेको हुँ । तिमी किन विरक्तिएर बसेका ह्वौ त ?" उनले पनि त्यस्तै भने । अनि उपतिस्सले भने "हामी दुबैजनाको विचार एउटै रहेछ । मोक्षधर्म खोज्नेले कुनै प्रव्रज्या ग्रहण गर्नु पर्दछ । कोसँग प्रव्रजित हुने ?"

त्यस बखत राजगृहमा सञ्जय भन्ने परिव्राजक महत परिव्राजकहरूका साथ बस्दथे । अनि पाँचशय परिवारका साथ उनीहरू संजय परिव्राजकद्वारा प्रव्रजित भए । उनीहरू प्रव्रजित भएदेखि संजयलाई विशेष लाभसत्कार प्राप्त भयो । केही समयमै उनीहरूले संजय परिव्राजकको धर्मशास्त्र सिके । एकदिन उनीहरूले सोधे "आचार्य ! तपाईंले जान्नु भएको धर्म यत्तिकै हो कि अथवा यो भन्दा बढ्ता छ ?"

Downloaded from http://dhamma.digital

"यत्तिकै हो, अब सबै तिमीहरूले जानिसक्यौ।"

यसो भन्दा उनीहरूले विचार गरे "यदि यस्तो हो भने यिनकहाँ बसेर ब्रह्मचर्य पालन गर्नु व्यर्थ हो। जुन मोक्षधर्म खोज्नको निमित्त हामी घरबाट निस्केकाछौं त्यो पूरा हुने छैन। जम्बुद्वीप विशाल छ। गाउँ, निगम, नगरमा विचरण गर्दा अवश्य पनि मोक्षधर्म देशनागर्ने कुनै पुरुष भेट्न सकिने छ।" त्यहाँदेखि उनीहरू जहाँ जहाँ पण्डितहरू थिए त्यहाँ त्यहाँ गई छलफल गर्न थाले। उनीहरूले सोधेका प्रश्नहरूको उत्तर कसैले दिन सक्दैनथे। बरु उनीहरू अरूहरूको प्रश्नको उत्तर दिन्थे। यसरी जम्बुद्वीप भ्रमण गरी फर्केर आफ्नो ठाउँमै आएर बसे। एक दिन उपतिस्सले भने "सौम्य कोलित! हामीहरू मध्ये जसले पहिले अमृत पाउनेछ उसले अर्कोलाई भन्नुपर्छ" भन्ने वाचा गरे। यस्तो वाचागरी बसिरहेका बेलामा शास्ता पनि राजगृहमा आइपुग्नु भई वेणुवनमा बसिरहनु भएको थियो।

त्यस समय पञ्चभद्रवर्गीय भिक्षुहरू मध्ये सबैभन्दा कान्छा अस्सजि (=अश्वजित्) भिक्षु पनि राजगृहमै आएका थिए। अनि भोलिपल्ट उनी राजगृहमा भिक्षा माग्न गए। त्यस बखत बाटामा हिडिरहेका उपतिस्स परिव्राजकले उनलाई देखेर यस्तो सोच्न थाले— "मैले यस प्रकारका प्रव्रजितलाई अघि कहिल्यै देखेको थिइन। यो लोकमा जो अरहत् हुन् अथवा जो अरहत् मार्गमा लागेका छन् तिनीहरूमध्ये यी श्रमण पनि हुनुपर्छ।" अतः म उनकहाँ गई "तिमी को ह्वौ कसको उद्देश्य लिएर प्रव्रजित भएका ह्वौ? तिम्रो शास्ता को हो? कसको धर्म तिमी रुचाउँछौ!" भनी सोध्नुपऱ्यो भनी विचार गरे। फेरि मनमा यस्तो लाग्यो "भिक्षाको समयमा सोध्नु ठीक छैन। बरु किन म नै यिनको पछि पछि लागेर नजाऊँ। प्यासीले कुवा खोज्नु पर्छ।" अनि आफै पछि पछि लागेर गए। भिक्षाटन गरिसकी शहरबाट

Downloaded from http://dhamma.digital

बाहिर गई एक रुखमनि बस्न खोजेका स्थविरको निमित्त परिव्राजकले आफ्नो बस्ने आसन बिच्छ्याइदिए र भोजनपछि आफ्नो कमण्डलुबाट पानी पनि दिए। यसरी आचार्य व्रत देखाई भोजन गरिसकेका स्थविर-सँग कुशलक्षेम कुरागर्दै सोधे कि "आवुसो! तिम्रा इन्द्रियहरू अति प्रसन्न छन् र चेहेरा अति परिशुद्ध छ। तिमी को हौ? तिमी कस्तो उद्देश्य लिएर प्रव्रजित भएका हौ? तिम्रा शास्ता को हुन्? कसको धर्म रुचाउँछौ?"

"यी परिव्राजकहरू बुद्ध धर्मका विपक्षी हुन्छन्। यिनलाई बुद्धधर्मको गम्भीरता देखाइदिनुपर्छ।" यति सोची आफू बुद्धधर्ममा भर्खरै आएको भन्ने कुरा दर्शाउँदै "आवुसो! म यस धर्ममा प्रव्रजित भएको धेरै भएको छैन। विस्तारपूर्वक धर्मको कुरा म बताउन सक्दिन" भनी भने। परिव्राजकले भने— "आवुसो! म उपतिस्स हुँ। तिमीले आफ्नो शक्ति अनुसार थोरै वा धेरै बताऊ। त्यसलाई सय प्रकारले वा हजार प्रकारले बुझ्ने काम मेरो हुनेछ।" यसो भनेपछि स्थविरले भन्नु भयो—

"ये धम्मा हेतुप्पभवा, तेसं हेतुं तथागतो आह।
तेसं च यो निरोधो, एवंवादी महासमणो[1]॥"

अर्थ–

"हेतुद्वारा उत्पन्न हुने वस्तु (=पञ्चस्कन्ध) र जुन वस्तु हेतुको कारणले उत्पन्न हुन्छ त्यसको हेतु पनि तथागतले बताउनु भएको छ। अनि त्यसको निरोध हुने उपायको कुरा पनि वहाँले बताइदिनु भएको छ। यस्तावादी महाश्रमण गौतम हुनुहुन्छ।"

---
१. महा. व. पा. पृ. ३९ : महाखन्धकं।

Downloaded from http://dhamma.digital

गाथाको प्रथम दुइपद सुन्नेबित्तिकै परिव्राजकले विरज वीतमल भएको स्रोतापत्तिफल प्राप्त गरे । परिव्राजकले यस्तो पनि भने "भन्ते! भो भइहाल्यो पुग्यो, अरू बढ्ता कुरा नभने पनि हुन्छ । बरू वहाँ हाम्रा शास्ता कहाँ बस्नु भएको छ ?"

"आवुसो ! वेणुवनमा हुनुहुन्छ ।"

"भन्ते ! त्यसोभए तपाइँ जानुहोस् । मेरो एक साथी छ । हामीहरूको बीचमा जसले पहिले अमृत प्राप्त गर्छ उसले अर्कोलाई बताउनु पर्छ भन्ने वाचा छ । त्यसैले म त्यो वाचा पूरा गरी उसलाई पनि लिएर तपाइँ गएकै बाटो लागेर शास्ताकहाँ आउनेछु" भनी पञ्चाङ्ग प्रतिष्ठित गरी स्थविरको चरणमा ढोगी तीन पटक प्रदक्षिणा गरी स्थविरलाई पठाई आफू परिव्राजकारामतिर गए । टाढँदेखि उपतिस्सलाई आइरहेको देखेर कोलित परिव्राजकले "आज मेरो साथी उपतिस्सका इन्द्रिय तथा चेहरा अरू दिन जस्तो होइन बडो प्रसन्न स्वभावका देखिन्छन् । अवश्य पनि उनले अमृत पाए होलान्" भनी सोची आउना साथ "अमृत भेट्टायौ कि क्या हो ?" भनी सोध्दा उनले पनि "हो, आवुसो ! अमृत प्राप्त भयो" भनी अस्सजि स्थविरले भन्नु भएको गाथा पढेर सुनाइदिए । गाथाको अवशानमा कोलित परिव्राजकले पनि स्रोतापत्ति फल प्राप्त गरी "सौम्य ! हाम्रा शास्ता कहाँ हुनुहुन्छ नि" भनी सोधे ।

"वेणुवनमा हुनु हुन्छ भनी हाम्रा आचार्य अस्सजि स्थविर भन्नु हुन्छ ।

"त्यसो भए, सौम्य ! हामी शास्ताको दर्शनार्थ जाऔं ।"

यी उपतिस्स परिव्राजक चाहिं सधैं गुरू भक्ति गर्ने हुन् ।

Downloaded from http://dhamma.digital

त्यसैले साथीलाई यस्तो भने– "सौम्य ! हामीले अमृत पायौं । अतः यो कुरा हाम्रा आचार्य, सञ्जय परिव्राजकलाई पनि सुनाऔं । बुझन सके बुझ्नेछन् । बुझन नसके पनि हाम्रो कुरामा विश्वास गरी शास्ताकहाँ जान सक्छन् । बुद्धको धर्मोपदेश सुनेर मार्गफल प्रतिवेध गर्न सक्छन् ।" भनि दुवैजना सञ्जयकहाँ गए । उनीहरूलाई देखी सञ्जयले "हे तात ! के तिमीहरूले कुनै अमृतमार्ग देशक भेट्टायौ के ?" भनी सोधे ।

"हो आचार्य ! भेट्टायौं । लोकमा बुद्ध, धर्म र सङ्घ उत्पन्न भएका छन् । तपाईं तुच्छ असारमा बस्नु हुन्छ । आउनुहोस् शास्ताकहाँ जाऔं ।"

"तिमीहरू जाओ, म जान सक्दिन ।"

"किन ?"

"म चाहिं आचार्य भएर बसेकोछु । उनको शिष्य बन्नु त पानी राख्ने भाँडाबाट पानी झिक्ने डाडु जस्तै हुनु हो । म अन्तेवासी भएर बस्न सक्दिन ।"

"आचार्य ! यस्तो नभन्नुहोस् ।"

"भइहाल्यो, तिमीहरू जाओ । म जाने छैन ।"

"आचार्य ! लोकमा बुद्ध उत्पन्न भएकाले महाजनहरू हातमा माला लिई उहाँ गई पुजा गर्नेछन् । हामी पनि उहाँ जानेछौं । तपाईं यहाँ के गरी बस्नुहुन्छ ?"

"तात ! यो लोकमा अपण्डित मूर्खहरू धेरै छन् कि पण्डित बुद्धिमान्हरू धेरै छन् ?"

"आचार्य ! मूर्खहरू नै धेरैछन् । पण्डित बुद्धिमान्हरू थोरै छन् ।"

Downloaded from http://dhamma.digital

"तात ! त्यसोभए पण्डितहरू पण्डित श्रमण गौतमकहाँ जाने छन् । अपण्डित मूर्खहरू अपण्डित मूर्ख मकहाँ आउनेछन् । तिमीहरू जाओ, म जान सक्तिन ।"

"आचार्य ! तपाईंले थाहा पाउनु हुनेछ" भनी उनीहरू गए । उनीहरू गएपछि सञ्जयको परिषद्‌मा फूट भयो । त्यस बखत आश्रम खालि भयो । खालि आश्रमदेखि उनले तातो रगत वमन गरे । उनीहरूका साथमा गएका परिव्राजकहरू मध्ये सञ्जयका अढाइ शय परिव्राजकहरू फर्केर आए । उनीहरू आ–आफ्ना अढाइ शय परिव्राजकहरूका साथ गए । चतुपरिषद्‌को बीचमा बसी धर्मोपदेश गरिरहनु भएका बुद्धले टाढैदेखि उनीहरू आइरहेको देखी "भिक्षुहो ! यी दुइ साथीहरू आइरहेका छन् । उपतिस्स र कोलित भन्ने । यिनीहरू मेरो भिक्षु सङ्घमा युगल अग्रश्रावकहरू हुने छन्" भनी भन्नुभयो । शास्तालाई वन्दना गरी तिनीहरू एक छेउमा बसे । अनि भगवान्‌सँग यस्तो बिन्ति गरे "भन्ते ! हामीले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"भिक्षुहो ! आऊ, सुआख्यात धर्म छ । सम्यक प्रकारले दुःख क्षय गर्नको लागि ब्रह्मचर्य पालन गर" भनी भगवान्‌ले भन्ने बित्तिकै, तथागत–ऋद्धिको प्रभावद्वारा उनीहरू सबै शयवर्षीय महास्थविरहरू जस्तै भई चीवरधारी भए । त्यहाँदेखि उपतिस्स परिव्राजकलाई सारिपुत्र र कोलित परिव्राजकलाई मौद्‌गल्यायन भनी जान्न थाले । भिक्षु भएको एक साता हुँदा मगध देशको कल्लवाल भन्ने गाउँमा बसिरहेको बेलामा भगवान्‌बाट 'पचलायमान'[१] सूत्रको उपदेश सुन्नी मौद्‌गल्यायन स्थविर अरहत् भए । सारिपुत्र स्थविर चाहिं भिक्षु

१. अं. नि. ७ पृ. २१८ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

भएको दुइहप्तामा राजगृहको गृद्धकूट पर्वतस्थित सूकरखतलेन भन्ने गुफामा यिनकै भाञ्जा दीर्घनख परिव्राजकलाई दिनु भएको दीघनख[1]' सूत्रको उपदेश सुनिरहेको बेलामा अरहत् भएका हुन् । उसै दिन घाम झुल्कने बेलामा वेणुवनमा भगवान्ले श्रावकसन्निपात गरी दुबै स्थविरहरूलाई अग्रस्थान-पद प्रदान गर्नु भई प्रातिमोक्ष[2] उद्देशण गर्नु भएको थियो ।

भगवान्ले सारिपुत्र र मौद्गल्यायन दुइजनालाई युगल अग्रस्थान दिएको बारेमा "भगवान्ले मुख हेरी भिक्षा दिनु हुन्छ । अग्रस्थान दिनेले कि त सबभन्दा पहिले प्रव्रजित हुने पञ्चभद्रवर्गीय भिक्षुहरूलाई दिनु पर्थ्यो अथवा यश भिक्षु सहित उनका पचपन्न जना साथी भिक्षुहरूलाई दिनु पर्थ्यो । उनीहरूलाई पनि नदिएको भए तीस जना भद्रवर्गीय भिक्षुहरूलाई दिनुपर्थ्यो अथवा उरुवेल काश्यपादि तीन जना दाजुभाइ भिक्षुहरूलाई दिनु पर्थ्यो" भन्दै भिक्षुहरूले असन्तोष भाव व्यक्त गरे । यो सुन्नु भई भगवान्ले "भिक्षुहो ! के भनिरहेका ?" भनी सोधनी हुँदा भिक्षुहरूले उक्त कुरा निवेदन गरे । अनि भगवान्ले भन्नुभयो— "भिक्षुहो ! मुख हेरेर दिएको होइन अपितु उनीहरूले प्रार्थना गरेर आए बमोजिम दिएको हुँ" भनी भन्नुहुँदा सो कुरा बताउनु हुन भिक्षुहरूले प्रार्थना गरेपछि शास्ताले यो कथा सुनाउनु भयो—

"एक लाख असंख्य कल्प अघि सारिपुत्र ब्राह्मण महाशाल कुलमा सरद (=शरद) भन्ने नामले जन्मेका थिए । मौद्गल्यायन सिरिवड्ढक भन्ने नामले गृहस्थी महाशाल कुलमा जन्मेका थिए । यी

१. यो सूत्रको अनुवाद लेखकको बु. प. I पृ. २५७ मा उल्लेख भएको छ ।

२. भिक्षुहरूको नियमावली ।

दुवै जना धुलोको खेल खेल्ने साथी थिए । यी मध्ये आफ्नो बाबुको मृत्युपछि सरद माणबले विचार गरे— "म इहलोकको कुरा मात्रै जान्दछु र परलोकको कुरा जान्दिन । जन्मेको प्राणीको मरण अवश्यमेव हुनेछ । अतः कहीं प्रव्रजित भई कुनै मोक्षधर्म खोजिगर्नु पर्छ । यो कुरा साथीलाई पनि भन्नु पर्छ" भनी निस्केर गई साथी सिरिवड्ढकलाई भने — "हे साथी ! म त प्रव्रजित भई मोक्षधर्म खोज्नेछु । तिमी प्रव्रजित हुन सक्छौ कि सक्दैनौ ?"

"साथी ! म त प्रव्रजित हुन सक्दिन । तिमीमात्र प्रव्रजित होऊ ।"

अनि उनले विचार गरे "परलोक जानेले न साथी न ज्ञातिबन्धुहरू साथमा लिएर जान्छ । आफूले गरेको आफूलाई नै हुन्छ ।" यति सोचेर घरमा गई आफ्नो ढुकुटी खोली कृपण याचक गरीबहरूलाई महादानदिई पर्वततिर गई ऋषिभेष धारणगरी प्रव्रजित भए । यिनका साथ लागी प्रव्रजित हुने जटिलहरू चौहत्तर हजार (७४,०००) पुगे । पञ्चअभिज्ञा[१] र अष्टसमापत्ति[२] लाभ गरी ती जटिलहरूलाई कसिण[३] भावनाको कुरा सिकाइदिए र उनीहरूले पनि पञ्चअभिज्ञा र अष्टसमापत्ति ध्यान लाभ गरे ।

---

१. ऋद्धिविध–ज्ञान, दिव्यश्रोत–ज्ञान, पूर्वेनिवास–ज्ञान, चेतोपरिय (–चित्तपरिच्छेद) ज्ञान तथा दिव्यचक्षु–ज्ञानलाई 'पञ्चअभिज्ञा' भनिन्छ ।

२. रूपावचर ध्यान चार र अरूपावचर ध्यान चारलाई 'अष्टसमापत्ति' भनिन्छ ।

३. कसिण ध्यान भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. म. I. पृ. ३९२ र ३९९ मा समुल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

त्यस बखत अनोमदर्शी बुद्ध भगवान् लोकमा हुनुहुन्थ्यो। वहाँको जन्मस्थान बन्धुमती नगर हो र पिता यशवन्त क्षत्री र माता यशोधरा हुन्। वहाँले पीपल रुखमनि बोधिज्ञान लाभ गर्नु भएको थियो। निषभ र अनोम भन्ने वहाँका दुइ अग्रश्रावकहरू थिए। वरुण भन्ने भिक्षु उपस्थाक र सुन्दरा र सुमना भन्ने दुइ अग्रश्राविकाहरू थिए। वहाँको आयु एकलाख वर्ष थियो। शरीरको उचाई अन्ठाउन्न (५८) हात थियो र शरीरको प्रभा बान्हयोजन फैलिन्थ्यो। एक लाख भिक्षु परिवार थिए।

एकदिन प्रत्युष समयमा महाकरुणा समापत्तिबाट उठी लोकमा हेर्दा सरद तपस्वीकहाँ गएर धर्मदेशना गऱ्यो भने चौहत्तर हजार (७४,०००) जटिलहरू अरहत् हुनेछन् तथा सरद तपस्वीले अग्रश्रावकस्थान प्रार्थना गर्नेछन् र उनको साथी सिरिवड्ढकले द्वितीय अग्रश्रावकस्थान प्रार्थना गर्नेछन्। "आज त्यहाँ जानु योग्य छ" भनी पात्र चीवर ग्रहण गरी अरू कसैलाई केही नभनी सरद तपस्वीका अन्तेवासीहरू फलफूल लिन गइरहेको समयमा त्यहाँ पुग्नु भयो। "मलाई बुद्ध भनी जानुन्" भनी अधिष्ठान गरी सरद तपस्वीले देख्ने गरी आकाशबाट ओर्ल्हीं पृथ्वीमा उभिनु भयो। अनि वहाँको शारीरिक प्रभाव तथा शरीरमा भएका लक्षणहरूबारे "यस्ता लक्षणहरू हुने पुरुष गृहस्थी भए चक्रवर्ती राजा र गृहत्याग गरेमा सर्वज्ञ बुद्ध हुनेछन्" भन्ने आफ्नो शास्त्रानुसार सरदले परीक्षण गर्दा "यी पुरुष अवश्य पनि बुद्ध हुन्" भन्ने निश्चय गरी प्रत्युगमन गरी पञ्चांग वन्दना गरी आसन बिछ्याइ दिए। भगवान् बस्नु भएपछि सरद तपस्वी पनि आफ्नो अनुकूल आसनमा बसे। त्यतिखेरै उनका चौहत्तर हजार जटिल अन्तेवासीहरू प्रणीत प्रणीत तथा ओजपूर्ण फलफूलहरू लिई आइपुगे। बुद्ध र आफ्ना आचार्य बसिरहेको आकार प्रकारलाई विचार गरी "आचार्य! यो लोकमा तपाइँ जस्तो श्रेष्ठ पुरुष अरू कोही छैन भन्ने धारणा गरी

Downloaded from http://dhamma.digital

हामी बसिरहेका थियौं । यी पुरुष त तपाईंभन्दा पनि श्रेष्ठतर जस्ता देखिन्छन्" भनी भने । "तात ! के भनेको ? अठसट्ठी लाख (६८,००,०००) योजन उचाइ भएको सुमेरु पर्वतसँग एउटा सस्यौंको गेडा दाँजे जस्तै मसँग दाँज्न खोज्दैछौ जस्तो लाग्छ" भनी भने । "यदि यी पुरुष कमसल पुरुष भएका भए हाम्रा आचार्यले यस्तो उपमा दिनु हुने थिएन होला । अहो ! कस्ता महापुरुष !" भन्दै सबैले तथागतको चरणमा शीरले ढोगे । अनि उनीहरूलाई आचार्यले भने "तात ! हाम्रा बुद्धलाई दिनयोग्य, उचित बस्तु छैन । शास्ता चाहिं भिक्षाको बेलामा यहाँ आउनु भएको छ । हामीले यथाशक्ति दिनयोग्य वस्तु देऔं । तिमीहरूले ल्याएका प्रणीत तथा ओजपूर्ण फलफूलहरू ल्याऊ" भनी ल्याउन लगाई हात धोई स्वयंले तथागतको भिक्षा पात्रमा राखिदिए। शास्ताले स्वीकार गर्नु भयो । पिउने पानी पनि तपस्वी आफैंले छानी दिए । तथागतले भोजन गरिसक्नु भएपछि सबै शिष्यहरूका साथ कुशल क्षेम कुरागरी बस्नु भयो । त्यस बखत शास्ताले "दुई अग्रश्रावक-हरू भिक्षुसङ्घका साथ आओ" भनी मनमा चिताउनु भयो । शास्ताको मनोभाव बुझी एकलाख क्षीणास्रवी परिवारका साथ उनीहरू आई शास्तालाई अभिवादन गरी एक छेउमा उभिए । अनि सरद तपस्वीले आफ्ना शिष्यहरूलाई बोलाई "तात ! बुद्ध बस्नु भएको आसन पनि होचो छ, अरू श्रावकहरूका निमित्त आसनहरू पनि छैनन् । आज तिमीहरूले बुद्धलाई भव्य रूपले स्वागत गर्न सक्नु पर्छ । अतः पर्वतको फेदीमा गई वर्णगन्ध सम्पन्न फूलहरू ल्याओ" भनी अऱ्हाए । भनिरहँदा अबेर हुन्छ अतएव आ–आफ्नो ऋद्धि प्रभावले तुरुन्त ल्याओ । तिनीहरूले तुरुन्तै वर्णगन्ध सम्पन्न फूलहरू ल्याई बुद्धको निमित्त एक योजन[1] प्रमाणको पुष्पासन बिच्छ्याइ दिए । दुइ अग्र श्रावकाहरूकालागि तीन गाउत प्रमाणका पुष्पासनहरू बिच्छ्याइ दिए । बाँकी भिक्षुहरूको

१. चार गाउतको एक योजन हुन्छ ।

Downloaded from http://dhamma.digital

लागि आधा आधा योजनको र नवक भिक्षुहरूको लागि उसभ[1] प्रमाणको आसन बिच्छ्याइ दिए। अनि सरद तपस्वील तथागतको अगाडि दुइहात जोरी उभिई "भन्ते! मेरो दीर्घकालिक हित सुखको निमित्त यो पुष्पासनमा बस्नुहोस्" भनी प्रार्थना गरे। शास्ता पुष्पासनमा बस्नु भएपछि दुइ अग्रश्रावकहरू र अरू भिक्षुहरू यथायोग्य आसनहरूमा बसे। सरद तपस्वीले तथागतलाई पुष्पछत्र ओडाइ रहे। "जटिलहरूको यो सत्कारद्वारा जटिलहरूले महत्फल प्राप्त गरुन्" भनी तथागत निरोध-समापत्तिमा[2] बस्नु भयो। तथागत निरोधसमापत्तिमा तल्लीन हुनु भएको बुझी दुइ अग्रश्रावकहरू तथा अरू भिक्षुहरू सबै निरोधसमापत्ति-मा तल्लीन भई बसे। सातदिन सातरातसम्म तथागत समापत्तिमा बसुञ्जेल सरद तपस्वीका शिष्यहरू भोजन समयमा फलफूल ल्याई खान्थे र अरू समयमा बुद्धलाई दुइहात जोरी उभिइ रहन्थे। सरद तपस्वी चाहिं भिक्षाको बेलामा पनि कहीं नगई पुष्पछत्र समातेरै एक सप्ताहसम्म प्रीति तथा सुखपूर्बक उभिएर नै बसे। निरोधसमापत्तिबाट उठ्नु भई शास्ताले दाहिनेतिर बसेका अग्रश्रावक निषभ स्थविरलाई बोलाई "निषभ! सत्कार गर्ने तपस्वीहरूलाई पुष्पासनानुमोदन गर" भनी भन्नुभयो? उनको देशनापछि शास्ताले द्वितीय अग्रश्रावकलाई "तिमीले पनि धर्म देशना गर" भनी भन्नु भयो। अनोम स्थविरले त्रिपिटक बुद्धवचन परामर्श गरी धर्मदेशना गरे। दुबै श्रावकहरूका

---

१. १४० हातको एक उसभ हुन्छ?

२. यो निरोधसमापत्ति (ध्यान) मा अष्टसमापत्ति लाभी अनागामी र क्षीणास्रवी अरहत्‌हरूमात्र तल्लीन हुन सक्छन्। अरूहरू हुन सक्दैनन्। निरोधसमापत्ति भनेको चित्त चैतसिक धर्मलाई क्रमश निरूद्ध गर्नु हो। पटि. म. अ. क. पृ. २१९: निरोधसमापत्तिञाण निद्देसो।

Downloaded from http://dhamma.digital

धर्मदेशनाद्वारा कसैलाई पनि धर्मावबोध भएन। अनि अप्रमाण बुद्ध विषयमा बस्नुभई शास्ताले धर्मोपदेश गर्नु भयो। देशना सिद्धिएपछि सरद तपस्वी एकजना बाहेक अरू सबैले अरहत्व प्राप्त गरे। शास्ताले "आऊ भिक्षुहो !" भनी हात पसार्नु भयो। सबै केश दाह्रीहरू उतना घरीमै लुप्त भए। सरद तपस्वी मात्र किन अरहत् नभएका हुन् भने— अग्रश्रावकले धर्मदेशना गर्न थाल्नु भएदेखि उनको मनमा "अहो ! म पनि भविष्यमा कुनै बुद्धको शासनमा अग्रश्रावक हुनपाए हुन्थ्यो" भन्ने कल्पना गरिरहेका थिए। यसै कारणले उनले कुनै मार्ग–फल[1] पाउन नसकेका हुन्। अनि तथागतलाई वन्दना गरी अगाडि उभिई 'भन्ते ! तपाइँको दाहिनेतिर बसेका भिक्षु तपाइँका को हुन् ?" भनी सोधे।

"मैले प्रवर्तन गरेको धर्मचक्रलाई अनुप्रवर्तन गर्न सक्ने श्रावक-पारमीको चुचुरोमा पुगेका सोह्र प्रकारका प्रज्ञालाई[2] बुझेको मेरा अग्रश्रावक हुन्।"

"भन्ते ! जो मैले एक सप्ताहसम्म पुष्पछत्र समाती तपाइँको स्वागत सम्मान गरें त्यसबाट म शक्रत्व वा ब्रह्मत्व प्रार्थना गर्दिन। भविष्यमा हुने कुनै बुद्धको अग्रश्रावक प्रार्थना गर्दछु।"

अनि शास्ताले भविष्य ज्ञानद्वारा हेर्दा उनको प्रार्थना एकलाख असंख्यकल्प बितेपछि सफल हुनेछ भन्ने जान्नु भई सरद तपस्वीलाई

१. बौद्ध साहित्यमा 'मार्ग र मार्गफल' भन्ने शब्दको अर्थ स्रोतापत्ति, सकृदागामी, अनागामी तथा अरहत् मार्गलाई 'मार्ग' र उसैको फल प्राप्तिलाई 'मार्गफल' भनिन्छ।

२. सोह्रप्रकारका प्रज्ञा भन्ने कस्तो हो भन्ने बारेका कुरा पटि म. पू. ४५० : महापञ्ञाकथा, पञ्ञावग्गोमा वर्णित भएको छ।

Downloaded from http://dhamma.digital

भन्नु भयो— "तिम्रो यो प्रार्थना तुच्छ हुने छैन । भविष्यमा एकलाख असंख्यकल्प पछि लोकमा गौतम भन्ने बुद्ध उत्पन्न हुने छन् । उनको आमा महामाया भन्ने देवी, पिता शुद्धोदन भन्ने राजा, पुत्र राहुल भन्ने कुमार, आनन्द भन्ने उपस्थाक, द्वितीय अग्रश्रावक मौद्गल्यायन भन्ने र तिमी चाहिं उनको प्रथम अग्रश्रावक धर्मसेनापति सारिपुत्र भन्ने हुनेछौ ।" यसरी तपस्वीलाई भविष्यवाणी प्रकाश गरी धर्मोपदेश गरी भिक्षुहरूका साथ आकाश मार्गद्वारा जानु भयो । अनि सरद तपस्वीले अन्तेवासिक स्थविरहरूलाई "भन्ते ! मेरा साथी सिरिवड्ढकलाई तिम्रो साथी सरद तपस्वीले भविष्यमा उत्पन्न हुने गौतम बुद्धको प्रथम अग्रश्रावक हुन पाउँ भनी अनोमदर्शी बुद्धको चरण कमलमा प्रार्थना गरे । तिमीले द्वितीय अग्रस्थान प्रार्थना गर" भनी भनिदिनुहोला भनी भने । यति भनेर पछि स्थविरहरू भन्दा अगाडि नै अर्को बाटोबाट गई उनी सिरिवडढकको दैलोमा उभिए ।

"अहो ! धेरै दिन पछि मेरा साथी सरद तपस्वी आउनु भयो" भनी आसन बिच्छ्याई आफू एक होचो आसनमा बसी सिरिवड्ढकले "भन्ते ! तपाईंका अन्तेवासिक परिषद् खोइ त ?" भनी सोधे ।

"सौम्य ! मेरो आश्रममा अनोमदर्शी बुद्ध भगवान् आउनु भयो र उनीहरू सबै अरहत् भई वहाँका श्रावक बनेर गए । मैले चाहिं भविष्यमा हुने गौतम बुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरें । तिमीले पनि वहाँको द्वितीय अग्रश्रावक हुने प्रार्थना गर" भनी भने ?

"भन्ते ! बुद्धसँग मेरो परिचय छैन के गर्ने ?"

"बुद्धसँग कुरा गर्ने जिम्मा मेरो भयो । तिमी चाहिं बुद्धलाई भव्य रूपले स्वागत गर्ने प्रबन्ध मिलाऊ ।"

Downloaded from http://dhamma.digital

उनको कुरा सुनी सिरिवड्ढकले आफ्नो आँगनमा राजकीय सम्मानको लागि आठ करिस[1] प्रमाणको भूमि भाग सम्म पार्न लगाई बालुवा छर्न लगाई लावा सहित पाँच प्रकारका फूलहरू छर्न लगाई नीलो कमलको मण्डप तयार पार्न लगाई बुद्धासन तयार पारी अरू भिक्षुहरूको निमित्त पनि आसनहरू तयार पार्न लगाई बडो भव्य रूपले सम्मान गर्ने व्यवस्था मिलाइसकेपछि सरद तपस्वीलाई निम्तो गर्ने कुराको सूचना दिए । तपस्वीले बुद्ध सहित भिक्षुसङ्घलाई निम्तो गरेर ल्याए । सिरिवड्ढकले प्रत्युगमन गरी तथागतको हातबाट भिक्षापात्र लिई मण्डपभित्र लगी आसनमा बसाली बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत भोजन दान दिए । भोजन पछि बुद्ध सहित भिक्षुसङ्घलाई अनर्घ बस्त्रहरू ओढाई "भन्ते ! यो पूजा सत्कार कुनै स्यानो स्थानको निमित्त होइन । अतः यस्तै प्रकारले एक सातासम्म अनुकम्पा राख्नु होस्" भनी बिन्ति गरे । शास्ताले स्वीकार गर्नु भयो । यस्तै रूपले एक सप्ताहसम्म दान दिई दुई हात जोरी भगवान्‌लाई नमस्कार गरी उभिएर भने— "भन्ते ! मेरा साथी सरद तपस्वीले जुन बुद्धको प्रथम अग्रश्रावक हुन सकूँ भनी प्रार्थना गरे म उही बुद्धको द्वितीय अग्रश्रावक बन्न सकूँ भनी प्रार्थना गर्दछु" भनी बिन्ति गरे । शास्ताले अघि जस्तै भविष्य ज्ञानले हेर्नु भई "तिमी भविष्यमा उत्पन्न हुने उही बुद्धका द्वितीय अग्रश्रावक हुनेछौ" भनी भविष्यवाणी गर्नु भयो । बुद्धको भविष्यवाणी सुनी सिरिवड्ढक अति प्रफुल्लित भए । अनि बुद्ध भगवान् भुक्तानुमोदन पछि विहारमै फर्केर जानु भयो ।"

"भिक्षुहो ! त्यस बखत मेरा पुत्रहरूले गरेको प्रार्थना यही हो । आफूले प्रार्थना गरे अनुसार नै उनीहरूले पाए । मैले मुख हेरेर दिएको होइन ।"

---

१. चार अम्मण प्रमाणको धानको बिउ रोप्न सक्ने ठाउँ । 'अम्मण' भनेको त्यस बखतको धान भर्ने भाँडा हो ।

Downloaded from http://dhamma.digital

यस्तो भन्नु भएपछि अग्रश्रावकहरूले भगवान्‌लाई "भन्ते ! हामीहरू घरमा छँदा गीतिकानृत्य हेर्न जाँदा. . .आदि" भनी अस्सजि स्थविर भेटे सम्मको कुरा जम्मै सुनाई "भन्ते ! अनि हामीहरू आचार्य सञ्जय परिव्राजककहाँ गई तपाईँकहाँ ल्याउने विचारले उनको धर्ममा कुनै सार छैन भनी भन्यौं । यसपछि तपाईँकहाँ आउनाको गुण पनि बतायौं । तै पनि हामीले उनलाई तपाईँकहाँ ल्याउन सकेनौं" भनी बिन्ति गरी फेरि यस्तो सुनायौं "भन्ते ! उनले भने कि अब म शिष्य भएर बस्न सक्दिन । शिष्य हुनुको मतलब पानी राख्ने भाँडाबाट पानी लिने दाडु जस्तै हुनु हो । अनि हामीहरूले भन्यौ कि अब लोकमा बुद्ध उत्पन्न भइसक्नु भयो । मानिसहरू बुद्धकहाँ जाने छन् । तपाईँ एक्लै के गरी बस्नु हुनेछ" भन्दा "के त यो संसारमा पण्डितहरू धेरै छन् कि मूर्खहरू धेरै छन् ?" भनी सोधे । अनि हामीहरूले "मूर्खहरू नै धेरै छन्" भनी भन्यौ । अनि उनले भने कि "त्यसो भए पण्डितहरू जति पण्डित भएका श्रमण गौतम कहाँ जाने छन् र मूर्खहरू जति मूर्ख भएको म कहाँ आउने छन् । तिमीहरू जाओ" भनी आउन चाहेनन् भन्ते !

यो सुनेर शास्ताले— "भिक्षुहो ! सञ्जयले आफ्नो मिथ्यादृष्टिको कारणले गर्दा असारलाई सार र सारलाई असार भनी ग्रहण गरे । तिमीहरूले चाहिं आफ्नो पाण्डित्यताले गर्दा सारलाई सार र असारलाई असार भनी जानी असारलाई छाडेर सारलाई नै ग्रहण गर्‍यौ" भनी भन्नु भई यो गाथा प्रकाश पार्नु भयो—

११. "असारे सारमतिनो, सारे चासारदस्सिनो ।
ते सारं नाधिगच्छन्ति, मिच्छासङ्कप्पगोचरा ।।

१२. "सारञ्च सारतोञात्वा, असारञ्च असारतो ।
ते सारं अधिगच्छन्ति, सम्मासङ्कप्प गोचरा ।"

Downloaded from http://dhamma.digital

अर्थ–

११–"असारलाई सार र सारलाई असार भनी ठान्ने यस्तो मिथ्यादृष्टि हुने व्यक्तिले कहिल्यै सार पदार्थ लाभ गर्न सक्दैन।

१२–"सारलाई सार र असारलाई असार भनी जान्ने यस्तो सम्यक्दृष्टि हुने व्यक्तिले सार पदार्थ लाभ गर्न सक्छ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# नन्दस्थविर–९

## ('यथागारं दुच्छन्नं' भन्ने गाथाको कथा)

"यथागारं दुच्छन्नं..." भन्ने यो गाथा जेतवनमा बसिरहु भएका शास्ताले नन्द स्थविरको कारणमा बताउनु भएको हो।

धर्मचक्र प्रवर्तन गरी राजगृहगई वेणुवनमा शास्ता बसि रहनु भएको बेलामा "मेरो छोरालाई बोलाई ल्याइदेओ" भनी शुद्धोद महाराजाले दशपटकसम्म एक एक हजार पठाएका दूतहरू मध्ये सबं भन्दा पछि पछिल्लो पटक गएर अरहत् भएका कालुदायी स्थविर "जाने बेला भयो" भन्ने ठानी बाटोको वर्णन गरी बीसहजार क्षीणास्र भिक्षु परिवारका साथ भगवान् बुद्धलाई कपिलवस्तुमा ल्याइ पुऱ्याए अनि त्यहाँ भेला भएका ज्ञाति बन्धुहरूलाई पुष्करवृष्टि (पोक्खरवस्स को कारणमा वेस्सन्तर (विश्वन्तर) जातकका[1] कुरा बताउनु भ भोलिपल्ट भिक्षाटनको निमित्त कपिलपुर नगरमा जाँदा "उत्ति नप्पमज्जेय्य[2]" भन्ने गाथाद्वारा आफ्ना पिता शुद्धोदन महाराजाल

१. यो वेस्सन्तर जातक नेवारी भाषामा र नेपाली भाषामा अनु भएको छ। नेवारीको द्वितीयावृत्ति पाटन सुन्धारा, वकु बहाल ब बस्ने माधवी अनागारिकाले प्रकाशित गरेकी छिन्। त्रिशूली धर्मरत्नद्वारा अनुदित नेपालीको प्रकाशन काठमाडौं, धर्मकीर्ति अध्ययन गोष्ठीद्वारा प्रकाशित भएको छ।

२. यो गाथा धम्मपद लोकवग्गोमा छ; नं. १६८।

Downloaded from http://dhamma.digital

स्रोतापत्ति फलमा प्रतिष्ठित गराई पछि "धम्मं चरे सुचरितं[1]... भन्ने गाथाद्वारा महाप्रजापति गौतमीलाई स्रोतापत्ति फलमा र शुद्धोदन महाराजलाई सकृदागामी फलमा प्रतिष्ठित गराउनु भयो। भोजन सिद्धिएपछि राहुलमाताको गुण वर्णनाको कारणमा चन्द-किन्नर[2] जातक बताई त्यसको दोस्रो दिनमा नन्द कुमारको अभिषेक, गृहप्रवेश तथा विवाह मंगल भैरहेको बेलामा भिक्षाटन्को निमित्त प्रवेश गरी त्यहाँ मङ्गलको कुरा सुनाई नन्द कुमारको हातमा भिक्षापात्र समात्न लगाई आसनबाट उठी भगवान् जानु भयो । उनले तथागत प्रतिको गौरबले गर्दा "भिक्षापात्र लिनुहोस् भनी भन्न सकेनन्। अनि यस्तो सोच्न थाले- "भन्याङमा पुगेपछि भिक्षापात्र लिनु हुनेछ होला।" शास्ताले त्यहाँ पात्र लिनु भएन । उनले फेरि "भन्याङ् ओर्लिसकेपछि लिनु हुनेछ होला" भनी सोचे । शास्ताले त्यहाँ पनि लिनु भएन। फेरि उनले "पटांगिनीमा लिनु हुनेछ होला" भनी सोचे। त्यहाँ पनि लिनु भएन। कुमार चाहिं फर्कन चाहन्थे । मन नलगाई नलगाई गइरहेका थिए। शास्ता प्रति उत्पन्न भएको गौरवको कारणले गर्दा "भिक्षापात्र लिनु होस्" भन्न सक्दैन थे। "यहाँ लिनुहुन्छ कि, वहाँ लिनुहुन्छ कि" भन्ने आशा राख्दै गइरहेका थिए ?

त्यस समय जनपदकल्याणीलाई दासीहरूले भनिन्—"आर्या! भगवान्ले नन्द राजालाई साथमा लैजाँदै हुनुहुन्छ। अब तपाईंलाई एक्लै पार्नेछन्।" पानी तप्कदै गरेको र आधा कोरिएको चुल्ठो समात्दै जनपदकल्याणी दौडेर झ्यालमा आई "आर्यपुत्र ! चाँडै आउनुहोस्" भनिन्। त्यो वाक्य उनको हृदयमा गाँठो परिरह्यो। शास्ताले पनि उनको हातबाट भिक्षापात्र नमागिकनै उनलाई विहारमा लगी "नन्द !

---

१. यो गाथा पनि धम्मपद लोक वग्गेमा छ; नं. १६९।

२. जा. अ. क. V. पृ. ६, नं. ४८५।

Downloaded from http://dhamma.digital

प्रव्रजित हुन्छौ के ?" भनी सोध्नु भयो ! बुद्ध गौरबको कारणले "प्रव्रजित हुन्न" नभनी "हवस्, हुन्छु" भनी भने । अनि शास्ताले "नन्दलाई प्रव्रजित गराइदेऊ" भनी भन्नुभयो ?

कपिलपुरमा पुगेको तेस्रो दिनमा नन्दलाई शास्ताले प्रव्रजित गराउनु भएको थियो । सातौं दिनमा राहुल माताले राहुल कुमारलाई अलंकृत गरी भगवान्कहाँ पठाई "हे पुत्र ! यी बीसहजार श्रमण परिवार भएका, सुवर्णवर्ण भएका र ब्रह्मरूपवर्ण भएका श्रमण तिम्रा पिता हुनुहुन्छ भनी राहुलमाताले भनिन् । वहाँकहाँ महान निधिहरू थिए । वहाँले नैष्क्रम्य गर्नु भएदेखि ती निधीहरू देखिदैनन् । जाऊ, वहाँसँग 'हे तात ! म तपाईंको पुत्र हुँ र अभिषेक प्राप्तगरी म चक्रवर्ती राजा हुनेछु । मलाई धनको आवश्यकता छ । मलाई धन दिनुहोस् । पिताको धनको स्वामी पुत्र नै हुन्छ' भनी दायादच माग" भनी पठाइन् । भगवान्कहाँ कुमार पुग्ने बित्तिकै पितृस्नेह पाएर प्रसन्न चित्त लिएर "श्रमण ! तपाईंको छायाँ मलाई अति शीतल लाग्छ" भनी सातवर्षीय कुमारले आफू सुहाउँदो तरीकाले कुरा गरे ! भोजन सिद्धिएपछि अनुमोदन गर्नु भई आसनबाट उठी तथागत जानुभयो । कुमार (राहुल) पनि "श्रमण ! मलाई दायाद्य दिनुहोस्, मलाई दायाद्य दिनुहोस्" भन्दै भगवान्सँग सँगै गए । भगवान्ले राहुल कुमारलाई फर्काउनु भएन । परिजनहरूले पनि भगवान्सँगसँगै गइरहेको राहुल कुमारलाई फर्काएनन् । यसरी कुमार भगवान्सँगसँगै आरामसम्म नै गए । अनि भगवान्ले सोच्नु भयो यो कुमार पितासंग भएको धन चाहन्छ । यसले मागेको धन भने संसारचक्र घुमाउने आघात सहितकोछ । यसलाई बोधि-वृक्षमनि पाएको सप्तविध आर्यधन[1] दिनुपर्‍यो । लोकोत्तर दायादचको

---

१. श्रद्धा, शील, ह्री, ओतप्प, श्रुत, त्याग र प्रज्ञालाई आर्यधन भनिन्छ ।

Downloaded from http://dhamma.digital

स्वामी बनाइदिनेछु ।" यति सोच्नु भई सारिपुत्र स्थविरलाई बोलाई "कुमारलाई प्रव्रजित गराऊ" भनी भन्नु भयो । स्थविरले कुमारलाई प्रव्रजित गराउनु भयो । कुमारलाई प्रव्रजित गराए पछि शुद्धोदन राजालाई अत्यधिक दुःख लाग्यो । यो सहन नसकी भगवान्संग निवेदन गरे— "भन्ते ! आमाबाबुहरूका अनुमति नपाएको बालकलाई आर्यले प्रव्रजित नगराउनु भए बेश हुने थियो" भनी वरदान मागे । भगवान्ले "हुन्छ" भनी राजालाई वरदान दिई फेरि एकदिन राजदरबारमा प्रातः कालिक भोजन सिद्धिएपछि एक छेउमा बसेका राजाले "भन्ते ! तपाईंले दुष्करचर्या गरिरहनु भएको बेलामा एउटा देवता म कहाँ आई 'तिम्रो पुत्र मऱ्यो' भनी भन्थे । उनको वचनलाई विश्वास नगरी मैले 'मेरो पुत्र बोधिज्ञान लाभ नगरिकन मर्ने छैन" भनी प्रतिक्षेप गरे" भनी भन्दा भगवान्ले "अहिले के विश्वास गर्नु होला र, अघि हाडहरू देखाई 'तिम्रो पुत्र मऱ्यो" भनी भन्दा त विश्वास गर्नु भएन" भन्दै यसै कारणमा महाधम्मपाल[1] जातकको कुरा सुनाउनु भयो । जातकको कुरा समाप्त हुँदा राजा अनागामी फलमा प्रतिष्ठित भए ।

यसरी आफ्ना पितालाई तीन मार्गफलमा प्रतिष्ठित गराई भिक्षु सङ्घका साथ भगवान् पुनः राजगृहमै जानु भयो । अनि अनाथ-पिण्डिक सेठलाई दिएको बचन पूरा गर्नु भई जेतवनमा गई भगवान् बस्नुभयो । त्यस बखत उत्कण्ठित भई आयुष्मान् नन्दले भिक्षुहरूलाई यस्तो भन्दथे— "आवुसो ! म मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दछु । ब्रह्मचर्य धान्न सक्दिन । अतः शिक्षा छाडी गृहस्थी हुनेछु ।"

"नन्द ! यसो हो, किन तिमी मन नलगाई नलगाई

---

१. जा. अ. क. IV. पृ. ८५, नं. ४४७ ।

Downloaded from http://dhamma.digital

ब्रह्मचर्य पालन गर्दैछौ ? किन ब्रह्मचर्य धान्न सक्दैनौ ? किन शिक्षा छाडी गृहस्थी हुन चाहन्छौ ?"

यो खबर सुनेर भगवान्‌ले आयुष्मान् नन्दलाई बोलाउन पठाई यस्तो भन्नु भयो — "नन्द ! के यो सत्य हो कि तिमीले भिक्षुहरूलाई म मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दैछु, ब्रह्मचर्य धान्न सक्दिन र शिक्षा छाडी गृहस्थी हुनेछु भनी भनेको ?"

"हो भन्ते !"

"नन्द ! किन मन नलगाई नलगाई ब्रह्मचर्य पालन गर्दछौ नि ? किन ब्रह्मचर्य धान्न सक्दैनौ ? किन शिक्षा छाडी गृहस्थी हुन चाहन्छौ ?"

"भन्ते ! म घरबाट निस्किरहेको बेलामा आधा चुल्ठो कोरिरहेकी जनपदकल्याणी शाक्यले चाँडै फर्केर आऊ भनी भनेकी थिई । भन्ते ! म उही कुरा सम्झेर मन नलगाई नलगाई ब्रह्मचर्य पालन गरिरहेको छु । सोही कुरा सम्झी शिक्षा छाडी गृहस्थी बन्न चाहेको हुँ ।"

अनि भगवान्‌ले आयुष्मान् नन्दको हात समाती ऋद्धिबलद्वारा त्रयस्त्रिंश भवनमा लैजाँदै बीच बाटाको एक आगोलागेको खेतमा आगोले डढाई ठुटो भइरहेको रूखको ठुटोमा बसिरहेको, कान काटिएकी, ठूडे नाक भएकी, ठुट्टो पुच्छर भएकी एउटी बाँदरनी देखाई त्रयस्त्रिंश भवनमा पुग्नु भयो । त्यहाँ शक्र देवेन्द्रको उपस्थानमा आएका परेवाको खुट्टा जस्तै राता खुट्टा भएका पाँचशय अप्सराहरू देखाउनु भयो । अनि भगवान्‌ले सोध्नु भयो "नन्द ! के भन्छौ त, तिम्री जनपदकल्याणी राम्री छिन् कि यी अप्सराहरू ?"

"भन्ते ! यिनीहरूको अगाडि जनपदकल्याणी त त्यो ठूठोमा

Downloaded from http://dhamma.digital

बसिरहेकी नाक कान बुच्चे बाँनरनी जस्तै देखिन्छे । यी अप्सराहरू नै राम्रा तथा दर्शनीय छन् ।"

"नन्द ! ब्रह्मचर्यमा मन लगाऊ । म तिमीलाई यी अप्सराहरू दिलाइदिने छु ?"

"भन्ते ! यदि तपाइँले यी पाँचशय अप्सराहरू दिलाइदिनु हुन्छ भने म ब्रह्मचर्यमा मन लगाउने छु ।"

अनि नन्दलाई लिएर भगवान् त्यहाँबाट अन्तरध्यान भई जेतवनमा प्रकट हुनुभयो । भिक्षुहरूले सुने कि भगवान्‌का भाइ, आमाका बहिनीका छोरा आयुष्मान् नन्द अप्सराहरूको कारणमा ब्रह्मचर्य पालन गर्दैछन् । भगवान्‌ले ती अप्सराहरू दिलाइदिने कबुल गर्नु भएको छ रे । अनि आयुष्मान् नन्दका साथी भिक्षुहरूले नन्दलाई ज्यामी जस्तै अथवा किनेको दास जस्तै हो भनी कुरागर्न थाले । अनि साथीहरूको यो कुरा सुनेर आयुष्मान् नन्द बडो हैरान, बडो घृणित तथा निकै विरक्तिए । अनि एक्लै निर्जन स्थानमा अप्रमत्त भई होस् राखी ध्यान गरी आयुष्मान् नन्द बसिरहँदा केही समयमै जसको निमित्त कुलपुत्रहरू श्रद्धापूर्वक घरबार छाडी अनगारिय भई प्रव्रजित हुन्छन्— त्यो अर्थ प्राप्त गरी यसै जीवनमा स्वयं धर्म अवबोध गरी समाधिष्ठ भई बसे । उनलाई यो पनि बोध भयो कि अब उप्रान्त जन्म छैन, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसके र अब उप्रान्त केही गर्नु पर्ने बाँकी छैन । आयुष्मान् नन्द अरहन्तहरू मध्ये एक भए ।

अनि रातको समयमा एक देवता जेतवन जम्मै उज्यालो पारी भगवान्‌कहाँ गई अभिवादन गरी "भन्ते ! भगवान्‌का आमाकी बहिनीका छोरा तपाइँको भाइ आयुष्मान् नन्द आस्रवहरू क्षयगरी क्षीणास्रवी भई चित्त निर्मल पारी ध्यानमा बसिरहेकाछन्" भनी बिन्ति गरे । यो सुनेर भगवान् स्वयंले पनि ध्यान दृष्टिले विचार गर्नु

Downloaded from http://dhamma.digital

हुँदा आयुष्मान् नन्द आस्रव क्षयगरी अनास्रवी भई बसिरहेका छन् भन्ने कुरा ज्ञान गर्नु भयो। अनि त्यस रात बितिसकेपछि भगवान्कहाँ आई वन्दना गरी आयुष्मान् नन्दले यस्तो बिन्ति गरे— "भन्ते! जुन भगवान्ले मलाई अप्सराहरू दिलाइदिने कबुल गर्नु भएको थियो अब भन्ते! भगवान्लाई सो कबुलबाट म मुक्त गर्दछु।"

"नन्द! मेरो मनले तिम्रो मनलाई चिनिसकेकोछु। नन्द आस्रवक्षयगरी अनास्रवी भइसक्यौ भन्ने पनि थाहा पाएँ। एक देवताले पनि यही कुरा मलाई सुनाएका थिए। नन्द! जुन समयमा तिमी आस्रवहरू क्षयगरी अनास्रवी भयौ सोही समयमै म मेरो कबुलबाट मुक्त भइसकेकोछु!" यो कुरा बुझ्नुभई भगवान्ले त्यसबखत यो उदान प्रकट गर्नुभयो— "जो हिलोबाट उत्तीर्ण भई सबै कामरूपी काँढाहरूलाई भाँचिदिन्छ र जो निर्मोही छ उ सुख दुःखबाट कम्पित हुन्न।"

अनि एक दिन भिक्षुहरूले आयुष्मान् नन्दसँग सोधे "आवुसो नन्द! अघि तिमी म उत्कण्ठित भएको छु भनी भन्दथ्यौ। अहिले कस्तो छ त?"

"आवुसो! अब ममा गृहस्थी हुने आशा छैन।"

यो सुनेर भिक्षुहरूले "आयुष्मान् नन्द झूठ बोल्दै छन्। अरहत्व लाभ भएको कुरा जताउँदै छन्। बितेका दिनहरूमा चाहिं उत्कण्ठित छु भन्थे अहिले चाहिं मलाई गृहस्थी हुने आशा छैन भनी भन्दछन्" भन्दै भगवान्कहाँ गई यो कुरा बिन्तिगरे।

भगवान्ले "भिक्षुहो! बितेका दिनहरूमा नन्दको आत्मभाव नराम्रोसँग छाएको घर जस्तो थियो। अहिले चाहिं राम्ररी छाएको घर जस्तै भएको छ। यिनले दिव्य अप्सराहरू देखेदेखि प्रव्रज्यात्वको परमार्थ पूरा गर्नको निमित्त कोशिस गरे। अब उनले सो काम सफल गरिसके" भनी भन्नु भई यो गाथा भन्नुभयो—

Downloaded from http://dhamma.digital

१३. "यथा अगारं दुच्छन्नं, वुट्ठि समतिविज्झति
एवं अभावितं चित्तं, रागो समतिविज्झति ।।

१४. "यथा अगारं सुच्छन्नं वुट्ठि न समतिविज्झति ।
एवं सुभावितं चित्तं, रागो न समतिविज्झति।।"

अर्थ–

१३– "जस्तै राम्ररी नछाएको छानाबाट पानी चुहिन्छ त्यस्तै भावना नभएको चित्तमा राग चुहिन्छ ।

१४– "जस्तै राम्ररी छाएको छानाबाट पानी चुहिंदैन त्यस्तै राम्ररी भावना भएको चित्तमा राग चुहिंदैन ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चुन्दसूकरिक–१०

## ('इध सोचति पेच्च सोचति' भन्ने गाथाको कथा)

"इध सोचति पेच्च सोचति. . ." भन्ने यो गाथा वेणुवनमा बस्नु भएका शास्ताले चुन्दसूकरिक भन्नेको कारणमा बताउनु भएको हो ।

उ प्रचपन्न (५५) वर्ष अगाडिदेखि सुंगुर मारी मासु खाई बिक्री गरी जीविका गरिरहेको थियो । दुर्भिक्षको समयमा गाडाभरी धानराखी जनपदहरूमा गई एक वा दुइ कुरुवा धानदिई सुंगुरका बच्चाहरू किनेर गाडाभरी राखेर ल्याई घरको पछाडितिर खोर जस्तो एक ठाउँ निर्धारण गरी उनीहरूलाई उहीं दानाको घाँस रोपी अनेक घाँसहरू र शरीरको मल खवाई ठूलो बनाएपछि ज-जसलाई मार्न चाहन्थ्यो उ-उसलाई खम्बामा बाँधी शरीरको मासु फुलाउनको निमित्त मुग्रोले चुट्थ्यो र 'मासु फुलेर आयो' भन्ने थाहापाएपछि मुख च्याती लट्ठीको टुक्रा राखी तताएको पानी मुखभित्र राखिदिन्थ्यो । त्यो पानीले भूँडी सफा पारी मल सहित पानी तलबाट जब निस्किन्छ तव अलिकतिमात्र पनि मल बाँकी छउञ्जेलसम्म त्यसै गर्थ्यो । पेट सफा भएपछि सफापानी निस्किन्थ्यो । अनि बाँकी पानी शरीरमा छम्कि दिन्थ्यो । परालको आगोलिई रौं पोली चूपिले काट्थ्यो । बगिरहेको रगत भाँडामा थापी र त्यसमा मासु लतपत्याई मासु पकाई छोराछोरी स्वास्नीहरूसँग बसी खान्थ्यो र बाँकी मासु बिक्री गर्थ्यो । यस किसिमले

Downloaded from http://dhamma.digital

जीविका गरिरहेको पचपन्न वर्ष (५५) बिति सक्दा पनि उसले नजिकैमा बस्नु भएका बुद्धलाई कहिल्यै एक दाडु भातसम्म पनि दिएको थिएन । अरू कुनै प्रकारको पुण्य पनि गरेको थिएन । अनि उसको शरीरमा रोग लाग्यो । जीबित छँदै अवीचि महानरकको ताप आए जस्तै अनुभव गऱ्यो । यस्तो तापले गर्दा आफूले गरेको कामको आकार जम्मै झलझल देख्थ्यो । सूंगुर जस्तै कराई घरभित्र यताउता घुँडा टेकी हिड्थ्यो । घरका मानिसहरूले उसलाई समाती मुख थुनिदिन्थे । कर्मविपाकलाई कसैले छेक्न सक्दैन । उ कराई चिच्याई यताउता हिंड्थ्यो । उसलेगर्दा सातघरसम्मका मानिसहरू निदाउन सकेकाथिएनन् । मरण भयले डराएको सो पुरुष घरबाट निस्कला भन्ने डरले रोक्नको लागि ठाउँ-ठाउँका ढोकाहरूमा पालो बसे झैं बसिरहे । उ चाहिं घरभित्रै नरकको सन्ताप अनुभव गर्दै यताउता छटपटाइरहन्थ्यो । यसरी सातदिनसम्म यसै जीवनमा नरकको अनुभव गरी अन्त्यमा मृत्युभई अवीचि महानरकमा उत्पन्न भयो ।

भिक्षुहरू उसको घरमनिबाट भिक्षाटन्को लागि जाँदा सो चिच्याइरहेको आवाज सुनी सूंगुर कराइरहेको भन्ने ठानी भगवान्कहाँ गई यो खबर सुनाउँदै "भन्ते ! चुन्दसूकरिकको घरमा सातदिनदेखि घरको ढोका बन्द गरी सूंगुर काटिरहेको जस्तो आवाज सुनिन्छ । लाग्छ कि उसको घरमा कुनै मङ्गलकार्य भएको छ । यसरी सूंगुर मार्नेको मनमा कत्ति पनि मैत्री र करुणाछैन होला । यस्तो विघ्न कठोर निर्दयी पुरुष त हामीले देखेका थिएनौं ।"

अनि शास्ताले भन्नुभयो— "भिक्षुहो ! यो सातदिनसम्म उसले सूंगुर मारिरहेको होइन । अपितु गरेको काम अनुसार भोग गरिरहेछ । उ त्यस कर्मको सन्तापद्वारा सातदिनसम्म सूंगुर जस्तै कराउँदै घरभित्र छटपटाइरहन्थ्यो आज उसको मृत्यु भयो । अब उ अवीचि महानरकमा उत्पन्न भयो ।

Downloaded from http://dhamma.digital

"भन्ते ! यस जीवनमा शोक सन्ताप हुने काम गरी फेरि यहाँ-बाट गएर शोक सन्ताप गर्नु पर्ने ठाउँमा नै उत्पन्न भयो ।"

भिक्षुहरूले यस्तो भनेपछि "प्रमादी हुनेहरू— चाहे गृहस्थी होउन् चाहे प्रव्रजित् होउन् दुबै तिर शोक सन्ताप गर्ने हुन्छन्" भनी भन्नुभई भगवान्ले त्यसबेला यो गाथा बताउनु भयो—

१५. "इध सोचति पेच्च सोचति,
पापकारी उभयत्थ सोचति ।
सो सोचति सो विहञ्ञति,
दिस्वा कम्मकिलिट्ठमत्तनो ॥"

अर्थ—

१५— "पापी व्यक्तिलाई इहलोक र परलोक दुबै लोकमा शोक सन्ताप हुन्छ तथा आफूले गरेको खराब कामलाई देखेर उ आफै दुःखी र पीडित पनि हुन्छ ।"

Downloaded from http://dhamma.digital

# धार्मिक उपासक-११

## ('इध मोदति पेच्च मोदति' भन्ने गाथाको कथा)

"इध मोदति पेच्च मोदति. . ." भन्ने यो गाथा जेतवन विहारमा बसिरहनु भएका शास्ताले धम्मिक उपासकको कारणमा बताउनु भएको हो ।

श्रावस्तीमा पाँचशय धम्मिक (=धार्मिक) उपासक भन्नेहरू थिए । उनीहरू मध्ये प्रत्येकका पाँच पाँचशय (५००) परिवार उपासकहरू थिए । त्यसमध्ये जो जेठो थियो त्यसका सात पुत्र र सात पुत्री थिए । उनीहरू मध्ये प्रत्येकले एक एक 'सलाक'[1]-यागु, सलाक-भोजन, पाक्षिक-भोजन, नवचन्द्र-भोजन र वर्षावासिक भोजन दिन्थे । यी सबै पुत्रपुत्रीहरू अनुजात[2] पुत्रहरू थिए । यसरी चौधै जना छोराछोरी,

---

१. 'सलाक' भनेको एक स्यानो काठको टुक्रा हो । यसमा आफ्नो नाम लेखी वितरण गरिन्छ । यो लिएर आएकालाई भोजन प्रदान गरिन्छ । यस प्रकारले दिने दानलाई 'सलाक दान' भनिन्छ । आजकलको भाषामा भन्ने हो भने निमन्त्रणा कार्ड भन्न सकिन्छ ।

२. पुत्रहरू तीनप्रकारका हुन्छन्--- (१) अवजातपुत्र, (२) अनुजातपुत्र तथा (३) अतिजातपुत्र । यी मध्ये आमाबाबुभन्दा कमसल काम गरी बस्नेलाई अवजात, आमाबाबु समानभई कामगरी बस्नेलाई "अनुजात" र आमाबाबु भन्दा राम्रो कामगरी बस्नेलाई "अतिजात" भनिन्छ ।

Downloaded from http://dhamma.digital

आफ्नी भार्या तथा आफू समेत गरी जम्मा सोह्र सलाकदानहरू दिन्थे। यसरी उनी पुत्रपुत्री भार्या सहित शीलवान् कल्याणधर्मी तथा विभाजन गरी दान दिने कार्यमा रत थिए।

पछि उनलाई रोग लाग्यो। आयुसंस्कार क्षय हुन थाल्यो। अनि धर्मका कुरा सुन्नेतिर मन गएपछि "आठ वा सोह्र भिक्षुहरू पठाइदिनुहोस्" भनी उनले शास्ताकहाँ खबर पठाए। शास्ताले पठाइदिनु भयो। तिनीहरू गई खाट वरिपरि बिच्छयाइराखेको आसनमा बसे। उपासकले "भन्ते! अब मेरो निमित्त आर्यहरूको दर्शन दुर्लभ हुनेछ। सारै कमजोर भएको छु। एउटा सूत्र पाठ गर्नुहोस्" भनी बिन्ति गरे।

"उपासक! कुनचाहिं सूत्र सुन्न चाहन्छौ?"

"भन्ते! सबै बुद्धहरूले नछोडेका सतिपट्ठान सूत्र।"

अनि भिक्षुहरूले "एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया..." अर्थात्—"भिक्षुहो! सत्वहरूको विशुद्धिको लागि यही एक मार्ग हो..." भन्ने सूत्र पाठ प्रारम्भ गरे। त्यसबेला छ देवलोकबाट सबै अलङ्कारले अलंकृत एकहजार घोडाहरू नारेका तथा डेढशय योजन भएका छ वटा रथहरू आकाशमा आएर त्यसमा बसेका देवताहरूले "हे पुरुष! माटाका भाँडा फुटालेर सुवर्णका भाँडा लिने जस्तै हाम्रो रथमा आऊ, हाम्रो रथमा आऊ! हाम्रो देवभवनमा उत्पन्न होऊ, हाम्रो देवभवनमा उत्पन्न होऊ" भनी भन्न थाले। धर्मश्रवणमा बाधा दिन नचाहेका उनले उनीहरूलाई 'भो भो, नकराऊ' भनी भने। "हामीलाई भनेको होला" भन्ने विचारले भिक्षुहरू चूपलागे। "हाम्रा पिता अघि अघि धर्मश्रवण गर्दा तृप्त हुँदैनथे, अहिले चाहिं आफैले भिक्षुहरूलाई बोलाउन पठाई सूत्रपाठ गर्न लगाई आफै निवारण गर्नु हुन्छ। मरणदेखि नडराउने प्राणी कोही हुँदो रहेनछ" भन्दै

Downloaded from http://dhamma.digital

छोराछोरीहरू रुन थाले । अनि भिक्षुहरू "अब समय ठीक भएन" भन्ने ठानी आसनबाट उठी फर्के ।

केहीछिनपछि होसमा आई उपासकले "किन रोइरहेको ?" भनी छोराहरूसँग सोधे ।

"भो पिता ! तपाइँ स्वयंले भिक्षुहरूलाई बोलाउन पठाई धर्म-श्रवण गरिरहनु भएको बेलामा तपाइँले वहाँहरूलाई रोक्नु भयो । अनि हामीहरू 'मरणदेखि नडराउने प्राणी कोही हुँदो रहेनछ' भन्दै रोइरहेका हौं' भनी सुनाए ।

"आर्यहरू खोइ त ?"

"अब समय ठीक छैन भन्दै वहाँहरू फर्केर जानुभयो ।"

"पुत्रहो ! वहाँहरूलाई मैले भनेको होइन ।"

"अनि कसलाई भन्नु भएको नि ?"

"छ देवलोकबाट छवटा रथहरू ल्याई, हाम्रो देवभवनमा आऊ, हाम्रो देवभवनमा आऊ भनी देवताहरू कराइरहे अनि मैले उनीहरूलाई नकराऊ भनेको हुँ ।"

"पिता ! हामीहरूले त ती रथहरू देख्दैनौं । कहाँ छन् ती रथहरू?"

"तिमीहरूले फूलमाला तयार पारिराखेका छौ के ?"

"छौं, पिता ।"

"कुन चाहिं देवलोक रमणीय छ ?"

"पिता ! सबै बोधिसत्वहरू, बुद्धमातापिताहरू बसेको तुषितभवन रमणीय छ ।"

"त्यसो भए तुषितभवनबाट आएको रथमा यो माला अड्कोस् भनी फूलमाला आकाशतिर फ्याक ।"

उनीहरूले फूलमाला फ्याके । यो रथको धुरमा अल्झेर आकाश-मा कुण्डियो । त्यहाँ भेला भएका सबैले फूलमाला कुण्डिरहेको भने देखे

Downloaded from http://dhamma.digital

तर रथ चाहिं देखेनन् । अनि उपासकले "देख्छौ के यो फूलमाला ?" भनी सोध्दा "हो देख्छौं" भनी भनेपछि "यो फूलमाला तुषितभवन-बाट आएको रथमा अल्झेर बसेको छ । म तुषितभवनमा जाँदैछु । तिमीहरू चिन्ता नगर । मकहाँ आउन चाहन्छौ भने मैले गरे अनुसार पुण्यादि गर" भनी प्राण त्याग गरी रथमा प्रतिष्ठित भए । उत्नाधरिमै तीन गाउत प्रमाणको आभरण अलंकृत आत्मभाव उत्पन्न भयो । एक हजार अप्सराहरूले परिवृत्त गरे । पच्चीस योजनिक कनकविमान उत्पन्न भयो ।

ती भिक्षुहरू विहारमा पुगेपछि शास्ताले सोध्नु भयो — "भिक्षुहो ! उपासकले धर्म श्रवण गरे ?"

"हो भन्ते, गरे । तर बीचैमा उनले हामीलाई रोके । अनि उनका छोराछोरीहरू रुन थाले । हामी आसनबाट उठी फर्केर आयौं ।"

"भिक्षुहो ! उनले तिमीहरूलाई रोकेका होइनन् । छ देवलोक-बाट छवटा दिब्यरथहरू आकाशमा आएका थिए । त्यसमा बसेका देवताहरूले उनलाई हाम्रो रथमा आऊ, हाम्रो देवलोकमा आऊ भनी बोलाउँदै थिए । धर्मश्रवणमा बाधा नहोस् भन्ने विचारले उनले उनी-हरूलाई त्यसो भनेका हुन् ।"

"यसो हो भन्ते ?"

"हो, यस्तै हो ।"

"अहिले उनी कहाँ उत्पन्न भए त ?"

"भिक्षुहो ! तुषितभवनमा ।"

"भन्ते ! यहाँ ज्ञातिबन्धुहरूकाबीच मुदित भई बसेर तुरुन्तै यहाँबाट गई मुदित हुने ठाउँमै उत्पन्न भए ।"

"हो, भिक्षुहो ! अप्रमादीहरू—चाहे गृहस्थी होउन् चाहे प्रव्रजित

Downloaded from http://dhamma.digital

होउन्–सबै ठाउँमा मुदित नै हुन्छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो—

१६. "इध मोदति पेच्च मोदति,
कतपुञ्ञो उभयत्थ मोदति ।
सो मोदति सो पमोदति,
दिस्वा कम्मविसुद्धमत्तनो ॥"

अर्थ–

१६–"पुण्यवान् पुरुष इहलोक र परलोक दुबै लोकमा मुदित हुन्छ; आफूले गरेको राम्रो कामलाई देखेर आफै प्रमुदित हुन्छ ।"

———

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# देवदत्त–१२

## ('इध तप्पति पेच्च तप्पति' भन्ने गाथाको कथा)

"इध तप्पति पेच्च तप्पति. . ." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले देवदत्तको कारणमा बताउनु भएको हो ।

देवदत्त प्रव्रजित भएदेखि पृथ्वीमा प्रवेश गरे सम्मका अनेक कुराहरू अनेक जातकमा देवदत्तको कारणमा बताइ राखेका छन् । यहाँ चाहिं संक्षेपरूपमा—

भगवान् बुद्ध सर्वप्रथम कपिलवस्तुमा आएर त्यहाँबाट राजगृह फर्कदा बीच बाटामा मल्लहरूको निगमको अनुप्रिय भन्ने आम्रवनमा बस्नु भएको थियो । त्यसबखत कपिलवस्तुमा यस्तो कुरा चल्यो— यी भद्रीय आदि ६ शाक्य परिवारहरू भगवान्का ज्ञातिहरू होइन होलान् । त्यसैले यिनीहरू प्रव्रजित नभएका हुन् । यसै कुराको कारणले गर्दा एकदिन भद्रीय राजा, अनुरुद्ध, आनन्द, भगु, किम्बिल तथा देवदत्त सहित ६ शाक्यहरू उपालि हजामको साथ अनुप्रिय भन्ने आम्रवनमा गई, सर्वप्रथम उपालि हजामलाई प्रव्रजित गराइ सकेपछि ती ६ शाक्यहरू प्रव्रजित भएका थिए । तिनीहरूमध्ये आयुष्मान् भद्रीय त्यसै वर्षावासभित्र त्रैविद्य भए; आयुष्मान् अनुरुद्ध दिव्यचक्षु लाभी भएपछि महापुरुसवितक्क[1] सूत्रको कुरा सुनी अरहत्

१. यो सूत्रलाई अं. नि.–८. पृ. ३३० मा अनुरुद्ध महावितक्कसुत्तं-

Downloaded from http://dhamma.digital

भए । आयुष्मान् आनन्द स्रोतापत्ति फलमा प्रतिष्ठित भए । भगु र किम्बिल पछि गएर विपश्यना बढाई अरहत् भए तथा देवदत्तले पृथग्जनिक ऋद्धि प्राप्त गरेका थिए ।

पछि शास्ता कौशम्बिमा बसिरहनु भएको बेलामा श्रावक सहित तथागतलाई ठूलो लाभसत्कार प्राप्त भयो । भैषज्य वस्त्र हातमा लिई मानिसहरू विहारमा गई– "शास्ता कहाँ हुनुहुन्छ ! सारिपुत्र स्थविर कहाँ हुनुहुन्छ ? महामौद्गल्यायन स्थविर कहाँ हुनुहुन्छ ? महाकश्यप स्थविर कहाँ हुनुहुन्छ ? भद्रीय स्थविर कहाँ हुनुहुन्छ ? अनुरुद्ध स्थबिर कहाँ हुनुहुन्छ ? आनन्द स्थविर कहाँ हुनुहुन्छ ? भगु स्थविर कहाँ हुनुहुन्छ ? र किम्बिल स्थविर कहाँ हुनुहुन्छ ?" भनी सोध्दै असीतिमहाश्रावकहरू बस्ने ठाउँ खोज्दै हिड्थे । "देवदत्त स्थविर कहाँ हुनुहुन्छ ?" भनी सोध्ने कोही थिएनन् । अनि उनले सोच्न थाले— म पनि यिनीहरूसँगै प्रव्रजित भएको हुँ । यिनीहरू पनि क्षेत्री हुन् र म पनि क्षत्री हुँ । स्वागत सत्कारका सामान हातमा लिएका मानिसहरू भने यिनीहरूलाई खोजि खोजि हिड्दछन् । मेरो भने नाम मात्र लिनेपनि कोही छैनन् । कोसँग मिलेर कसलाई प्रसन्न पारेर आफ्नो लाभसत्कार पाउन सकूँला ।" अनि उनको मनमा यस्तो लाग्यो— यी राजा बिम्बिसार प्रथम भेटैमा एघार नहुत मानिसहरूका साथ स्रोतापत्ति फलमा प्रतिष्ठित भएका हुन् । यी राजासँग एकसाथ हुन चाहिं सकिन्न । कोशल राजासँग पनि एकसाथ हुन सकिने छैन । यी बिम्बिसारका छोरा अजातशत्रु राजकुमार कसैको गुणदोष जान्दैनन् । यिनीसँग एकसाथ हुनुपऱ्यो ।" यति सोचेर कौशम्बिबाट राजगृहमा गई कुमारको भेष अभिनिर्माण गरी चारओटा विषालु

भनी उल्लेख भएको छ । यस्तैगरी अं. नि–३ पृ. २६२ मा दुतिय-अनुरुद्ध सूत्र भनी उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

सर्पहरू चारओटा हातखुट्टामा, यौटा गर्धनमा बेरेर, यौटा शीरमा फेटा जस्तै बाँधी यौटा एकांश गरी आकाशबाट ओर्ल्हीं अजातशत्रुको काखमा बसे। अजातशत्रु राजकुमार यसबाट भयभीतभई तिमी को हौ? भनी सोध्दा "म देवदत्त हुँ" भनी उनको भय हटाइदिन त्यो भेष बदलेर सङ्घाटिपात्र चीवर धारी भई उनको अगाडि उभिई उनलाई प्रसन्नपारी आफ्नो लाभसत्कार प्राप्तगरे[१]। यो लाभसत्कारद्वारा मत्त भइ "मैले भिक्षुसङ्घहरू परिहरण गर्नुपर्‍यो" भन्ने खराब चित्त उत्पन्न गरे। यसको साथ साथै उनको ऋद्धिको बल अथवा प्रभाव लुप्त भएर गयो। यसरी ऋद्धिबलबाट च्युत भई वेणुवनमा राजा सहित सम्मिलित परिषद्‌लाई धर्मोपदेश गरिरहनुभएका बुद्धकहाँगई वन्दनागरी उठेर दुईहात जोरी "भन्ते! भगवान् अहिले बुढो भइसक्नुभयो। अल्पोत्सुकी भई दृष्टधर्मसुख अनुभव गर्दै बस्नुहोस्। भिक्षुसङ्घलाई म परिहरण गर्नेछु। मलाई भिक्षुसङ्घ जिम्मा लगाइ दिनुहोस्" भनी भने। भगवान्‌ले खेलासिकवादद्वारा[२] अप्रसन्न गराई प्रतिक्षेप गरेपछि असन्तुष्ट भई भगवान् प्रति पहिलो पटक वैरभाव लिएर गए।

अनि भगवान्‌ले राजगृहमा 'पकासनीयकम्मं" (प्रकाशनीय-

---

१. अजातशत्रु प्रसन्न भएर रोजाना पाँचसय थाली भात देवदत्त कहाँ पठाउन थाले। चुल्ल व. पा. पृ. २८ : संघभेदक्खन्धकं।

२. आर्यपुरुषहरूले छाड्ने मिथ्याजीवनद्वारा प्राप्त लाभसत्कारलाई ग्रहण गर्ने अर्थले फालेको थुक् चाट्ने भन्ने सिद्धान्तलाई 'खेलासिक वाद' भनिन्छ। सम. पा. III पृ. १३६३

३. अघि देवदत्तको विचारधारा अर्कै थियो, अहिले अर्कैछ। जो काम कुरा आदि देवदत्तले गर्छन् वा भन्छन् त्यसको सम्बन्ध बुद्ध, धर्म तथा संघसंगै कुनै छैन। त्यो सबै देवदत्तकै हुनेछ भन्ने कुरा ज्ञापन गराइदिने कामलाई 'पकासनीयकम्मं' भनेको हो। चुल्ल व. पा. पृ. २८८ पकासनीयकम्मं, संघभेदकखन्धकं।

Downloaded from http://dhamma.digital

कर्म) गराउनु भयो । यो सुनेर देवदत्तले "अब भने श्रमणगौतमले मलाई छाड्नु भयो । अब मैले वहाँलाई अनर्थ गर्नेछु" भन्ने विचार गरी अजातशत्रुकहाँ गई "कुमार ! अघि अघि मानिसहरू दीर्घायु थिए । अहिले अल्पायु छन् । सम्भवतः तिमी कुमार भएर नै मर्नेछौ । त्यसैले आफ्ना पितालाई मारेर तिमी राजा होऊ । म बुद्धलाई मारेर बुद्ध बन्ने छु" भनी भने । अनिपछि कुमार राज्यमा प्रतिष्ठित भएपछि तथागतलाई हत्या गर्नको निमित्त मानिसहरू पठाउँदा उनीहरू स्रोतापत्ति फलमा प्रतिष्ठित भई फर्केपछि स्वयं गृद्धकूट पर्वतमा गई 'श्रमण गौतमलाई आफैले मार्नेछु' भनी ढुङ्गा खसाल्दा बुद्धको शरीरबाट रगत निस्कियो । यस उपायद्वारा पनि मार्न नसकेपछि फेरि उनले नालागिरी (धनपाल) नामक हात्ती छाडिदिए ।

यो हात्ती आउँदा आनन्द स्थविरले आफ्नो ज्यान शास्ताको लागि परित्याग गरी हात्तीको अगाडितिर आफू उभिई बसे । शास्ताले हात्तीलाई दमनगरी नगरबाट निस्केर विहारमा आई त्यहाँ अनेक हजार मानिसहरूले ल्याएका महादान भोजन गर्नुभयो । यस दिन भेला भएका अठारकोटि राजगृहवासीलाई आनुपूर्विकथा आदि सुनाउनु हुँदा चौरासी हजार मानिसहरूले धर्मावबोध गरेपछि "अहो ! महागुणी आयुष्मान् आनन्द ! यस्तो हात्ती आउँदा आफ्नो ज्यान समेत परित्याग गरी शास्ताको अघिल्तिर बस्नु भयो" भन्दै स्थविरको गुण वर्णन गरेको सुनेर "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि मेरो निमित्त आनन्दले ज्यान दिएका थिए" भनी चूलहंस[१], महाहंस[२] कक्कटक[३] जातकादिका कथाहरू सुनाउनु भयो ।

---

१. जा. अ. क. VI पृ. २०१, नं. ५३३
२. जा. अ. क. VI पृ. २२३, नं. ५३४
३. जा. अ. क. I–II पृ. ६०६, नं. २६७

Downloaded from http://dhamma.digital

देवदत्तको कुकर्म त्यतिञ्जेलसम्म त्यत्तिको प्रकट भएको थिएन जतिञ्जेलसम्म उनले नालागिरी हात्ती छाडेका थिएनन् । जब उसले नालागिरी हात्तीलाई छाडे तब बिम्बिसार राजालाई मार्न लगाएको, हत्याको निमित्त मानिसहरू पठाएको र ढुङ्गा आदि खसालेको सबै कुराहरू प्रकट भए । अनि महाजनहरू "राजा पनि यस्ताको साथ लिएर हिड्छन्" भन्दै होहल्लागरी कराउन थाले । महाजनहरूको होहल्ला सुनेर अजातशत्रु राजाले देवदत्तलाई दिइराखेका पाँचसय थाली भातहरू बन्द गराइदिए र फेरि कहिल्यै पनि उनको उपस्थानको निमित्त गएनन् । नागरिकहरूले पनि घरमा आउँदा भिक्षा मात्र पनि दिएनन् । लाभ सत्कारबाट परिहानी भएपछि कुहक (=ढोंगी) वृत्तिले जीवन बिताउने विचार गरी शास्ता कहाँ गई पाँचवटा[1] व्रत पालन गर्ने कुरा प्रार्थना गर्दा भगवान्ले "भइहाल्यो, देवदत्त ! जो चाहन्छन् त्यो आरण्यिक होस्" भनी प्रतिक्षेप गर्नुभयो । अनि उसले आफ्ना परिवार भिक्षुहरूलाई "कसको कुरा राम्रो छ त ? तथागतको कि मेरो ?" मैले चाहिं उत्कृष्टरूपले यस्तो भने— "भन्ते ! जीवनभर आरण्यिक होऊन्, जीवनभर भिक्षाटन् गरून्, जीवनभर पाँसुकूलिक होउन्, जीवनभर रूखमनि बसून् र जीवनभर माछा, मासु नखाऊन् । अतः जो दुःखबाट मुक्तहुन चाहन्छन् तिनीहरू मसँग आउन्" भनी भने । उनको कुरा सुनी भरखर भरखर प्रव्रजित भएका केही मन्दबुद्धि भएका भिक्षुहरू

---

१. देवदत्तले मागेका पाँचवटा व्रत यी हुन्---(१) जीवनभर भिक्षुहरू जंगलमा बसून, (२) जीवनभर भिक्षुहरू भिक्षाटन् मात्र गरून्, (३) जीवनभर भिक्षुहरूले फाटेको कपडाको चीवर सिएर लगाउन्, (४) जीवनभर भिक्षुहरू रूखमनि बसून्, र (५)जीवनभर भिक्षुहरू माछा मासु नखाउन् ।

Downloaded from http://dhamma.digital

"देवदत्त राम्रै भन्छन्, यिनीसँगै बस्ने छौं" भन्दै उनीसँग गए। यसरी पाँचशय भिक्षुहरूका साथ गई ती पाँच कठोर व्रतलाई देखेर प्रसन्न हुने मानिसहरूलाई सम्झाउँदै विज्ञापन गर्दै[1] जीविका गरी सङ्घभेद गर्ने प्रयाश गर्न थाले। अनि भगवान्ले "साँच्चै हो के, देवदत्त ! तिमीले सङ्घभेद गर्ने प्रयाश गर्दै छौ ?" भनी सोध्दा उनले "हो" भनी भने।

"देवदत्त ! सङ्घभेद[2] गर्नु भनेको बडो भयानक तथा भारी काम हो" भनी अववाद (=अतिबुद्धि) दिंदा पनि शास्ताको वचनलाई वास्ता गरेनन्। अनि उनले आयुष्मान् आनन्दलाई राजगृहमा भिक्षाटन् गरिरहेको देखेर "आवुसो आनन्द ! आजदेखि मैले भगवान् विना भिक्षुसङ्घ विना उपोसथ गर्ने छु, सङ्घकर्म गर्ने छु" भनी सुनाए। स्थविरले यो कुरा भगवान्लाई सुनाए। यो सुनेर धर्मसंवेग उत्पन्न भई शास्ताले "देवदत्त देवसहित लोकको अनर्थको कारण हुँदै छन्। आफूलाई अवीचिमा पकाउने काम पनि गर्दैछन्" भनी परिवितर्कना गरी—

"सुकरानि असाधूनि अत्तनो अहितानिच।
यं वे हितञ्च साधुञ्च तं वे परमदुक्करं॥"

---

१. विज्ञापन गरी जीविका गर्ने भनेको "यो देऊ, त्यो देऊ" भनी मागी मागी जीविका गर्नु हो। यसरी विज्ञापन गरी माग्न नहुने भिक्षुहरूको नियम छ।

२. 'सङ्घभेद' भनेको सबै एकसाथ मिलेर उपोसथकर्म नगर्नु हो। भिक्षुहरूको नियम अनुसार प्रत्येक महीनाको दुई पटक भिक्षु नियम (=प्रातिमोक्ष) लाई विशेष निर्धारित ठाउँमा एकत्रित भई आवृत्ति गर्नुलाई 'उपोसथकर्म' भनिन्छ। त्यस्तो नगरी आफ्नो दल छुटचाई अलग्ग अलग्ग आफ्नो दलभित्र मात्र उपोसथकर्म गर्नेलाई 'सङ्घभेद' भनिएको हो।

Downloaded from http://dhamma.digital

अर्थ—

"आफूलाई अहित हुने खराब काम गर्न सजिलो छ, जुन हितकर तथा असल काम हो त्यो गर्नु मुश्किल छ" भनी भन्नु भयो । फेरि यस्तो पनि उदान प्रकट गर्नु भयो—

"सुकरं साधुना साधु, साधु पापेन दुक्करं ।
पापं पापेन सुकरं, पापमरियेहि दुक्करं ॥"

अर्थ—

"असल मानिसको लागि असल काम सजिलो छ र असल मानिसको लागि खराब काम मुश्किल छ । पापीको लागि पापकर्म सजिलो छ र आर्यको लागि पापकर्म मुश्किल छ ।"

अनि एक उपोसथको दिनमा आफ्नो परिषद्कासाथ एक छेउमा बसी "जसले यी पाँच व्रतहरूलाई रुचाउँछ उसले सलाक ग्रहण गर" भनी देवदत्तले भने । भरखरै भिक्षु भएका धर्मको स्वभावलाई नबुझ्ने पाँचसय वृजिपुत्रक भिक्षुहरूले सलाक ग्रहण गरेका हुनाले सङ्घभेद गरी उनीहरूलाई साथमा लिएर देवदत्त गयाशीर्ष पर्वतमा गए । देवदत्त वहाँ गएको कुरा सुनेर शास्ताले ती भिक्षुहरूलाई फर्काई ल्याउन दुई अग्रश्रावकहरूलाई पठाउनु भयो । उनीहरू वहाँगई आदेशना प्रातिहार्य अनुशासनद्वारा र ऋद्धिप्रातिहार्य[१] अनुशासनद्वारा अनुशासन गरी उनीहरूलाई अमृतपान गराई साथमा लिएर आकाशमार्गद्वारा आइपुग्नु

---

१. यो आदेशनाप्रातिहार्य र ऋद्धिप्रातिहार्य भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. गृ. भा.—२ पृ. १६४ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

भयो । अनि कोकालिक भिक्षुले "आवुसो देवदत्त ! उठ, तिम्रा भिक्षु-हरूलाई सारिपुत्र मौद्गल्यायानले लगिसके । मैले तिमीलाई सारिपुत्र मौद्गल्यायन माथि विश्वास नगर भनेको होइन ?" भन्दै घुँडाले छातीमा ठोके । उनले उहीं तातो रगत वमन गरे । उता भिक्षुहरूद्वारा परिवृत्त भई सारिपुत्र आकाशमार्गबाट आइरहेको देखेर भिक्षुहरूले "भन्ते ! आयुष्मान् सारिपुत्र जाँदा आफू समेत दुइजना गएका थिए अहिले महापारिवारकासाथ आइरहेको राम्रो देखिन्छ" भनी भने । शास्ताले "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि यस्तै गरेर आएका थिए" भनी लक्खणमिग[1] जातकको कुरा सुनाउनु भयो । फेरि भिक्षुहरूले "भन्ते ! देवदत्तले दुइ अग्रश्रावकहरूलाई दुइतिर बसाली तपाइँले धर्मदेशना गरे जस्तै गर" भनी भन्दा भगवान्ले "अहिले मात्र होइन अघि पनि यस्तै अनुकरण गरेका थिए तर सफल भएनन्" भनी वीरक[2] जातकको कुरा सुनाउनु भयो । यसरी राजगृहमा बसिरहँदा देवदत्तको कारणमा अनेक जातकका कुराहरु सुनाई भगवान् राजगृहबाट श्रावस्तीमा जानुभई जेतवनाराममा बस्नु भयो ।

देवदत्त पनि नौ महीनासम्म बिरामी भए । आखिर समयमा शास्ताको दर्शनगर्ने इच्छा भएकोले आफ्ना शिष्यहरूलाई "म शास्ता-को दर्शन गर्न चाहन्छु । मलाई शास्ताकहाँ लैजाऊ" भनी भने । यसोभन्दा उनीहरूले "बलियो छँदा तपाइँले शास्तासँग वैरभाव गरी ।हिड्नु भयो । अब हामीले तपाइँलाई लैजान सक्तैनौं" भनी भने ।

"मलाई विनाश नपार । मैले शास्तामाथि आघात गरें तर

१. जा. अ. क. I–II पृ. ११२, नं. ११
२. जा. अ. क. I–II पृ. ४७९, नं. २०४

Downloaded from http://dhamma.digital

शास्ताको मनमा चाहिं ममाथि रौंको टुप्पो जति मात्र पनि द्वेषभाव छैन। वहाँ भगवान् यस्तो हुनुहुन्छ –

"वधके देवदत्तम्हि चोरे अङ्गुलिमालके ।
धनपाले राहुले चेव सब्बत्थ सममानसो ।"

अर्थ–

"बधगर्ने देवदत्तमाथि, अङ्गुलिमाल चोरमाथि, धनपाल (नालागिरी) हात्तीमाथि तथा राहुल आदि सबै माथि—वहाँ समान हुनुहुन्छ ।"

"मलाई वहाँ भगवान्को दर्शन गराऊ" भनी बार बार भन्न थाले। अनि उनलाई खाटमा राखेर बोकी उनीहरू निस्के । देवदत्त आइरहेको कुरा सुनेर भिक्षुहरूले भगवान्लाई निवेदन गरे– "भन्ते ! देवदत्त तपाईंको दर्शनार्थ आइरहेका छन् ।"

"भिक्षुहो ! यस जीवनमा उनले मलाई देख्न पाउने छैनन्[१] ।"

"भन्ते ! फलाना फलाना ठाउँमा आइपुगे ।"

"भिक्षुहो ! तिमीहरू जे भन तर उनले यस जीवनमा मलाई देख्न सक्ने छैनन् ।"

"भन्ते ! यहाँबाट एक योजन मात्र बाँकी छ । आधा योजन मात्र बाँकी छ । जेतवन समीपको पोखरीमा आइपुगे ।"

---

१. भनिन्छ कि जसले सङ्घभेद गर्छ त्यस्ताले बुद्धको दर्शन गर्न सक्दैन । यो स्वाभाविक धर्म हो । यो प्रकृति नियम हो । धम्म.प. अ. क. पृ. ९१ : देवदत्तवत्थु ।

Downloaded from http://dhamma.digital

"जेतवन भित्रै पसे पनि उनले मलाई देख्न सक्ने छैनन् ।"

देवदत्तलाई बोकेर ल्याउनेहरू जेतवनको पोखरीको किनारमा खाट राखी पोखरीमा नुहाउन ओर्ले । देवदत्त पनि खाटबाट उठी दुवै खुट्टाले भुइँमा टेकेर बसे । दुवै खुट्टा भुइँभित्र भासियो । यसरी क्रमशः गोलीगाँठा सम्म, घुँडासम्म, जाँघसम्म, छातीसम्म अनि गर्धन भासिएपछि उनले—

"यहाँ अग्रपुरुष देवातिदेव हुनु भएका, मानिसहरूकोलागि सारथी समान हुनु भएका, समन्तचक्षु भएका तथा शतपुण्य लक्षण हुनु भएका बुद्धको यो हाड भएको प्राण सहित म शरण जानेछु" भनी भने ।

यही कारणलाई देख्नुभई तथागतले देवदत्तलाई प्रव्रजित गराउनु भएको हो । यदि उनी प्रव्रजित नभएका भए गृहस्थी भई निकै ठूलो कर्म गर्ने थिए । भविष्यमा संसारबाट मुक्तहुने हेतु बनाउन सक्ने थिएनन् । प्रव्रजित भएर केही भारी काम गरे तापनि भविष्यको निम्ति संसारबाट मुक्त हुनको लागि केही हेतु बनाउन सक्नेछन् । त्यसैले उनलाई शास्ताले प्रव्रजित गराउनु भएको हो । उनी यहाँदेखि एकलाख कल्प पछि अट्ठिस्सर नामक प्रत्येकबुद्ध हुनेछन् । उनी पृथ्वीभित्र बिलीन भएपछि अवीचिमा उत्पन्न भए ।

अचल बुद्धमाथि अपराध गरी अचलभई पचोस् भन्ने जस्तै गरी शय योजन भएको अवीचि नरकमा शय योजनै भएको शरीर उत्पन्न भयो । उनको शीरलाई कान माथिसम्म फलामको कपालले ढाक्यो, गोलीगाँठासम्म फलामको पृथ्वीमा पस्यो । महाताल बृक्ष जत्रै फलामको शूली पछाडिबाट निस्की आँग छेडी छातीबाट निस्की अगाडितिरको भित्तामा पस्यो । अर्को चाहिं दाहिने भित्ताबाट निस्की दाहिनेतिर छेडी

Downloaded from http://dhamma.digital

बायाँबाट निस्की बायाँ पट्टिको भित्तामा पस्यो । अर्को चाहिं माथिबाट निस्की टाउकोमा प्वाल पारेर तलतिरबाट निस्की फलामको पृथ्वीमा पस्यो । यसरी त्यहाँ देवदत्त अचल भएर पच्न थाले ।

"यतिका नजिक आएर पनि देवदत्तले शास्ताको दर्शन गर्न नपाइ पृथ्वीभित्र भासिए" भनी भिक्षुहरूले कुरा निकाले । शास्ता आएर "भिक्षुहो ! अहिले मात्र पृथ्वीमा भासिएका होइनन् अघि पनि भासिए- कै थिए" भनी सीलवनागराज[1] जातकको कुरा सुनाउनु भयो । पछि पनि यस्तै कुरा चल्दा खन्तिवादि[2] जातकर र चूलधम्मपाल[3] जातकका कुराहरू सुनाउनु भयो । देवदत्त पृथ्वीमा भासिइसकेपछि हर्षित भएका महाजनहरूले ध्वजा पताका सहित केराका थामहरू राखेर र पूर्ण कलशहरू राखेर, "हामीहरूको लाभ भयो" भनी उत्सव मनाए । यो कुरा भगवान्लाई निवेदन गरेपछि भगवान्ले "भिक्षुहो ! अहिले मात्र देवदत्त मर्दा महाजनहरू खुशी भएका होइनन् अघि पनि खुशी नै भएका थिए" भनी पिङ्गिय[4] जातकको कुरा सुनाउनु भयो । भिक्षुहरूले शास्तासँग सोधे– "भन्ते ! देवदत्त अहिले कहाँ उत्पन्नभए त ?"

"भिक्षुहो ! अवीचि महानरकमा ।"

"भन्ते ! यहाँ तप्तभई जीवन बिताई फेरि यहाँबाट गई तप्तहुने ठाउँमै उत्पन्न भए ।"

"हो, भिक्षुहो ! प्रव्रजित होस् वा गृहस्थी होस्, प्रमादीभई बस्ने दुवैतिर तप्त नै हुन्छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो—

---

१. जा. अ. क. I–II पृ. २३४, नं. ७२ ना. पालीमा 'सीलवहत्थि- जातकं' भनी उल्लेख भएको छ ।
२. जा. अ. क. III पृ. ३१ नं. ३१३
३. जा. अ. क. III पृ. १२६ नं. ३५८
४. जा. अ. क. I–II पृ. ५४०, नं. २४०

Downloaded from http://dhamma.digital

१७. "इध तप्पति पेच्च तप्पति,
पापकारी उभयत्थ तप्पति ।
पापं मे कतन्ति तप्पति,
भिय्यो तप्पति दुग्गतिं गतो ।।"

अर्थ–

"पापी व्यक्तिलाई यो लोक र परलोक दुबैमा ताप हुन्छ । आफूले गरेको पाप सम्झेपछि पनि ताप हुन्छ र दुर्गतिमा पुगेपछि यहाँभन्दा झन् बढ्ता ताप हुन्छ ।"

———

Downloaded from http://dhamma.digital

# सुमनादेवी–१३

## ('इध नन्दति पेच्च नन्दति' भन्ने गाथाको कथा)

"इध नन्दति पेच्च नन्दति...." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले सुमनादेवीको कारणमा बताउनु भएको हो ।

श्रावस्तीमा दिनहुँ अनाथपिण्डिक सेठको घरमा दुइहजार भिक्षुहरूले भोजन गर्दछन् । त्यस्तै गरी विशाखा महाउपासिकाको घरमा पनि । श्रावस्तीमा जसले भिक्षुहरूलाई दानदिन चाहन्छ उसले अनाथपिण्डिक र विशाखा महाउपासिकाहरूसँग अवकाश लिएर मात्र दानदिने काम गर्दथ्यो । किन नि ? "तिम्रो दान कार्यमा विशाखा वा अनाथपिण्डिक आएका छन् कि छैनन् ?" भनी सोध्दा "छैनन्" भनी भन्नपर्दा जति खर्च गरेर दानकार्य गरे तापनि "के दान हो त यो" भनी भन्दछन् । उनीहरू दुबैले भिक्षुहरूको रूची थाहा पाएका छन् तथा भिक्षुहरूलाई अनुकूल हुने गरी सेवागर्न जान्दछन् । उनीहरू भएमा भिक्षुहरूले सन्तोषपूर्वक भोजन पनि गर्छन् । त्यसो हुनाले सबै दान दिन चाहनेहरूले उनीहरूलाई सम्मिलित गराएर मात्र दान दिने गर्छन् । यसै कारणले गर्दा आफ्ना घरमा उनीहरूले भोजन गराउने मौका पाउँदैनथे । अनि विशाखाले "मेरो स्थानमा बसेर कसले भिक्षुहरूलाई भोजन गराउने काम गर्न सक्ला" भनी विचार गर्दा नातिनीलाई आफ्नो स्थानमा राखिदिइन् । उनले आफ्नो घरमा भिक्षुसङ्घलाई खुवाउने

Downloaded from http://dhamma.digital

काम गराउँथिन् । अनाथपिण्डिकले पनि आफ्नो स्थानमा जेठी छोरी महासुभद्रालाई राखे । भिक्षुहरूको सेवा शुश्रूषा गर्दा गर्दै धर्मश्रवण गरी उनी स्रोतापन्ना भई पछि पतिकुलमा गइन् । त्यसपछि माहिली छोरी चुल्लसुभद्रालाई राखे । उनी पनि त्यसैगरी स्रोतापन्ना भई पतिकुलमा गइन् । अनि सुमनादेवी भन्ने कान्छी छोरीलाई राखे । भिक्षुसङ्घको सेवा शूश्रूषा गर्दा गर्दै धर्मश्रवण गरी उनले पनि सकृदागामी फल प्राप्त गरिन् । उनी कुमारी नै थिइन् । एक दिन उनलाई त्यस्तै रोग लाग्दा खाना खान सकिनन् र भोकै भइन् । अनि पिताको मुख हेर्ने इच्छा भएपछि उनलाई बोलाउन पठाइन् । त्यस बखत अनाथपिण्डिक कुनै दानकार्यमा गएका थिए । उनको खबर सुनेर उनी आए र "अम्मे सुमने ! के भयो ?" भनी सोधे । सुमनाले "के हो त भाई" भनी भनिन् ।

"अम्मे प्रलाप गर्दैछ्यौ कि क्या हो ?"
"भाई ! म प्रलाप गर्दिन ।"
"अम्मे डरायौ कि क्या हो ?"
"भाई म डराएकी छैन ।"

यति भनेर उनले प्राण त्यागिन् । अनाथपिण्डिक स्रोतापन्न भए तापनि छोरी प्रतिको स्नेहले शोक गर्दै छोरीको अग्नि संस्कार गरिसकेपछि विलापगर्दै भगवान्कहाँ गए । भगवान्ले "गृहपति ! तिमी गहभरी आँसु पारी किन बिलापगर्दै दुःखी दुर्मन भई आएका छौ ?" भनी सोध्नु भएपछि "भन्ते ! मेरी छोरी सुमनादेवी परलोक भइन्" भनी भने ।

"अनि किन शोक गर्छौ त ? सबै प्राणी मर्ने नै हुन् ।"

"भन्ते ! यो त म पनि जान्दछु । तर त्यत्रो लज्जा र भय सम्पन्ना सुमनादेवी मर्दा उनले होस थातमा राख्न सकिनन् र बेहोस

Downloaded from http://dhamma.digital

भएर प्रलाप गर्दा गर्दै मरिन् । यसै कारणले मनमा सारै चोट पर्‍यो र बडो अपसोच पनि लाग्यो ।"

"महासेठ ! उनले के भनिन् ?"

"भन्ते ! मैले उनीसंग अम्मे सुमने !" भनी बोलाउँदा उनले 'के हो त भाइ' भनी भनिन् । अनि फेरि मैले 'अम्मे ! प्रलाप गर्दैछ्यौ कि क्या हो ?' भनी भन्दा उनले 'म प्रलाप गर्दिन भाइ' भनी भनिन् । फेरि मैले 'अम्मे ! डराउँछ्यौ कि ?" भनी सोध्दा 'डराउँदिन भाइ' भनी यत्तिकैमा प्राण त्यागिन् ।"

अनि उनलाई भगवान्ले "महा सेठ ! तिम्री छोरीले प्रलाप गरेकी होइनन् ।"

"भन्ते ! त्यसो भए किन यस्तो भनिन् त ?"

"उनीभन्दा तिमी कान्छा भएकाले त्यसो भनेकी हुन् । मार्ग-फलको दृष्टिले उनी तिमीभन्दा जेठी हुन् । तिमीचाहिं स्रोतापन्न छौ । उनी चाहिं सकृदागामी छिन् । अतः मार्गफलको दृष्टिले तिमीभन्दा उनी जेठी छिन् । त्यसैले यस्तो भनेकी हुन् ।"

"भन्ते ! यस्तो हो ?"

"हो यस्तै हो ।"

"भन्ते ! अब उनी कहाँ उत्पन्न भइन् त ?"

"गृहपति ! तुषितभवनमा ।"

"भन्ते मेरी छोरी यहाँ ज्ञातिबन्धुहरूको बीचमा आनन्दसंग बसेर फेरि यहाँबाट गएर आनन्द हुने ठाउँमै उत्पन्न भएकी रहिछिन् ।"

"गृहपति ! हो, अप्रमादी भएर बस्ने गृहस्थी भए पनि प्रव्रजित भए पनि—इहलोक र परलोक दुबै लोकमा आनन्दित नै हुन्छ" भन्नुभई शास्ताले यो गाथा भन्नु भयो—

Downloaded from http://dhamma.digital

१८. "इध नन्दति पेच्च नन्दति,
कतपुञ्ञो उभयत्थ नन्दति ।
पुञ्ञम्मे कतन्ति नन्दति,
भिय्यो नन्दति सुग्गतिं गतो ।।"

अर्थ-

"पुण्यवान् व्यक्तिलाई इहलोक र परलोक दुबैमा आनन्दको अनुभव हुन्छ, मैले पुण्य गरेको छु भनी आनन्दित हुन्छ र परलोकमा पुगेपछि पनि यहाँभन्दा धेरै आनन्द प्राप्त हुन्छ ।"

---

Downloaded from http://dhamma.digital

# दुइ सहायक भिक्षुहरू–१४

## ('बहुम्पि चे सहितं' भन्ने गाथाको कथा)

"बहुम्पि चे सहितं. . ." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले दुइ सहायक भिक्षुहरूको कारणमा बताउनु भएको हो ।

श्रावस्तीवासी दुइ सहायक कुलपुत्रहरू विहारमा गई शास्ताको धर्मोपदेश सुनी कामविषयलाई त्यागी बुद्धशासनमा मनदिई प्रव्रजित भए । पाँचवर्षसम्म आचार्य उपाध्यायहरूका साथ बसेर शास्ताकहाँ गई बुद्धशासनमा कति धुर (=प्रमुख काम) छन् भनी सोध्दा विपश्यनाधुर र ग्रन्थधुर भन्ने कुरा विस्तार पूर्वक सुनेपछि एउटाले "भन्ते ! म बैंश बितेर प्रव्रजित भएको हुँ । मैले ग्रन्थधुर (=ग्रन्थ पढ्ने र पढाउने काम) पूरागर्न सक्नेछैन । विपश्यनाधुर (ध्यान गर्ने काम) चाहिं पूरा गर्नेछु" भनी अरहत्सम्मको कुरा बताउन लगाई मेहनत गरी प्रतिसम्भिदाज्ञान सहित अरहत् भए । अर्का चाहिंले "मैले ग्रन्थधुरको काम पूरा गर्नेछु" भनी क्रमश त्रिपिटक बुद्धवचन अध्ययन गरी जहाँ जहाँ गए त्यहाँ त्यहाँ मधुरस्वरले धर्मदेशना गरी पाँचशय भिक्षुहरूलाई धर्मको अध्यापन गराउँदै अठार महागणको आचार्य भई बसे ।

शास्तासँग कर्मस्थानको (=ध्यान विषयको) कुरा सिकी स्थविर बस्ने ठाउँमा गएका भिक्षुहरू उनको अतिबुद्धि सुनेर बसी

Downloaded from http://dhamma.digital

अरहत्वमा पुगी स्थविरलाई वन्दना गरी "शास्ताको दर्शन गर्न जाने छौं" भनी भन्दछन्। स्थविरले "हुन्छ जाओ, मेरो वचनले शास्तालाई वन्दना गरी अ्रसीतिमहाश्रावकहरूलाई पनि वन्दना गरि देऊ र मेरो सहायक स्थविरलाई पनि मैले सोधेको छ भनी वन्दना गरी देऊ" भनी भन्छन्। उनीहरू विहारमा गई शास्ता तथा अ्रसीतिमहाश्रावकहरू-लाई वन्दना गरी सहायक स्थविरकहाँ गई "भन्ते! हाम्रा आचार्य तपाइँलाई वन्दना गर्दछन्" भनी भन्दा सो स्थविरले "यी को हुन्?" भनी सोध्दा "भन्ते! तपाइँका सहायक स्थविर हुन्" भनी भन्दछन्। यसरी स्थविरले बरोबर खबर पठाएको सुनी सो भिक्षुले केही दिन सहेर बसे। पछि यस्तै गरी खबर सुनाउँदा उनले "यी को हुन्?" भनी सोधे। अनि भिक्षुहरूले "भन्ते! तपाइँका सहायक स्थविर हुन्" भनी भन्दा "तिमीहरूले उनकहाँ के पढ्यौ र के सिक्यौ त? दीर्घनिकायादि मध्ये कुनै निकायको कुरा सिक्यौ के? त्रिपिटक मध्ये कुनै पिटकको कुरा सिक्यौ के?" भनी सोधे। यति भनेर उनले यस्तो सोचे "चारपदको एउटा गाथा पनि नजान्नेले पंसुकूलिक चीवर धारण गरी प्रव्रजित भएदेखि नै बनमा गए। धेरै शिष्यहरू बनाए। अब उनी आउँदा म प्रश्न सोध्ने छु।"

पछि सो स्थविर आएर सहायक भिक्षुकहाँ पात्र चीवर राखी शास्तालाई वन्दना गरी सहायक भिक्षु बसेको ठाउँमा फर्केर आए। अनि उनले गर्नुपर्ने आगन्तुक व्रत गरी "प्रश्न सोध्ने छु" भनी समान आसन लिएर बसे। त्यस बखत "यसले मेरो पुत्रलाई हैरान गरी कष्ट-दिएको कारणले नरकमा पनि उत्पन्न हुन सक्छ" भन्ने विचारले उनको प्रति अनुकम्पा राखी विहारचारिका गरे जस्तै गरी भगवान् आउनु भई उनीहरू बसेको ठाउँमा बिच्छ्याई राखेको आसनमा बस्नु भयो।

भिक्षुहरू जहाँ जहाँ भेला भएर बस्छन् त्यहाँ त्यहाँ बुद्धासन

Downloaded from http://dhamma.digital

बिछ्याएर मात्र बस्छन् । त्यसैले भगवान् स्वाभाविक रूपले बिछ्याई राखेको आसनमा बस्नु भयो । बसिसकेपछि ग्रन्थधुरिक भिक्षुसँग भगवानले प्रथमध्यान सम्बन्धी प्रश्न सोध्नु भयो । यसको उत्तर दिएपछि द्वितीयध्यान सम्बन्धी आदि गरी चतुर्थध्यान सम्बन्धी प्रश्न सोध्नु भयो । पछि अष्टसमापत्ति र रूप–अरूपध्यान सम्बन्धी प्रश्न सोध्नु भयो । उनले सबैको उत्तर दिए । अनि भगवान्ले स्रोतापत्ति मार्ग सम्बन्धी प्रश्न सोध्नु हुँदा त्यसको उत्तर दिन सकेनन् । त्यसपछि क्षीणास्रवी स्थविरसँग सोध्नु भयो । स्थविरले उत्तर दिए । शास्ताले "साधु साधु ! भिक्षु !" भनी अभिनन्दन गरी बाँकी मार्गहरूको सम्बन्धमा पनि प्रश्न गर्नु भयो । ग्रन्थधुरिकले एउटा पनि भन्न सकेनन् । क्षीणास्रवीले सोधे सोधेको उत्तर दिए । शास्ताले चारै ठाउँमा उनलाई साधुकार दिनुभयो । यो साधुकार सुनेर उनको अन्तेवासीहरू र अरू उनकहाँ बस्ने भिक्षुहरू "भगवान्ले यो के गर्नु भएको होला? केही नजान्ने वृद्ध स्थविरलाई चाहिं चार चार ठाउँमा साधुकार दिनुभयो र हाम्रा आचार्य, सबै परियत्तिधर्म जान्नेलाई पाँचसय भिक्षुहरूका प्रमुख आचार्यलाई चाहिं प्रशंसा मात्र पनि गर्नु भएन" भनी कराए । अनि उनीहरूलाई शास्ताले "भिक्षुहो ! के भन्दैछौ ?" भनी सोध्दा उनीहरूले सो कुरा भनेपछि "भिक्षुहो ! मेरो शासनमा तिम्रा आचार्य चाहिं ग्याला लिएर गाई हेर्ने जस्तै हुन् र मेरो पुत्र चाहिं इच्छानुसार पञ्चगोरस खाने गाईको मालिक जस्तै हो" भनी यो गाथा भन्नुभयो—

१९. "बहुम्पि चे सहितं भासमानो,
न तक्करो होति नरो पमत्तो ।
गोपोव गावो गणयं परेसं,
न भागवा सामञ्ञस्स होति ।।

२०. "अप्पम्पि चे सहितं भासमानो,

Downloaded from http://dhamma.digital

धम्मस्स होति अनुधम्मचारी।
रागञ्च दोसञ्च पहाय मोहं,
सम्मप्पजानो सुविमुत्तचित्तो।
अनुपादियानो इध वा हुरं वा,
स भागवा सामञ्ञस्स होति॥"

अर्थ–

१९–"जस्तै अर्काको गाई चराउने गोठालाले गाईको दूध खान पाउन्न त्यस्तै धेरै धर्मका कुरा गर्न जानेर पनि प्रमादी भई तदनुसार आचरण र अभ्यास नगर्नेले श्रमणत्वको फल पाउन सक्दैन।

२०–"अलिकति मात्र धर्मको कुरो गर्न सक्ने भए तापनि धर्मानुसार धर्माचरण गर्ने, र राग, द्वेष र मोहलाई हटाई धर्मलाई राम्ररी जानी आफ्नो चित्तलाई क्लेशबाट हटाई इहलोक र परलोकको चिन्ता नलिनेले श्रामण्यत्वको फल पाउन सक्छ।"

यमकवर्ग–१

———

Downloaded from http://dhamma.digital

# २. अप्रमाद्‌वर्ग

## श्यामावती–१

### ('अप्पमादो अमतपदं' भन्ने गाथाको कथा)

"अप्पमादो अमतपदं. . ." भन्ने यो गाथा कौशम्बीको आश्रय गरी घोषितारामा बसिरहनु भएका शास्ताले श्यामावती सहित उनका पाँचसय स्त्रीहरूको र मागण्डिय सहित उनका पाँचसय स्त्रीहरूको मरणको कारणमा बताउनु भएको हो ।

चेतीय राज्यमा भद्रवती नगरमा भद्रवतीय भन्ने सेठकी श्यामा (सामा) भन्ने छोरी थिइन् । यिनको कौशम्बी बस्ने घोषित सेठसँग पत्रद्वारा मित्रता थियो । एक दिन उनको घरमा अहिवातक रोग निस्क्यो । भनिन्छ कि यो रोग लाग्दा कीटपतंगदेखि लिएर क्रमशः घरका मानिसहरू मर्छन् । घरको भित्ता फोरी निस्केर जानेको प्राण बच्छ । त्यसैले आफ्ना स्वास्नी तथा छोरी श्यामा सहित घरको भित्ता फोरी घोषक सेठकहाँ जाने विचारले भद्रवतीय सेठ घरबाट निस्केर कौशम्बी पुग्दा उनीहरूसँग केही पनि थिएन त्यसैले उनीहरू घोषक-कहाँ जान हिचकिचाए । यौटा धर्मशालामा बसी घोषकले दिइरहेको सदावर्त दानशालाबाट भिक्षा लिई जीविका गर्न थाले । छोरीलाई याचकहरूका साथ भिक्षा लिन पठाए । दानशालामा बस्नेले कति भाग

Downloaded from http://dhamma.digital

चाहिन्छ ? भनी श्यामासँग सोध्दा उनले तीन भाग मागेर ल्याइन् । भिक्षाको खाना पचाउन नसकी उसैदिन उनका पिताको मृत्युभयो । भोलिपल्ट भिक्षा जाँदा दुइ भाग मागेर ल्याइन् । सो दिन उनकी आमाको मृत्यु भयो । अर्को दिन एक भाग मात्र भिक्षा माग्दा दानशालामा बस्नेले "अस्ति तिमीले तीन भाग माग्यौ, हिजो दुइभाग माग्यौ र आज एक भाग मात्र माग्यौ । यसो किन ?" भनी सोध्दा उनले घरबाट निस्केदेखिका सबै कुरा सुनाइन् । यो पनि भनिन् कि घोषक सेठ उनका बाबुका मित्र हुन् । अनि सो पुरुषले श्यामालाई आफ्नो घरमा लगी छोरीको रुपमा राखे । घोषक सेठको दानशालामा माग्नेहरूको निक्कै होहल्ला हुन्थ्यो । एक दिन श्यामाले यसरी होहल्ला नगराई दान दिन सकिन्न र ? भनी सोध्दा उनले सकिन्न भनी भनेपछि श्यामाले "आउने र जाने बाटो छुट्चाई बार (वति) राखि दिएको खण्डमा होहल्ला हुनेछैन" भनी भनिन् । उनका धर्मपिताले त्यसै गराइ-दिएपछि होहल्ला हुन छाड्यो ।

दानशालामा हुने होहल्लाको आवाज सुनेर घोषक सेठ बडो आनन्दित हुन्थे । केही दिनदेखि दानशालामा होहल्लाको आवाज सुनि-एन । एक दिन सो दानदिने पुरुष घोषककहाँ उपस्थानको निमित्त आएको बेलामा सेठले "के आजकल दान दिइन्न कि क्याहो ?" भनी सोध्दा उनले "दिइन्छ" भने ।

"किन त कुनै आवाज सुनिंदैन ?"

"हो, होहल्ला नहुनेगरी दान दिने व्यवस्था गरें ।"

"अघि नै किन व्यवस्था नगरेको नि ?"

"स्वामी ! अघि मलाई थाहा थिएन ।"

"अहिले कसरी थाहा भयो त ?"

"मेरी छोरीले उपाय बताइ दिइन् ।"

Downloaded from http://dhamma.digital

"तिम्री छोरी छिन् भन्ने कुरा त मलाई थाहा थिएन ।"

अनि उनले श्यामाको सम्बन्धमा सबै कुरा सुनाए । सेठले "यदि त्यसोभए उनी मेरै छोरी सरह हुन्" भनी उनलाई बोलाउन पठाई "नानी ! तिमीले केही धन्दा मान्नु पर्दैन । तिमी मेरै छोरी हौ" भनी आश्वासन दिई पाँचसय परिचारीकाहरू दिई आफ्नी छोरी बनाई घोषक सेठले आफ्नै घरमा राखे । त्यहाँदेखि श्यामाको नाम बार (वती) राखिदिने भन्ने अर्थले 'श्यामावती' भन्ने रहन गएको हो ।

कौशम्बीमा एक ठूलो महोत्सव थियो । यस महोत्सवमा घरबाट कहिल्यै ननिस्कने स्त्रीहरू पनि निस्केर नदीमा नुहाउन पैदल नै जाने गर्छन् । श्यामावती पनि आफ्ना पाँचसय परीचारीका स्त्रीहरूको साथ नुहाउन निस्किन् । नदीमा जाने बाटो राजदरबारतिर पर्थ्यो । त्यस बखत दरबारको झ्यालमा बसिरहेका कौशम्बीका राजा उदयन (उदेन) ले श्यामावती सहित ती परिचारिकाहरूलाई देखेर "यी कस्का नर्तकीहरू हुन् ?" भनी सोध्दा "राजन् ! यिनीहरू नर्तकीहरू होइनन् । घोषक सेठकी छोरी श्यामावतीका परिचारीकाहरू हुन् ।" भन्ने सुन्ने बित्तिकै श्यामावती प्रति आसक्त भई घोषक सेठलाई श्यामावतीलाई तुरुन्तै दरबारमा पठाऊ" भनी खबर पठाए । घोषक सेठले "पठाउन सक्दिन" भन्ने खबर पठाए । यो सुनेर राजा रिसाएर उनको घरमा ताल्चा लगाइदिए । नुहाएर आएकी श्यामावतीले आमा बाबुहरू घर बाहिर बसिरहेका देखेर "के भयो, किन घरबाहिर बसिरहनु भएको ?" भनी सोधिन् । घोषकले उदयन राजाले पठाएको खबर सुनाएपछि श्यामावतीले "तात ! राजालाई यस्तो जवाफ दिनु नपर्ने । बरू पाँचशय परिचारीका स्त्रीहरू सहित लिनुभए पठाउने छु भनी भन्नुपर्थ्यो" भन्ने युक्ति बताइन् । यो सुनेर घोषक सेठले उदयन राजालाई त्यस्तै गरी खबर पठाए । राजा प्रसन्न भ

Downloaded from http://dhamma.digital

पाँचशय परिचारीकाहरू सहित श्यामावतीलाई लगी अभिषेक गरी अग्रमहिषी पदमा राखे ।

उज्जैन (उज्जेन) देशका चण्डपज्जोत [चण्डप्रद्योत] राजाले एकदिन "मेरो जस्तो श्रीसम्पत्ति अरू कसैको छ ?" भनी सोध्दा "महाराज ! कौशम्बीका राजा उदेन (=उदयन) को सम्पत्ति तपाईंको भन्दा बढ्ता छ" भनेको सुनेर "त्यसोभए उनलाई समात्नु पर्‍यो" भनी भन्दा मानिसले भने "महाराज ! तपाईंले उनलाई समात्न सक्नु हुन्न । उनी हस्तिकन्तमंत्र जान्दछन् र हस्तिसेनामा बलिया छन् ।"

यसो भनेको सुनी "कुनै उपायद्वारा उनलाई समात्नुपर्छ" भनी भनेपछि "हात्ती देखेपछि उदयन राजा आकर्षित हुन्छन् । अतः काठको यन्त्रमय हात्ती बनाएर जङ्गलमा पठाउनुपर्छ । अनि कुनै मानिसद्वारा यो कुरा उनलाई सुनाउनु पर्छ । यो सुनेर अवश्य पनि हात्ती समात्न उनी आउने छन् । त्यसँबेला उनलाई समात्नु सक्नुपर्छ ।"

"यो उपाय ठीक हो" भनी यन्त्रमय काठको हात्ती बनाउन लगाई त्यस भित्र साठी जना मानिसहरू राखी उदयन राजाको राज्य सिमानानिरको एक तलाउनिर हात्ती पठाए । हात्तीको लिंड ल्याएर ठाउँ ठाउँमा राख्न लगाए । एक वनचरले देखेर उदयन राजालाई "देव ! मैले फलानो ठाउँमा कैलाश पर्वत जस्तै सेतो तपाईंको लागि उपयुक्त एउटा हात्ती देखेको छु" भनी भन्दा उसैलाई मार्गदेशक बनाई, हात्तीमा बसी सैन्य सहित राजा त्यसै ठाउँमा पुगे । चरपुरुषले चण्ड-प्रद्योत (चण्डपज्जोत) राजालाई उदयन राजा आएको खबर सुनाए । चण्डप्रद्योत राजाले बीचमा खाली राखी दुवैतिर सेनाहरू तैनाथ पारे । यन्त्रमय हात्ती देखेर उदयनले पिछा गरे । हस्तिकन्तवीणा बजाई हस्तिकन्तमंत्र उच्चारण गर्दा जस्तो सुकै हात्ती पनि वशमा

Downloaded from http://dhamma.digital

आउँथ्यो । यसमंत्र र यो वीणा बजाएपछि हात्तीलाई जस्तो चाहियो त्यस्तै गराउन सक्थे । तर आज सो हात्तीले वीणाको आवाजलाई नसुने जस्तो गरी अगाडि दौडेर गएको देख्दा राजा छक्क परे । अनि हात्तीबाट ओर्ल्हीं घोडा चढी यन्त्रमय हात्तीको पीछा गरे । यसरी पीछा गर्दै जाँदा राजाका सेनाहरू सबै पछाडि परे । क्रमशः उज्जैन (उज्जेन) राज्य-भित्र यो यन्त्रमय हात्ती पुगेपछि चण्डप्रद्योत राजाका सेनाले उदयन राजालाई समाती थुनिदियो । चण्डप्रद्योतले जयपान गरेर मात्र दिन बिताए । अनि उदयन राजाले पालेहरूलाई भने "तिम्रा राजा कहाँ छन् ?"

"जयपान गरिहेछन् ।"

"आइमाई जस्ता तिम्रा राजाको यो कस्तो व्यवहार हो ? शत्रु राजालाई समातेपछि यात मार्न सक्नुपर्छ यात छाड्न सक्नुपर्छ ।"

उनीहरूले यो कुरा राजालाई सुनाए । अनि राजा आएर उदयनसँग "यसो भनेको साँच्चै हो के ?" भनी सोध्दा उनले "हो" भने ।

"हुन्छ, छाडिदिनेछु । तिमीले यस्तो मन्त्र जान्दछौ रे । के त्यो मन्त्र मलाई सिकाइ दिन सक्छौ ?"

"सक्छु, किन्तु मलाई ढोग्नुपर्छ ।"

"म ढोग्दिन ?"

"न ढोगे म पनि सिकाइदिन्न ।"

"त्यसोभए तिमीलाई मार्नेछु ।"

"हुन्छ मार । यो शरीरलाई तिमीले मार्नेछौ किन्तु मेरो मन-लाई मार्न सक्ने छैनौ ।"

Downloaded from http://dhamma.digital

उनको यो शूरतापूर्ण कुरा सुनी राजाले विचार गरे "कसरी यो मन्त्र सिक्न सकिएला?" अनि उनले "यो मन्त्र अरूलाई भन्नुहुन्न। अतः आफ्नी छोरीलाई सिक्न लगाई मैले उनीसँग सिक्न पर्‍यो" भन्ने विचार गरी "मेरो दरबारमा एक लंगडी छे। उसले तिमीलाई ढोग्ने छे। उसलाई सिकाइदिन सक्छौ ?"

"चाहे लंगडी होस् चाहे लंगडा होस् जसले मलाई ढोक्छ उसलाई सिकाइदिन सक्छु।"

उदयन राजाको यो कुरा सुनी राजा आफ्नी छोरी वासुलदत्ता-कहाँ गई "पुत्री ! एक शंखकुष्ठी पुरुषसँग एउटा अनर्घ मन्त्र छ। त्यो अरूले थाहा पाउन हुन्न। अतः पर्दा भित्र बसी उनलाई ढोगी तिमीले सो मन्त्र सिक। म तिमीसँग सिक्ने छु" भनी भने।

उनीहरूको बीचमा हुन सक्ने आसक्तताबाट बचाउन राजाले लंगडी र कुष्ठी बनाएका हुन्। पर्दा भित्र बसेको वासुलदत्तालाई पर्दा बाहिर बसेर उदयनले मन्त्र पढाउन थाले। अनि एकदिन पढाए बमोजिम मन्त्र उच्चारण गर्न नसकेपछि उदयनले "अरे लंगडी ! कति बाक्लो ओठ भएकी ह्वौ ! यति शब्द पनि राम्री उच्चारण गर्न सक्दिनौ" भनी भने।

यो सुनेर पर्दाभित्र बस्ने वासुलदत्ताले रिसाएर "अरे शंखकुष्ठी कसलाई लंगडी भनेको ? म लंगडी छु र ?" भन्दै पर्दा खोलिन्। अनि उदयनले "तिमी को ह्वौ ?" भनी सोधे।

"राजाकी छोरी वासुलदत्ता हुँ।"

"तिम्रो बाबुले त तिमी लंगडी छयौ भनेका थिए।"

"तिमीलाई पनि मेरा पिताले शंखकुण्ठी भनेका थिए।"

Downloaded from http://dhamma.digital

"हामीहरूका बीचमा मैथुन सम्बन्ध होला भनी यसो भनेका होलान्" भन्दै उनीहरूको बीच उहीं मैथुन सम्बन्ध भयो। त्यहाँदेखि मन्त्र सिक्ने र सिकाउने काम बाहाना मात्र भयो। उता वासुलदत्तासँग उनका पिताले "मन्त्र सिक्छयौ के" भनी सोध्दा उनले "सिक्दैछु" भनी भन्दथिन्। केही दिनपछि उदयन राजाले वासुलदत्तालाई भने "भद्रे! पतिले गर्ने काम न आमा बाबुले न दाजु भाइले गर्न सक्छन्। यदि मेरो ज्यान बचाउन सक्यौ भने तिमीलाई पाँचशय परिचारीका स्त्रीहरू दिएर अग्रमहिषी स्थानमा राख्ने छु।"

"यदि तपाईं आफ्नो वचनमा बस्न सक्नु हुन्छ भने तपाईंलाई बचाउने छु" भनी वासुलदत्ताले भनिन्।

वासुलदत्ता अर्को एकदिन राजाकहाँ जाँदा राजाले "छोरी! मन्त्र सिकिसक्यौ कि?" भनी सोधे। उनले "पिता! सिकिसक्नलागें। सिकिसक्ने अवस्थामा हामीलाई केही चाहिने भएको छ।"

"छोरी! के चाहियो?"

"पिता! मन्त्रको समाप्तिको लागि नक्षत्र योग पारेर जङ्गलबाट एक औषधी ल्याउनु परेको छ। त्यसको लागि एक वाहन र एउटा ढोका खुला चाहिएको छ।"

राजाले स्वीकार गरे। उनीहरूले आफूले चाहेको ढोकाको स्वीकृति लिए। एक दिन राजा उदयानक्रीडाको लागि गइरहेको मौका पारी "यो ठीक समय हो" भन्दै वासुलदत्तालाई सूचित गरी ठूला ठूला छालाका थैलाहरूमा रूपैयाँ पैसा राखेर एउटा बलियो तथा दगुर्न सक्ने हात्तीमाथि बसी उनीहरू दुबै जना हात्तीसारबाट भागेर गए। राजाले थाहा पाएपछि "चाँडै जाऊ" भनी सेना पठाएपछि सेनाहरू आइरहेको

Downloaded from http://dhamma.digital

देखेर उदयन राजाले थैलीबाट रूपैयाँ पैसा छरिदिए । सेनाहरू रूपैयाँ पैसा टिप्न पछि लागे । यतिञ्जेल उदयन आफ्नो राज्य भित्र प्रवेशगरी दरबारमा पुगी वासुलदत्तालाई अभिषेक गरी पाँचशय परिचारीका स्त्रीहरू दिएर अग्रमहिषी बनाए ।

पछि गएर उदयन राजाले एक अर्की मागण्डिय भन्ने ब्राह्मणीलाई पनि पाँचशय परिचारीका स्त्रीहरू दिई अग्रमहिषी बनाए ।

कुरु देशको कम्मासदम्म भन्ने निगममा एक मागण्डिय ब्राह्मण परिवार थियो । उनकी अति सुन्दरी एक छोरी थिइन् । उनको नाम पनि मागण्डिय नै थियो । उनकी छोरीलाई अनेक मानिसहरूले माग्न आउँदा पनि "तिमीहरू मेरी छोरीकोलागि लायक छैनौ" भनी कसैलाई नदिई घरमै राखेका थिए ।

एक दिन मागण्डिय ब्राह्मणले बुद्धलाई देखेर "अहा ! यी पुरुष मेरी छोरीकोलागि योग्य छन्" भन्ने ठानी बुद्धकहाँ गई उनले "हे श्रमण ! मेरी एउटी सुन्दरी छोरी छे । उ तपाइँको निमित्त योग्य छे । उसको निमित्त मैले आजसम्म योग्य पुरुष पाएको छैन । म घर गएर छोरीलाई लिएर आउञ्जेलसम्म तपाइँ यहीं बसिरहनुहोस्" भनी दौडेर गई "हे ब्राह्मणी ! छोरीलाई चाँडै चाँडै लुगाहरू र गहनाहरू लगाइदेऊ । मैले छोरीको निमित्त एक योग्य वर भेट्टाएको छु" भनी छोरीलाई लिएर आफ्नी पत्नी ब्राह्मणी सहित उनी पुनः बुद्ध बसिरहनु भएको ठाउँमा गए ।

त्यतिञ्जेल बुद्ध भगवान् बसिरहनु भएको ठाउँबाट उठी पैतालाको चिन्ह देखिनेगरी अर्कै ठाउँमा गई बस्नु भयो । बुद्धको पैतालाको चिन्ह जसले देख्न सकोस् भनी अधिष्ठान गर्नुहुन्छ उसले मात्र

Downloaded from http://dhamma.digital

देख्न सक्छ । अनि ब्राह्मणीले ब्राह्मणसँग सोधिन् "खोइ त सो पुरुष ?" "यहीं बसिरहनुहोस्" भनी भनेको थिएँ । कहाँ गएछन् भनी यता उता चिहाई हेर्दा वहाँको पैंतालाको चिन्ह देखेर 'वहाँको पदचिन्ह त यही हो" भनी ब्राह्मणीलाई भने । पदचिन्ह हेरी ब्राह्मणीले "हे ब्राह्मण ! यो त स–रागी पुरुषको पदचिन्ह होइन" भनी आफूले पढेको लक्षण शास्त्र अनुसार भनिन् । यिनी त्रिवेद मात्र होइन सामुद्रिक लक्षणशास्त्रमा पनि पारंगता थिइन् । त्यसैले यसो भनेकी हुन्—

"रत्तस्सहि उक्कुटिकं पदं भवे,
दुट्ठस्स होति अवकड्ढितं पदं ।
मुल्हस्स होति सहसानुपीलितं,
विवत्तच्छिद्दस्स इदमीदिसं पदं' ति ।।"

अर्थ–

"रागीको कठपाउ परेको हुन्छ, क्रोधीको घिस्रिएको हुन्छ, मोहीको हिंड्दा खोस्रिए जस्तो हुन्छ र क्लेश रहित निक्लेशी पुरुषको पैंताला चाहिँ यस्तो हुन्छ ।"

यो सुनेर ब्राह्मण भन्दछन् "तिमी त लोटाको पानीभित्र गोही देख्छ्यौ, चुपलाग ।"

"ब्राह्मण ! तपाईं जेसुकै भन्नुहोस्, यो पदचिन्ह त पञ्चकाम विषय वासना हुने पुरुषको त कदाचित होइन ।"

यसरी दुइजना कुरा गर्दै यता उता हेर्दा बसिरहनु भएका बुद्धलाई ब्राह्मणले देखेर "ऊ, उता हुनुहुन्छ" भनी ब्राह्मण बुद्धकहाँ गई "श्रमण ! यी मेरी छोरी तपाईंको सेवा शुश्रूषा गर्नको निमित्त दिन्छु"

Downloaded from http://dhamma.digital

भनी भने । बुद्धले "हुन्छ वा हुन्न" भनी केही नभनी "ब्राह्मण ! म तिमीलाई एउटा कुरा सुनाउँनेछु" भन्नु हुँदै आफू घरबाट निस्केदेखि बुद्धत्व प्राप्त गरे सम्मको सबै कुरा सुनाई "ब्राह्मण ! बुद्धत्व प्राप्त गरिसकेपछि अजपाल वृक्षनिर बसिरहेको बेलामा मारका छोरीहरू देखेर त ममा कुनै आशा भएको थिएन भने अहिले यो मलमूत्र भरित, छालाले ढाकिएको रूपलाई खुट्टाले पनि छुन चाहन्न" भनी भन्नुहुँदै यो गाथा बताउनु भयो –

"दिस्वान तण्हं अरतिं रगञ्च,
नाहोसि छन्दो अपि मेथुनस्मिं ।
किमेविदं मुत्तकरीसपुण्णं,
पादा' पि नं सम्फुसितुं न इच्छे ।।"

अर्थ–

"तण्हा, अरति र रगा जस्तालाई देखेर त मैथुनमा आशा भएन भने अहिले यो मलमूत्र भरिपूर्ण भएको शरीर देखेर कसरी आशा होला र ! खुट्टाले पनि यस्तालाई छुन चाहन्न ।"

यो गाथा सुनेर ब्राह्मण र ब्राह्मणी दुबै जना अनागामी भए । मागण्डिय केटीले चाहिं "यदि मलाई न चाहेमा चाहिन्न मात्र नभनी मलाई मलमूत्र भरिएकी भन्नु पर्ने कुनै कारण थिएन । हुन्छ, आफ्नो रूप, बँश, यश अनुकूलको पति पाएपछि मैले गर्ने जानेकी छु" भनी शास्ता प्रति ईख राखिन् । यसपछि मागण्डिय ब्राह्मणले आफ्नी छोरीलाई भाई मागण्डियको जिम्मा लगाइदिए । अनि उनले "यी छोरी कुनै स्यानो पुरुषलाई दिन योग्य छैन र कुनै राजालाई नै दिन

Downloaded from http://dhamma.digital

योग्य छ" भनी उनलाई साथमा लगी कौशम्बीका राजा उदयनलाई दिए। मागण्डियको मुख देख्ने बित्तिकै राजा मुग्धभई उनलाई पनि पाँचशय परिचारिका स्त्रीहरू दिई अग्रमहिषी बनाए। यसरी उदयन राजा तीनवटी अग्रमहिषीहरू र पन्द्रहसय परिचारिका स्त्रीहरूका साथ दरबारमा बस्दथे।

त्यस बखत कौशम्बीका घोषक, कुक्कुट तथा पावारिक भन्ने सेठहरूले बुद्धलाई कौशम्बीमा आउनुहुन श्रावस्तीमा निम्त्याएका थिए। घोषक सेठले बनाएको घोषिताराम, कुक्कुट सेठले बनाएको कुक्कुटाराम तथा पावारिक सेठले बनाएको पावारिकाराम भन्ने तीनवटा विहारहरू कौशम्बीमा थिए। पछि भगवान् कौशम्बीमा आउनु हुँदा यी तीनै विहारहरूमा आलोपालो गरी बस्नु भएको थियो। उपरोक्त तीनैजना सेठहरूको सेवामा आउने सुमन भन्ने एक मालाकार थियो। उसले सेठहरूसँग यस्तो भन्यो— "म तपाइँहरूको हितैषी उपस्थाक हुँ। मलाई पनि एक दिन भगवान्लाई भोजन गराउने मौका दिनुहोस्।" सेठहरूले वचन दिएपछि उसले भगवान्लाई निम्तो गरी भोजन दियो।

त्यस बखत श्यामावतीको दासी खुज्जुत्तरा भन्नेलाई उदयन राजाले दिन दिनै श्यामावतीको निमित्त फूल ल्याउन आठ कार्षापण दिन्थे। उनले सुमन मालाकारकहाँबाट फूल किनेर ल्याउँथिन्। त्यस दिन फूल किन्न जाँदा सुमन मालाकारले खुज्जुत्तरालाई भन्यो— "आज मैले बुद्धलाई निम्त्याएको छु। वहाँलाई फूलले पूजागरी भोजन गराउने छु। तिमी पनि केहीबेर बसी भगवान्लाई भोजन गराउने काममा सहभागी भई पछि बाँकी फूलहरू लिएर जाऊ।" भगवान् आउनु भएपछि प्रणीताकारले भोजन गराई भोजन पछि अनुमोदन धर्मदेशना गरी शास्ता फर्कनु भयो। त्यस बखत खुज्जुत्तरा पनि

Downloaded from http://dhamma.digital

धर्मदेशना सुनिरहेकी थिइन् । धर्मदेशना सुन्दा सुन्दै खुज्जुत्तरा स्रोतापत्तिफलमा प्रतिष्ठिता भइन् । अघि अघि उनले आठ कार्षापण मध्ये चार कार्षापण आफूले लिई चार कार्षापणको मात्र फूल किनेर लैजान्थिन् । त्यस दिन उनले आठै कार्षापणको फूल किनेर लगिन् । फूल धेरै ल्याएको देखेर श्यामावतीले "किन आज धेरै फूल ल्याएकी ? के राजाले बढता पैसा दिए कि क्या हो ?" भनी सोध्दा "होइन" भनी भनिन् ।

"त्यसो भए आज किन धेरै भयो त ?"

"अघि मैले चार कार्षापण आफूले लिई चार कार्षापणको मात्र फूल किनेर ल्याउने गरेकी थिएँ । आज चाहि आठै कार्षापणको फूल किनेर ल्याएँ ।"

"आज किन यस्तो गरेकी त ?"

"आज मैले बुद्धको उपदेश सुनेर धर्मावबोध गरें ।"

"अघि अघि लिइराखेको पैसा फिर्ता गर त भनी गाली दिनुको सट्टा त्यसोभए मलाई पनि तिमीले अवबोध गरेका धर्मका कुरा उपदेश गर" भनी श्यामावतीले भनेपछि उनले "त्यसोभए मलाई नुहाई अग्लो आसनमा बसाल्नुहोस् । म उपदेस दिने छु" भनी भनिन् । श्यामावतीले त्यस्तँगरी धर्मोपदेश सुनिन् । खुज्जुत्तराको धर्मोपदेश सुनेर श्यामावती सहित उनका सबै परिचारीका स्त्रीहरूले पनि स्रोतापत्ति फल प्राप्त गरे । अनि ती सबैले खुज्जुत्तरालाई ढोगी "अम्मे ! आजदेखि तिमीले शास्ताकहाँ धर्मोपदेश सुनेर हामीहरूलाई पनि सधैं धर्मोपदेश देऊ" भनी भने । यस्तै गर्दा गर्दै खुज्जुत्तरा त्रिपिटकधारी भइन् । शास्ताले पनि पछि उनलाई बहुश्रुतहरूमध्ये अग्रस्थानमा राखनु भयो ।

Downloaded from http://dhamma.digital

पछि श्यामावती सहित ती सबै परिचारिका स्त्रीहरूले खुज्जुत्तरालाई "अम्मे ! हामी तथागतको दर्शन गर्न चाहन्छौं । तथागतको दर्शन गराऊ" भनी भनेपछि उनले "आर्या ! राजदरबार भनेको बडो डरलाग्दो हुन्छ । तपाईंहरूलाई लिएर राजदरबारबाट बाहिर जान सम्भव छैन । बरु घोषक आदि सेठहरूको विहारमा यसै बाटो गरी भगवान् आउनु हुँदा कोठाको भित्तामा कतै प्वाल पारी त्यसबाट तपाईंहरूले भगवान्को दर्शन गर्नुहोस्" भनी भनिन् । उनी-हरूले त्यस्तै गरे ।

एक दिन आफ्नो प्रासादबाट निस्केर मागण्डिय यसो घुम्न जाँदा श्यामावतीको प्रासादको भित्तामा प्वाल देखेर "यो के हो ?" भनी सोध्दा मागण्डियको मनमा बुद्धप्रति ईर्ष रहेको कुरा थाहा नपाएर श्यामावतीले बुद्धको बयान गर्दै सबै कुरा बताइन् । अनि मागण्डियको मनमा "ए श्रमण गौतम यस नगरमा आएका रहेछन् । अब मैले जानेकी छु" भन्ने सोची उनी राजाकहाँ गएर "देव ! श्यामा-वतीहरूको बाहिरीया पुरुषहरूसँग अनुचित सम्बन्ध छ र केही दिन पछि तपाईंलाई पनि हत्या गर्न वेरछैन" भनी भनिन् ।

"उनबाट यस्तो हुन सक्दैन" भन्ने विश्वासले राजाले मागण्डियको कुरालाई त्यति चाखलिएर सुनेनन् । उनले बार बार त्यसोभन्दा पनि राजाले कुरा नसुनेकोले "त्यसो भए तपाईं उनीहरू बस्ने ठाउँमा गएर एकपल्ट हेर्न जानुहोस् !" भनी भनिन् । राजा गएर हेर्दा भित्तामा प्वाल देखेर "यो के हो ?" भनी सोध्दा उनीहरूले वृत्तान्त कुरा बताए । यो सुनेर राजाले सो प्वालहरू बन्द गर्न लगाई राम्ररी हेर्नसक्ने झ्यालहरू राख्न लगाए । मागण्डियको मनमा डाह भयो । उनीहरूलाई केही गर्न नसकेपछि "श्रमण गौतमलाई नै केही गर्नपर्‍यो" भन्ने द्वेषभाव राखी महाजनहरूलाई पैसादिई दास कामदार आदिका

Downloaded from http://dhamma.digital

केटाहरूद्वारा बुद्धलाई अनेक अपशब्दद्वारा गालिगर्न लगाई बुद्धलाई भगाउने कोशिस गरिन् । यस्तो गालिगलोतको आवाज सुनेर आनन्द स्थविरले भगवान्सँग अन्त जाने कुराको माग गरे । तर भगवान् मान्नु भएन र भन्नुभयो– "आनन्द ! अन्त पनि यस्तै भए के गर्ने ?"

"फेरि अन्त जाने ।"

"आनन्द यसो गर्नु ठीक छैन । जुन झगडा वा प्रश्न जहाँ उत्पन्न हुन्छ उसको समाधान उहीं नै हुनुपर्छ । आनन्द ! चिन्ता नगर । यो होहल्ला सातदिनभन्दा बढ्ता टिक्न सक्ने छैन । सातदिन पछि आफसे आफ साम्य हुनेछ । सातदिन भएर पनि बुद्धलाई भगाएर पठाउन नसके पछि उनले "अब के गरू ?" भन्ने सोची "यो श्यामावती बुद्धको अनुयायी सेविका बनिरहेकी छे । यसैलाई दुःख दिन पर्‍यो" भन्ने विचार गरी एक दिन राजा सुरापान गरी बसिरहेको ठाउँमा मागण्डियले आफ्नो काका मागण्डिय ब्राह्मणलाई आठवटा मरेका र आठवटा जिउँदा कुखुराहरू लिएर आई मलाई खबर गर्नू र चूलउपस्थाकलाई पनि घुस ख्वाएर यो यो कुरा सिकाइराख्नू भनी खबर पठाइन् ।

ती कुखुरा लिई आएपछि मागण्डिय ब्राह्मणले खबर पठाए । राजाले आऊ भनेपछि उनले "देव ! राजाको सुरापानको स्थानमा आउन चाहन्न"भनेपछि मागण्डियले चूलउपस्थाकलाई आफ्नो काकाछेउ पठाइन् । उनले आठवटा जिउँदा कुखुराहरू दिएर पठाए । उ आएर राजालाई सो कुरा बिन्ति गर्‍यो । राजा खुशी भई "तरकारी पाएं ! परन्तु अहिले कसले पकाउला र ?" भनी भन्दा "देव ! श्यामावती आदि स्त्रीहरूका हात खालिछन् । उनीहरूले पकाइ दिने छन्" भनी मागण्डियले भनेपछि राजाले उसैको हातमा उनीहरूकहाँ पठाए । उ गएर श्यामावतीलाई भन्दा उनले "जिउँदा कुखुरा मारेर पकाउन

Downloaded from http://dhamma.digital

सक्दिन" भनी फर्काइदिइन् अनि मागण्डियले त्यसबेला पनि चुक्ली लगाई "हेर्नुहोस् देव ! कस्तो छ त ! मैले भनेको कुरा विश्वास गर्नु हुन्न। तपाइँको लागि यति पनि गर्न चाहन्न। श्रमण गौतमको लागि पकाई पठाऊ भनी दिन पठाउनु होस् त, अनि प्राणीहिंसा गर्ने नगर्ने थाहा पाइने छ।" राजाले त्यस्तै भनी पठाए। आफूलाई सिकाइ राखे बमोजिम गएको जस्तो गरी बाहिर बसिरहेको मागण्डिय काकाछेउँगई उसले दिएका मरेका कुखुराहरू लिएर चूलउपस्थाक श्यामावतीकहाँ गई "यसको मासु पकाई श्रमण गौतमलाई दिन पठाउनू भनी राजाले भनेकाछन्" भनी दिंदा श्यामावतीले लिइन्। उ फर्केर राजाकहाँ पुगेपछि राजाले "के भयो त ?" भनी सोध्दा "महाराज! श्रमण गौतमको निमित्त पकाई पठाइदिनू" भन्दा "उनीहरू खुशी भएर अगाडि आएर कुखुराहरू लिएर गए" भनी भन्यो। यत्तिकैमा मागण्डियले "कस्तो छ त महाराज! यदि बाहिरियाहरूसँग उनीहरूको केही सम्बन्ध नरहे यस्तो गर्लान् त!" भनी सुनाइन्। यो सुनेर राजा चूप लागेर बसे।

आफूले चिताए अनुसार प्रतिक्रिया नपाएपछि मागण्डियले फेरि विचार गर्न थालिन् "अब के गर्न पर्ला !" त्यसबखत राजा एक एक हप्ताको पालो गरी रानीहरूका प्रासादहरूमा जाने गर्दथे। अनि राजा भोलि वा पर्सी श्यामावतीकहाँ जाने कुरा थाहा पाएपछि आफ्नो काकालाई "एउटा सर्पको दाँत झिकी मकहाँ पठाउनू" भनी खबर पठाइन्। उनले पनि यथाशीघ्र ल्याइदिए। राजा जहाँ जाँदा पनि हत्थिकन्तवीणा साथमा लिएर जान्छन्। अतः उनले वीणाको तल्लो भागमा भएको प्वालबाट सर्प पसाली फूलले प्वालटालि दिइन्। सर्प दुई तीन दिनसम्म वीणा भित्रै रह्यो। अनि राजा श्यामावतीकहाँ जाने दिनमा "महाराज! आज कुनचाहिं प्रासादमा जानुहुनेछ ?" भनी सोध्दा "श्यामावतीको" भनी भनेपछि मागण्डियले "महाराज!

Downloaded from http://dhamma.digital

आज मैले अत्यन्त नराम्रो स्वप्न देखेको छु । आज त्यहाँ नजानुहोस्" भनी भन्दा राजाले "नगई बस्न सक्दिन । जाने नै छु" भनी भनेपछि मागण्डियले तीन तीन पटकसम्म रोक्दा पनि मनाउन नसकेपछि "त्यसोभए म तपाईँलाई एक्लै पठाउन सक्दिन । आज के हुन्छ कुन्नि । म पनि साथमा जानेछु" भनी उनी पनि साथमा गइन् ।

श्यामावतीले दिएको बस्त्र तथा फूलमाला लगाई सुस्वादिला भोजनहरू खाई वीणा एक ठाउँमा राखी राजा खाट्मा लेटे । मागण्डिय यताउता घुमे जस्तै गरी मौका छोपी वीणाको प्वालमा राखेको फूल झिकिदिईन् । सर्प वीणाबाट निस्क्यो र फण फैलाई फुंकार गर्दै राजाको खाटनिर गयो। यत्तिकैमा मागण्डियले "देव ! देव ! सर्प !" भन्दै चिच्याएर "धिकार होस् यो श्यामावतीलाई राजाबाट के नपुग भएको छ र ! राजालाई मारेर के सुख पाउँछे र !! आज धारै नराम्रो स्वप्न देखेको छु त्यहाँ नजानुहोस् भन्दा पनि राजा मान्नु भएन" भनी कराउन थालिन् । सर्प देखेर राजा मरण भयबाट डराई "अहो ! श्यामावतीले यस्तो पनि गर्दो रहिछे । यसको विरोधमा कति कुरा सुनाएता पनि मैले कुनै विश्वास गरेको थिइन । आज यहाँ सर्प !" भन्दै रिसले चूर भए ।

अनि राजाले धनुष र बाँण लिएर बीष भरिएको बाँण राखेर धनुष तान्न थाले । त्यतिखेर श्यामावतीले आफ्ना परिचारिका स्त्रीहरूलाई "हे सखे ! यस बखत हाम्रो शरण अरू छैन । राजाप्रति, देवी प्रति तथा आफ्नो प्रति सबै प्रति समभाव राखी मैत्री चित्त राख । कसै माथि द्वेष र कोप नगर" भनी सम्झाइन् । राजाले श्यामावती सहित सबैलाई लहरै उभ्याई उनमाथि ताकेर बाँण प्रहार गरे । उनीहरूको मैत्री चित्तको प्रभावले बाँण फर्केर आफूकहाँ आइरहेको देखेर डराउँदै

Downloaded from http://dhamma.digital

राजाले "अहो ! मैले प्रहार गरेको बाणले ढुंगालाई पनि छेडेर जान्छ आकाशमा ठक्कर लाग्ने ठाउँ पनि यहाँ छैन परन्तु यो बाँण मकहाँ फर्के आइरहेछ । अहो ! यो निर्जीव बाँणले पनि यिनको गुणलाई बुझदछ भनि मनुष्य भएर मैले बुझन सकिन" भनी धनुष भुईंमा छाडी हतास भ थर थर काँप्दै श्यामावतीको अगाडि घुंडाले टेकी यसो भने—

"श्यामे ! म सम्मोहित छु, म प्रमोहित छु र मेरो निमित्त सबै दिशा अँध्यारो जस्तो छ । श्यामावतीले नै मलाई रक्षा गर । तिमी नै मेरो शरण भइदेऊ ।"

श्यामावतीले "हुन्छ, मेरो शरणमा पर्नुहोस्" भनी नभनी "महाराज ! जसको शरणमा म गइकी छु उनको शरणमा तपाइँ पनि जानुहोस् र तपाइँ मेरो शरण भइदिनुहोस्" भनी अनुरोध गरिन् ।

यो सुनेर राजा भन्दछन्— "अब त म झन् प्रमोहित भएँ मेरो निमित्त सबै दिशा झन् अँध्यारो हुन थाल्यो । हे श्यामे ! तिमीले नै मलाई रक्षा गर र तिमी नै मेरो शरण बन ।"

श्यामावतीले फेरि पहिलेकै जस्तै कुरा भनिन् । अनि राजाले भने "त्यसो भए हे श्यामे ! म बुद्धको शरणमा जान्छु र तिम्रो पनि म तिमीलाई बरदान पनि दिन चाहन्छु ।"

श्यामावतीले "हुन्छ महाराज ! वरदान भयो" भनी भनिन् । बुद्धकहाँ गई वहाँको शरणमा परी निम्तो गरी एकहप्तासम्म बुद्ध सहित भिक्षुसङ्घलाई राजाले महादान दिए । श्यामावतीलाई फेरि भने "हे श्यामे ! वरदान लेऊ ।"

"महाराज ! मलाई कुनै श्रीसम्पत्ति चाहिन्न । मलाई त्यस्तो बरदान दिनुहोस् जस्तो गर्दा मैले बुद्ध सहित पाँचशय भिक्षुसङ्घलाई नित्य भोजन प्रदान गर्न सकूँ । म धर्म सुन्न चाहन्छु ।"

Downloaded from http://dhamma.digital

"हुन्छ" भनी राजा बुद्धकहाँ गई "भन्ते ! बुद्ध सहित पाँचशय भिक्षुहरूको साथ निम्तो स्वीकार गर्नुहोस् । श्यामावती भगवान् सहित भिक्षुसङ्घलाई नित्य भोजन गराई धर्म श्रवण गर्न चाहन्छिन्" भनी विन्ति गर्दा भगवान्ले भन्नुभयो "महाराज ! नित्य एकै ठाउँमा जान सकिन्न । अरू महाजनहरूले पनि प्रतीक्षा गर्छन् ।"

"भन्ते ! त्यसोभए कुनै भिक्षुलाई आज्ञा दिनुहोस् ।"

भगवान्ले आनन्दलाई आज्ञा दिनुभयो । आनन्द स्थविर पाँचशय भिक्षुहरूका साथ रोजाना श्यामावतीकहाँ भोजन गर्न थाले ।

उता मागण्डियको मनमा सारै डाहा हुन थाल्यो र सोच्न थालिन् "मैले जे कुरा सोच्छु ठीक उसको विपरीत मात्र हुन्छ । अब के गर्ने होला !" यसरी सोचेर उनले फेरि यस्तो सोचिन्– "अब मैले जानेको छु" भनी राजा उद्यानमा क्रीडाको लागि गइरहेको मौका पारी आफ्नो काकालाई बोलाउन पठाई "श्यामावतीको प्रासादको ठाउँ ठाउँमा तेलमा भिजाएका कपडा बेरी उनीहरू सबैलाई एउटै कोठामा राखी प्रासादमा आगो लगाइ देऊ" भनी भनिन् । उनले प्रासादको लट्ठाहरूमा तेलको कपडा बेरदै गए । श्यामावतीका स्त्रीहरू आएर "मामा ! के गरिरहनु भएको ?" भनी सोध्दा "घर बलियो पार्न राजाले आज्ञा दिनु भएको छ । तिमीहरू आफ्नो कोठामा बसिरहनू" भनी सबैलाई एउटै कोठामा राखी बाहिरबाट ताल्चा मारी माथिदेखि आगो लगाउँदै तल झरे । घर जलिरहेको देखेर श्यामावतीले सबैलाई "हे सखीहो ! यो संसारमा हामीहरू यस्तो आगोमा कतिचोटि परिसक्यौं होला । अतः कसैमाथि द्वेषभाव नराखी मैत्री चित्त राखी अप्रमत्त होऊ" भनी अर्ति दिइन् । कोठाभित्र बसी उनीहरूले "वेदनापरिग्रह" भन्ने ध्यानमा चित्त राखी कसैले द्वितीय र कसैले

Downloaded from http://dhamma.digital

तृतीय फल प्राप्त गरे । भिक्षाटन्‌बाट फर्किरहेका भिक्षुहरूले यो देखेर भगवान्‌कहाँ गई "भन्ते ! श्यामावती सहित उनका पाँचशय स्त्रीहरू आगोमा परेर परलोक भए । उनीहरूको के गति भयो होला ?" भनी सोध्दा भगवान्‌ले "भिक्षुहो ! उनीहरूको मरण विफल भएको छैन । उनीहरू मध्ये केहीले द्वितीय र केहीले तृतीय फल प्राप्त गरेका छन् । भिक्षुहो ! संसारमा घुमिरहँदा मानिसहरू सँधै अप्रमत्त भई पुण्य मात्र गर्दैनन् । प्रमत्त भई पाप कर्म पनि गर्छन् । त्यसैले संसारमा कहिले सुख र कहिले दुःख हुन्छ" भनी धर्मोपदेश गर्नुभयो ।

"श्यामावतीको प्रासादमा आगो लाग्यो" भन्ने खबर सुनेर दौडेर आउँदा पनि राजाले कोही बचेको फेला पार्न सकेनन् । आगो निभाउन लगाई मनमा सारै दुःखी भई अमात्यहरू भेला गराई श्यामावतीको गुण फल फल सम्झी "यो काम कसले गऱ्यो होला ?" भन्ने विचार गरी "अवश्य पनि मागण्डियले गराएकी हुनुपर्छ" भन्ने ठानी "अब यसलाई तर्साएर वा हप्काएर सोध्दा यसले भन्ने छैन । विस्तारैसंग उपाय गरेर सोधेमा मात्र भन्नेछे" भन्ने विचार गरी राजाले अमात्यहरूलाई यस्तो भने— "अघि अघि म आशंकित र परिशंकित भई बस्दथें । अब बल्ल मैले शान्ति पाएँ । अब उप्रान्त म शान्तिपूर्वक बस्न सक्ने छु ।"

अनि भेला भइरहेका अमात्यहरूले "महाराज ! कसले यस्तो गरेको होला त ?" भनी सोध्दा राजाले "म माथि ठूलो स्नेह गर्ने मध्ये कसैले गऱ्यो होला" भनी भने । अनि उहीं बसिरहेकी मागण्डियले "महाराज ! यस्तो काम अरू कसले गर्न सक्ला र ! तपाईंप्रति भएको ठूलो स्नेहको कारणले आफ्नो काकालाई बोलाई मैले यसो गर्न लगाएकी हुँ" भनी फुर्तिसाथ भनिन् । राजाले "म तिमीदेखि सारै प्रसन्न छु । रानी ! म तिमीलाई वर दिन चाहन्छु । तिम्रा ज्ञातिबन्धुहरूलाई

Downloaded from http://dhamma.digital

बोलाऊ" भनी भनेपछि मागण्डियले "राजा म देखेर बडो प्रसन्न भएका छन्, मलाई वरदान दिने भएका छन्, अतः तिमीहरू तुरुन्तै आऊ" भनी खबर पठाइन् । राजाले आएका आएकाहरूलाई सम्मान गराए । यो देखेर नाताकुटुम्ब नहुनेले पनि घुस ख्वाई नाता कुटुम्ब भन्न लगाई आए । अनि राजाले उनीहरू सबैलाई समात्न लगाई राजप्रांगणमा राखी अति क्रूरताका साथ सबैलाई आगो लगाई हत्या गरे । मागण्डियलाई चाहिँ उनैको मासु काटि काटी तेलमा पकाई उनैलाई ख्वाई ख्वाई मारे ।

एकदिन भिक्षुहरूको बीच कुरा चल्यो "श्यामावती सहित उनका पाँचशय स्त्रीहरू आगोमा परेर मरे । मागण्डिय तेलको कराइमा पाकेर नै मरिन् । यिनीहरूमध्ये कसलाई मरेको र कसलाई जिउँदो भन्ने होला ?" यसै बीच त्यहाँ शास्ता आइपुग्नु भयो र के कुरा भइरहेको थियो भनी सोध्नु भएपछि भिक्षुहरूले सो कुरा बताए । भगवान्ले "भिक्षुहो ! जो प्रमादी भएर बस्छ उ शय वर्ष बाँचे पनि मरेको समान नै ठहर्छ । जो अप्रमादी भई बस्छ उ मरे पनि बाँचिरहेको समान हुन्छ । मागण्डिय बाँचेर बसेता पनि मरेकी जस्तै हो र श्यामावती सहित पाँचशय स्त्रीहरू मरेता पनि बाँचि नै रहेकै समान् हुन्" भनी भन्नु हुँदै यो गाथा भन्नुभयो—

२१. "अप्पमादो अमतपदं, पमादो मच्चुनो पदं ।
अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथा मता ।।

२२. "एतं विसेसतो ञत्वा, अप्पमादम्हि पण्डिता ।
अप्पमादे पमोदन्ति, अरियानं गोचरे रता ।।

२३. "ते झायिनो सातितिका, निच्चं दल्हपरक्कमा ।
फुसन्ति धीरा निब्बानं, योगक्खेमं अनुत्तरं ।।"

Downloaded from http://dhamma.digital

अर्थ–

२१– "अप्रमाद अमृतको बाटो हो र प्रमाद मृत्युको बाटो हो। प्रमादीहरू मर्ने झैं अप्रमादीहरू मर्दैनन्।

२२– "आर्यपथमा नियुक्त हुने पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो त्यसैलाई देखेर अप्रमादी हुनमा नै विशेष ध्यान दिन्छन्।

२३– "धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्यलाई बढाई ध्यानको सहायताले जन्म रहित निर्वाणपद र अनुत्तर योगक्षेम प्राप्ति गर्छन्।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# कुम्भघोषक–२

## ('उट्ठानवतो सतिमतो' भन्ने गाथाको कथा)

"उट्ठानवतो सतिमतो..." भन्ने यो गाथा वेणुवनमा बसिरहनुभएका शास्ताले कुम्भघोषकको कारणमा बताउनु भएको हो ।

राजगृह नगरमा र राजगृह श्रेष्ठीको घरमा अहिवातक रोग लाग्यो । यो रोग लाग्दा अन्य प्राणीहरूदेखि लिएर घरका मानिसहरू समेत मर्छन् । घरको भित्ता फोरी जानेको ज्यान बच्छ । अनि सो घरको राजगृह श्रेष्ठीलाई रोग लाग्यो । उनका छोरा अगाडि बसिरहेका थिए । श्रेष्ठीले छोरालाई भने "बाबु ! यो रोग लाग्दा घरको भित्ता फोरी जो निस्कन्छ उसको ज्यान बच्छ । अतः हामीहरूको वास्ता नगरी भित्ता फोरी त्यहाँबाट निस्की आफ्नो ज्यान बचाऊ । पछि आएर हामीले फलाना ठाउँमा गाडिराखेको चालिसकोटी धन लिई आफ्नो जीविका गर ।" उनी त्यस्तै गरी पहाडतिर गएर बसे । बान्हवर्ष पछि उनी राजगृह नगरमा फर्केर आई गाडिराखेको ठाउँमा गई हेर्दा धन सुरक्षित नै देखे । बालक अवस्थामै उनी बाहिर गएको हुँदा अहिले ठूलो भइसकेका उनलाई चिन्ने कोही थिएनन् । अतः उनले विचार गरे "यदि मैले गाडेको धन झिकेर ल्याएँ भने मानिसहरूले मलाई दुःखदिन पनि सक्छन् र समात्न पनि सक्छन् । बरु कुनै ज्यालादारी काम गरेर बस्नु बेश होला ।" यति विचार गरेर काम खोज्दै जाँदा एक ज्यामीकहाँ

Downloaded from http://dhamma.digital

'मानिसहरूलाई बिहानै उठाउने' काम पाएर भात–ज्याला लिएर सो काम गर्न थाले । उनलाई बस्ने एक ठाउँ दियो । उनी दिन दिनै सबेरै उठी "दाजु भाइ, दिदी बहिनीहो ! बेला भयो उठ्नुहोस् । आ–आपना काममा जानुहोस्, गाडामा गोरुहरू बाँध्नुहोस्, हात्ती, घोडा र पशुहरूको निमित्त घाँस काट्न जानुहोस् । यागु भात पकाउनुहोस्" भन्दै घुम्न थाले ।

एक दिन उनी कराएको आवाज बिम्बिसार राजाले सुनी "यो त महाधनी पुरुषको आवाज हो" भनी भन्दा त्यहाँ बसेकी परि-चारीकाले "राजाले जे पायो त्यो भन्नुहुन्न" भनी एकजना मानिसलाई "त्यो मानिसलाई हेरेर आऊ" भनी पठाई । उ गएर आई "उ त एक दरिद्र मानिस हो" भनी भन्यो । भोलिपल्ट पनि उनको आवाज सुनी राजाले त्यस्तै भने । सो परिचारीकाले त्यो दिन पनि मानिस पठाई हेर्न पठाउँदा "एक दरिद्र" भन्ने सुनेर राजालाई सो कुरा बताई राजाले चाहिं विश्वास गरेनन् । "राजाले त्यसै भनेको अवश्य पनि होओइन होलान्, यसमा केही रहस्य हुनुपर्छ" भनी ठानी उसले राजालाई बिन्तिगरी "यदि सरकारबाट एकहजार कार्षापण पाए यसको सबै कुरा पत्ता लगाई त्यो धन सरकारमा टक्र्याउने छु" भनी भन्दा राजाले उसलाई एकहजार कार्षापण दिए ।

उ आपनी छोरीलाई लिएर मैला लुगाहरू लगाई कुनै बटु... जस्तो देखिने गरी ज्यामीहरू बस्ने सडकमा गई एक घरमा प... "आमा ! तपाईंकहाँ एक दुइ दिन बास बस्ने छौं" भनी भन्दा उस... "यहाँ ठाउँ छैन, पल्लो घरमा कुम्भघोषकको डेरामा ठाउँ खाली ... त्यहाँ गएर बस" भनी भनेपछि छोरीसंग उ त्यहाँ गई "हे स्वामी ... हामीहरू परदेशी हौं, आज एकरात तपाईंकहाँ बासबसी भोलि बिह... सबेरै जानेछौं" भनी भने । उनले "यहाँ ठाउँ छैन" भनी बार ब... भन्दा पनि उनीहरू घरबाट बाहिर निस्कन चाहेनन् र उहीं बसे...

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



भोलिपल्ट उनी काममा जान लाग्दा "हे स्वामी ! तपाईंको चामल दिएर जानुहोस् पकाइ राखनेछौं" भनी भने । "चाहिन्न" भनी बार बार भन्दा पनि जिद्दी गरी उनीहरूले चामल लिए र उनी कामबाट नआउञ्जेलसम्म बजारबाट भाँडाकुँडा किनेर ल्याई असल चामल ल्याई दुइ तीन थोक तरकारीहरूको साथ राम्ररी भात पकाई राखे । उनी आएपछि खाना दिए । खानाखान सिध्याएपछि उनको मन केही नरम भएको कुरा चालपाई उनीहरूले "हे स्वामी ! हामीहरू सारै थाकेका छौं, एक दुइ रात यहीं थकाइमारी जाने छौं" भनी भन्दा उनले स्वीकार गरे ।

उनीहरूले त्यसै रात र भोलिपल्ट बिहान पनि मधुर खाना बनाएर उनलाई खुवाए । उनीहरूले फेरि भने "हे स्वामी ! हामीहरू केही दिन यहीं बस्ने छौं ।" यस्तै गरी बस्दा बस्दै एक दिन उनी सुत्ने खटियाको डोरी अलि अलिगरी काटी चुँडालि दिए । खटिया खोलिंदै आएकोले खटियामा बस्दा लच्केर भुइँमा छुने जस्तो गरी खटिया खाल्टो पर्‍यो । अनि "तिमीहरू आएर मेरो भएको एउटा खटिया पनि यस्तो भयो" भनी उनी कराएपछि "के गर्ने, स्वामी ! टोलका केटा-केटीहरू आई यसैमा बसेर खेल्छन्, कतिभन्दा पनि मान्दै मान्दैनन्" भनी भने । यस्तै गर्दा गर्दै एक दिन दुई चारवटा मात्र डोरी बाँकी राखी अरू सबै काटिदिए । राती सुत्दा खटियाको सबै डोरी चुँडी उनी एक डल्लो परेर भुँइमा खसे । अनि "एउटा खटिया भएको पनि तिमी-हरूले यस्तो पारिदियौ" भन्दै कराउन थाले । अनि केटीकी आमाले "भो स्वामी ! के गरौं, टोलका केटाकेटीहरूलाई कति भने पनि रोक्न सक्दिन । अब यस बेला के गर्ने" भन्दै छोरीलाई बोलाई "छोरी ! तिम्रो दाइलाई पनि एक छेउमा सुत्ने ठाउँ देऊ" भनी भनी । "आउनु-होस्, स्वामी ! यहाँ सुत्नुहोस्" भनी आफू सुत्ने ठाउँमै ठाउँ बनाईदिए-पछि गएर सो केटीसंगै सुते । त्यसै रातमा संसर्ग भयो । केटी छन्

थाली । "छोरी ! किन रोएकी ?" भनी उसकी आमाले सोधेपछि उसले "यस्तो भयो" भनी भन्दा "हुनदेऊ, तिमीलाई पनि एउटा पुरुष चाहिन्थ्यो उनलाई पनि एउटी केटी चाहिन्थ्यो" भनी आमा चाहिले भनी । त्यसपछि उनलाई ज्वाँइ बनाई मिलेर बसे ।

केही दिनपछि सो परिचारीकाले राजालाई खबर पठाई "महाराज ! कामदारहरूको टोलमा एक उत्सवको घोषणा गराउनुहोस् । जसको घरमा उत्सव मनाईंदैन उसलाई राजदण्ड लाग्नेछ ।" राजाले त्यस्तै गराए । अनि उनकी सासूले भनी "ज्वाँइ ! कामदारहरूको टोलमा राजाज्ञा अनुसार उत्सव गर्नु पर्ने भयो । अब के गर्ने ?"

"आमा ! ज्यालादारी काम गरेर जीविका गरेको छु । कहाँबाट मैले पैसा ल्याउने ।"

"ज्वाँइ ! गृहस्थी भइ बस्नेले ऋणकाटेर भए पनि राजाको आज्ञालाई पालन गर्नुपर्छ । जाऊ जहाँबाट भएपनि एक दुइ कार्षापण ऋण लिएर आऊ । ऋण भनेको पछि तिर्न सकिने छ ।"

अनि कराउँदै चालिसकोटी धन गाडेको ठाउँबाट एउटा कार्षापण ल्याए । उसले त्यो कार्षापण खर्चगरी उत्सव मनाई । फेरि केही दिनपछि राजाकहाँ त्यस्तै खबर पठाई । राजाले पनि "उत्सव नगर्नेलाई यति जरिवाना हुनेछ" भनी घोषणा गराए । उसले उनलाई फेरि अघि जस्तै भनी । उनी गएर यस पटक तीनवटा कार्षापण लिएर आए । उसले ती पनि राजालाई दिएर "अब चाँहि यो पुरुषलाई बोलाउन पठाउनुहोस्" भनी खबर पठाई । मानिसहरू आएर उनलाई "तिमीलाई राजाबाट बोलावटभएको छ" भनीभन्दा उनी कराउँदै "मलाई राजाले चिन्दैनन्, म जान्न" भनी भने । बोलाउँदा नमानेपछि पुरुषहरू

Downloaded from http://dhamma.digital

हात खुट्टा समाती बलात्कार गर्न थाले । अनि सो स्त्रीले राजपुरुषहरूलाई "मेरो ज्वांइलाई किन जबरजस्ती गरेको भनी हप्काई ज्वाँइ चाहिँलाई "ज्वाइ आऊ, तिमीलाई हात हाल्नेलाई राजाकहाँ जाहेर गरी दण्ड गराउनेछु" भन्दै उ पनि घरबाट निस्की । मानिसहरूले उनलाई दरबारमा लिएर गए । उ चाहिँ उनीहरूभन्दा अगाडि नै दरबारमा गई भेष बदली राजासँगै बसिरही । राजपुरुषहरूले उनलाई राजाकहाँ पुऱ्याए । राजालाई अभिवादन गरी उनी उभिइरहे । राजाले "तिमी कुम्भघोषकह्वौं" भनी सोधे ।

"महाराज ! हो ।"

"किन तिमी महाधन सम्पत्ति छाडेर दुःख देखाई बसेका ह्वौ?"

"महाराज ! ज्यालादारी कामगरी जीविका गर्ने मैले कहाँबाट धन पाउनु ?"

"यस्तो नभन, किन हामीलाई छकाउँछौ ?"

"महाराज ! मसँग धन छैन, सरकारलाई मैले छकाएको छैन ।"

अनि राजाले ती कार्षापणहरू देखाउँदै "यी कार्षापणहरू कसका हुन् त ?" भनी सोध्दा देख्ने बित्तिकै पहिचानी "अहो कसरी यी कार्षापणहरू यहाँ पुग्यो" भन्दै यता उता हेर्दा ती दुबै आमा छोरीलाई देखी "अहो ! यिनीहरूलाई राजाले पठाएका रहेछन्" भनी चालपाए ।

अनि राजाले फेरि सोधे "हे पुरुष ! भन, किन यसरी कुरा लुकाइरहेको ।"

"महाराज ! मलाई भरोसा दिने कोही छैन ।"

"म जस्ताको भरोसा लिनु हुन्न ?"

Downloaded from http://dhamma.digital

"महाराज ! यदि राजाले भरोसा दिनु हुन्छ भने मेरो कल्याण हुनेछ।"

"म तिमीलाई भरोसा दिनेछु, भन तिमीसँग कति धन छ ?"

"महाराज ! चालीसकोटी छ।"

अनि राजाले त्यो धन राज प्रांगणमा थुपार्न लगाई महाजनहरू एकत्रित पारी "यो नगरमा यतिका धन हुने अरू कोही छ के ?" भनी सोध्दा "छैन" भन्ने कुरा सुनेपछि "त्यसो भए यो धनको मालिकलाई के गर्नु पर्ला ?" भनी सोध्दा "महासम्मान" गर्नुपर्छ भनी भनेपछि उनलाई श्रेष्ठीपद दिई सो केटी पनि उनैलाई दिए। अनि उनलाई लिएर भगवान्कहाँ गई राजाले भने "भन्ते ! मैले यो जस्तो धैर्यवान् पुरुष कहिल्यै देखेको थिइन। जो यतिका धन भएर पनि कति पनि अभिमान नगरी धैर्यलिई कृपण जस्तै भई बस्न सक्ने। मैले यस्तो उपायद्वारा उनलाई श्रेष्ठीपद दिएँ" भनी बिन्तिगरे।

यो सुनेर शास्ताले "महाराज ! यसरी जीविका गर्नेलाई धार्मिक जीविका भन्न सकिन्छ। चोरी आदि काम गर्नेलाई इहलोकमा पनि दुःख हुन्छ परलोकमा पनि त्यस्ता कर्मद्वारा सुखदिन सक्दैन। धन परिहानी हुँदा खेतीको काम अथवा ज्यालादारी कामद्वारा जीविका गर्नु नै धार्मिक जीविका हो भनी भन्न सकिन्छ। यस प्रकार वीर्य सम्पन्न हुने, होस् राख्न सक्ने, काय वाक्द्वारा शुद्ध काम गर्ने, बुद्धि पुन्याई संयमतापूर्वक जीविका गर्नेको यश बढ्दछ" भन्नुहुँदै यो गाथा भन्नुभयो—

२४. "उट्ठानवतो सतिमतो, सुचिकम्मस्स निसम्मकारिनो।
सञ्ञातस्स च धम्मजीविनो, अप्पमत्तस्स यसोभि
बड्ढति॥"

Downloaded from http://dhamma.digital

अर्थ–

२४– "जो स्मृतिवान् भई उद्योग गर्छ, संयमपूर्वक सुकार्य गर्छ र अप्रमादी भई धार्मिक काम गर्छ यसरी जीवन बिताउने व्यक्तिको यश बढ्छ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चूलपन्थक–३

## ('उट्ठानेनप्पमादेन' भन्ने गाथाको कथा)

"उट्ठानेनप्पमादेन..." भन्ने यो गाथा वेणुवनमा बसिरहनु भएका शास्ताले चूलपन्थक स्थविरको कारणमा बताउनु भएको हो ।

राजगृह नगरको एक धनपतिकी छोरीलाई सात तले घरमा राखिएको थियो । यौवन अवस्थाले मत्तभइकी उ आफ्नै नोकरसँग बिग्री "आमा बाबुले थाहापाएको खण्डमा मलाई टुक्रा टुक्रा गर्नेछन्" भन्ने ठानी उनीहरू दुबै जना भागेर विदेशतिर गए । उनीहरू कुनै एक ठाउँमा गएर बसिरहेको बेलामा स्त्री गर्भिणी भई । पछि सुत्केरी हुन लाग्ने बेलामा स्त्रीले "हे पुरुष ! बिरानो ठाउँमा बालक जन्माउन पर्दा हामी दुबैलाई कष्ट हुन सक्छ । अतः घरमा जाऔं" भन्दा डराएर उसले "आज भोलि" गर्दै दिन काट्न थाल्यो । उ जान नचाहेको कुरा बुझी एक दिन आफ्नो पुरुष बाहिर गइरहेको मौकामा छिमेकीहरूलाई "माइती जानेछु" भनी स्त्री घरबाट निस्केर गई ।

पुरुष घरमा आइपुग्दा उसलाई नदेखी यता उता सोध्दा माइतीमा गई भन्ने कुरा थाहापाए पछि उ दौडेर गयो र बीच बाटामा उसलाई भेट्टायो । उसले बाटैमा छोरा जन्माई । "अब के गर्छौं ?" भनी सोध्दा "जुन कामको लागि घर जाँदै थिएँ सो काम यहीं सिद्धिएपछि अब केलाई जाने" भन्दै दुबै जना फर्केर आए । बाटामा

Downloaded from http://dhamma.digital

(=पन्थे) जन्मेको हुनाले पुत्रलाई 'पन्थक' भन्ने नाम राखे । केही महीना पछि फेरि उ गर्भिणी भई र प्रसव समय आइपुग्दा अघि जस्तै आफ्नो पुरुषलाई भनी । पुरुषले पनि अघि जस्तै आलटाल गर्दै दिन बिताउन थाले पछि पहिले जस्तै स्त्री माइतीतिर लागेर गई । पुरुष घरमा आउँदा उ गएकी खवर सुनेर पछि दौड्दै गयो र उसले बीच बाटामा भेट्टायो । उसले पनि अघि जस्तै बीच बाटामै पुत्र जन्माई । अनि दुबैजना घरफकी अघि जन्मेकोलाई 'महापन्थक' भनी नाम राखे । ठूला भएपछि त्यसठाउँका बालकहरूले "बाजे, बज्यै, कान्छा बा" आदि भनी भनिरहेको सुनेर आमाकहाँ आई "आमा ! आमा ! यहाँ हामीहरूका नाता कुटुम्ब कोही छैनन् कि क्या हो ? हाम्रा बाजे बज्यैहरू छैनन् ?" भनी सोध्दा आमा चाहिंले "बाबुहो ! यहाँ तिम्रा कोही नाता कुटुम्बहरु छैनन् । राजगृह नगरमा "धनश्रेष्ठी" भन्ने तिम्रा बाजे छन् र धेरै नाता कुटुम्बहरू पनि छन्" भनी भनी । अनि बालकहरूले "त्यसोभए त्यहाँ किन नजानुभएको त?" भनीसोध्दा उसले नगएको कारण नबताई पति चाहिंलाई यसो भनी "यी केटाहरू बाजे बज्यैहरूकहाँ जान झगडा गर्छन् । के आमाबाबुहरूले हाम्रो मासु काटेर खान्छन् र जाऔं बालकहरुलाई उनीहरूका बाजेहरूकहाँ लैजाऔं" भनी भन्दा पति चाहिंले भन्यो "म त उनीहरूको अगाडि जान सक्दिन । तर केटाहरूलाई लैजाने छु ।" यति भनी केटाहरूलाई लिएर दुबै जना राजगृह नगरमा गई एक ठाउँमा बसे । अनि उनीहरूले "दुइजना बालकहरू लिएर हामीहरू आएका छौं" भनी आमाबाबुकहाँ खबर पठाए । उनीहरूले "तिमीहरूलाई हामी हेर्न सक्दैनौं । यति धन लिएर आफूलाई सुविधा हुने ठाउँमा गएर जीविका गर । दुइ बालकचाहिं हामीकहाँ पठाऊ" भनी दूत पठाए । आएको दूतको हातमा बालकहरू जिम्मा दिई उसले दिएको धन लिएर उनीहरू फर्के । बालकहरू बाजे बज्यैको घरमा बस्नथाले । चूलपन्थक स्यानै भएको हुनाले महापन्थक

Downloaded from http://dhamma.digital

चाहिं बाजे बज्यैहरूसंग बरोबर शास्ताकहाँ गएर धर्मोपदेश सुन्नजान्थे। सधैं कैं शास्ताको धर्मोपदेश सुनेर महापन्थकको मनमा एक दिन प्रव्रजित हुने इच्छा भएर बाजे बज्यैहरूलाई भने "यदि मलाई वचन दिनुहुन्छ भने म प्रव्रजित हुन चाहन्छु।"

"राम्रो हो, अरूहरू प्रव्रजित हुनुभन्दा हाम्रो निमित्त तिमी प्रव्रजित हुनु गर्वको कुरा हो। सक्छौ भने प्रव्रजित होऊ।"

यति भनी बालकहरूलाई लिएर उनीहरू शास्ताकहाँ गए। शास्ताले "गृहपति! केटा लिएर आयौ नि?" भनी सोध्नु हुँदा उनीहरूले "भन्ते! हो, यो केटा प्रव्रजित हुन चाहन्छ" भनी निवेदन गरे। शास्ताले एक पिण्डपातिक[१] भिक्षुलाई भनेर प्रव्रजित गर्न लगाउनु भयो। प्रव्रजित भएपछि उनले धेरै बुद्धवचनहरू अध्ययन गरे। उमेर पुगेपछि उपसम्पदा भए र होस् राखी राम्ररी ध्यान गरेपछि अरहत्व पनि प्राप्त गरे। अरहत् भएर ध्यान सुखमा बसिरहेको महापन्थकको मनमा "यस्तो विमुक्तिसुख चूलपन्थकलाई पनि दिनु पर्‍यो" भन्ने विचार गरी एक दिन बाजेहरूकहाँ गई "महासेठ! यदि वचन दिन्छौ भने चूलपन्थकलाई पनि प्रव्रजित गराउन चाहन्छु" भनी भन्दा उनीहरूले पनि "हुन्छ गर्नुहोस्" भनी भने। यी श्रेष्ठी उच्च कुलीनका थिए। "यी कसका छोराहरू हुन्?" भनी सोध्दा "भागेर गएकी छोरीका हुन्" भनी भन्न पर्दा उनीहरूलाई लाज हुन्थ्यो। त्यसैले उनीहरूले सहजैसंग प्रव्रजित हुने वचन दिएका हुन्। स्थविरले चूलपन्थकलाई प्रव्रजित गराई शीलमा प्रतिष्ठित गराए। उनीचाहिं पढ्न सक्दैनथे।

---

१. भिक्षाटन् मात्र गर्ने धुतङ्गशील पालन गर्नेलाई 'पिण्डपातिक' भनिएको हो।

Downloaded from http://dhamma.digital

"पदुमं यथा कोकनदं सुगन्धं" भन्ने चार पदको एउटा गाथा पनि चार महिनासम्ममा कण्ठस्थ पार्न सकेको थिएन । माथिल्लो पद कण्ठस्थ गरी तल्लो पद कण्ठस्थ गर्दा माथिल्लो पद बिर्सिन्थे । यसरी एउटा गाथा पढ्दा पढ्दै चार महीना बित्यो । अनि उनलाई "तिमीले एउटा गाथा त चार महीनासम्ममा पढ्नसकेनौ भने प्रव्रजितको काम कहिले पुरा गर्न सकौला" भनी महापन्थकले विहारबाट निकालि दिए । उनी भने प्रव्रज्याको स्नेहले गर्दा घर फर्कन चाहन्नथे ।

त्यस समय महापन्थक स्थविर भत्तुद्देशक[1] भएका थिए । अनि जीवक वैद्य आएर "भन्ते ! अहिले यहाँ कति भिक्षुहरू छन् ?" भनी सोध्दा "पाँचशय" भन्ने सुनेर "भन्ते ! त्यसो भए यी पाँचशय भिक्षुहरू सहित बुद्धलाई भोलिको निमित्त निम्तो स्वीकार गर्नुहोस्" भनी प्रार्थना गरे । महापन्थक स्थविरले "उपासक ! यो चूलपन्थक बुद्धशासनको लागि अयोग्य हुँदा उनी एक जना छाडी अरूको निमित्त स्वीकार गर्छु" भनी भने । चूलपन्थकको मनमा "मेरो दाइको मनमा म प्रति विश्वास रहेनछ । यस्तो अवस्थामा किन यहाँ बसिरहने, चीवर छाडेर गृहस्थी भएर जानुपर्‍यो" भन्ने विचार गरी भोलिपल्ट बिहान सबेरै चीवर छोड्ने बिचारले विहारबाट निस्के ।

त्यस दिनको बिहान सबेरै ध्यानदृष्टिद्वारा लोकमा हेर्दा चूलपन्थकको कुरा देखनु भई उनी जाने बाटोको छेउमा गई भगवान् बुद्ध बस्नुभयो । चूलपन्थक बिहान सबेरै विहारबाट निस्किरहेका बेलामा बुद्धलाई देखेर वहाँकहाँ गई वन्दनागरी उभिएर बसे । अनि

१. भिक्षुहरूका निमित्त निम्तो स्वीकार गर्ने र निम्तोमा पठाउने काम गर्नेलाई "भत्तुद्देशक' भनिन्छ ।

Downloaded from http://dhamma.digital

शास्ताले "चूलपन्थक ! यसबेला कहाँ जाँदैछौ ?" भनी सोधेपछि उनले आफ्नो मनको कुरा बताए। शास्ताले "चूलपन्थक ! तिम्रो प्रव्रज्या मकहाँ पो भएको हो। दाइले विहारबाट निकालेपछि मकहाँ आउनु पर्ने। अतः मकहाँ बसौला, घर फर्केर के गर्छौ र ?" भन्दै उनको शीरमा चक्रांकित हातले सुम्सुम्याई चूलपन्थकलाई आफू बस्ने गन्धकुटीमा लगी एउटा शुद्ध र सफा रूमाल लिएर "रजोहरणं, रजोहरणं (=मैलो फाल्ने) भन्दै पूर्वतिर हेरी यहीं बसिरहनू" भनी भोजनको समय भएपछि तथागत भिक्षुहरूको साथ जीवकको घरमा जानुभयो। चूलपन्थक "रजोहरणं, रजोहरणं" भनी रूमाल परिमार्जन गरी बसे। यसरी परिमार्जन गरिरहेको बेलामा हातको पसिनाले गर्दा रूमाल मैलियो। अनि उनले सोच्न थाले "यो रूमाल भरखर अघि कति सफा सुग्घर थियो। अहिले हात पुछ्दा पुछ्दै मैलो भएर आयो। यसै शरीरको कारणले गर्दा पहिलेको शुद्धपन हटेर मैलो भयो। यो संस्कार अनित्य रहेछ" भन्दै अनित्य दुःखको स्मरण गरी विपश्यना ध्यान बढाउन थाले। उनले विपश्यनामा चित्त लगाएको थाहा पाएर शास्ताले "चूलपन्थक ! तिमीले रूमाल मात्र मैलो भयो भनी नठान। रागरूपी आदि मैलाहरू तिम्रो अभ्यन्तरमा धेरै छन्। तिनीहरूलाई सफा पार" भनी उनले देख्ने गरी अगाडि उभिएको जस्तै देखाई यो गाथा भन्नु भयो—

"रागो रजो न च पन रेणु वुच्चति,
रागस्सेतं अधिवचनं रजो' ति।
एतं रजं विप्पजहित्व भिक्खवो,
विहरन्ति ते विगतरजस्स सासने॥
"दोसो रजो न च पन रेणु वुच्चति,
दोसस्सेतं अधिवचनं रजो' ति।

Downloaded from http://dhamma.digital

एतं रजं विप्पजहित्व भिक्खवो,
विहरन्ति ते विगतरजस्स सासने ।।
"मोहो रजो न च पन रेणु वुच्चति,
मोहस्सेतं अधिवचनं रजो' ति ।
एतं रजं विप्पजहित्व भिक्खवो,
विहरन्ति ते विगतरजस्स सासने ।"

अर्थ–

"रागलाई पनि रज(=मैलो) भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफापारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।

"द्वेषलाई पनि रज भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफापारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।

"मोहलाई पनि रज भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफापारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।"

गाथाको अवशानमा चूलपन्थकले प्रतिसम्भिदाज्ञान सहित अरहत्व प्राप्त गरे । प्रतिसम्भिदाज्ञानको साथ साथै तीनै पीटकको ज्ञान पनि भयो ।

उता जीवकले भगबान्‌लाई दक्षिणोदक[१] अर्पण गरे । शास्ताले "जीवक ! विहारमा भिक्षुहरू बाँकी छन् होइन ?" भन्दै हातले भिक्षापात्र ढाक्नु भयो । महापन्थकले "भन्ते ! विहारमा भिक्षुहरू

१. भोजन दानको समयमा सर्वप्रथम अर्पित गरिने पानीलाई 'दक्षिणोदक' भनिन्छ ।

Downloaded from http://dhamma.digital

छैनन्" भनी भने । शास्ताले "जीवक ! विहारमा भिक्षुहरू छन्" भनी भन्नु भयो । अनि जीवकले "हे भणे ! त्यसोभए जाऊ र विहारमा भिक्षुहरू छन् वा छैनन् चाँडै हेरेर आऊ" भनी एक पुरुषलाई पठाए । त्यतिखेर चूलपन्थकले "विहारमा भिक्षुहरू छैनन् भनी मेरा दाइ भन्दछन् । विहारमा भिक्षुहरू भएको देखाउनु पर्‍यो" भन्ने विचार गरी विहारको आम्रवनभरी केही चीवर सिइरहेका, केही चीवर रंगाइरहेका र केहीले चीवर काटिरहेका आदि गरी सारा विहारको आम्रवन भिक्षुहरूले भरिदिनुभयो । हेर्न आएको पुरुषले विहारभरी भिक्षुहरू देखी फर्केर गई "आर्य ! विहार भरी भिक्षुहरू छन्" भनी भन्यो । शास्ताले सो पुरुषलाई भन्नुभयो "विहारमा गएर शास्ताले चूलपन्थक भन्नेलाई बोलाउनु भएको छ" भन । भने अनुसार उ गएर भन्दा "म चूलपन्थक हुँ । म चूलपन्थक हुँ" भनी सबैले भने । उ फर्की "सबैले चूलपन्थक भन्दछन्" भनी भगवान्लाई बिन्ति गर्दा "जसले सबभन्दा पहिले म चूलपन्थक हुँ भनी भन्नेछ उनको हात समात । बाँकी सबै अन्तरधान हुनेछन्" भनी भगवान्ले भन्नुभयो । उ गएर त्यस्तै गर्‍यो । स्थविर उसँगै आए । भोजन सिद्धिएपछि भगवान्ले जीवकलाई भन्नुभयो— "जीवक ! चूलपन्थकको पात्र लेऊ । उनले भुक्तानुमोदन गर्नेछन् ।" जीवकले त्यस्तै गरे । सिंह जस्तै गर्जिदै त्रिपिटक मथन गरी स्थविरले अनुमोदन गरे ।

एक दिन धर्म सभामा कुरा चल्यो "चूलपन्थकले चार महीनासम्ममा एउटा गाथा पढ्न नसकेता पनि प्रयाशलाई नछाडी अन्तमा अरहत्व नै प्राप्त गरे ।" शास्ता आउनु भई "भिक्षुहो ! के कुरा गर्दै बसिरहेका थियौ ?" भनी सोध्दा "यो यो" भनी निवेदन गरेपछि "भिक्षुहो ! वीर्यवान् भिक्षु मेरो शासनमा लोकोत्तर धर्मको स्वामी नै बन्दछ" भनी भन्नु भई यो गाथा भन्नुभयो —

Downloaded from http://dhamma.digital

२५. "उट्ठानेनप्पमादेन, सञ्ञमेन दमेन च।
दीपं कयिराथ मेधावी, यं ओघो नाभिकीरति ॥"

अर्थ-

२५- "बुद्धिमानिले संयम र चित्त दमनगरी अप्रमादी भएर बाढीले पनि हुत्याउन नसक्ने टापु समान आफूलाई बनाउनु पर्छ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मूर्खक्रीडा–४

## ('पमादमनुयुञ्जन्ति' भन्ने गाथाको कथा)

"पमादमनुयुञ्जन्ति..." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले अज्ञानी मूर्खहरूको नक्षत्र उत्सवको कारणमा बताउनु भएको हो।

एक समय श्रावस्तीमा नक्षत्र उत्सवको घोषणा[1] गरिएको थियो। त्यस उत्सवमा मूर्ख अज्ञानीहरू शरीरमा खरानी र गोबर घसी हिंड्छन्। आफ्ना ज्ञातिबन्धुहरू वा श्रमणहरू देखे पनि उनीहरू लजाउन्नन्। ढैलो ढैलोमा बसेर असभ्य बोल्दछन्। असभ्य बोलि सुन्न नसकी आ–आफ्नो गच्छे अनुसार सुका वा एक मोहर मानिसहरूले दिएर पठाउँछन्। पाएको पैसा लिएर उनीहरू जान्छन्। त्यस बखत श्रावस्तीमा पाँचकोटी जति आर्य श्रावकहरू बस्दथे। उनीहरूले शास्ताकहाँ खबर पठाए— "भन्ते ! भगवान् यो सप्ताहभरी भिक्षाटन् गर्न बाहिर ननिस्कनु होस्। हामी विहारमै भोजन पुन्याइदिनेछौं।" यति खबर पठाई बुद्ध सहित सबै भिक्षुहरूको निमित्त भोजन पठाए। आफूहरू पनि घरबाट बाहिर निस्केनन्। अनि नक्षत्र उत्सव सिद्धिएपछि आठौं दिन भगवान् सहित भिक्षु सङ्घलाई निम्तो गरी महादान दिएर एक छेउमा बसेका उनीहरूले "भन्ते ! हामीले अति कष्टपूर्वक यो एक

---

१. फागुको घोषणा।

Downloaded from http://dhamma.digital

हप्ता बितायौं । अज्ञानी मूर्खहरूको असभ्य बोलि सुन्दा कानै फुट्ला जस्तो भयो । कोही कुनैसँग लजाउदैनन् । त्यसैले हामीले तपाईंलाई भिक्षाटन् गर्नबाट रोकेका हौं । हामी पनि घरबाट बाहिर निस्केनौं" भनी भने । उनीहरूको कुरा सुनेर भगवान्ले "अज्ञानी मूर्खहरूको काम यस्तै हुन्छ । बुद्धिमानीहरूले चाहिं धनलाई सुरक्षित गरी रक्षागर्ने जस्तो अप्रमादलाई रक्षागरी अमृतमहानिर्वाण सम्पत्ति प्राप्त गर्छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो—

२६. "पमादमनुयुञ्जन्ति, बाला दुम्मेधिनो जना ।
अप्पमादञ्च मेधावी, धनं सेट्ठंव रक्खति ॥
२७. "मा पमादमनुयुञ्जेथ, मा कामरतिसन्थवं ।
अप्पमत्तो हि झायन्तो, पप्पोति विपुलं सुखं ॥"

अर्थ–

२६– "मूर्खहरू प्रमादी हुन्छन् र पण्डितहरू सेठले धन रक्षा गरे झैं अप्रमादलाई रक्षा गर्छन् ।

२७– "प्रमादी नहोऊ, काम विषयमा आसक्त नहोऊ र अप्रमादी भई ध्यानगर्‍यौ भने विपुल सुख प्राप्त हुन्छ ।"

———

Downloaded from http://dhamma.digital

# महाकश्यप स्थविर–५

## ('पमादं अप्पमादेन' भन्ने गाथाको कथा)

"पमादं अप्पमादेन..." भन्ने यो गाथा जेतवनमा बसिरह भएका बुद्धले महाकश्यप स्थविरको कारणमा बताउनु भएक हो ।

एक समय स्थविर पिप्फलि गुफामा बसेका थिए । एक दि राजगृहमा भिक्षाटन् गरी भोजन सकिएपछि आलोक समाधि बढा संसारमा च्युत र उत्पन्न भइरहेका प्राणीहरूलाई दिव्यचक्षुद्वारा हे बसिरहेका थिए । जेतवनमा बसिरहनुभएका भगवान्ले 'महाकश्य अहिले के गरिरहेका रहेछन्" भनी ध्यानद्वारा विचार गरी हेर्दा कारण बुझ्नु भई 'कश्यप ! प्राणीहरूको च्युति र उत्पत्तिको विषयल बुद्धज्ञानले पनि अन्त पाउन सकिन्न । आमाको पेटमा प्रतिसन्धि लिए आमाले थाहा नपाउने गरी च्युत भएका प्राणीहरूको गिन्ति छैन[1] । विषयलाई तिमीले जान्न सक्दैनौ । यो त केवल बुद्धको विषय हो भनी आभाष फैलाई बसिरहेको जस्तो देखाउनु भई भगवान्ले यो गा सन्नु भयो ।

---

1. यसको स्पष्टिकरण लेखको बु. श्रा. भा–६ पृ. ७३ को पादटिप्पण मा हेर्नू ।

Downloaded from http://dhamma.digital

२८. "पमादं अप्पमादेन, यदा नुदति पण्डितो।
पञ्ञापासादमारुय्ह, असोको सोकिनिंपजं।
पब्बतट्ठोव भुम्मट्ठे, धीरो बाले अवेक्खति।"

अर्थ–

२८– "जुन बखत पण्डितले प्रमादलाई अप्रमादले जिती आफू शोक र तापबाट रहित हुन्छ, त्यस बखत उसले प्रज्ञारूपी उच्च प्रासाद-मा बसी शोक–सन्तप्त प्राणीहरूलाई पहाडको टुप्पोबाट पहाडमुनि बस्ने मानिसहरूलाई देखे झैं देखदछ।"

Downloaded from http://dhamma.digital

# दुइ सहायक भिक्षुहरू–६

## ('अप्पमत्तो पमत्तेसु' भन्ने गाथाको कथा)

"अप्पमत्तो पमत्तेसु..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले दुइ सहायक भिक्षुहरूको कारणमा बताउनुभएको हो ।

उनीहरू शास्ताकहाँबाट ध्यानको कुरा सिकेर जंगलमा गए । ती मध्ये एकजना चाहिं समयमै दाउराहरू ल्याई आगोबाली तरुण श्रामणेरहरूसँग कुरागरी आगो तापी समय बिताउँथ्यो । अर्को चाहिं अप्रमादी भई श्रमणधर्म गर्दै उसलाई भन्दछ "आवुसो ! यसोगरी समय नबिताऊ । प्रमादी हुनेहरूको लागि चार अपायहरू आफ्नो घर समान हुनेछन् । बुद्धलाई शाठ्यताद्वारा प्रसन्न गर्नसकिन्न ।" उसले त्यसको कुरा सुन्दैनथ्यो । अनि त्यसले सोच्यो कि— उ आज्ञाकारी छैन । त्यसैबेलादेखि त्यसले उसलाई केही पनि नबताई अप्रमादपूर्वक आफ्नो श्रमणधर्म गर्न थाल्यो । अल्छी स्थविरले प्रथम याममा आगो तापी अप्रमादी स्थविर चंक्रमण गरी भित्र पस्ने बेलामा "तिमी बडो अल्छी रहेछौ ! सुत्नको लागि तिमी अरण्यमा आएका हौ ? बुद्धकहाँबाट कर्मस्थान ग्रहणगरी सुतेर श्रमणधर्म गर्न सक्छौ ?" भनी भनेर आफ्नो कोठामा गई सुत्छ । अप्रमादी स्थविर मध्यम याममा विश्राम गरी पश्चिम याममा श्रमणधर्म गर्छ । यसरी अप्रमाद भई बस्दा त्यसले चाँडै नै प्रतिसम्भिदा ज्ञान सहित अरहत्व प्राप्त गर्‍यो । अल्छी स्थविरले चाहिं

Downloaded from http://dhamma.digital

प्रमादी भएर नै दिन बितायो। वर्षावास सिद्धिएपछि शास्ताकहाँ गई वन्दनागरी एक छेउमा बस्यो। शास्ताले उनीहरूसंग कुशलवार्ता गरी "भिक्षुहो! अप्रमादी भई बस्यौ के? श्रमणधर्म पालन गरेर प्रव्रज्याको परमार्थ पूरा गर्न सक्यौ त?" भनी सोध्दा पहिले प्रमादी स्थविरले "यो के अप्रमादी भएर बस्थ्यो। गए देखि नै सुतेर दिनरात बितायो" भनी भन्यो। "तिमीले कसरी दिन बितायौ त?" भनी शास्ताले सोध्दा उसले "भन्ते! मैले त रातको पहिलो याममा आगो तापी ननिदाइकनै बसेर समय बिताएँ" भनी भन्यो। शास्ताले उसलाई "आफू प्रमादी भई समय बिताई अप्रमादीलाई प्रमादी भन्छौं!" भनी भन्नुभयो। फेरि प्रमादको दोष र अप्रमादको गुण प्रकाश पार्दै "तिमी चाहिं मेरो पुत्रको अगाडि बेग नभएको कमजोर घोडा जस्तै हौ। यो भिक्षुचाहिं तिम्रो अगाडि वेगसम्पन्न बलवान् घोडा जस्तै हो" भनी यो गाथा भन्नुभयो—

२९. "अप्पमत्तो पमत्तेसु, सुत्तेसु बहुजागरो।
अबलस्संव सीघस्सो, हित्वा याति सुमेधसो॥"

अर्थ–

२९– "प्रमादीहरूमा अप्रमादी, निद्रालुहरूमा अनिद्रालु र बलहीन घोडाहरूमा बलसम्पन्न घोडा अगाडि गए झैं बुद्धिहीन व्यक्तिहरूमध्ये बुद्धिवान् व्यक्ति पूर्वगामी हुन्छ।"

---

Downloaded from http://dhamma.digital

# शक्र देवराज–७

## ('अप्पमादेन मघवा' भन्ने गाथाको कथा)

"अप्पमादेन मघवा" भन्ने यो गाथा वैशालीको कूटागार-शालामा बस्नुभएका बुद्धले शक्रदेवेन्द्रराजको कारणमा महाली लिच्छवीलाई बताउनु भएको हो ।

वैशालीमा महाली भन्ने लिच्छवी बस्दथे । एक दिन उनले 'सक्कपञ्ह'[१] सूत्रको कुरा सुनेका थिए । यो सूत्रको कुरा सुनेर उनको मनमा यस्तो लाग्यो— 'सम्यक्सम्बुद्धले शक्रको बडो बयान गर्नु भयो । वहाँले शक्रलाई देखेर यस्तो भन्नु भएको हो कि अथवा नदेखिकनै भन्नु भएको । यो कुरा भगवान्सँग सोध्नुपर्‍यो ।" यति सोचि महाली लिच्छवी भगवान्कहाँ गएर वन्दनागरी एक छेउमा बसे । अनि उनले भगवान्सँग "भन्ते ! भगवान्ले शक्रदेवेन्द्रलाई देख्नु भएको छ के ?" भनी सोधे ।

"महाली ! मैले शक्रदेवेन्द्रलाई देखेको छु ।"

"भन्ते ! शक्रदेवेन्द्रलाई देखन कठिन छ होइन ? शायद त्यो शक्र जस्तै होला ।"

"महाली ! म शक्रलाई पनि चिन्दछु, शक्र बनाउने धर्म पनि जान्दछु । जुन धर्मले युक्त हुँदा शक्रत्व प्राप्तहुन्छ त्यो पनि म जान्दछु ।

---

१. यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भा–२ को पृ. १८१ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital

"महाली ! शक्रदेवेन्द्र अघि मनुष्य छँदा 'मघ' भन्ने माणवक थिए । त्यसैले उनलाई 'मघवा' भनिएको हो ।

"महाली ! अघि मनुष्य छँदा शक्रदेवेन्द्रले पूर्वं पूर्वं (=अघि अघि सरी) दान दिएका थिए । त्यसैले उनलाई 'पुरिन्दद' भनिएको हो ।

"महाली ! अघि मनुष्य छँदा शक्रदेवेन्द्रले सत्कारपूर्वक दान दिन्थे । त्यसैले उनलाई 'शक्र' भनिएको हो ।

"महाली ! अघि मनुष्य छँदा शक्रदेवेन्द्रले 'आवास' (=बस्ने घर) दान दिएका थिए । त्यसैले उनलाई 'वासवो' भनिएको हो ।

"महाली ! हजार कारणलाई पनि तुरुन्तै शक्रदेवेन्द्रले विचार गर्न सक्छन् । त्यसैले उनलाई 'सहस्राक्ष' भनिएको हो ।

"महाली ! शक्रदेवेन्द्रकी सुजा भन्ने असुरकन्या प्रजापति थिइन् । त्यसैले उनलाई 'सुजम्पति' भनिएको हो ।

"महाली ! त्रयस्त्रिंश देवलोकका राजा शक्रदेवेन्द्र हुन् । त्यसैले उनलाई 'देवानमिन्द्र' भनिएको हो ।

"महाली ! शक्रदेवेन्द्र अघि मनुष्य छँदा उनले सातवटा व्रत राम्ररी पालन गरेका थिए । जसले गर्दा उनी शक्रत्वमा पुगे । (१) जीवनभर आमाबाबुको सेवा गर्दथे, (२) जीवनभर घरका जेठा पाकाका सम्मान गर्दथे, (३) जीवनभर कोमल वचनभाषी थिए, (४) जीवन भर पैशुन्य वाचा बोलेका थिएनन्, (५) जीवनभर लोभ लालच रहित भई दानदिने काममा अग्रसर भई याचकहरूलाई दान दिनमा अगाडि सर्दथे, (६) जीवनभर सत्यवादी थिए र (७) जीवन-भर अक्रोधी थिए । 'यदि ममा क्रोध उत्पन्न भएको खण्डमा त्यसलाई चाँडै दूर गर्नेछु' भनी होस राख्थे । "महाली ! शक्रदेवेन्द्र अघि

Downloaded from http://dhamma.digital

मनुष्य छँदा यी सात व्रतहरू जीवनभर पालन गरी शक्रत्वमा पुगेका थिए। महाली ! मघ माणवक छँदा उनले अप्रमाद–प्रतिपत्ति पालन गरेका थिए। अप्रमादताको कारणले गर्दा नै उनले दुबै देवलोकको आधिपत्य प्राप्त गरेका हुन्। बुद्धादि उत्तम पुरुषहरूले अप्रमादलाई प्रशंसा गर्छन्। अप्रमादताको कारणले गर्दा लौकिक र लोकोत्तर विशेषतालाई प्राप्त गर्न सकिन्छ" भनी भन्नुहुँदै यो गाथा भन्नु भयो—

३०. "अप्पमादेन मघवा, देवानं सेट्ठतं गतो।
अप्पमादं पसंसन्ति, पमादो गरहितो सदा ॥"

अर्थ–

३०– "अप्रमादी हुनाले मघ माणवक देवताहरूका राजा भए। अप्रमादको प्रशंसा हुन्छ र प्रमादको सँधैंभरी निन्दा हुन्छ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# एक भिक्षु–८

## ('अप्पमादरतो भिक्खु' भन्ने गाथाको कथा)

"अप्पमादरतो भिक्खु..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो ।

भगवान्‌बाट अरहत्‌सम्मका ध्यानका कुरा सुनी अरण्यमा गई कोशिस गर्दा पनि उनी अरहत् हुन सकेनन् । अनि "विशेषरूपले ध्यानका कुरा सुन्नु पर्‍यो" भनी शास्ताकहाँ गइरहेको बेलामा जंगलमा ठूलो आगो लाग्यो । यो देखेर दगुरेर एक नाङ्गो पहाडको चूलीमा गई बसे । त्यहाँ बसेर आगोलागिरहेको हेरेर मनमा यस्तो सोच्न थाले— "जसरी यो आगोले स्याना ठूला झारपातहरू भष्मपार्दै जाँदै छ त्यसरी नै आर्यमार्गज्ञानद्वारा ठूला र स्याना सबै प्रकारका संयोजनहरूलाई भष्म पारेर लैजानु पर्छ ।" अनि गन्धकुटीमा बसिरहनु भएका भगवान्‌ले उनको चित्तको भावनालाई बुझनुभई "भिक्षु ! यस्तै हो, सत्वहरूको अभ्यन्तरमा उत्पन्न हुने स्याना ठूला सबै संयोजन क्लेशहरूलाई आर्य-मार्गरूपी अग्निद्वारा भष्म पारेर पुनः उत्पन्न हुन नसक्ने गर्नुपर्छ" भनी भन्नु हुँदै आभाष फैलाई भिक्षुको सामुन्ने बसे जस्तो देखाउनु भई यो गाथा भन्नु भयो—

३१. "अप्पमादरतो भिक्खु, पमादे भयदस्सिवा ।
संयोजनं अणुं थूलं, डहं अग्गीव गच्छति ॥"

Downloaded from http://dhamma.digital

अर्थ–

३१– "प्रमादमा डरमानी अप्रमादमा मन लगाउने भिक्षुका स्याना ठूला संयोजनहरू आगोले भष्म पारे झैं भष्म पार्छ र उ निर्वाणको नजिकै आइपुग्छ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# निगमवासी तिष्य भिक्षु-९

## ('अप्पमादरतो भिक्खु' भन्ने गाथाको कथा)

"अप्पमादरतो भिक्खु..." भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले निगमवासी तिष्य (तिस्स) स्थविरको कारणमा बताउनु भएको हो।

श्रावस्ती नजिकैको एक निगममा अभिवृद्धि भएका एक कुलपुत्रले शास्ताको शासनमा प्रव्रजित भई उपसम्पदा पनि प्राप्त गरे। अनि "निगमवासी स्थविर बडा निर्लोभी, सन्तुष्टि, एकान्त प्रेमी तथा वीर्यवान् छन्" भन्ने प्रसिद्धि पाएर बसेका थिए। यिनी सधैं झैं आफ्नो निगममा नै भिक्षाको निमित्त जान्थे। अनाथपिण्डकले दिएको महादानमा अथवा कोशल राजाले दिएको असदृश दानमा पनि जान्नथे। अनि भिक्षुहरूले "यी निगमवासी तिष्य स्थविर रातदिन आफ्नै निगममा अल्झेर बस्दछन् र श्रावस्तीमा अनाथपिण्डकहरूले दिएको महादानमा पनि आउँदैनन्" भन्ने कुरा गर्दै भगवान्‌लाई यो कुरा सुनाए। शास्ताले उनलाई बोलाउन पठाई "साँच्चै हो के तिमी यसरी निगममा अल्झेर बस्छौ रे ?" भनी सोध्नु हुँदा उनले "भन्ते ! मेरा नाताकुटुम्बहरूसँग अल्झो छैन। यिनीहरूको तरफबाट केवल पेट-भर्न पुग्ने आहार मात्र ग्रहण गर्छु। रात्रोहोस् वा नरात्रोहोस् पेटपाल्न-को लागि पर्याप्त आहार पाएपछि आहारको बारेमा अरू खोज तलास गर्नुपर्ने के छ र भन्ने विचारले म अन्त कहीं नगएको हुँ" भनी भने।

Downloaded from http://dhamma.digital

अनि शास्ताले उनको प्रशंसा गर्दै "यो अल्पेच्छता र सन्तुष्टिता भनेको मेरै परम्परा हो" भनी सुवजातकको[1] कुरा सुनाउनु भई पुनः "यसरी सन्तुष्ट भई बस्ने भिक्षु समथविपश्यना ध्यानबाट वा मार्गफलबाट परिहानी हुन सक्दैन । बल्कि निर्वाणकै नजिकमा पुग्छ" भनी यो गाथा भन्नु भयो —

३२. "अप्पमादरतो भिक्खु, पमादे भयदस्सिवा ।
अभब्बो परिहानाय, निब्बानस्सेव सन्तिके ।।"

अर्थ–

३२– "प्रमादमा डर मानेर अप्रमादमा मन लगाउने भिक्षुको परिहानी सम्भव छैन । बरू उ निर्वाणको नजिकैमा आइपुग्छ ।

अप्पमादवर्ग–२

————

१. यस जातकलाई नालन्दा जातक पालि I. पृ. १८२ मा चूलसुवजातक भनिएको छ । सिंहलमा चाहिं चुल्लसुकजातक भनिएको छ । यो जातकको कथा जा. अ. क. IV पृ. १० मा छ । जा. नं. ४३० ।

Downloaded from http://dhamma.digital

# ३. चित्तवर्ग

## मेघिय स्थविर-१

(फन्दनं चपलं चित्तं' भन्ने गाथाको कथा)

"फन्दनं चपलं चित्तं..." भन्ने यो गाथा चालिक पर्वतमा बसिरहनुभएका शास्ताले आयुष्मान् मेघियको कारणमा बताउनु भएको हो ।

एक समय भगवान् चालिक पर्वतमा बसिरहनुभएको बेलामा आयुष्मान मेघिय वहाँको उपस्थाक भई साथमा बसेका थिए । एक दिन किमिकाल नदीको तीरमा रहेको एक सुन्दर तथा रमणीय आम्रवनलाई आयुष्मान् मेघियले देखेर त्यहाँगई ध्यानगर्ने बिचार गरी भगवान्सँग वचन मागे । भगवान्ले अहिले मकहाँ कोही साथीछैन मलाई साथी भएपछि जाउला भनी तीन बारसम्म रोक्दा पनि जिद्दी गरेपछि "ध्यानगर्न जान्छु भन्नेलाई अब के भनु ँ र !" भनी भगवानले वचन दिनु भयो ।

उक्त आम्रवनमा गई ध्यान गर्न लाग्दा मनमा कामवितर्क आदि बितर्कले सताएपछि ध्यानगर्न नसकी भगवान्कहाँ फर्केर आयुष्मान् मेघियले सो कुरा बताए । अनि चित्तको वशमा बस्न हुन्न । यो चित्त

Downloaded from http://dhamma.digital

भनेको लघुपरिवर्तनशील भएकोले त्यसलाई आफ्नो बशमा राख्न सक्नु पर्छ" भन्नु हुँदै भगवान्ले यो गाथा भन्नुभयो—

३३. "फन्दनं चपलं चित्तं, दुरक्खं दुन्निवारयं।
उजुं करोति मेधावी, उसुकारोव तेजनं ।।

३४. "वारिजोव थलेखित्तो, ओकमोकतो उब्भतो।
परिफन्दति'दं चित्तं, मारधेय्यं पहातवे ।।"

अर्थ—

३३– "बाँणकारकले बाँण सोजो पार्ने झैं बुद्धिमान व्यक्तिले आफ्नो छटपटाउने चञ्चल तथा संयम गर्न कठिन चित्तलाई परि संयमित पार्दछ।

३४– "पानीबाट झिकेर सुखा जमीनमा राख्दा माछा जस्तै छट्पटाउँछ त्यसँगरी मारको जालबाट छुटाउँदा यो चित्त छट्पटाउँछ।

Downloaded from http://dhamma.digital

# एक भिक्षु–२

## ('दुन्निग्गहस्स लहुनो' भन्ने गाथाको कथा)

"दुन्निग्गहस्स लहुनो..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनु भएको हो।

कोशल राजाको देशको एक पर्वत फेदीमा घनाबस्ती भएको मातिक भन्ने गाउँ थियो। एक दिन साठी जना जति भिक्षुहरू शास्ता-कहाँबाट अरहत् सम्मको कर्मस्थान लिएर सो गाउँमा भिक्षाटन्को लागि गए। अनि त्यस गाउँका प्रमुख मातिक भन्नेकी माताले देखेर भिक्षुहरूलाई भोजन गराई "भन्ते! तपाईंहरू कहाँ जानु हुन्छ?" भनी सोध्दा भिक्षुहरूले "जहाँ सुविस्ता हुन्छ त्यहाँ जाने छौं" भनी भनेका सुनी उनले "वर्षावासको लागि सुविस्ता हुने ठाउँ स्थविरहरूले खोजि-रहेका होलान्" भन्ने सोची "भन्ते! यदि यी तीनमहीना यहाँ बस्नु भए-देखि त्रीशरणमा गई पञ्चशील, अष्टशील समादान गरी हामीले उपोसथ व्रत पालन गर्ने थियौं" भनी भनेपछि स्थविरहरूले स्वीकार गरे। अनि उपासिकाले बस्ने ठाउँ प्रतिपादन गराइ दिइन्। एक दिन एकत्रित भई ती भिक्षुहरूले यस्तो निर्णय गरे — "आयुष्मान्हो! हामी सबैले बुद्ध-कहाँबाट ध्यानका कुराहरू सिकेर आएका छौं। अतः हामी अप्रमादी भएर बसौं। प्रमादी भएर बस्नेको अपायहरू आफ्नै दलो जस्ता हुन्। बुद्धलाई छलकपटद्वारा सन्तुष्ट पार्न सक्ने छैनौं। अतः स्थविर भिक्षुको उपस्थान गर्न जाने बेलामा र भिक्षाटन् जाने बेलामा बाहेक

Downloaded from http://dhamma.digital

अरू समयमा हामीहरू दुइ जना मात्र पनि एक ठाउँमा भेला भएर यस विहारभित्र नबसौं । केहीभई कोही बिसञ्चो भयोभने विहारको बीचको घण्टा बजाउने र त्यसको आवाज सुनेपछि सबै भेला भई रोगीको उपचार गरौं ।"

यसरी निश्चय गरी भिक्षुहरू आआफ्नो ठाउँमा बसी ध्यान भावना गर्नथाले । एक दिन घिउ, तेल, मह आदि लिनलगाई आफ्नो दासदासीहरूको साथ विहारमा जाँदा उपासिकाले भिक्षुहरूलाई नदेखेर "स्थविरहरू कहाँ गएछन् ?" भनी सोध्दा "आआफ्नो दिवास्थान र रात्रीस्थानमा बसिरहेका होलान्" भनी भनेपछि "कसरी वहाँहरूको दर्शन गर्न सकौंला त ?" भनी भन्दा स्थविरहरूले निर्णय गरेको कुरा थाहा पाउने एक जनाबाट "विहार बीचको घण्टा बजाएमा वहाँहरू बाहिर आउनु हुनेछ" भन्ने सुनेपछि उपासिकाले घण्टा बजाउन लगाइन् । घण्टाको आवाज सुनेर भिक्षुहरू "कोही बिसञ्चो भएहोला" भन्दै आआफ्नो ठाउँबाट बाहिर आएर विहारको बीचमा भेला भए । कुनै भिक्षु पनि दुइ जना एक साथमा आएको नदेखी उपासिकाले "शायद मेरा स्थविरहरूले आपसमा झगडा गरे होलान् । त्यसैले वहाँहरू दुइ जना एक साथमा नआएका होलान्" भन्ने सोचेर भिक्षुहरूलाई वन्दना गरी "भन्ते ! तपाइँहरूको बीचमा झगडा भयो कि क्या हो ?" भनी सोधिन् । भिक्षुहरूले "होइन, झगडा गरेका छैनौं" भनी भने । त्यसोभए किन तपाइँहरूमध्ये दुइ जना एक साथमा आउनु नभई अलग अलग आउनु भएको त ?" भनी सोध्दा भिक्षुहरूले आफूहरूले निर्णय गरेको कुरा सुनाई एक एक जना आआफ्नो ठाउँमा बसेर "श्रमण-धर्म" गर्दछ भनी भने ।

**"भन्ते ! यो श्रमणधर्म भनेको कस्तो हो ?"**

**"यो शरीरमा भएको द्वात्रिंसाकारलाई (=बत्तीस खण्डलाई)**

Downloaded from http://dhamma.digital

स्मरण गरी, त्यसको अनित्यतालाई सम्झेर ध्यान गर्नेलाई 'श्रमणधर्म' भन्दछन् ।"

"भन्ते ! यसरी विचारगरी ध्यान गर्ने काम तपाईंहरूले मात्र गर्ने हो कि हामीले पनि गर्नुहुन्छ ?"

"उपासिके ! यसमा कसैलाई पनि रोकटोक छैन ।"

"भन्ते ! त्यसोभए त्यो द्वात्रिंसाकारलाई हेर्ने कुरा मलाई पनि सिकाइ दिनुहोस् र कसरी त्यसमा अनित्यतालाई देख्ने हो सो पनि बताइ दिनुहोस् ।"

अनि भिक्षुहरूले उपासिकालाई सबै कुरा सिकाइदिए । त्यहाँदेखि उपासिकाले द्वात्रिंसाकारलाई स्मरण गरी यो अनित्य छ भन्ने कुरा स्मरण गर्दै ध्यान गर्न थालिन् । यसरी ध्यान गर्दा गर्दै भिक्षुहरूले भन्दा अगाडि नै उपासिकाले तेश्रो मार्गफल[१] प्राप्त गरी मार्गफलको साथ साथै लौकिक अभिज्ञा र चार प्रतिसम्भिदाज्ञान पनि प्राप्त गरिन् । अनि "यी मेरा स्थविरहरूले यस्तो धर्म कहीले प्राप्त गरेछन्" भनी दिव्यचक्षुद्वारा हेर्दा उनीहरू सबै पृथग्जन नै रहेको कुरा र उनीहरूमा विपश्यना ध्यान मात्र पनि नभएको बुझी; के त उनीहरूलाई शयनासनको अनुकूल भएन कि क्याहो भनी हेर्दा त्यो पनि ठीक छ भन्ने जानी फेरि आहार अनुकूल भएन कि क्या हो भनी हेर्दा आहार अनुकूल नभएको कुरा बुझी अनेक प्रकारका सूप व्यञ्जन युक्त भोजन तयार गरी भिक्षुहरूलाई घरमा बोलाई "भन्ते ! जे जे चाहनुहुन्छ त्यो त्यो लिएर भोजन गर्नुहोस्" भनी प्रतिपादित सामग्रीहरू जिम्मा लगाइदिइन् । भिक्षुहरूले आआफ्नो रुचि अनुसार तृप्त हुने गरी भोजन गरे । सन्तोषपूर्वक भोजन गरेर आएका भिक्षुहरूको चित्त एकाग्रह भयो र विपश्यना बढाई प्रतिसम्भिदाज्ञान सहित उनीहरूले अरहत्व प्राप्त गरे ।

१. तेश्रो मार्गफल भनेको 'अनागामी फल' हो ।

Downloaded from http://dhamma.digital

त्यसपछि "अहो यी उपासिका हाम्रोलागि बडो उपकारी भइन् । यदि यस किसिमको अनुकूल आहार नपाएको भए हामीले मार्गफल प्राप्तगर्न सक्ने थिएनौ होला । अब वर्षावास सिद्धिएपछि भगवान्को दर्शनार्थ जानेछौं" भनी उनीहरूले विचार गरे । वर्षावास सिद्धिएपछि उपासिका सँग सोधी उनीहरू श्रावस्तीमा गए । भगवान्ले उनीहरूसँग कुशल-वार्ता गरिसक्नु भएपछि ती भिक्षुहरूले "भन्ते ! हामीलाई केही कष्ट भएन । मातिकमाता उपासिकाले हामीले चिताए अनुसार भोजनको व्यवस्था गरिदिएकी थिइन्" भन्दै उपासिकाको प्रशंसा गरे ।

उनको गुणबखान सुनेर एक भिक्षुले त्यहाँ जाने मन गरे । अनि बुद्धसँग कर्मस्थान लिई त्यस गाउँमा पुगेपछि उनले मनमा विचार गरे— "यी उपासिकाले मनको कुरा जान्दी रहिछन् । म थाकेको छु । विहार सफा सुग्धर पार्न एक जना मानिस पठाए हुन्थ्यो ।" घरमा बसेर नै आवर्जनद्वारा उपासिकाले उनको मनको कुरा थाहापाई सफा सुग्धर पार्न विहारमा मानिस पठाइ दिइन् । भिक्षुले "पिउनको लागि सखरको सर्वत पठाए हुन्थ्यो" भन्ने विचार गरे । उपासिकाले पठाइदिइन् । भोलिपल्ट विहानै भिक्षुले "अहा ! मधुर यागु र रोटीहरू पठाए हुन्थ्यो" भन्ने सोचे । उपासिकाले त्यो पनि पठाइदिइन् । दिउसोको भोजनको समयमा पनि भिक्षुले चिताए अनुसार पठाइदिइन् । अनि फेरि भिक्षुले सोचे "यी उपासिकाले मैले चिताए चिताएका भोजनहरू पठाइदिइन् । यिनलाई हेर्न पाए हुन्थ्यो । नानाप्रकारका सूप व्यञ्जन-हरूकासाथ भोजन लिएर आए हुन्थ्यो ।" उनले चिताए अनुसार भोजन आदि लिन लगाई उपासिका विहारमा आइन् । भोजन सिद्धिएपछि भिक्षुले "मातिकमाता भनेकी तिमी हौ ?" भनी सोध्दा उपासिकाले "हुँ" भनी भनिन् ।

"तिमीले अर्काको मनको कुरा जान्न सक्छौ ?"

"मसंग किन सोध्नु हुन्छ ?"

Downloaded from http://dhamma.digital

"मैले चिताए अनुसार सबै गरेको हुनाले सोधेको।"

"भन्ते ! परचित्त जान्ने भिक्षुहरू धेरै छन्।"

"उपासिके ! म अरूसँग सोध्दिन; तिमीसँग सोध्दछु।"

यसरी सोध्दा पनि उपासिकाले आफूले जान्दछु भनी नभनी "परचित्त नजान्नेले यस्तो गर्न सक्छ र ?" भनी भने।

यति सुनेर भिक्षुको मनमा यस्तो लाग्यो– "अहो ! म चाहिँ पृथग्जन छु। मेरो मनमा राम्रा नराम्रा कल्पना उत्पन्न हुन सक्छन्। यदि केही भएर नराम्रो कल्पना मनमा आएको खण्डमा, दसी सहित चोर समाते जस्तै यिनले मलाई समात्ने छिन्। यहाँ बसेर हुँदैन। फर्केर जानु पर्‍यो।" यस्तो लागेपछि उपासिकालाई आफू फर्कने कुरा बताए। उपासिकाले बारम्बार प्रार्थना गर्दा पनि त्यहाँबाट निस्केर श्रावस्तीमा भगवान्‌कहाँ गए। भगवान्‌ले "भिक्षु ! चाँडै फर्क्यौ नि; के त्यहाँ बास पाएनौ ?" भनी सोध्नु भयो।

"भन्ते ! बास नपाएको होइन। तर म त्यहाँ बस्न सक्दिन।"

"किन ?"

"भन्ते ! सो उपासिका चिताए चिताएको कुरा जान्दछिन्। म चाहिँ पृथग्जन छु। मेरो मनमा राम्रा नराम्रा कुनै पनि कल्पनाहरू उत्पन्न हुन सक्छन्। यदि मैले नराम्रो चिताएको खण्डमा दसी सहित चोर समाते जस्तै मलाई उनले समात्नेछिन्। यो सोचेर म फर्केर आएका हुँ।"

"भिक्षु ! तिमी त्यहीं जानुपर्छ।"

"भन्ते ! म त्यहाँ जान सक्दिन। म त्यहाँ बस्दिन।"

"भिक्षु ! त्यसो भए तिमीले एउटा चीजको रक्षा गर्न सक्छौ?"

"भन्ते ! त्यो के हो ?"

"भिक्षु ! तिम्रो चित्त एउटा मात्र रक्षा गर। चित्त रक्षा

Downloaded from http://dhamma.digital

गर्नु कठीनछ । तिमीले अरू केही विचार नगर । आफ्नो चित्तलाई मात्र निग्रह गर । चित्त निग्रह गर्नु पनि सजिलो छैन" भन्नुहुँदै यो गाथा भन्नुभयो—

३५. "दुन्निग्गहस्स लहुनो, यत्थ कामनिपातिनो ।
चित्तस्स दमथो साधु, चित्तं दन्तं सुखावहं ॥"

अर्थ—

३५– "क्षण क्षणमा उत्पन्न हुने, रोक्न गाह्रारो, जताततै वगुर्ने, स्वेच्छाचारी चित्तलाई दमनगर्नु बेस हुन्छ, चित्त दमन गर्नाले नै सुख पाइन्छ ।"

---

Downloaded from http://dhamma.digital

# एक उत्कण्ठित भिक्षु–३

## (सुदुद्दसं सुनिपुणं' भन्ने गाथाको कथा)

"सुदुद्दसं सुनिपुणं..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनु भएका शास्ताले एक उत्कण्ठित भिक्षुको कारणमा बताउनु भएको हो ।

भगवान् श्रावस्तीमा बसिरहनु भएको बेलामा एक कुलूपग[1] स्थविरसँग एक सेठको छोराले "भन्ते ! म दुःखबाट मुक्त हुन चाहन्छु । मलाई दुःखबाट मुक्तहुने कुनै एक बाटो बताइदिनुहोस्" भनी प्रार्थना गरे । भिक्षुले "यदि दुःखबाट मुक्तहुन चाहन्छौ भने सलाकदान देऊ, पाक्षिकदान देऊ, वर्षावासिक दान देऊ, चीवरादि प्रत्ययहरू दान देऊ, आफ्नो सम्पत्ति तीन भागमा विभाजन गरी एक भागले आफ्नो कामधाम चलाऊ, एक भागले जहानबच्चाहरूको पालन गर, एक भाग बुद्धशासनमा परित्याग गर" भनी भने । उनले ती सबै गरेर फेरि स्थविरकहाँ गई सोधे– "भन्ते ! यो भन्दा माथिल्लो अरू के गर्नुपर्छ ?"

"आबुसो ! त्रीशरणमा गई पञ्चशील पालन गर ।"

उनले त्यसो गरी त्यो भन्दा माथिल्लो केही गर्ने छ कि भनी सोध्दा स्थविरले "दशशील पालन गर" भनी भने ।

"हवस्" भनी उनले दशशील ग्रहण गरे । यसरी क्रमैसित

---

१. बरोबर कुलगृहमा जाने भिक्षुलाई 'कुलूपग' भनिन्छ ।

Downloaded from http://dhamma.digital

पुण्यकर्म गर्दै गएका हुनाले उनलाई "अनुपूर्व सेठको छोरा" भनी मानिसहरूले भन्न थाले। फेरि अर्कोदिन "त्यसभन्दा माथिल्लो गर्नुपर्ने अरू केही छ कि ?" भनी सोध्दा स्थविरले "त्यसोभए प्रव्रजित होऊ" भनी भने। यो सुनेर उनी घरछाडी प्रव्रजित भए।

एक अभिधर्मिक भिक्षु आचार्य र एक विनयधर भिक्षु उनका उपाध्याय थिए। अनि उनी उपसम्पन्न भइसकेपछि आचार्य हुनेले अभिधर्म सम्बन्धी कुरा सिकाई "यस्तो गर्नुहुन्न, उस्तो गर्नुहुन्न" भनी अति बुद्धि दिन्थे। उपाध्याय हुनेले विनय सम्बन्धी कुरा सिकाउँदै "बुद्धको धर्ममा यस्तो गर्नुपर्छ, उस्तो गर्नुपर्छ; यस्तो गर्नु योग्य छैन, उस्तो गर्नु योग्य छैन" भनी आदि कुरा बताउन्थे। अनि उनले सोच्न थाले "अहो ! म दुःखबाट मुक्त हुनको लागि प्रव्रजित भएँ। यहाँ त मलाई हात पसार्ने ठाउँ पनि छैन। गृहस्थी भएर नै दुःखबाट मुक्तहुन सक्नेछु। म त गृहस्थी नै हुनु पऱ्यो।" त्यहाँदेखि उनी उत्कण्ठित भएर ध्यान भावना गर्न छाडी अध्ययन गर्न पनि छाडे। यसै कारणले गर्दा उनी पहेलो भई रोगी जस्तै देखिन थाले। केही दिन पछि भिक्षुहरूले यो कारण थाहा पाएपछि उनका आचार्यहरू उनलाई लिएर शास्ता-कहाँ गए।

"भिक्षुहो ! किन आएका ह्वौ ?" भनी भगवान्‌ले सोध्नु भएपछि उनीहरूले "भन्ते ! यी भिक्षु तपाईंको धर्ममा उत्कण्ठित भएका छन्" भनी भने।

"भिक्षु ! के यो साँच्चै हो ?"

"भन्ते ! साँच्चै हो ?"

"भिक्षु ! के कारणले उत्कण्ठित भयौ त ?"

"भन्ते ! म दुःखबाट मुक्त हुनको निमित्त प्रव्रजित भएको हुँ। मेरा आचार्यले मलाई अभिधर्मको कुरा र उपाध्यायले विनयको कुरा

Downloaded from http://dhamma.digital

बताउनु हुन्छ। यहाँ त मैले हात पसार्ने ठाउँ पनि पाइन। अतः गृहस्थी नै हुनेछु भन्ने मैले निश्चय गरें।"

"भिक्षु ! यदि एउटा चीज मात्र रक्षा गर्न सक्छौं भने अरू केही नगरे पनि हुन्छ।"

"भन्ते ! त्यो के हो ?"

"तिम्रो चित्तलाई रक्षागर्न सक्छौं ?"

"भन्ते ! सक्छु।"

"त्यसोभए आफ्नो चित्तलाई मात्र रक्षागर त" भनी भन्नुभई यो गाथा भन्नुभयो—

३६. "सुदुद्दसं सुनिपुणं, यत्थ कामनिपातिनं।
चित्तं रक्खेथ मेधावी, चित्तं गुत्तं सुखावहं॥"

अर्थ–

३६– "पण्डितहो ! देखन नसक्ने, अति सूक्ष्म भएको मनपरेको ठाउँमा जाने चित्तलाई वशमा राख्यो भने सुख पाइन्छ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सङ्घरक्षित स्थविर–४

## (दूरङ्गमं एकचरं' भन्ने गाथाको कथा)

"दूरङ्गमं एकचरं..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनु भएका शास्ताले संघरक्षित (सङ्घरक्खित) भन्ने भिक्षुको कारणमा बताउनु भएको हो ।

श्रावस्तीको एक कुलपुत्र प्रव्रजित भई संघरक्षित भन्ने नामले उपसम्पन्न पनि भए । केही समयमा नै उनले अरहत्व प्राप्त गरे । उनकी बहिनीले एक छोरा पाएपछि आफ्नो स्थविरको नामबाट उनको नाम राखी । सबैले उनलाई "भागिनेय्य संघरक्षित" भन्न थाले । ठूलो भएपछि उनी पनि मामासँगै प्रव्रजित भए । उपसम्पदा भइसके-पछि एक गाउँको विहारमा वर्षावास बिताए । त्यहाँ उनलाई सातहाते र अर्को आठहाते कपडा प्राप्त भयो । कपडा पाउने बित्तिकै आठहाते कपडा आफ्नो मामा उपाध्यायलाई दिने संकल्प गरे । बर्षावास पछि उपाध्याय मामा बस्ने विहारमा जाँदा उपाध्याय बाहिर गइरहेको देखेर विहारमा सफा सुग्धर पारी बढारी उपाध्यायको प्रतिक्षामा उनी बसिरहे । उपाध्याय आएपछि पाउ धुने पानी राखी आसन बिछ्याइ दिए । आसनमा बसेको उपाध्यायलाई पंखा हम्की उभिइरहे । अनि उनले उपाध्यायलाई सो कपडा चढाए । उपाध्यायले "अहिले चीवर परिपूर्ण छ मलाई यो चाहिन्न तिमीनै परिभोग गर" भनी ग्रहण गरेनन् । उनले "भन्ते ! मैले यो कपडा पाएदेखि नै तपाईंलाई दिने संकल्प

Downloaded from http://dhamma.digital

गरेको थिएँ" भन्दा पनि स्थविरले त्यसै भने । फेरि पनि उनले भने "भन्ते ! तपाईंले परिभोग गर्नु भए महत्फल प्राप्त हुनेछ" यसो भन्दा पनि स्थविरले ग्रहण गरेनन् । अनि पंखा हम्की उभिइरहेका उनले "गृहस्थी छँदा म वहाँको भाञ्जा थिएँ । प्रव्रजित भएपछि म वहाँको साथमा बसेको छु । यसो हुँदा पनि उपाध्यायले यो कपडा स्वीकार गरेनन् । यस्तो अवस्थामा यहाँ बसिरहनुको मतलब के भयो र ! बरु गृहस्थी भएर जान पर्‍यो" भनी विचार गरे । फेरि सोच्न थाले "गृहस्थीमा बस्दा जीविकाको लागि केही न केही काम गर्नु पर्छ । अतः यो आठहाते कपडा बेची त्यसको मूल्यबाट एउटा बाख्रो किन्ने छु । बाख्रो चाँडै बियाउनेछ । अनि सो बेची पाएको पैसाले एउटी स्वास्नी ल्याउने छु । छोरा पाएपछि छोरालाई लिएर मामाको दर्शनार्थ जाने छु । बाटोमा मैले दूधेबालकलाई माग्दा उसले बालक आफूले नै लिई मलाई गाडा चलाउन लगाउने छे । त्यसै बेला उसको हातबाट बालक खसेर गाडाको चक्कामा पर्नेछ । अनि उसलाई म छडीले पिट्ने छु". भन्ने विचारमा तल्लीन भएको उनले हम्की रहेको पंखाले मामाको टाउकोमा ठोके । उनले मनमा कल्पना गरिरहेको सबै कुरा स्थविरले थाहापाई "संघरक्षित ! आफ्नो स्वास्नीलाई पिट्न कल्पना गर्ने तिमी-ले किन मलाई हिर्काएको ?" भनी भनेपछि उनी तर्सिएर "अहो! मैले कल्पना गरिरहेको जम्मै कुरा मामाले थाहा पाउनु भएको रहेछ" भन्ने थाहापाई त्यहींबाट भाग्न थाले । अनि उनलाई भिक्षुहरूले समाती शास्ताकहाँ लगे । शास्ताले "किन समातेर ल्याएको ?" भनी सोध्दा उनीहरूले सबै कुरा बताएपछि "साँच्चै हो के ?" भनी उनीसँग सोध्दा उनले "हो" भनी भनेपछि "भिक्षु ! किन यस्तो गरेको ?" भनी सोध्दा उनले शुरूदेखिका सबैकुरा भगवान्‌लाई सुनाए । अनि भगवान्‌ले "भिक्षु ! चिन्ता नगर, टाढा भएर पनि यो चित्तले आरम्मण देख्न सक्छ । राग, द्वेष र मोहको बन्धनबाटछुटकारा पाउनकोनिमित्त मेहनत

Downloaded from http://dhamma.digital

गनुं पर्छ" भनी भन्नुभई यो गाथा भन्नुभयो—

३७. दूरङ्गमं एकचरं, असरीरं गुहासयं ।
ये चित्तं सञ्ञमेस्सन्ति, मोक्खन्ति मारबन्धना ।।"

अर्थ–

३७– "टाढा टाढासम्म पुग्न सक्ने एक्लै हिड्ने विना शरीर गुफामा बस्ने चित्तलाई वशमा राख्नसक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ ।"

———

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# चित्तहत्थ स्थविर–५

## ('अनवट्ठितचित्तस्स' भन्ने गाथाको कथा)

"अनवट्ठितचित्तस्स..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले चित्तहत्थ स्थविरको कारणमा बताउनु भएको हो ।

श्रावस्तीवासी एक गोठालाले हराएको गाई खोजी गोठमा बाँध्यो । "अवश्यमेव विहारमा केही खान पाउनेछु" भन्ने विचारगरी भोकाएकोले विहारमा गयो । त्यस बखत खेरगएको खाना फ्याक्ने ठाउँमा धेरै खाने कुरो थियो । अनि भिक्षुहरूले उसलाई "त्यहाँबाट खाना लिएर खाऊ" भनी देखाए अनुसार उसले त्यहाँबाट खाना झिकेर खायो । साथ साथै उसले यस्तो सोच्यो "म दिनदिनै दुःख कष्टगरी जीविका गर्दैछु । यी भिक्षुहरू भने दिनहुँ यस्ता सुस्वादिला भोजन गर्छन् । किन म प्रव्रजित नहूँ ।" यति सोचेर एकजना भिक्षुकहाँ गई उ प्रव्रजित भयो । सुस्वादिला भोजन खान पाएकोले केही दिनपछि उ मोटाएर आयो । यसको केही दिनपछि पुनः उत्कण्ठित भई चीवर छाडी गृहस्थी भयो । घरमा कामकाज गर्दा थाक्यो र फेरि भिक्षु नै हुनुपर्‍यो भनी फेरि प्रव्रजित भयो । यस्तो किसिमले उ छ पटकसम्म कपडा छाडेर घरमा गयो । चित्तको बसमा परेर घर फर्कने र प्रव्रजित हुने भएकाले उसलाई 'चित्तहत्थ' भन्न थाले । यसरी आउने जाने गर्दागर्दै उसकी भार्या गर्भिणी भई । एकदिन खेत जोती हलो आदि लिएर घर

Downloaded from http://dhamma.digital

फर्कंदा उसकी भार्या। लम्पसार परी सुतिरहेकी थिई। उसको वस्त्र यताउता परेको थियो। मुखबाट र्‍याल चुहिंदै थिई, घुर घुर आवाज पनि आउँदै थियो। यो दृश्य देख्ने बित्तिकै उसलाई मसानमा राखेको फूलेको शरीरको झल्को लाग्यो। अनि उ काषायवस्त्र लिएर तुरुन्तै घरबाट निस्केर गयो। घरको नजीकमा बसेकी उसकी सासूले खेतबाट फर्केर तुरुन्तै घरबाट निस्केर गएको ज्वाँईलाई देखेर "किन होला ?" भन्ने सोचेर उसकी छोरीको घरमा पसेर हेर्दा लम्पसार परी सुतीरहेकी छोरीलाई देखेर उठाई र "तिम्रो पति काषायवस्त्र लिएर बाहिर गइसक्यो, अब उ फेरि फर्कने छैन होला" भनी भन्दा छोरीले आमा ! तिमी चुपलाग उ फर्केर फेरि आउनेछ; उ कहाँ जानसक्छ र" भनी।

सातौं पटक यस्तो दृश्यदेखि बिरक्तिएर "अहो ! अनित्य दुःख! भन्दै गइरहेको बेलामा उसले स्रोतापत्तिफल प्राप्त गर्‍यो। विहारमा गई प्रव्रज्या माग्दा कसैले पनि प्रव्रजित गराउन चाहेन। उसले बारबार "यो पटक मात्र मलाई प्रव्रजित गराउनु होस्' भनी प्रार्थना गर्दा श्रमणभावमा उसले गरेको उपकारलाई सम्फेर अन्तमा उसलाई प्रव्रजित गराए। अनि केही दिनमै उसले प्रतिसम्भिदा ज्ञान सहित अरहत्व प्राप्त गर्‍यो। भिक्षुहरूले उसलाई भन्न थाले – "आबुसो चित्तहत्थ ! यस पटक तिमी धेरै दिनसम्म बस्यौ नि, हुन त तिमी जाने समय तिमीलाई नै थाहा होला।"

"भन्ते ! संसर्ग भएको बेलामा म गएँ। अब त्यो संसर्ग ममा छैन, चुँढी सक्यो। अब म नफर्कने भैसकें।"

भिक्षुहरू शास्ताकहाँ गई "भन्ते ! यो भिक्षु हामीले यसोभन्दा यसो भन्छ, अरहत्व पाएको कुरा सूचितगर्छ" भनीभन्दा शास्ताले "हो ! भिक्षु हो ! आफ्नो चित्त स्थिर नभएको बेलामा, सद्धर्म अवबोध नभएको बेलामा यसले गमनागमन गर्‍यो। अब चाहिं उसको पुण्य र पाप दुबै प्रहीण भइसक्यो" भन्दै यो गाथा भन्नुभयो —

Downloaded from http://dhamma.digital

३८. "अनवट्ठितचित्तस्स, सद्धम्मं अविजानतो ।
परिप्लवपसादस्स, पञ्ञा न परिपूरति ।।

३९. "अनवस्सुतचित्तस्स, अनन्वाहतचेतसो ।
पुञ्ञपापपहीणस्स, नत्थि जागरतो भयं ।।"

अर्थ-

३८- "चित्त स्थिर नभएको, सद्धर्म नजान्ने र अल्प श्रद्धा हुने व्यक्तिलाई पूर्णरूपले प्रज्ञा-ज्ञान प्राप्त हुन सक्दैन ।

३९- "अनासक्त, स्थिरचित्त र जाग्रत चित्त भई पुण्य र पाप नहुने व्यक्तिलाई भय हुने छैन ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# वीर्यवान भिक्षु–६

## ('कुम्भूपमं कायमिमं विदित्वा' भन्ने गाथाको कथा)

"कुम्भूपमं कायमिमं विदित्वा..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले वीर्यवान् विपश्यक भिक्षुको कारणमा बताउनु भएको हो।

पाँचशय भिक्षुहरूले श्रावस्तीमा शास्तासँग अरहत् सम्मका कर्मस्थानका कुरा सुनी 'श्रमणधर्म' गर्नेछौं भनी एकसय योजन टाढाको घनाबस्ती भएको एक गाउँमा गए। त्यहाँका मानिसहरूले उनीहरूलाई देखेर "कहाँ जानु हुन्छ ?" भनी सोध्दा भिक्षुहरूले "सुविधा भएको ठाउँमा" भनी भनेपछि ती मानिसहरूले त्यहीं वर्षावास गर्नको निमित्त प्रार्थना गरे। उनीहरूले स्वीकार गरेपछि नजिकको एक वनमा भिक्षुहरूलाई पठाए। उनीहरू वनमागए। त्यहाँ बसेका देवताहरू "शीलवान् भिक्षुहरू आउँदैछन्" भनी रूखबाट ओर्ली भुइँमाबसे। उनीहरूले सोचे "भिक्षुहरू एकरात जति बास बसेर जाने होलान्।" उनीहरू भोलिपल्ट पनि उहीं बस्न आएको देखेर शायद कसैले निम्तो गर्‍यो होला भनी त्यसदिन पनि भुइँमैबसे। जब भिक्षुहरू त्यहाँ यसरी धेरैदिन बितिसक्दा पनि बस्न छोडेनन् तब तिनीहरूले उनीहरूलाई भगाउने नियतले भयजनक दृश्य र आवाज सुनाए। यसले गर्दा धेरै भिक्षुहरू बिरामी भए र केही सारै डराए। "फलाना ठाउँमा मैले शीर नभएको शरीर देखें, फलाना ठाउँमा मैले भीषण आवाज सुनें र फलाना ठाउँमा मैले

Downloaded from http://dhamma.digital

कंकालदेखें" भनी आपसमा भिक्षुहरूले भन्न थाले। अनि भिक्षुहरू श्रावस्ती फर्की भगवान्कहाँ गए। भिक्षुहो ! तिमीहरू चाँडै फर्केर आयौ नि! किन ?" भनी सोध्नु हुँदा उनीहरूले उक्त कुरा सुनाए। अनि भगवान्ले "भिक्षुहो ! तिमीहरू त्यहाँ नै गएर बस्नुपर्छ" भनी भन्नु भयो।

"भन्ते ! हामीहरू त्यहाँ बस्न सक्दैनौ।"

"भिक्षुहो ! तिमीहरू आयुध लिएर गएनौ। अब आयुध लिएर जाओ।

"भन्ते ! कस्तो आयुध ?"

"भिक्षुहो ! मैले दिएको आयुध लिएर जाओ" भनी भगवान्ले "करणीयमत्थकुसलेन यन्तं सन्तं पदं अभिसमेच्च, सक्को उजू च सूजू च सुवचो चस्समुदु अनतिमानी'ति" भन्ने 'करणीय मेत्तसुत्त' बताउनु भयो। यो पनि भन्नु भयो "भिक्षुहो ! त्यस बनमा पुग्ने बेलामा यो सूत्र पाठगरेर विहारमा गई बस।" यति भनी उनीहरूलाई उहीं पठाउनु भयो। गइरहेका उनीहरू जंगलनिर पुगेपछि सबैले एकसाथ 'करणीय मेत्तसुत्त'पाठ गर्नथाले अनि जंगलमापसी आआफ्नो स्थानमा गए। जंगलमा बस्ने देवताहरूले मैत्रीको प्रभाव थाहा पाई अति प्रसन्न भई त्यहाँदेखि भिक्षुहरूलाई डर नदेखाउने मात्र होइन कि अरू किसिमको भयबाट पनि उनीहरूलाई आरक्षा गरे। कुनै प्रकारको भयावह आदि दृश्य वा आवाज सुनेनन् र उनीहरूको मन एकाग्र भयो। त्यसपछि विपश्यना ध्यानमा मन दिई "यो आत्मभाव अनित्यछ, यसमा हरसमय उदय-व्यय भैरहेछ र यो शरीर एक दिन माटोको भाँडो फुटे कैं विनाश भएर जानेछ" भनी विपश्यना ध्यान वृद्धि गरे। गन्धकुटीमा बसिरहनुभएका बुद्धले उनीहरूको चित्त विपश्यनातिर तल्लीन भएको कुरा बुझनु भई उनीहरूले देख्ने गरी "भिक्षुहो ! त्यस्तै हो, त्यस्तै हो, यो शरीर माटोको भाँडो फुटे कैं फुटेर जानेछ" भनी रश्मी फैलाउनु भई यो गाथा सुनाउनु भयो—

Downloaded from http://dhamma.digital

४०. "कुम्भूपमं कायमिमं विदित्वा
नगरूपमं चित्तमिमं ठपेत्वा।
योधेथ मारं पञ्ञावुधेन,
जितञ्च रक्खे अनिवेसनो सिया ॥"

**अर्थ–**

४०– "शरीरलाई माटोको भाँडा जस्तै सम्झी चित्तलाई नगरझैं सुरक्षित राखेर प्रज्ञारूपी शस्त्र लिएर मारसँग युद्ध गर। मारलाई जितेर पनि अनासक्ति भई आफ्नो चित्तलाई रक्षा गरिरहनू।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# पूतिगत्ततिस्स स्थविर–७

## ('अचिरं वतयं कायो' भन्ने गाथाको कथा)

"अचिरं वतयं कायो..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनु भएका शास्ताले पूतिगत्ततिस्स स्थविरको कारणमा बताउनु भएको हो ।

तथागतको धर्म श्रवणगरेपछि श्रावस्तीवासी एक कुलपुत्र बुद्धशासनमा प्रव्रजित भएका थिए । उपसम्पदा भएपछि उनको नाम तिस्स (=तिष्य) राखे । समय बित्दैजाँदा उनको शरीरमा खटिराहरू निस्के । पहिले सस्यूं जत्रै थिए र हुँदाहुँदै पछि ती मुगीजत्रा भए । बढ्दै जाँदा क्रमशः पछि केराउ जत्रै, सीभीको विउ जत्रै र अमला जत्रै भए । यसरी बढ्दा बढ्दै स्यानास्याना बेल जत्रै भए र ठूलो बेल जत्रै भएपछि फुटे । सारा शरीरमा प्वालै प्वाल भयो । त्यसले उनलाई 'पूतिगत्ततिस्स' (=कुहेको शरीर हुने तिष्य) भन्न थाले । त्यसपछि हाडहरू पनि भाँचिन थाले । चिकित्सा गरेर साध्य नहुने अवस्थामा पुग्यो । रगत र पीपले गर्दा उनका चीवर वस्त्रहरू शरीरमै टाँसिए । सेवा गर्न नसकेपछि साथमा बसेका भिक्षुहरूले उनलाई छाडेर गए । उनलाई अनाथ भई बस्न पर्‍यो । बुद्धले दिनको दुइ पटक ध्यानद्वारा लोकमा हेर्ने प्रक्रिया कहिल्यै छाड्नु हुन्न । विहानीपख हेर्दा चक्रवालको छेउबाट लिएर गन्धकुटी भित्रसम्म र संध्यासमयमा हेर्दा गन्धकुटीबाट लिएर चक्रवालको छेउसम्म हेर्नु हुन्छ । यसरी हेरिरहनुभएको

Downloaded from http://dhamma.digital

बेलामा एक दिन आफ्नो ध्यानदृष्टिमा सो भिक्षु पर्न आए र साथमा बसेका भिक्षुहरूले छाडेर गएको कुरा पनि जान्नु भयो । अनि उहाँ "अब यसको निमित्त म बाहेक अरू कुनै सहायक छैन र उसकहाँ म गएमा उसको कल्याण हुनेछ" भन्ने विचार गरी गन्धकुटीबाट निस्कनु भई विहार चारिकाको रूपमा अग्निशालामा जानु भयो । त्यहाँ धुनेपछि वहाँले कराही पखाली पानी हाली चुलोमा बसाल्नु भयो । पानी नतातेसम्म वहाँ उहीं पर्खिरहनु भयो । पानी तातेपछि तिस्स सुतिरहेको खाट वहाँले उचाल्न लाग्नु भयो । यत्तिकैमा अरू भिक्षुहरू आई "भन्ते ! हामी खाट बाहिर लैजानेछौं" भनी खाटलाई अग्नि-शालामा ल्याए । शास्ताले पानी राख्नको लागि एक स्यानो भाँडा मगाई तातोपानी छम्की अरू भिक्षुहरूलाई उनको चीवर समाल्न लगाउनुको साथै तातोपानीमा धुन लगाई सुकाउन लगाउनु भयो । तथागतले पूतिगत्ततिस्स स्थविरलाई विस्तारै नुहाइदिनु भयो र त्यतिञ्जेल सुकाइराखेको चीवर सुकेपछि उनलाई लगाइदिनुभयो । उनको शरीरको अर्को चीवर वस्त्र धुनलगाई सुकाउन लगाउनु भयो । नुहाएर शरीर हलुंगो भएपछि पूतिगत्ततिस्स खाटमा सुते । शास्ता उनको सिरानतिर उभिई "भिक्षु ! तिम्रो यो शरीर विज्ञान दूरभएपछि काम नलाग्ने मूढा जस्तै भएर भुईंमा रहने छ" भनी भन्नुभई यो गाथा भन्नु भयो —

४१. "अचिरं वतयं कायो, पठविं अधिसेस्सति ।
छुद्धो अपेतविञ्ञाणो, निरत्थं व कलिङ्गरं ॥"

अर्थ—

४१– "चाँडै नै यो शरीर विज्ञान रहितभई काम नलाग्ने काठको मूढाव्रैं भूमिमा लडीरहने छ ।"

यो धर्मदेशना सुनेर पूतिगत्ततिस्सले प्रतिसम्भिदा ज्ञान सहित

Downloaded from http://dhamma.digital

अरहत्व प्राप्त गरे । अरहत्व प्राप्तिपछि उनी परिनिर्वाण भए । शास्ताले उनको दाहसंस्कार गरिसकेपछि भष्मावशेष लिएर चैत्य बनाउन लगाउनु भयो ।

भिक्षुहरूले तथागतसँग सोधे— "भन्ते ! पूतिगत्ततिस्स स्थविर कहाँ उत्पन्न भए ?"

"भिक्षुहो परिनिर्वाण भइसके ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# नन्द गोपालक–८

## ('दिसो दिसं यं तं कयिरा' भन्ने गाथाको कथा)

"दिसो दिसं यं तं कयिरा..." भन्ने यो गाथा शास्ताले कोशल देशमा बस्ने नन्द भन्ने गोपालकको कारणमा बताउनु भएको हो ।

श्रावस्तीका अनाथपिण्डिकको नन्द भन्ने एक धनी गोपालक गाईहरूको हेरचाह गर्थे । समय समयमा अनाथपिण्डिककहाँ पञ्च-गोरस ल्याई तथागतको दर्शन गर्थे र धर्मोपदेश पनि सुन्थे । आफू बस्ने ठाउँमा भगवान्‌लाई आउनुहुनुको निमित्त निम्तो पनि गर्थे । उनको ज्ञान परिपक्व नभएको देखेर शास्ता उनकहाँ जानु भएको थिएन । पछि उनको ज्ञान परिपक्व भएको बुझनुभई एकदिन तथागत धेरै भिक्षुहरूका साथ चारिका गर्नुहुँदै उनको घरको नजिक एक रूखमुनि बस्नु भयो । नन्दले शास्ताछेउ आई निम्तो गरी सातदिनसम्म पञ्चगोरसद्वारा भिक्षुहरू सहित शास्तालाई दान दिए । सातवाँ दिनमा भोजनपछि अनुमोदन गरी शास्ताले आनुपूर्विकथा सुनाउनु भयो । उपदेश सिद्धिएपछि नन्द गोपालक स्रोतापन्न भए र भगवान्‌को भिक्षा पात्र समाती भगवान्‌लाई टाढासम्म पुऱ्याउन गए । भगवान्‌ले "भइहाल्यो, नन्द ! फर्क" भनी भन्नु भएपछि वन्दना गरी उनी फर्के । त्यस बखत उनलाई एक व्याधाले माऱ्यो । पछि आइरहेका भिक्षुहरूले उनी मरेको देखेर तथागतलाई सूचित गरे । भिक्षुहरूले यसो पनि भने

Downloaded from http://dhamma.digital

कि यदि तथागत त्यहाँ नजानुभएको भए उनको ज्यान जाने थिएन होला। यो सुनेर तथागतले "भिक्षुहो ! म त्यहाँ गए पनि नगए पनि अथवा उनी अन्यत्रै कतै गएका भएपनि उनको प्राण बच्ने थिएन। जुन चीज यहाँ चोरले वा बैरीले गर्न नसक्ने हो त्यो काम आफ्नो प्रदुष्ट मिथ्याचित्तले गर्छ" भनी भन्नुभई यो गाथा बताउनु भयो—

४२. "दिसो दिसं यन्तं कयिरा,
वेरी वा पन वेरिनं।
मिच्छापणिहितं चित्तं,
पापियो नं ततो करे॥"

अर्थ—

४२— "शत्रुले शत्रुलाई जति हानी पुऱ्याउनसक्छ त्योभन्दा बढ्ता हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सोरेय्य स्थविर-८

## ('न तं माता पिता कयिरा' भन्ने गाथाको कथा)

"न तं माता पिता कयिरा..." भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले सोरेय्य स्थविरको कारणमा बताउनु भएको हो । यस कुराको प्रारम्भ चाहिं सोरेय्य नगरमा भएको थियो ।

भगवान् श्रावस्तीमा बसिरहनुभएको बेलामा सोरेय्य नगरको सोरेय्य भन्ने श्रेष्ठीपुत्र नुहाउनुको निमित्त धेरै साथीहरूको साथ रथमा बसी घरबाट निस्के त्यसबेला नगरमा भिक्षाको लागि महाकात्यायन स्थविर गइरहेका थिए । स्थविरको रूप सुवर्ण वर्णी अति सुन्दर थियो । स्थविरलाई देखेर सोरेय्य श्रेष्ठीपुत्रले "अहा ! कति राम्रो रूपवर्ण ! यो भिक्षु मेरी स्वास्नी भए अथवा यसको जस्तो रूपवर्ण मेरी स्वास्नीको भए कति राम्रो हुने थियो !" भन्ने कुरा मनमा चिताए । यत्तिकैमा उनको पुरुषलिङ्ग लोप भई स्त्री चिन्ह उत्पन्न भयो । यसबाट उनी सारै लज्जित भए । अनि साथीहरूलाई छलेर भागे । यसरी भागी तक्षशिलातिर गइरहेको एउटा गाडाको पछि पछि लागेर गए ।

उता सोरेय्य श्रेष्ठीपुत्रलाई नपाएपछि 'मरे होलान्' भन्ने ठानी मृतक भोजनादि दानपनिदिए । यसरी लिङ्ग परिवर्तन भएका स्त्री रूपधारी सोरेय्य श्रेष्ठीपुत्र क्रमशः तक्षशिलामा पुगे पछि त्यहाँको एक श्रेष्ठी पुत्रसँग पुनः विवाह भयो । पछि उनबाट दुईवटा छोरा जन्मे ।

Downloaded from http://dhamma.digital

सोरेय्य नगरमा आफू पुरुष भई बस्दा उनका दुईवटा छोराहरू थिए। पुरुषहरू स्त्री भएको र स्त्रीहरू पुरुष भई लिङ्ग परिवर्तन भएको कुरा नपाइएको होइन। व्यभिचार गरी मरणपछि मनुष्यलोकमा आउँदा स्त्री भएर जन्मेका पाइन्छन्। आनन्द स्थविरले पारमी पुरा गर्दा पनि एक जन्ममा नकर्मी कुलमा जन्मी व्यभिचार गर्नाको कारणले चौध जन्मसम्म स्त्री भएका र सात जन्मसम्म नपुंसक भएका थिए। पुण्यगर्ने स्त्रीहरूले "यस पुण्यको प्रभावद्वारा अर्को आत्मभावमा पुरुष हुन पाउँ" भनी प्रार्थना गर्दा पुरुष भएर जन्मिन्छन्। पतिव्रता धर्म पालन गर्ने स्त्रीहरू पनि पछि पुरुष भएर जन्मिन्छन्। यी श्रेष्ठीपुत्रले चाहिं स्थविर प्रति नराम्रो विचार गरेको चित्तको प्रभावद्वारा यसै आत्मभावमा लिङ्ग परिवर्तन भएको हो।

एक दिन सोरेय्य नगरबाट उनको पहिलेको एकजना साथी व्यापारको लागि धेरै मानिसहरूका साथ तक्षशिलामा गइरहेको थियो। क्यालमा बसिरहेकी स्त्रीरूप सोरेय्यले साथीलाई देखेर बोलाउन पठाई स्वागत सम्मान गरे। सोरेय्य नगरको आफ्नो घरको सम्बन्धमा पुछताछ गर्दा व्यापारीले "हामी तपाईंलाई चिन्दैनौं। तर तपाईंले हामीलाई यत्रो स्वागत सम्मान गर्नुभयो" भनी भन्दा उनले घटेको घटना सम्बन्धी सबै कुरा सुनाएपछि व्यापारीले "अहो! बडो अनौठो घटना भयो। के त तपाईंले सो स्थविरसँग क्षमाप्रार्थना गर्नुभयो त?" भनी सोध्दा "अहँ!" भनी भनेको सुनेर "त्यसोभए वहाँ स्थविरसँग क्षमा प्रार्थना गर्नुपर्छ" भनी भन्यो। त्यसबखत महाकात्यायन स्थविर पनि तक्षशिलामा थिए। अनि स्थविरकहाँ गई सो व्यापारीले निम्त्यायो। स्थविर आई भोजन गरिसकेपछि सो स्त्रीलाई ढोग्न लगाई व्यापारीले भन्यो "भन्ते! यिनलाई क्षमा गर्नुहोस्" भनी भन्दा स्थविरले "यो के हो, किन?" भनी सोधेपछि शुरुदेखिको सबै कुरा बताइदियो। अनि स्थविरले "हुन्छ त, त्यसोभए म क्षमागछु उठ"

Downloaded from http://dhamma.digital

भनी भन्नु भयो । स्थविरले 'क्षमागर्छु' भन्ने बित्तिकै उनमा पुनः पुरुषलिङ्ग उत्पन्न भयो । अनि तक्षशिलाको श्रेष्ठीपुत्रले "सौम्य सहायक ! यी दुई बालकहरू मेरो कारणबाट तिम्रो कोखमा जन्मेका हुन् । यी मेरै पुत्रहरू हुन् । तिमी यसमा चिन्ता नगर र मसँगै तिमी पनि यहीं बस" भनी भन्यो ।

यो सुनेर उनले भने "सौम्य ! मैले एकै आत्मभावना पुरुष भएर दुईवटा र स्त्री भएर दुईवटा बालकहरू जन्माएँ । मेरो यो जीवन बडो विस्मयजनक छ । अब म गृहस्थी भएर बस्ला भन्ने नठान । म स्थविरसँग नै प्रव्रजित हुनेछु । यी बालकहरूमाथि प्रमादी नहोऊ" भन्दै पुत्रहरूलाई म्वाइखाई उसलाई सुम्पिदिए । त्यसपछि उनी स्थविरसँग प्रव्रजित भए ।

उनलाई प्रव्रजित गरी उपसम्पदा पनि गरी साथमा लिएर स्थविर क्रमशः श्रावस्ती जानुभयो । उनको नाम पुनः 'सोरेय्य स्थविर' नै रह्यो । यो खबर सुनेर आश्चर्यमानी स्थविरकहाँ आई जनपदका भिक्षुहरूले "के यो कुरा साँच्चै हो ?" भनी सोध्दा स्थविरले "साँच्चै हो" भनी भन्छन् । पुनः भिक्षुहरूले यस्तो सोधे "तपाईंको कारणबाट दुईवटा पुत्रहरू भए । तपाईंको कोखबाट दुईवटा बालकहरू भए । यी मध्ये तपाईंलाई कुन चाहिं बालकहरूमाथि बढ्ता स्नेह छ ?"

"आवुसो ! कोखमा बसेका प्रति बढ्ता स्नेहहुन्छ ।"

आए आएका भिक्षुहरूले यस्तो सोध्दा उनी सारै विरक्तिए । त्यसैले उनले एकान्तमा बसी अनित्यताको भावना गर्न थाले । यसो गर्दा गर्दै उनले प्रतिसम्भिदाज्ञान सहित अरहत्व प्राप्त गरे । फेरि आए आएकाले यसरी प्रश्न सोध्दा उनले "अब मलाई कसैको पनि स्नेह छैन" भनी भने । यो सुनेर नपत्याउने भिक्षुहरूले भगवान्‌कहाँ गई उक्त कुरा

Downloaded from http://dhamma.digital

सुनाए । "भिक्षुहो ! उनले अन्यथा कुरा गरेका छैनन् । ठीक ठाउँमा गएको चित्तद्वारा मार्गदर्शन भएपछि उनमा कुनै माथि स्नेह भएन । जुन सम्पत्ति आमाबाबुहरूले दिन सक्दैनन् त्यस्तो सम्पत्ति राम्ररी ठीक ठाउँमा पठाएको आफ्नो चित्तद्वारा प्राप्त हुन्छ" भनी भन्नुभई यो गाथा भन्नुभयो—

४३. "न तं माता पिता कयिरा, अञ्ञोवापि च ञातका ।
सम्मापणिहितं चित्तं, सेय्यसो नं ततो करे ।"

अर्थ–

४३— "सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ त्यति उपकार बाबुआमा र कुटुम्बले समेत गर्न सक्दैनन् ।"

चित्तवर्ग–३

Downloaded from http://dhamma.digital

# नामावली

अ

अङ्गुलिमाल चोरमाथि ९६
अजपाल वृक्षनिर ११७
अजातशत्रुको काखमा बसे ९७
अजातशत्रु राजकुमार ८९, ९०
अजातशत्रु राजाले ९६
अट्ठिस्सर नामक प्रत्येकबुद्ध हुनेछन् ९७
अदिन्नपुब्बक १६, ब्राह्मण ९६, ब्राह्मणका छोरा २२
अनाथपिण्डिक कुनै कार्यमा गएका थिए १०१
अनाथपिण्डिकले ४१, पनि आफ्नो स्थानमा १०१
अनाथपिण्डिक सेठ ३८, को घरमा १००, लाई दिएको वचन ७५
अनाथपिण्डिक र विशाखाको घरमा २
अनाथपिण्डिक उपासक स्रोतापन्न भएता पनि १०१
अनाथपिण्डिकको नन्द भन्ने १८०
अनुप्रिय भन्ने आम्रवनमा ८८, गई ८८
अनुपूर्व सेठको छोरा १६६
अनुरुद्ध ८८, स्थविर कहाँ हुनु हुन्छ ? ८९
अनोम ६४, स्थविरले ६६
अनोमदर्शी बुद्ध ६४, को चरण कमलमा प्रार्थना गरे ६८, भगवान् आउनु भयो ६८,
अरति ११७
अवीचिमा उत्पन्न भए ९७
अवीचि नरकमा ९७
अवीचि महानरकको ताप आए जस्तै अनुभव गर्‍यो ८१
अवीचि महानरकमा उत्पन्न भयो ८१
अस्सजि (=अश्वजित्) भिक्षु ५७

Downloaded from http://dhamma.digital

अस्सजि स्थविर भन्नु हुन्छ ५९, ले भन्नु भएको गाथा ५९
असीतिमहाश्रावक १०, हरूलाई १२
आनन्द ८८, लाई आज्ञा दिनुभयो १२५, भन्ने उपासक ६८
आनन्द स्थविर ३९, १२१, कहाँ आई ३९, कहाँ हुनु हुन्छ? ८९, लाई ३८, ले ४०, ९१, पारमी पुरा गर्दा पनि १८३
आयुष्मान् अनुरुद्ध ८८
आयुष्मान आनन्द ८९
आयुष्मान् नन्द ७७, अरहन्तहरू मध्ये एक भए ७७, आस्रव क्षयगरी ७८, का साथी भिक्षुहरूले ७७, को हात समाती ७६, कूठ बोल्दै छन् ७८, लाई बोलाउन पठाई ७६, ले भिक्षुहरू-लाई यस्तो भन्दथे ७५, ले यस्तो बिन्ति गरे ७८, सँग सोधे ७८
आयुष्मान् भद्रीय ८८
आयुष्मान् सारिपुत्रले भन्नुभयो५०
इन्द्रले ११
उज्जैन (उज्जेन) देशका १११
उज्जैन (उज्जेन) राज्य भित्र ११२
उदयनलाई दिए ११८
उदयनले ११०, ११३, मन्त्र पढाउन थाले ११३
उदयन राजा आएको खबर सुनाए १११
उदयन राजाको राज्य १११
उदयन राजाको यो कुरा सुनी ११३
उदयन राजालाई ११०, समाती थुनिदियो ११२
उदयन राजाले ११४, ११५, पठाएको खबर सुनाएपछि श्यामावतीले ११०, पाले-हरूलाई भने ११२
उपतिस्स ५६, ले ५७, ले भने ५६, लाई आइरहेको देखेर ५९, र कोलित भन्ने ६१ (= उपतिष्य) ब्राह्मण गाउँ ५६, परिव्राजक ५९, परिव्राजकले ५७ परि-ब्राजकलाई सारिपुत्र ६१
उपालि हजामको साथ ८८

Downloaded from http://dhamma.digital

उपालि हजामलाई प्रव्रजित गराई ८८
उरुवेल कश्यपादि ६२
उरुवेलतिर जानु हुँदा ५५
उरुवेलमा पुगी ५५
ऋषिपतन मृगदावन ५५

क

कक्कटक जातकादिका कथाहरू सुनाउनु भयो ९१
कनक विमानमा उत्पन्न भयो १७, ८६
कपिलपुर नगरमा जाँदा ७२
कपिलपुरमा पुगेको तेस्रो दिनमा ७४
कपिलवस्तुमा ल्याइ पुऱ्याए ७२
कम्मासदम्म भन्ने निगममा ११५
कल्लवान भन्ने गाउँमा ६१
कालीलाई जिम्मा दिए ४५
काली भन्ने स्त्रीले ४५
कालुदायी स्थविरले ७२
किम्बिल ८८, स्थविर कहाँ हुनु हुन्छ ? ८९
किम्बिकाल नदीको तीरमा १५७
कुम्भघोषक १२९, को कारणमा १२३, को डेरामा ठाउँ खाली छ १३०
कुरुदेशको ११५
कोकालिक भिक्षुले ९५
कोलित ५६, नामक दुइ गाउँहरू थिए ५६, ले उपतिस्ससँग सोधे ५६
कोलित परिव्राजकले पनि ५९
कोलित परिव्राजकलाई मौद्गल्यायन भनी जान्न थाले ६१
कोशल राजाले सुनेपछि ४१
कोशल राजासँग पनि एकसाथ हुन सकिने छैन ८९
कोसम्बक जातकको कुरा ४१
कौशम्बिक भिक्षुहरू ३५, को कारणमा ३५
कौशम्बीका राजा ११८, उदेन (=उदयन) १११
कौशम्बीको आश्रय गरी १०८
कौशम्बीमा ११०, आउनु हुँदा ११८, आउनुहुन ११८, भिक्षाटन गरी ३७
कौशम्बी पुग्दा १०८
कौशम्बी बस्ने घोषित सेठसँग१०८
कौशम्बीबाट राजगृहमा ८९
कौशम्बीवासी उपासकहरूले ३७

Downloaded from http://dhamma.digital

### ख, ग, घ

खग्गविसानसुत्तमा पनि ६, ४०
खन्तिवादी जातक ९८
खुज्जुत्तराको धर्मोपदेश सुनेर ११९
खुज्जुत्तरा त्रिपिटकधारी भइन् ११९
खुज्जुत्तरा भन्नेलाई उदयन राजाले ११८
खुज्जुत्तरालाई १२०, भन्यो ११८, ढोगी ११९
खुज्जुत्तरा स्रोतापत्ति फलमा प्रतिष्ठिता भइन् ११९
गन्धकुटीबाट निस्कनु भई १७८
गन्धकुटीबाट लिएर १७७
गन्धकुटी भित्रसम्म १७७
गन्धकुटीमा बसिरहनु भएका बुद्धले १७५
गन्धकुटीमा बसिरहनु भएका भगवान्ले १५३
गिलानसूत्र अनुसार २
गृद्धकूट पर्वतस्थित ६२
गृद्धकूट पर्वतमा गई श्रमणगौतमलाई आफैले मार्नेछु ९१
गौतम बुद्धको ६८
गौतम भन्ने बुद्ध उत्पन्न हुनेछन् ६८
घोषक ११८, कहाँ जान हिचकिचाए १०८, ले दिइरहेको सदाबर्त दानशालाबाट १०८, सेठ उनका बाबुका मित्र हुन् १०९, सेठकहाँ १०८, सेठको दानशालामा १०९, सेठकी छोरी श्यामावतीका परिचारिकाहरू हुन् ११०, सेठ बडो आनन्दित हुन्थे १०९, सेठलाई ११०, सेठले ११०, सेठले आफ्नै घरमा राखे ११०, सेठले 'पठाउन सक्दिन' भन्ने खबर पठाए ११०
घोषिताराम ११८, मा ३५, मा बसिरहनु भएका शास्ताले १०८

### च

चण्डपज्जोत (चण्डप्रद्योत) राजाले १११
चन्दप्रदचोत राजाका सेनाले ११२, ११६
चन्दप्रदचोत राजाले १११, जयपान


Downloaded from http://dhamma.digital

गरेर मात्र दिन बिताए ११२
चन्दकिन्नर जातक बताई ७३
चक्षुपाल भिक्षुको कारणमा १
चक्षुपाल स्थविर १, १२
चक्षुपाल महास्थविर १३
चालिक पर्वतमा १५७, बसिरहनु भएको बेलामा १५७,
चित्तहत्थ १७१, १७२, स्थविरको कारणमा १७१
चुन्दसुकरिक ८०, को घरमा ८१, भन्नेको कारणमा ८०
चूलकाल ४३, ४८, जस्तै महाकाललाई ठानेको ४७, का बुइटी ४६, महाकाल भिक्षुहरू ४३, लाई अगाडि पठाए ४६, लाई उनका स्त्रीहरूले वस्त्र ओडाइदिए ४७, ले ४६ र महाकाल भिक्षुहरूको कारणमा ४३
चूलधम्मपाल जातकका कुराहरू सुनाउनु भयो ९८
चूलपन्थक १३६, को मनमा १३९, को कुरा बेजु भई १३९, को पात्र लेऊ १४२, बिहान सबेरै १३९, ले १४२, ले प्रतिसम्भिदा-ज्ञान सहित अरहत्व प्राप्त गरे १४१, लाई पनि दिनुपर्‍यो १३८, लाई पनि प्रव्रजित गराउन चाहन्छु १३८, लाई प्रव्रजित गराई शीलमा प्रतिष्ठित गराए १३८, लाई आफू बस्ने गन्धकुटीमा लगी १४०, स्थविरको कारणमा १३६, बुद्धशासनको लागि अयोग्य हुँदा १३९, स्यानै भएको हुनाले १३७
चूलपाल १
चूलहंस ९१
चेतिय राज्यमा १०८

ज

जनपदकल्याणी ७६, बोकेर क्यालमा आई ७३, लाई दासीहरूले भनिन् ७६, राम्री छिन् कि यी अप्सराहरू ७६, शाक्यको ७६

Downloaded from http://dhamma.digital

जीवकले १४१, १४२
जीवक बैद्य आएर १३९
जेतवनाराममा २
जेतवनमा १४४, गई ७५, प्रकट हुनुभयो ७७
जेतवनको पोखरीको किनारमा खाट राखी ९७
जेतवन जम्मै उज्यालो पारि ७७
जेतवनबाट राजगृह जानुभयो ५०
जेतवन समीपको पोखरीमा आइपुगे ९६
जेतवन बिहारमा १, ४३, जानु भयो ४१
जेतवन बिहारको बीचमा ४३
जेतवन बिहारको बाटो भई जाँदा ३३

त

त्रयस्त्रिंश देवलोकका राजा १५१
त्रयस्त्रिंश देवलोकमा १७
त्रयस्त्रिंश भवनमा पुग्नु भयो ७६
त्रयस्त्रिंश भवनमा लँजाँदै ७६
तक्षशिलातिर १८२
तक्षशिलामा थिए १८३
तक्षशिलाको श्रेष्ठीपुत्रले १८४
तक्षशिलामा गइरहेको थियो १८३
तण्हा ११७
तिष्य स्थविर २४, को कारणमा २४
तिस्स २४, (तिष्य) राखे १७७, सुतिरहेको खाट १७८
तुषित भवनमा ८६, १०२, जाँदैछु ८६
तुषित भवनबाट आएको रथमा यो माला अड्कोस् ८५
तुषित भवन रमणीय छ ८५

द

द्वारगाउँमा बस्नेसँग गई ३२
दीघनख परिव्राजकलाई दिनु भएको ६२
दीघनख सूत्रको उपदेश सुनिरहेको बेलामा ६२
दुक्खक्खन्ध सूत्रानुसार ४३
देवदत्त ८८, अचल भएर पच्न थाले ९८, अहिले कहाँ उत्पन्न भए त ? ९८, आइरहेको कुरा सुनेर ९६, को कुकर्म ९२, को कारणमा ८८, स्थविर

Downloaded from http://dhamma.digital

कहाँ हुनु हुन्छ ? ८९, स्थविर चाहिं ५२, लाई बिइराखेका ९२, लाई बोकेर ल्याउनेहरू ९७, लाई सुहाउँदैन ५२, ले ९१, ले अहिले मात्र होइन ५४, ले शास्ताको दर्शन गर्न नपाई पृथ्वी-भित्र भासिए ९८, ले मागेका पाँचवटा व्रत ९२, भिक्षु थिए ५४, भिक्षुलाई ५०, स्थविरलाई नै दिनु-पर्छ भन्ने ठहर भयो ५२, प्रव्रजित भएदेखि ८८, पृथ्वीमा भासिइसकेपछि ९८, पनि खाटबाट उठी दुवै खुट्टाले भुइँमा टेकेर बसे ९७, पनि नौ महीना-सम्म बिरामी भए ९५, गयाशीर्ष पर्वतमा गए ९४, रात्रै भन्छन् ९३, तपाईंको दर्शनार्थ आइ-रहेका छन् ९६
देवदत्तवत्थु ९६
देवल भन्ने तपस्वी २६
देवल सुत्ने ठाउँ २६
देवलसँग सोधी २६
देवल हुने तिष्य २९
देवलले भने २७
देवानमिन्द्र १५१

धि, न

धनपाल हात्ती माथि ९६
धम्मिक उपासकको कारणमा ८३
धार्मिक उपासक ८३
नन्द कुमारको अभिषेक ७३
नन्द कुमारको हातमा भिक्षापात्र समात्न लगाई ७३
नन्द गोपालक स्रोतापन्न भए १८●
नन्द स्थविर ७२, को कारणमा ७२
नन्द राजालाई साथमा लँजाँदै हुनुहुन्छ ७३
नन्दलाई लिएर ७७
नन्दले शास्ताछेउ आई निम्तो गरी १८०
नन्द गोपालक स्रोतापन्न भए १८●
नन्द भन्ने एक धनी गोपालक१८●
नन्द भन्ने गोपालकको कारणमा१८●
नारद चाहिं म नै थिएँ २९
नारद भन्ने तपस्वी आई २६

Downloaded from http://dhamma.digital

नारद त्यहाँ गई २६
नारदको गोडामा ढोग्न लगाए २९
नारदले पनि सरापे २८
नारदले भने २७
नारदसँग क्षमा माग्न २८
नालागिरी (धनपाल) ९१
नालागिरी हात्ती ९२, लाई छाडे ९२
नालागिरी हात्तीमाथि ९६
निगमवासी तिष्य (तिस्स) स्थविरको कारणमा १५५
निषम ६४
निषभ स्थविरलाई ६६

प, ब, भ

पञ्चभद्रवर्गीय भिक्षुहरू मध्ये ५७
पचलायमान सूत्रको उपदेश सुनी ६१
पण्डुकम्बल शैलासन ११
प्रत्येकबुद्ध ५३, लाई देखी ५२, लाई देखेर ५२
पन्थक भन्ने नाम राखे १३७
पारिलेय्यक वनखण्डमा जानु भयो ३८, ३९
पारिलेय्यक वनमा एक्लै जानुभयो ३७
पारिलेय्यक भन्ने हात्तीको रेखदेखमा ३७
पारिलेय्यक हात्ती जस्ता साथी पाएमा ३९
पारायणमा ५२
पावारिक ११८
पावारिकाराम ११८
पिङ्गिय जातकको कुरा सुनाउनु भयो ९८
पिप्फलि गुफामा १४६
पुरिन्दद १५१
पूतिगत्ततिस्स १७७, खाटमा सुते १७८, ले १७८
पूतिगत्ततिस्स स्थविर १७७, कहाँ उत्पन्न भए १७९, लाई १७८
पूर्वाराममा २
बन्धुमती नगर हो ६४
बिम्बिसार ८९, राजालाई मार्न लगाएको ९२
भगु ८८, र किम्बिल ८९, स्थविर कहाँ हुनु हुन्छ? ८९
भद्रवर्गीय ५५
भद्रवती नगरमा १०८
भद्रवती भन्ने सेठकी १०८

Downloaded from http://dhamma.digital

भग्गवतीय सेठ १०८
भद्रीय आदि ८८
भद्रीय स्थविर कहाँ हुनु हुन्छ ?
 ८९
भद्रीय राजा ८८
भागिनेय्य संघरक्षित १६८
मगध देशको ६१
'मध' भन्ने माणवक थिए १५१
मघ माणवक १५२, छँदा १५२
मघवा १५१
मज्झिमकाल ४३, का चारवटी४६
मट्ठकुण्डली १६, १७, को कारणमा
 १६, को मरण १७, देव-
 पुत्र यहाँ आऊ २२,
 देवपुत्रले १८, ले २२,
 माणव १८
महाकश्यप अहिले के गरिरहेका
 रहेछन् १४६
महाकश्यप स्थविर कहाँ हुनु हुन्छ?
 ८९
महाकश्यप स्थविरको कारणमा
 १४६
महाकात्यायन स्थविर १८३,
 गईरहेका थिए १८२
महाकाल ४३, ४७, का पत्नीहरूले
 ४६, भार्याहरूले ४७,
 का त फन आठवटी
 भार्याहरू छन् ४७, भिक्षु
 ४७, उपसम्पन्न भएर ४४,
 पनि गए ४३, ले ४४,
 ४६, लाई एक्लै छाडी
 ४७
महाधम्मपाल जातकको कुरा
 सुनाउनु भयो ७५
महापन्थक १३७, भनी नाम राखे
 १३७, को मनमा १३८,
 ले १४१, ले विहारबाट
 निकालि दिए १३९,
 स्थविर १३९, स्थविरले
 १३९
महापाल १, (चक्षुपाल) १२, का
 आठवटी भार्याहरूले ४६,
 ले २, ४
महापञ्ञाकथा ६७
महाप्रजापति गौतमीलाई स्रोता-
 पत्ति फलमा ७३
महामाया भन्ने देवी ६८
महामोद्गल्यायन स्थविर कहाँ
 हुनुहुन्छ ? ८९
महाली १५०, लिच्छवी १५०
 लिच्छवीलाई १५०
महासुवर्ण नामक सेठ १

Downloaded from http://dhamma.digital

महाहंस ९१
मागण्डिय १२०, काकाछेउँ गई १२२, केटीले चाहिँ ११७, को मनमा १२०, को मनमा सारै डाह हुन थाल्यो १२५, को मनमा डाह भयो १२०, को मुख देख्ने बित्तिकै ११८, को कुरालाई त्यति चाख लिएर सुनेनन् १२०, नै थियो ११५, बाँचेर बसेता पनि १२७, यता-उता घुमे जस्तै गरी १२३, लाई चाहिँ उनैको मासु काटि १२७, ले १२१, १२२, १२६, १२७, ले भनेपछि १२१, ले गराए-की हुनुपर्छ १२६, ले तैलको कराइमा पाकेर नै मरिन् १२७, सहित १०८
मागण्डिय ब्राह्मण परिवार थियो ११५
मागण्डिय ब्राह्मणले ११७, १२१, बुद्धलाई देखेर ११५
मागण्डिय ब्राह्मणलाई १२१
मागण्डिय भन्ने ब्राह्मणीलाई पनि ११५
मातङ्ग हात्ती बसे कैं ४०
मातिक भन्ने गाउँ थियो १५९
मातिक भन्नेकी माताले १५९
मातिकमाता १६२, उपासिकाले १६२
माधवी अनागारिकाले ७२
मेघिय १५७, को कारणमा १५७, ले १५७, ले देखेर १५७
मोग्गली ५६
मौद्‌गल्यायन ६२
मौद्‌गल्यायनको आसन बिच्छ्याईं ४६
मौद्‌गल्यायन स्थविर अरहत् भए ६१

## य, र, ल, व

यशोधरा हुन् ६४
रगा जस्तालाई देखेर ११७
राजगृह गई ७२
राजगृह नगरमा १२३, गई एक ठाउँमा बसे १३७
'धनश्रेष्ठी' भन्ने १३७
राजगृहमा ५०, ५६, आइपुग्नु भई ५७

Downloaded from http://dhamma.digital

राजगृहमै जानु भयो ७५
राजगृहबाट श्रावस्तीमा जानुभई जेतवनाराममा बस्नुभयो ९५
राजगृह श्रेष्ठीलाई रोग लाग्यो १२९
राहुल आदि सबै माथि ९६
राहुल कुमारलाई अलंकृत गरी भगवान् कहाँ पठाई ७४
राहुल कुमारलाई फर्काउनु भएन ७४
राहुल भन्ने कुमार ६८
राहुल माताको गुण वर्णनाको कारणमा ७३
राहुलमाताले ७४, भनिन् ७४
रूपसारी ५६
लक्खणमिग जातकको कुरा सुनाउनु भयो ९५
वरुण भन्ने भिक्षु ६४
वासवो १५१
वासुलदत्ता ११४, कहाँ गई ११३, ले भनीन् ११४, लाई ११४, लाई अभिषेक गरी ११५, लाई सूचित गरी ११४, संग ११४
विशाखा वा अनाथपिण्डिक आए-का छन् कि छैनन्? १०७
विशाखा उपासिका ३८
विशाखा महाउपासिकाको घरम... पनि १००
विशाखा महाउपासिकाले बनाई... दिएको २
वीरक जातकको कुरा सुनाउनु... भयो ९५
वृजिपुत्रक भिक्षुहरूले ९४
वेणुवनमा १२९, १३६, बस्... भएको शास्ताले ८०... बसिरहनु भएको विध... ५७, बसिरहनु भए... शास्ताले ५५, हुन्छ ५... हुनुहुन्छ ५३, शास्... बसिरहनु भएको बेला... ७२
वेलुवनमा २
वेस्सन्तर (विखन्तर) जातक... ७२
वैशालीको कूटागारमा १५०
वैशालीमा १५०
वैश्रवण राजाकहाँ ३३

श

शक्र १५१, को बडो ब...

Downloaded from http://dhamma.digital

गर्नुभयो १५०
